# नयाँ नेपालका विकास रणनीतिहरू: एक राष्ट्रिय बहस

## राष्ट्रिय सम्मेलनको छलफलमा आधारित

पुस ६-७, २०६३

काठमाडौं

**नेपाल ग्रामीण पुनर्निर्माण संस्था (आरआरएन)**
**र**
**अन्तर्राष्ट्रिय अध्ययन तथा सहयोग केन्द्र (सीइसीआई–नेपाल)**

चैत्र २०६३

**प्रकाशकहरू:**
नेपाल ग्रामीण पुनर्निर्माण संस्था (आरआरएन)
पो.ब.नं. ८१३०,लाजिम्पाट, काठमाडौं, नेपाल
टेलिफोन: ९७७ १ ४४१५४१८/४४२२१५३
फ्याक्स: ९७७ १ ४४१८२९६
इमेल: rrn@rrn.org.np
वेबसाइट: www.rrn.org.np

र

अन्तर्राष्ट्रिय अध्ययन तथा सहयोग केन्द्र (सीइसीआई-नेपाल)
पो.ब.नं: २९५९, बालुवाटार, काठमाडौं, नेपाल
टेलिफोन: ९७७ १ ४४१४४३०/४४१९४१२/४४२६७९१/४४२६७९३
फ्याक्स: ९७७ १ ४४१३२५६
इमेल: ceci@ceci.org.np
वेबसाइट: www.ceciasia.org

**प्रकाशन मिति:** चैत्र २०६३

**प्रति:** ५०० (पहिलो प्रकाशन)

यस प्रकाशनका कुनै पनि तथ्याङ्क तथा जानकारीहरू प्रकाशकहरूको पूर्वअनुमतिविना व्यापारिक प्रयोजनका लागि प्रयोग गर्न पाइने छैन । तर प्राज्ञिक, विकास तथा गैरव्यापारिक प्रयोजनका लागि यस दस्तावेजका सूचनाहरूको प्रयोगलाई भने स्वागत गर्दछौं । यस दस्तावेजका सूचनाहरूलाई स्रोतका रूपमा प्रयोग गरिसकेपछि प्रकाशित सामग्रीहरूलाई उपलब्ध गराई सहयोग गरिदिनु हुन अनुरोध गर्दछौं ।

यसमा प्रस्तुत सूचना तथा विचारहरूको जिम्मेवार लेखक/प्रस्तुतकर्ता स्वयं नै हुने भएकाले यस दस्तावेजमा जुनकुनै रूपमा आएका विचारहरूउपर संपादकहरू, प्रकाशकहरू र उनीहरूका वित्तीय र कार्यक्रम सहयोगीहरू जिम्मेवार हुने छैनन् । तर पनि दस्तावेजमा अनिच्छित गलत व्याख्या अथवा गलत प्रतिनिधित्व अथवा अन्यथा पर्न गएको भए संपादकहरू र प्रकाशकहरूको संयुक्त जिम्मेवारी हुनेछ ।

ISBN: 978-99946-2-330-3

# भूमिका

प्राकृतिक संपदा तथा सांस्कृतिक विविधताले भरिपूर्ण अनि उत्साही तथा जाँगरिला जनताहरूले बसोबास गरेको नेपालसँग उपयुक्त समयसीमाभित्रै समृद्धि हासिल गर्न सक्ने प्रशस्त सम्भावना रहेको छ । तथापि व्याप्त गरिबी, शक्ति, स्रोत र अवसरमाथि पहुँच र नियन्त्रणको असमान वितरण, सामाजिक अन्याय र असमावेशीकरण, शोषण अनि विभेद जस्ता अल्पविकासका प्रायः सबै विशेषताहरू दशकौंदेखि कायमै रहेकाछन् । स्वभावैले यी समस्याहरूले गहिरोसँग जटिल रूपमा जरा गाडेर बसेका छन् । यद्यपि मुलुकमा योजनाबद्ध विकासको थालनी भएको पाँच दशकभन्दा लामो अवधि भैसकेको छ, तर सर्वसाधारण जनतासँग प्रत्यक्ष रूपमा गाँसिएका यी गम्भीर समस्याहरूको समाधान हुन सकेका छैनन्, बरु ती झन् उल्झिन पुगेका छन् ।

सन् १९५० र १९९० मा सरकारको संरचनामा परिवर्तनहरू भएतापनि मुलुकको विकासका मुद्दाहरूलाई ऐतहासिक रूपमा “शाषक जात” र “शाषक वर्ग” तथा राजनीतिक ठालुहरूले संपूर्ण रूपमा नियन्त्रण गरिआएका छन् । त्यसै हुनाले सन् १९९० मा बहुदलीय प्रजातन्त्रको स्थापना भएपछि पनि प्रजातान्त्रिक अभ्यासको कार्यान्वयन तथा प्रजातान्त्रिक संस्कृतिको संस्थागत विकासमा थुप्रै कमजोरीहरू देखा परे । धेरैजसो समयमा विकासका साझेदारहरूबाट देशको थाती रहेका संरचनागत समस्याहरूलाई समाधान गर्नेतिरभन्दा आफ्नै मुद्दा र स्वार्थहरू लाद्ने काम भयो । नेपालमा राजनीति र विकासका मुद्दाहरू बीच सधैँ नै अन्तरंग सम्बन्ध रहेको भएतापनि प्राविधिकतन्त्र हाबी रहेको विकासले परिस्थितिलाई पूर्ण रूपमा नियन्त्रण गरिर९यो र अधिकतर प्राविधिक खालको निष्प्रभावी टालटुले नीतिले मुलुकको विकासका लागि प्रभावकारी संरचनागत परिवर्तनका कुरालाई व्यवहारमा उतार्न बाधा पुऱ्याइर९यो । त्यसैले देशमा आधा शताब्दी अगाडिदेखि सुरु भएको योजनाबद्ध विकास प्रयासपछि पनि योजनाबद्ध विकासको मर्मलाई व्यवहारमा लागु गर्न राज्य पूर्ण रूपमा असफल र९यो । विकासको सुस्पष्ट राजनीतिक आयामलाई महशुस गरेर अझसम्म पनि त्यसलाई उचित संबोधन गरिएको छैन । कृषि प्रणालीमा सुधार, व्यापार नीति, कृषि तथा उद्योगको प्रवर्द्धन, तुलनात्मक फाइदाका क्षेत्रहरूको पहिचान र प्रवर्द्धन, रोजगारीको सृजना, विविधतायुक्त दिगो जीविकोपार्जनलाई प्रोत्साहन, नागरिक समाजको भूमिका र प्रभावकारी वातावरणीय व्यवस्थापन जस्ता सवालहरूलाई अहिलेको अवस्थामा राजनीतिबाट अलग गर्न सकिँदैन ।

जनआन्दोलन-२ को परिणामस्वरुप अहिले एउटा ताजा अवसरको सुरुवातका साथै नयाँ चुनौतीहरूको प्रादुर्भाव भएको छ । विगतका कमजोरीहरूलाई सच्याउने र सबै तहमा लोकतन्त्रलाई संस्थागत गर्ने तथा दूरगामी विकासका मुद्दाहरूसँग जोडिएको दिगो शान्ति प्राप्तिका प्रयत्नहरू हुँदै आएका छन् । राष्ट्रिय प्राथमिकतालाई सिंहावलोकन गरी विकासका मुद्दाहरूलाई रणनीतिक प्राथमिकता दिन असफलता वा ढिलाई भएमा संरचनागत गरिबी, सामाजिक आर्थिक असमावेशीकरण र सीमान्तीकरण जस्ता महत्वपूर्ण सवालहरूले थप आम निराशा र असन्तोष उब्जाउन सक्तछन् । यस स्थितिमा खुला तथा रचनात्मक परिवेशमा नेपालको भावी विकासका विभिन्न महत्वपूर्ण सवालहरूका सन्दर्भमा साझा प्रतिबद्धताका लागि एउटा बहसको थालनीको आवश्यकता महशुस टड्कारो रूपमा भैरहेको थियो । यसै कारणले “विकासका नयाँ मुद्दा”का लागि बृहत ढाँचा र तिनको कार्यान्वयन गर्न सम्भावित स्रोतको पहिचानका सम्बन्धमा निश्चित सहमति सहितको एउटा प्रक्रियाले ज्यादै चर्चामा रहेको समावेशी विकासको अवधारणालाई आत्मसात गर्न नेपालका नीति निर्माताहरूको क्षमता र राजनैतिक प्रतिवद्धतामा महत्वपूर्ण प्रभाव पार्न सक्तछ ।

यस सन्दर्भमा नेपाल ग्रामीण पुनर्निर्माण संस्था (आरआरएन) र अन्तर्राष्ट्रिय अध्ययन तथा सहयोग केन्द्र (सीइसीआई-नेपाल) को संयुक्त सहजीकरणमा विभिन्न नागरिक समाजका संघ-संस्थाहरू र लामो समयदेखिका नेपालका विकास साझेदारहरू काठमाडौंमा आयोजित “नयाँ नेपालका विकास रणनीतिहरूः एक राष्ट्रिय बहस” विषयक दुई दिने राष्ट्रिय सम्मेलनमा भेला भए । यस कार्यक्रममा नयाँ नेपालको निर्माणका निम्ति विकासका नयाँ सवालहरूको परिकल्पनाका बारेमा गहन छलफल र बहस चलाइयो । यस सम्मेलनका प्रतिनिधिहरूका रूपमा राष्ट्रिय र अन्तर्राष्ट्रिय विकासका विज्ञहरू आम जनताको प्रतिनिधित्व गर्ने योजनाकारहरू र कार्यान्वयनकर्ताहरू, नागरिक समाजका संघसंस्थाहरू, विभिन्न राजनीतिक दलका सदस्यहरू, अभियानकर्ताहरू, दातृ संस्थाहरू, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैससहरू, प्राज्ञिक संस्थाहरू, निजी क्षेत्र र सरकारका प्रतिनिधिहरूको उपस्थिति रहेको थियो । सम्मेलनमा विभिन्न क्षेत्रका प्रतिनिधिहरू जस्तै दलित, जनजाति, फरक क्षमता भएका व्यक्तिहरू, महिला र युवाहरूले आ-आफ्ना अनुभव र सरोकारहरू उठाए भने विभिन्न व्यक्तित्वहरूसँग अन्तर्क्रिया पनि गरे ।

हामी यस सम्मेलनमा सहभागी सबै प्रतिनिधिहरू र विज्ञहरूले दिनुभएको ज्यादै उच्चकोटीको योगदानका निम्ति हार्दिक कृतज्ञता ज्ञापन गर्न चाहन्छौं । यदि यसले राजनीतिककर्मीहरू, योजनाकारहरू, उच्चकर्मचारीहरू, विकासे कार्यकर्ताहरू र समग्रमा जनसमुदायका लागि उपयोगी सामग्री हुन सकेमा हामी यसलाई सार्थक प्रकाशनका रूपमा लिनेछौं ।

यस सम्मेलनमा प्रस्तुत भएका विचारहरू र विगतका कार्यहरूको पुनरावलोकनको यो एउटा विवेचनात्मक संश्लेषण हो । हामीलाई विश्वास छ कि, समग्र प्रक्रियाको यो एउटा सुरुवात मात्र हो, जसलाई हामी क्षेत्रीय र स्थानीय स्तरमा समेत जानकारी गराउने छौं । श्री हरि ढुङ्गाना र प्रा. डा. डेभिड सेडोनले संपादनको दायित्व नसम्हालिदिएको भए यो प्रकाशन यस रूपमा आउने थिएन । हामी उहाँहरूप्रति ज्यादै कृतज्ञ छौं । त्यसैगरी श्री सर्वराज खड्का, डा. ऋषि अधिकारी, डा. प्रल्लाद थापा, डा. प्रवीन मानन्धर, डा. सुनिल रेग्मी, श्री हरि बास्तोला, श्री गरेथ प्राइस, श्री सोम राई, श्री योगेन्द्रबहादुर शाही र श्री जीवन विष्टले यस कामको सुरुआतदेखि अन्तिम रूप दिनेसम्मको सम्पूर्ण प्रक्रियामा अथक योगदान दिनु भएकोमा हामी उहाँहरूको मुक्तकण्ठले प्रशंसा गर्दछौं । यस दस्तावेजलाई मूल अंग्रेजीबाट नेपालीमा उल्था गर्नुहुने श्री कुमार भट्टराईप्रति पनि हामी हार्दिक आभार व्यक्त गर्दछौं । यसैगरी नैतिक तथा भौतिक सहयोग पुऱ्याउने आरआरएन, सीइसीआई/सीसीओ का अन्य मित्रहरूलाई पनि धन्यवाद सहित यथोचित कदर गर्न चाहन्छौं । यस सम्मेलनका लागि आर्थिक सहयोग पुऱ्याउने साझेदार संस्थाहरू - नेपालस्थित डेनिस राजदुतावास र सहकार्य/सीइसीआई प्रति पनि हार्दिक कृतज्ञता ज्ञापन गर्न चाहन्छौं ।

नयाँ नेपालको विकास रणनीति निर्माणका निम्ति पाठकहरूले यस दस्तावेजलाई उपयोगी सामग्रीका रूपमा पाउनेछन् भन्ने हाम्रो अपेक्षा रहेको छ । जेहोस् यो हाम्रो यात्राको सुरुआत भएको कारण, हामी सबै सरोकारवालाहरूलाई यस बहसमा सहभागी हुन र सुझावका लागि प्रोत्साहित गर्न चाहन्छौं ताकि राष्ट्रिय विकासमा शीघ्र सकारात्मक योगदान पुऱ्याउन सकियोस् । यस भनाइसँगसँगै पाठक वर्गबाट प्राप्त हुने सल्लाह, सुझाव र टिप्पणीहरूको हामी स्वागत गर्न चाहन्छौं र नयाँ नेपालका विकास रणनीतिहरू सम्बन्धमा राष्ट्रिय बहसको थालनी प्रक्रियामा थप सहयोग पुऱ्याउने सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छौं ।



**अर्जुन कार्की, पीएचडी**
आरआरएन



**केशव कोइराला**
सीइसीआई

# विषयसूची


**भूमिका** ग
**संक्षेपीकृत शव्दहरू** ज
**सारसंक्षेप** झ

अध्याय एक

**नयाँ नेपालका लागि नयाँ विकास रणनीति किन आवश्यक छ ?** १
१.१ नेपालको अल्पविकास सम्बन्धमा छोटो बहस ३
१.२ विकास प्रयासहरूको सिंहावलोकन ५
१.३ केही आम चासोका मुद्दाहरू १०
१.४ नयाँ नेपालका लागि ताजा विकास रणनीतिका आधारहरू १४
१.५ सारांश १५

अध्याय दुई

**नेपालमा विद्यमान विकासका मुद्दाहरू र चुनौतीहरू** १७
२.१ कृषि र वातावरणीय सवालहरू १७
२.२ वातावरणीय ह्रास र स्रोतमाथि पहुँच २०
२.३ खानेपानी २१
२.४ सेवाहरू र पूर्वाधार २१
२.५ अन्तर्राष्ट्रिय सम्बन्धहरू २५
२.६ वास्तविक कारणहरूको खोजीः मूल अन्तरसम्बन्धित सवालहरू २७
२.७ असहमतिहरूबारे ३१
२.८ सारांश ३१

अध्याय तीन

**बदलिएको सन्दर्भमा नेपालको विकास अवधारणामाथि पुनर्विचार** ३३
३.१ नयाँ नेपालको लागि विकास रणनीतिहरू निर्माणको प्रक्रिया ३३
३.२ नयाँ सन्दर्भमा विकास अवधारणामा परिवर्तन ३४
३.३ विकासका लागि राज्यको पुनर्संरचना ३५
३.४ सामाजिक समावेशीकरण र विकास ४४
३.५ प्राकृतिक स्रोतहरूको उपयोग ५३
३.६ शान्ति र पुनर्निर्माण, पुनर्स्थापना र पुनर्एकीकरण ५६
३.७ वैदेशिक सहयोग तथा विकास नियोगहरू ६१
३.८ भविष्यका लागि विकास प्राथमिकताहरूको निर्धारणः विषयवस्तुहरूको सम्मिलन ६३
३.९ सारांश ६८

अध्याय चार

**निष्कर्षः बहसलाई अझ अघि बढाउनु पर्ने** ७१

**छानिएका सन्दर्भ सामग्रीहरू** ७३

**अनुसूचीहरू**


अनुसूची १: सम्मेलनका सहभागीहरू ७५
अनुसूची २: सम्मेलन कार्यतालिका ८०


**तालिकाहरूको सूची**


तालिका १.१ सरकारी विकास सहयोग प्राप्त गर्ने दक्षिण एसियाली मुलुकहरूको तुलनात्मक अध्ययन १०
तालिका २.१ मातृमृत्यु तथा परिवार नियोजनको प्रचलन २३
तालिका २.२ २००३/०४ का अनुसार केही स्वास्थ्य सूचकहरू (प्रतिशतमा) २४
तालिका २.३ सबैभन्दा उच्च र कम साक्षरता दर भएका जिल्लाहरू (प्रतिशतमा) २४
तालिका २.४ राष्ट्रिय स्तरको राजनीतिमा महिलाहरूको प्रतिनिधित्व २९
तालिका २.५ स्थानीय तहको राजनीतिमा महिलाहरूको प्रतिनिधित्व २९
तालिका २.६ नेपालको निजामती सेवामा महिलाहरूको संख्या र अनुपात (१९९८/९९) ३०
तालिका २.७ पारिस्थितिकीय-विकास क्षेत्रका आधारमा अतिकम विकसित जिल्लाहरूको वितरण ३१
तालिका ३.१ द्वन्द्वपछिको विकासका लागि उपचारात्मक उपायहरू र रणनीतिहरू ६१


**चित्रहरूको सूची**


चित्र १.१ नेपालमा गरिबीको वितरण, १९९५-१९९६ र २००३-२००४ १३
चित्र २.१ नेपालको सिंचित क्षेत्रफल (१९८१/९२ र २००१/२००२) १९
चित्र २.२ टेलिफोन सेवा पुगेका गाविसहरूको प्रतिशत २२
चित्र २.३ आय समूहको आधारमा साक्षरता र कहिले पनि स्कूल नगएकाहरू २५
चित्र २.४ नेपालको निर्यात र आयात स्थिति २७


**बक्सहरूको सूची**


बक्स १.१ केही महत्वपूर्ण विकास कार्यक्रमहरू र योजनाहरू ७
बक्स २.१ नेपालका केही सामाजिक आर्थिक सवालहरू २८
बक्स ३.१ नयाँ नेपालका लागि पूर्वसर्तहरू ३६
बक्स: ३.२ लोकतन्त्र किन महत्वपूर्ण छ ? ३६
बक्स ३.३ भावी नेपालमा परिवर्तनका मुद्दाहरू ३७
बक्स ३.४ लोकतन्त्र, हिंसा र सम्झौता ३७
बक्स ३.५ नयाँ नेपालका लागि विषयहरूको निर्धारण ३८
बक्स ३.६ नयाँ नेपालका लागि राजनीतिक प्राथमिकताहरू ३८
बक्स ३.७ राज्यको जातीय स्वरुपको पक्षपोषण गर्न सकिन्न ३९
बक्स ३.८ नयाँ नेपालसम्बन्धी विद्यार्थीहरूको विचार - हामीलाई अरु के चाहिन्छ ? ३९
बक्स ३.९ राज्यको पुनर्संरचनाको सम्बन्धमा केही प्रमुख सुझावहरू ४०
बक्स ३.१० राजनीतिक दलको नेतृत्वमा परिवर्तन आवश्यक ४१
बक्स ३.११ राजनीतिक दलमा थारु जातिको प्रतिनिधित्व ४१
बक्स ३.१२ राजनीतिक दलहरूले के ख्याल गर्नु पर्छ ? ४२
बक्स ३.१३ कर्णाली र क्षेत्रीय असन्तुलन ४२
बक्स ३.१४ राजनीतिक सहमतिले जातीय मुद्दालाई किनारा लगायो ४३
बक्स ३.१५ नेकपा (एमाले) र सामाजिक समावेशीकरण ४४
बक्स ३.१६ समावेशीकरणको सवालमा नेकपा (माओवादी) ४५
बक्स ३.१७ समावेशीकरणको सान्दर्भिकता ४५
बक्स ३.१८ जात र क्षेत्रहरूमा अन्याय ४७
बक्स ३.१९ दलितहरूको समस्या भनेको छुवाछूत मात्र हैन ४७
बक्स ३.२० दलितहरू के चाहन्छन् ? ४८

| | | |
|---|---|---|
| बक्स ३.२१ | जनजातिहरूको अल्प-प्रतिनिधित्व | ४९ |
| बक्स ३.२२ | अन्तरिम संविधान र जनजाति महिलाहरू | ५० |
| बक्स ३.२३ | थारु समुदाय र भूमिमाथिको पहुँच | ५४ |
| बक्स ३.२४ | कृषिसम्बन्धी सवालहरू | ५४ |
| बक्स ३.२५ | कृषिका दुईवटा पक्षहरू- कृषि विकास र भूमिमाथिको स्वामित्व | ५५ |
| बक्स ३.२६ | मुक्त कमैया र भूमिसुधार | ५६ |
| बक्स ३.२७ | स्थानीय सम्भावनाहरूसँग कृषि अनुसन्धान र विकासको सम्बन्ध | ५६ |
| बक्स ३.२८ | खानेपानी माथिको पहुँच मौलिक अधिकार हो | ५८ |
| बक्स ३.२९ | शान्ति के हो ? यसका अंगहरू | ६० |

# संक्षेपीकृत शब्दहरू

| | |
|---|---|
| अनेरास्ववियू | अखिल नेपाल स्वतन्त्र विद्यार्थी यूनियन |
| अनेरास्ववियू (क्रान्तिकारी) | अखिल नेपाल स्वतन्त्र विद्यार्थी यूनियन (क्रान्तिकारी) |
| अनेमसंघ | अखिल नेपाल महिला संघ |
| गाविस | गाउँ विकास समिति |
| गैसस | गैर सरकारी संस्था |
| जिविस | जिल्ला विकास समिति |
| नेकपा | नेपाल कम्युनिष्ट पार्टी |
| नेकपा (एमाले) | नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी) |
| नेकपा (माओवादी) | नेपाल कम्युनिष्ट पार्टी (माओवादी) |
| नेका | नेपाली कांग्रेस |
| नेका (प्र) | नेपाली कांग्रेस (प्रजातान्त्रिक) |
| राजपा | राष्ट्रिय जनशक्ति पार्टी |

# सार–संक्षेप

भर्खरै सम्पन्न भएको राष्ट्रिय सम्मेलनको छलफलमा आधारित "नयाँ नेपालका विकास रणनीतिहरू" सम्बन्धमा गरिएको सिंहावलोकन र छलफलबाट नयाँ नेपालका लागि विकास रणनीतिहरू स्पष्ट पार्न र परिभाषित गर्न यसले राष्ट्रव्यापी बहसको सुरुआत गर्ने अपेक्षा राखिएको छ।

जनआन्दोलन-२ को सफलतापश्चात् अन्तरिम संविधानको स्वीकृति र लोकतन्त्रको पुर्नवहाली लगायतका पछिल्ला राजनीतिक विकासहरू स्वभाविक रूपमा "नयाँ नेपाल" को निर्माणमा लागेका सबैका लागि अहम् महत्वका सरोकारहरू हुन्। यसैले राजनीतिककर्मीहरू, नीतिनिर्माताहरू, विकास समुदाय तथा आम जनसमुदायले नेपाली अर्थतन्त्र र समाजलाई विशिष्ट पहिचान दिने एक दशक लामो सशस्त्र द्वन्द्व र अन्य विविध तनाव तथा समस्याहरूको प्रमुख कारणहरूमाथि घोत्लिनु आवश्यक छ। सिद्धान्ततः द्वन्द्व निम्त्याउने र विकासमा व्यापक अवरोध सृजना गर्ने यी कारणहरू राजनीति र विकास, आर्थिक-सामाजिक विभाजन र असमानताको बीचमा अभिन्न रूपमा जेलिएर रहेका छन्।

हाल नेपालमा घटेका पछिल्ला घटनाक्रमहरूको सिंहावलोकन र जीवन अनि जीविकोपार्जनमा अपेक्षित परिवर्तनहरू किन भैरहेका छैनन्, वर्तमान र निकट भविष्यमा के त्यस्ता व्यवहारिक विकल्पहरू विद्यमान छन् भन्ने कुरामा आधारित हुँदै ताजा सन्दर्भमा उपयुक्त रणनीतिहरू निर्माण गर्न नितान्त जरुरी छ। प्रजातान्त्रिक र समावेशी शैलीमा वृहत्तर विकासका समस्याहरूलाई संबोधन गर्न तथा अगाडि उभिएका विकासका सम्भावनाहरूलाई समात्नका लागि समझदारीमा पुग्न र नेपालका भावी विकास नीतिहरू, रणनीतिहरू र प्राथमिकतालाई व्यवस्थापन गर्न एउटा प्रक्रियालाई गति दिनु आवश्यक भएको छ।

नयाँ नेपालका विकास रणनीतिहरू: एक राष्ट्रिय बहस विषयक दुई दिने राष्ट्रिय सम्मेलन ६-७ पुस, २०६३ मा काठमाडौंमा सम्पन्न भएको थियो। यस कार्यक्रमले देशका विभिन्न भागबाट आएका राजनीतिकर्मीहरू र नागरिक समाजका सदस्यहरू (दलित, जनजाति, महिला तथा मानवअधिकार संघ-संस्थाहरू लगायत), प्राज्ञ तथा विकास "विशेषज्ञ" हरूलाई एक ठाउँमा भेला गराई आ-आफ्ना विचार र सरोकारहरूको आदान-प्रदान गर्ने अवसर दिएको थियो। यो सम्मेलन नेपाल ग्रामीण पुनर्निर्माण संस्था (आरआरएन) र अन्तर्राष्ट्रिय अध्ययन तथा सहयोग केन्द्र (सीइसीआई-नेपाल) को सह-आयोजनामा सम्पन्न भएको थियो। यस प्रकाशनले सम्मेलनको विवरणपत्रलाई सांराशीकृत गरेको छ र यस प्रयासलाई दस्तावेजीकरण गरेको छ।

योजनाबद्ध विकासको पाँच दशकमा नेपाली जीवनको विभिन्न पक्षहरूमा महत्वपूर्ण प्रगति भएको तथ्य रहेको भएता पनि बृहत् आर्थिक, सामाजिक र राजनीतिक विकासका समग्र उपलब्धीहरू भने सन्तोषजनक नरहेको कुरामा सम्मेलनले जोड दियो। यसो हुनुको कारण, समग्रमा नेपाली जनताको अपेक्षा, अथवा राष्ट्रिय विकासका लागि आवधिक योजनाहरू, गुरू योजनाहरू वा अन्तर्राष्ट्रिय रूपमा स्वीकारिएको सहस्राब्दी विकास लक्ष्यबाट निर्धारित औपचारिक लक्ष्यहरूको सङ्कीर्ण मापदण्डद्वारा मूल्याङ्कन गरिनु समेत रहेका छन्।

सम्मेलनको अवधिमा भिन्न सामाजिक आर्थिक पहिचान तथा आस्थाका आधारमा विचार र मतमा थुप्रै विविधता देखा परेका थिए। तथापि अधिकांशको सहमति हुने गरी भावी विकास नीतिका केही प्रमुख पक्षहरूमा एक ठोस मन्थन तथा संश्लेषण गर्नु पर्ने कुरामा जोड दिइएको थियो। सम्मेलनमा विकासका समस्याहरूको गहिराइसम्म पुग्नुपर्ने र स्वच्छ हृदयले नीतिहरू, स्रोतहरू र कार्यान्वयन पद्धत्तिको विकास गरिनु पर्ने आवश्यकतामा सहमति रहेको थियो। आजको अल्पविकसित नेपालका मूल विशेषताहरू स्पष्ट नै छन्, तर यसका लुकेका कारणहरू भने छलफलकै विषयको रूपमा रहेका छन्। शिक्षा, स्वास्थ्य सेवा, भौतिक पूर्वाधार, आर्थिक निकायहरू, मानव संसाधन विकास र वातावरण संरक्षण जस्ता क्षेत्रमा भएका प्रगतिहरू र विशेषगरी जातीय, भौगोलिक, सांस्कृतिक र वर्गीय हिसाबमा तिनको वितरणको विषयमा प्रश्नहरू उठेका थिए। २०४६ सालको जनआन्दोलन-१ पश्चात् आम जनता र नागरिक समाजमा आएको व्यापक सचेतनाले आर्थिक, सामाजिक र राजनीतिक क्षेत्रमा व्यापक परिवर्तनको अपेक्षामा बृद्धि भयो। जब परिवर्तनले आशा गरिएअनुरुपका अपेक्षाहरू पूरा गर्न सकेन, नेकपा (माओवादी)ले २०५२ सालदेखि सुरु गरेको "जनयुद्ध" मार्फत् जनताको घोर निराशाले निकास प्राप्त गर्‍यो।

एक दशक लामो द्वन्द्वपश्चात् नेपाली अर्थतन्त्र र समाजमा विद्यमान गम्भीर अन्तरविरोधहरू झन् जटिल र स्पष्ट भए र दोस्रो जनआन्दोलनले राजनीतिक परिवर्तन र दिगो सामाजिक तथा आर्थिक विकासका निम्ति नयाँ

सम्भावना पहिल्यायो । राजनीतिक संकट उत्पन्न हुने क्रमसँगै थप प्रगतिशील राजनीतिक विकासको सम्भावनासहित युद्धविराम, नयाँ संविधान र अन्तरिम सरकारको निर्माण गर्‍यो अनि सामाजिक, आर्थिक परिवर्तनको आधार तयार गर्‍यो । भर्खरै नयाँ अन्तरिम संविधान लागू भएको र अन्तरिम संसदको स्थापना भएको अहिलेको परिस्थितिमा, राज्यको आधारभूत संरचना, विकास कार्यक्रमका प्राथमिकीकरणका प्रक्रियाहरू, अवसरहरूको वितरण, स्रोतहरू र सार्वजनिक पद र नेपालको भावी विकास, राजनीति, अर्थतन्त्र र समाजका बारेमा नयाँ सोंचको प्रक्रियाको थालनी र प्रश्न गरिने उपयुक्त समय हो ।

प्रथमतः यस दस्तावेजले नेपालको विगतको विकास सम्पादनको सिंहावलोकन गर्दछ अनि विकास पद्धति र नेपाली अर्थतन्त्र र समाजको विकास रणनीतिहरूको किन गम्भीर पुनरावलोकन आवश्यक छ भन्ने कुरा इङ्गित गर्दछ । यसले कृषि सुधार, प्राकृतिक स्रोत तथा वातावरण, सेवा तथा पूर्वाधार र व्यापार लगायतका विकासका मुख्य मुद्दाहरू तथा चुनौतीहरूको रेखाङ्कन गरेको छ । यसका साथै यसमा सामाजिक असमावेशीकरण र क्षेत्रीय असमानताका पक्षहरूलाई नेपालको कमजोर तथा असमान विकास प्रक्रियाका सन्दर्भमा अन्तरसम्बन्धित विषयको रूपमा चर्चा गरिएको छ । यी सवालहरूलाई नेपालमा अनुभव गरिएको विभिन्न स्वरुपका आन्दोलन, विरोध र सशस्त्र द्वन्द्वका माध्यमबाट अभिव्यक्त भएका असन्तुष्टिहरूको विषयसँग जोडिएको छ । त्यसैले नेपालको भावी विकास प्रक्रियाले ती असन्तुष्टिहरूलाई सम्बोधन गर्ने मात्र होइन, यसले परिस्थितिलाई परिवर्तन गर्दै विकासका प्रक्रिया र प्राथमिकताबाट दिगो शान्ति, समृद्धि र लोकतन्त्रको बाटोमा समुचित मार्गनिर्देश गर्नु पर्दछ ।

सम्मेलनका सहभागीहरूले विद्यमान योजना तर्जुमा प्रक्रियाको परिवर्तनको आवश्यकता तथा विकासका सवाललाई व्यापक राजनीतिक, आर्थिक र सामाजिक पृष्ठभूमिमा बुझ्न जोड दिएका थिए । सम्मेलन मुख्य पाँचवटा विषयवस्तुमाथि छलफलमा केन्द्रित थियो (क) विकासका निम्ति राज्यको पुनर्संरचना (ख) सामाजिक समावेशीकरण र विकास (ग) प्राकृतिक स्रोतको उपयोग (घ) शान्ति तथा पुनर्निर्माण, पुनर्स्थापन तथा पुनर्मिलन (ङ) वैदेशिक सहयोग र विकास । यी सवालहरूसँग सम्बन्धित मुख्य विषयवस्तुहरू प्रस्तुत गरिएपछि समूहकार्य र सामुहिक पृष्ठपोषणबाट प्राप्त सुझावहरू संकलन गरिएका थिए ।

सम्मेलनमा विकासका लागि आवश्यक दिशानिर्देशनका मुख्य पक्षहरूलाई महत्वका साथ उठाइयो । यसमा भावी विकासको समग्र लक्ष्य, विकासमा थप अधिकारका लागि जनताको मागअनुसार राज्यको भूमिका, स्थानीय स्रोत र ज्ञानसँग गाँसिएका अवसरहरू उपयोग गर्ने, उत्पादन बृद्धि गर्न र न्यायोचित रूपमा कोष विनियोजनका लागि विकास लगानीलाई तर्कसंगत बनाउने जस्ता कुरालाई समावेश गरिएको छ ।

सम्मेलनमा आएका विविध सुझाव तथा निष्कर्षहरूलाई सहभागीहरूका सांकेतिक विचारका रूपमा लिइनु पर्दछ । यी विषयहरूमाथि अझ व्यापक लोकतान्त्रिक परिवेशमा छलफलहरू अघि बढाउन आवश्यक छ ।

यो सम्मेलनका साथै यो दस्तावेजलाई नेपालको विकास रणनीतिहरूको तर्जुमामा आवश्यक पर्ने सबै पक्षहरू समेटिएको र लोकतान्त्रिक छलफलको आधारमा सहमतिमा पुग्ने प्रक्रियाको थालनीको रूपमा हेरिनु पर्दछ । त्यसैले पाठकहरूले यस दस्तावेजले विकासको कुनै खास नमूना सिफारिस गर्ने मनसाय नराखेको कुरा बुझिदिन आवश्यक छ, तर यसले कमजोरी तथा दोष खुट्याउने कार्य भने गरेको छ, जसलाई समग्र प्रक्रियाका क्रममा अझ खोतल्न तथा बहसमा ल्याउन सकिन्छ ।

अध्याय एक

# नयाँ नेपालका लागि नयाँ विकास रणनीति किन आवश्यक छ ?

भर्खरै सम्पन्न राष्ट्रिय सम्मेलनको छलफलमा आधारित "नयाँ नेपालका लागि विकास रणनीतिहरू" सम्बन्धी यस सिंहावलोकन र छलफलले नयाँ नेपालका लागि नयाँ विकास रणनीतिहरूको महत्व स्पष्ट पार्ने र परिभाषित गर्न राष्ट्रव्यापी बहसको थालनी गर्ने अपेक्षा राखिएको छ ।

विगतमा तर्जुमा गरिएका र कार्यान्वयन गरिएका विकास नीतिहरू, कार्यक्रमहरू र रणनीतिहरूले थुप्रै क्षेत्रहरूमा सकारात्मक परिणाम ल्याएको भएतापनि समग्रमा सन्तोषजनक परिणाम नल्याएको र कार्यसम्पादन कमजोर र असमानपूर्ण रहेकोतर्फ सबैको चासो बढ्दै गएको छ । नेपालले अझ पनि व्याप्त गरिबी, क्षेत्रीय असमानता, गहिरिदो सामाजिक विभाजन र कैयौं राजनीतिक, सामाजिक, आर्थिक र सांस्कृतिक समस्याहरूको सामना गरिरहेको छ । यी समस्याहरू मानिसहरूको दैनिक जीवनमा मात्र देखिएका छैनन्, बरू यिनले राष्ट्रिय, क्षेत्रीय र स्थानीय तहमा हिंसात्मक द्वन्द्व बढाएका छन् र विभिन्न प्रकारका आन्दोलन, विद्रोह, हस्तक्षेप र नागरिक अवज्ञालाई प्रोत्साहित गरेका छन् । तथापि सन् २००६ को उत्तरार्द्ध र २००७ को पहिलो महिनामा घटेको राजनीतिक विकासक्रमले नयाँ सन्दर्भ दिएको छ, जसमा नेपालमा एक दशकभन्दा लामो समयसम्म संचालित हिसात्मक द्वन्द्व र नेपाली समाजमा विद्यमान अन्य तनाव र विभाजनका मुख्य कारणहरू दुवैलाई रणनीतिक हिसाबले समयमा नै सम्बोधन गरिने वास्तविक अपेक्षा गर्न सकिन्छ ।

पछिल्लो राजनीतिक विकासक्रम विशेषतः सात राजनीतिक दलहरूको गठबन्धनबाट बनेको सरकार र नेकपा (माओवादी) बीच दिगो शान्तिका लागि भैरहेको सहमति र संझौता र यसतर्फ देखिएको स्पष्ट प्रगतिबाट पुनः एकपटक (सन् १९९० को सुरुतिर जस्तै) नेपालका जनताहरू तथा आम "विकास समुदाय"ले उच्च अपेक्षा राखेका छन् । वर्तमान राजनीतिक प्रक्रियाबाट तत्कालको राजनीतिक र कानुनी मुद्दाहरूको छिनोफानो हुने अपेक्षा राखिएको मात्र हैन, यसलाई समग्रतामा एउटा नयाँ युगको सुरुआत गर्ने प्रक्रियाको रूपमा पनि हेरिएको छ, जसले आजको नेपाली समाजको परिचय बनेको गरिबी, भोक, बेरोजगारी, पछौटेपन, असमावेशीकरण, अन्याय, शोषण र वातावरणीय ह्रास जस्ता जल्दाबल्दा मुद्दाहरूलाई सम्बोधन र निराकरण गर्ने छ । यी मुद्दाहरूलाई ताजा दृष्टिकोणबाट व्याख्या विश्लेषण गर्नु मात्र महत्वपूर्ण हैन कि पछिल्ला वर्षहरूका उपलब्धीहरूलाई बढाउँदै लैजानु पनि उत्तिकै जरुरी रहेको छ । राजनीतिक परिवेश विकासका प्राथमिकता१रूलाई परिभाषित गर्ने मूल तत्व मात्र नभएर यसले विकास कार्यका लागि आवश्यक सामान्य वातावरण तथा स्रोत उपलब्ध गराउनुका साथै विकास कार्यमा सलंग्न हुनका लागि आवश्यक निकायहरूको व्यवस्था पनि गर्दछ । नेपाली अर्थतन्त्र तथा समाजमा भैरहेको परिवर्तनले राजनीतिक परिवर्तनको दिशा तथा स्वरुपलाई परिभाषित गर्ने र ढाँचा प्रदान गर्ने कामसमेत गर्दछ ।

यसैले जारी राजनीतिक प्रक्रियालाई जनताले आफ्नो दैनिक जीवनमा भोगिरहेका समस्याहरूबाट पृथक राख्नुको सट्टामा यसलाई नेपाली अर्थतन्त्र र समाजका बहुआयमिक, ऐतिहासिक र संरचनागत रूपमा गाँसिएका विकासका समस्याहरूसँग जोडेर हेर्नु जरुरी छ । नेपालले सामना गर्नु परिरहेको विकासका चुनौतीहरू, विगतका विकास प्रयासहरूले किन पूर्णता प्राप्त गर्न सकेनन् र आगामी विकासलाई कसरी लैजान सकिन्छ भन्ने जस्ता कुराहरूमाथि गम्भीरतापूर्वक मन्थन गर्ने यो एउटा अवसरको क्षण पनि हो ।

पुस ६-७, २०६३ मा "नयाँ नेपालका विकास रणनीतिहरू: एक राष्ट्रिय बहस" विषयमा काठमाडौंमा राष्ट्रिय सम्मेलन सम्पन्न भयो । नेपाल ग्रामीण पुनर्निर्माण संस्था (आरआरएन) र अन्तर्राष्ट्रिय अध्ययन तथा सहयोग केन्द्र (सीइसीआई)को सह-आयोजनामा सम्पन्न उक्त कार्यक्रमले विभिन्न राजनीतिक दलका प्रतिनिधिहरू, नागरिक समाजका सदस्यहरू, विभिन्न सामाजिक समूहहरू लगायत विकास "विज्ञ"हरू र विकास सम्पादनमा लागिरहेकाहरूलाई एक ठाउँमा भेला गराई नयाँ नेपालको विकास रणनीतिहरूका बारेमा छलफल गर्ने वातावरण तयार गरिएको थियो ।

सम्मेलनमा जम्मा १३७ जना सहभागीहरूको (अनुसूची १) सहभागिता रहेको थियो । अनुसूची २ मा सम्मेलनका कार्यक्रम समावेश गरिएको छ, जसमा नयाँ नेपालका विकास रणनीतिहरूका लागि तुलनात्मक रूपमा परम्परागत तरिकाबाट पर हटेर विषयरू प्रस्तुत गरिएका थिए:

(क) सम्मेलनमा सहभागिताका लागि नेकपा (माओवादी) लगायत राजनीतिक दलहरू, नागरिक समाजका कार्यकर्ताहरू र विभिन्न पहिचानका समूहहरू र विकास "विज्ञ"हरू र विकास सम्पादनमा लागिरहेकाहरूलाई आमन्त्रण गरिएको थियो । कार्यक्रममा सहभागिता लागि तथाकथित "विकासे समुदाय" भित्र मात्र सीमित गरिएको थिएन । यसबाट विगतमा अपनाइएका र भविष्यमा अपनाउनु पर्ने विकास नीतिहरूका बारेमा उनीहरूको विश्लेषण, विचारहरू, गुनासाहरू र धारणाहरू अगाडि ल्याउन मद्दत पुग्यो ।

(ख) विभिन्न राजनीतिक दलहरू र सामाजिक समूहहरूले लिएका राजनीतिक सिद्धान्तहरूसँग संवाद स्थापना गर्नका लागि सम्मेलनले परम्परागत रूपमा प्राविधिक ढाँचाभित्र राखिने गरिएको विकासको दायरालाई सचेतनतापूर्वक फराकिलो बनाएको थियो ।

(ग) विज्ञहरू र आम सहभागीहरू दुवैका बीचमा अन्तरक्रियात्मक रूपमा विषयमाथि मन्थन हुन सकोस् भन्ने हिसाबबाट छलफल सत्रको चाँजो मिलाइएको थियो, जसले गर्दा विज्ञहरूले पेश गर्ने विचारहरू बनिबनाउ प्रस्तुति वा "कार्यपत्र" मा मात्र सीमित नहोस् ।

यो दस्तावेज सम्मेलनमा भएका विभिन्न प्रस्तुतिहरू र छलफलमा आधारित रहेर तयार पारिएको हो ।

सम्मेलनले वर्तमान राजनीतिक प्रक्रियाले विकासे समुदायलाई एउटा वृहत् सन्दर्भमा विकासका समस्याहरू बुझ्ने र थप विकासका लागि नीतिहरू तथा रणनीतिहरू निर्माणमा योगदान दिने अवसर प्रदान गरेको थियो । गहन र वृहत् राजनीतिक मुद्दाहरूलाई किनारा लगाउने मात्र हैन कि गरिबी, पछौटेपन, अन्याय, पहिचानको समस्या र अन्य क्षेत्रका थुप्रै मुद्दाहरूलाई पनि व्यवस्थित तरिकाले सम्बोधन गरिनु पर्ने आवश्यकता रहेको छ । सीमाहरू र कठिनाईहरूको प्रकृतिलाई बुझ्नु मात्र महत्वपूर्ण होइन, बरु परिवर्तित अवस्थामा स्थानीय, राष्ट्रिय, क्षेत्रीय र विश्व स्तरमा रहेका विकासका अवसरहरूको खोजी गर्नु पनि उत्तिकै महत्वपूर्ण हुन्छ ।

सम्मेलनमा वर्तमान राजनीतिक प्रक्रियाले विकासे समुदायलाई बृहत् परिप्रेक्ष्यमा विकासका समस्याहरूलाई बुझ्ने अवसर प्रदान गर्नेछ र भावी नीति तथा रणनीतिहरू विकास गर्न योगदान पुऱ्याउने छ भन्ने सोचाई राखिएको थियो ।

नेपाली राजनीतिको यस चौबाटोमा, विशेष रूपमा संविधानसभाको चुनावतर्फ उन्मुख नेपालले यतिखेर हिंसात्मक द्वन्द्व, अन्य समस्याहरू र विभाजनरूलाई सहमतिपूर्ण निकासको पक्षमा रुपान्तरित गर्नुपर्ने चुनौतीको सामना गरिरहेको छ । यसले नेपाली समाजका विभिन्न समूहहरूको बीचमा शान्ती र अमनचयनका साथ बाँच्ने, अरुको विकास र सद्भावलाई सुनिश्चित गर्दै सुरक्षित जीवन र जीवनयापनको अवसर प्रदान गर्दछ । अर्कोतर्फ नेपालको राजनीति, अर्थतन्त्र र समाजभित्र अधिकार र स्वतन्त्रता अनि स्रोत र अवसरको समुचित वितरण प्रणालीसहित देशलाई आर्थिक समृद्धितर्फ डोऱ्याउनु पर्ने आवश्यकता रहेको छ, जसबाट आम तथा विशिष्ट रूपमा उठाइएका मुद्दाहरू तथा गुनासाहरूलाई प्रजातान्त्रिक तवरले समाधान गर्न सकिने कुरालाई सुनिश्चित गर्न सकियोस् । जब विकास प्रक्रिया मानिसको जीवन र जीवनयापनमा अपेक्षित परिवर्तन दिन असमर्थ रहन्छ, तब हिंसात्मक द्वन्द्व र अन्य प्रकारका विद्रोहहरू जन्मिने र फस्टाउँने गर्दछन् भन्ने सिद्धान्तमा आधारित भएर यो पुनरावलोकन तयार भएको छ ।

यस सम्मेलनबाट भावी विकास रणनीतिहरूको खाका निर्माणका लागि मार्गनिर्देशन हुने अपेक्षा राखिएको थियो । वास्तवमा विकास रणनीतिहरूलाई राजनीतिक हिसाबले खुला हुनेगरी विभिन्न तहको निरन्तर छलफल र संवादबाट निर्माण गरिनु पर्दछ । यसर्थ यस सम्मेलनले नेपालको बद्लिंदो राजनीतिक परिवेशमा उपलब्ध हुन सक्ने विकास अवसरहरूलाई उपयोग गर्ने ध्येय राखेको थियो । यसरी यो दस्तावेजले नयाँ नेपालको विकास रणनीतिहरूका विषयवस्तुका लागि मार्गदर्शकको काम गर्नेछ । यस सिंहावलोकनको अर्थ न त नेपालको भावी विकासको लागि कुनै ठोस सिफारिस गर्नु हो, न त "के गर्नु पर्दछ" भन्ने इच्छासूची बनाएर काम सक्याउने नै हो । बरू यसले नेपालका राजनीतिक दलहरू, विकासे समुदाय र विभिन्न गैरसरकारी सामाजिक तथा राजनीतिक समूहहरू लगायत सरकारका लागि विकासका विषयवस्तुहरू आ-आफ्नो स्तर र आ-आफ्नो तरिकामा थप प्रतिविम्वित होस् र ग्रहण होस् भन्ने आशयकासाथ टिप्पणी, विश्लेषण र पृष्ठपोषणहरू दिने लक्ष्य राखेको छ ।

## १.१ नेपालको अल्पविकास सम्बन्धमा छोटो बहस

नेपालको गरिबी, भोक, असमावेशीकरण, अन्याय र शोषण अनि क्षेत्रीय तथा जात/जनजातिमाथिको विभेदहरू अर्थतन्त्र, सामाजिक तथा राजनीतिक अल्पविकासका परिचायक हुन्। वितेका केही दशकहरूमा नेपालले उल्लेखनीय प्रगति हासिल गरेको भएता पनि अल्पविकासका स्पष्ट चरित्रहरू अद्यापि कायमै रहेका छन्। सन् १९९० पछिको समयावधिमा नेपालमा सशक्त नागरिक समाज र स्वतन्त्र पत्रकारिताको उदय भयो। यसका साथै नेपाली समाजको प्रक्रिया र संरचनाबाटै पछाडि पारिएका विभिन्न समूहहरूमा आफ्नो अधिकार र पहिचानका निम्ति अभूतपूर्व जागरण देखियो भने राजनीतिक सहभागिता र ती समुदायको विकासका लागि मागहरू बढ्दै गएका छन्।

हाल लिंग, जात/जाति र क्षेत्र विशेषका पहिचानहरूबाट सशक्त आवाज उठिरहेको र दावी भैरहेको स्थिति छ भने शान्तिपूर्ण, विरोधका विविध तरिकाहरू र एकदशक लामो सशस्त्र विद्रोहको माध्यमबाट ऐतिहासिक र "परम्परागत" शैलीका शोषण र पाखालगाई, असमावेशीकरण र अन्यायको विरोध भैरहेको छ। यस अवस्थामा अल्पविकासका यी समस्याहरूलाई विवेकपूर्ण र गम्भिर रूपमा सम्बोधन गरिनु अत्यावश्यक भएको छ। "विकास"का मुद्दाहरू र विकासका उपयुक्त रणनीति र नीतिहरूको खोजी गर्दा ऐतिहासिक रुपले अल्पविकासको स्रोतको रूपमा रहेको विशिष्ट सामाजिक र राजनीतिक संरचनालाई समाविष्ट गर्न विकासको परम्परागत "प्राविधिक" वृत्तबाट माथि उठ्नै पर्दछ।

नेपालको विगत ६० वर्षको विकास प्रयासमाथि छोटो दृष्टि दिंदा निश्चित क्षेत्रहरूमा केही विकास भएको देखिएता पनि विकासमा अवरोध पुऱ्याउने संरचनागत तत्वहरू कायमै रहेका देखिन्छन्। उदाहरणका लागि, राणाशासनको अन्त्यतिर सन् १९५० को सुरुआतमा साक्षरता प्रतिशत २ प्रतिशत मात्र रहेकोमा विगत आधा शताब्दीमा यसमा उल्लेखनीय रूपमा बृद्धि भएको छ र नयाँ शताब्दीमा प्रवेश हुँदा प्रौढ साक्षरता ४९ प्रतिशत पुगेको छ। तथापि लिंग, जनजाति, जाति, क्षेत्र र वर्गीय आधारमा हेर्दा प्रगति अमिल्दो र असमान रहँदै आएको छ। अझ खुलेर भन्ने हो भने समग्र विकासमा उल्लेखनीय प्रगति भएको छ, तर अझसम्म समतामूलक विकास हुन सकेको छैन। एउटा दिगो विकासको अवधारणाभित्र व्यापक आधारमा समतामूलक आर्थिक बृद्धि र विकास, सामाजिक समावेशीकरण र लोकतन्त्रलाई सहजता प्रदान गर्ने किसिमले नेपाली अर्थतन्त्र र समाजको आधारभूत संरचनामा रुपान्तरणको कुरालाई समावेश गरिनै पर्दछ।

तथ्याङ्कहरूले देखाएअनुसार, गरिबीको परिभाषित अनुपातमा सन् १९९६ मा ४२ प्रतिशतबाट २००४ मा ३१ प्रतिशतमा झरेर पछिल्लो दशकमा गरिबी न्यूनीकरणको क्षेत्रमा नेपालको समग्र अनुभव प्रशंसायोग्य रहेको छ। तर यस गरिबी न्यूनीकरणबाट ज्यादै कम फाइदा पाउनेहरूमा ग्रामीण भेगका जनताहरू रहेका छन्। सुधारहरूका बावजुद देशमा कहालीलाग्दो मातृ तथा शिशु मृत्यु दर र सामान्यतया न्यून औसत आयुको स्थिति रहेको छ। संयुक्त राष्ट्रसंघीय विकास कोष (UNDP) को मानव विकास प्रतिवेदन २००५ का अनुसार नेपालीको औसत आयु ६१.६ वर्ष रहेको छ। सन् १९९६ बाट सुरु भएको माओवादी सशस्त्र विद्रोहको कारण नेपालको आर्थिक बृद्धिदरमा गहिरो धक्का पुग्यो।

साधन-स्रोत र आयको वितरणमा पनि ज्यादै ठूलो असमानता कायम छ। २० प्रतिशत धनी वर्गले कुल आयस्रोतको ५४.६ प्रतिशत उपभोग गरिरहेका छन् भने २० प्रतिशत ज्यादै गरीब जनसङ्ख्याले जम्मा ६ प्रतिशत मात्र प्राप्त गरिरहेका छन्। दैनिक २ अमेरिकी डलरभन्दा कम आम्दानी गर्ने जनसङ्ख्याको अनुपात ६८.५ प्रतिशत रहेको छ। मानव गरिबी अनुसूचीका अनुसार ३८.७ प्रतिशतका दरमा मापन गर्दा १०३ वटा विकासशील देशहरूमध्ये नेपालको स्थान ७४औं रहेको छ। वर्ग, जात र जनजातिका आधारमा हेर्दा गरिबीको स्थिति फरक फरक रहेको छ। उदाहरणका लागि दलितहरू र अल्पसंख्यक जनजातिहरूमा गरिबीको स्थिति समग्रमा ४० प्रतिशतभन्दा माथि रहेको छ। मानव विकास सूचकाङ्क मापनअनुसार नेपालको स्थितिमा उत्साहजनक प्रगति देखिएको छ। सन् १९७५ को न्यूनतम अंक ०.२९६ बाट ०.४१९, ०.४९२ र ०.५२६ अंकमा क्रमशः १९८५, १९९५ र २००५ मा बढेको पाइएको छ। यसका बावजुद, मानव विकास सूचकाङ्क (UNDP, 2006) लाई मान्दा संसारका १७७ वटा देशहरूमा नेपालको स्थान १३८औं रहेको छ।

राज्यको शक्ति प्रयोगको क्षमता बढिरहेको भएता पनि विकासका क्षेत्रमा नेपाली राज्यको भूमिका कमजोर रहेको छ। वर्तमान सार्वजनिक व्ययमध्ये एउटा ठूलो हिस्सा चालू खर्चका रूपमा प्रवाहित हुने गरेको छ, जुन कुल

ग्राहस्थ उत्पादनको ३.४ प्रतिशत मात्र रहेको छ। सन् १९९१ को भन्दा यसमा बृद्धि भएको भएता पनि यसको बृद्धि २ प्रतिशत मात्र रहेको छ, जुन सन् २०१५ सम्मको सहस्राब्दी विकास लक्ष्य हासिल गर्न ज्यादै न्यून रहेको छ। यसका साथै, पछिल्लो प्रवृत्तिले सरकारी विकास सहयोग (Official Development Assistance - ODA)मा न्यूनीकरण भएको देखाएता पनि यो खर्चको ज्यादै ठूलो अंश वैदेशिक सहयोग, विशेषत: ऋण तथा सहयोगमा भरपर्दछ। सन् २००३/२००४ मा विकास बजेटको ५७.६५ प्रतिशत वैदेशिक सहयोग तथा अनुदान र ३.८२ प्रतिशत कुल ग्राहस्थ उत्पादनको रहेको थियो (UNDP, 2005)।

स्वास्थ्यमा गरिने सामाजिक खर्च कुल ग्राहस्थ उत्पादनको १.५ प्रतिशत मात्र रहेको अवस्थामा सहस्राब्दी विकास लक्ष्यको सबैलाई आधारभूत स्वास्थ्य सेवा पुऱ्याउने कुरालाई यसले नेपालका लागि असम्भव बनाएको छ। सन् १९९० को शिशु मृत्युदर प्रतिहजारमा १०८ बाट सन् २००५ मा ६१ मा घटेको छ भने १९९० को मातृमृत्युदर प्रति लाख ८५० बाट घटेर २००२[1] मा ४१५ मा आइपुगेको छ। तर अन्तर्राष्ट्रिय स्तरमा हेर्दा यी दुवै स्वीकार गर्न नसकिनेगरी उच्च दरका छन्। ८० प्रतिशतभन्दा बढी जनसङ्ख्याको सुधारिएको खानेपानीको स्रोतमा पहुँच रहेको भएता पनि ती पानी स्वास्थ्यका दृष्टिकोणले विश्वसनीय छैनन्। यसका साथै, शिक्षाको क्षेत्रमा उल्लेखनीय उपलब्धी हासिल भएको भएता पनि अहिलेको प्रगतिको स्तरमा हेर्दा विश्वव्यापी शिक्षाको लक्ष्य पूरा नहुने देखिन्छ। तथ्यहरूलाई हेर्दा १५-२४ वर्ष उमेर समूहमा साक्षरता दर १९९० को ४९.६ प्रतिशत २००५ मा ७३ प्रतिशतमा पुगेको छ भने उही समयमा प्राथमिक कक्षामा जम्मा भर्ना दर ६४ प्रतिशतबाट ८४ प्रतिशतमा बृद्धि भएको छ र प्रौढ साक्षरता दर ४८.६ प्रतिशतमा रहेको अनुमान गरिएको छ (NPC/UN, 2005)। यसरी सहस्राब्दी लक्ष्य प्राप्तितर्फको प्रगति सामान्यतया मन्द गतिमा बढेको देखिन्छ।

नेपालको अहिलेसम्मको प्रगतिको वितरण विभिन्न समूहमा असमान रहेको छ। सामान्य प्रगतिहरू विशेषत: दलितहरू, महिलाहरू र अन्य पछाडि पारिएका र सामाजिक रूपमा सुविधाविहीन समूहहरू अथवा कुनै निश्चित क्षेत्रमा बसोबास गर्नेहरू माझ पुग्नै सकेका छैनन्। उदाहरणको रूपमा यातायातको संजाल, जलविद्युतको उत्पादन र सामुदायिक वन जस्ता सबै क्षेत्रमा विकास भएको छ, तर त्यहाँ अझै धेरै काम गर्न बाँकी छ। नेपालका शहरी इलाकाहरू आज लोडसेडिङ्गको मारमा रहेका छन्, तापनि शहरी र ग्रामीण क्षेत्रहरूमा ऊर्जाको वितरण केन्द्रीय नेटवर्कबाट नै गरिनु व्यवहारिक हुन्छ। व्यवहारिक विकल्पका रूपमा पुष्टि भैसकेका साना जलविद्युत, घरेलु सौर्य उर्जा र वायो-ग्यासका सम्भावनाहरूलाई समग्र सहयोग पुऱ्याई विकास गर्न सकिन्छ। यद्यपि यस्ता परियोजनामा दिइने अनुदानको नीतिले समाजका हुने खानेहरूलाई मात्र सघाउ पुग्ने गरेको कच्चा तथ्यहरू पनि रहेका छन्। वर्तमान "कर्णाली उज्यालो कार्यक्रम" मा देखिए जस्तै प्रत्येक घरलाई सौर्य उर्जा लगभग विनापैसा वितरण गर्दा मानिसहरूलाई अझ पराश्रित बनाउँदछ भन्ने तथ्य फेला परेपछि पछाडि पारिएका समूहहरूमा कसरी बिजुली पुऱ्याउने भन्ने छलफल अरु लम्बिएको छ।

नेपालको अर्थतन्त्र मुख्य रूपमा कृषि अर्थतन्त्रका रूपमा रहँदै आएको छ। सन् १९९० का वर्षहरूमा कुल ग्राहस्थ उत्पादनको झण्डै ४० प्रतिशत योगदान कृषि क्षेत्रको रहेको थियो। पछिल्ला केही दशकमा ग्राहस्थ उत्पादनमा यस क्षेत्रको योगदान उल्लेख्य मात्रामा घटिरहेको भएता पनि दक्षिण एसियाका कुनै पनि देशकोभन्दा माथि नै रहेको छ। कुल ग्राहस्थ उत्पादनमा सेवा क्षेत्रको योगदान पनि झण्डै ४० प्रतिशत नै रहेको छ। रोजगारीको एउटा ज्यादै ठूलो भाग, नेपालको श्रमशक्तिको ९०.७ प्रतिशत अनौपचारिक क्षेत्रभित्र पर्दछ। अझ दुखको कुरा त अनौपचारिक क्षेत्रमा महिला श्रमिकहरू ९५.६ प्रतिशतभन्दा माथि छन्। यसको अर्थ यी श्रमिकहरू विशेषगरी महिलाहरू राम्रो काम गर्ने वातावरण र न्यूनतम ज्यालाको दरका सम्बन्धमा कुनै राम्रो सौदावाजी गर्न सक्षम छैनन् भन्ने हो।

नेपालको अर्थतन्त्र पर्यटन, वैदेशिक सहयोग र विप्रेषणमा आधारित रहँदै आएको छ र माओवादी सशस्त्र द्वन्द्वको अवधिमा विप्रेषण नै विशेष रूपमा निर्णायक रहेको थियो। सन् २००४ मा विप्रेषणको मात्रा रु. ६१ अर्ब ८८ करोड रहेको सरकारी अनुमान छ, तर कोही-कोही यो रकम रु. १ खर्ब ५ अर्ब भएको तर्क गर्दछन् (Seddon et al, 2001; Karki and Seddon, 2003)।

[1] *UNDP* मानव विकास प्रतिवेदन १९९२ ले ८१५ देखाएको छ र १९९१ मा *NFFS* ले ५१५ मा झरेको देखाएको छ। सन् २००२ को राष्ट्रिय योजना आयोगको तथ्याङ्कले ४१५ मा न्यूनीकरण भएको देखाएको छ। जेहोस् यस अध्ययनमाथि पनि प्रश्न उठाइएको छ।

यो अनुमानभित्र अनौपचारिक संजाल मार्फत् आएर सटही भएको रकम समेत पर्दछ, जसलाई राष्ट्रिय लेखामा पर्याप्त मात्रामा देखाउन सकिँदैन (NPC, 2006)। प्रारम्भिक तथ्यहरूले आर्थिक बृद्धि र विप्रेषण प्रवाहको विपरित सम्बन्ध रहेको बुझाउँदछ र यसले के संकेत गर्दछ भने विप्रेषणले लगानी प्रवाहको भन्दा क्षतिपूरक हस्तान्तरण (compensatory transfers) को रूपमा काम गर्दछ। तथापि विप्रेषणलाई लगानीको प्रयोजन र उपभोग दुवैका लागि प्रयोग गर्न सकिन्छ भनेर पनि तर्क गर्न सकिन्छ। वास्तवमा नेपालमा वैदेशिक लगानी ज्यादै न्यून रहेको छ- १९९८ मा प्रत्यक्ष वैदेशिक लगानी (DFID) रु. ६३ करोड भन्दा कम थियो। आंशिक रूपमा अनिश्चित राजनीतिक परिस्थितिको परिणाम स्वरुप सन् २००२ र २००३ मा यो घटेर रु. २८ करोड र रु. १४ करोडमा झरेको थियो (World Bank, 2003)।

## १.२ विकास प्रयासहरूको सिंहावलोकन

नेपालमा विकास योजनाको थालनी सन् १९५५ मा कोलम्बो प्लानको अभिन्न अंगको रूपमा विकास गरिएको पहिलो पञ्चवर्षीय योजना (सन् १९५५) बाट सुरुभएको हो। त्यसयता ९ वटा आवधिक योजनाहरू तर्जुमा भै लागू भैसकेका छन् र हाल दशौं योजना (२००२-२००७) चालू रहेको छ। नेपाल सरकारले विशेषत: वर्तमान संक्रमणकालीन अवधिको आवश्यकतालाई पूर्ति गर्नका लागि एउटा पूरक योजना निर्माणका बारेमा सोचिरहेको छ। पहिलो चारवटा योजनाहरूले सडक, बिजुली जस्ता पूर्वाधार विकासमाथि जोड दिए। राज्यको मुख्य भूमिका सहित राज्यको हस्तक्षेप र निजी क्षेत्र दुवैको सम्मिलन आवश्यक रहेको परोक्ष तार्किक आधार रहेको भएतापनि विकास रणनीतिका लागि सैद्धान्तिक आधारको कमी रहेको पाइएको छ। तथापि पूर्वाधार विकासका लागि नेपाल पहिलेदेखि नै ठूलो मात्रामा वैदेशिक सहयोगमा निर्भर रहेको थियो। अनेक पक्षहरूबाट यी योजनाहरूको कार्यान्वयन समस्याग्रस्त सावित भए भने योजनाले निर्दिष्ट गरेका उपलब्धीहरू संतोषजनक रहेनन्। चौथो राष्ट्रिय योजनाले अन्तरक्षेत्रीय असमानता कम गराउन एउटा बलियो आधार प्रदान गर्ने प्रयास गरेको थियो। यसको मुख्य उद्देश्य आ-आफ्ना क्षेत्रका मानिसहरूका विविध आवश्यकतालाई पूरा गराउन बृद्धि केन्द्रहरू (Growth centres) जसलाई बहुकार्यात्मक समाधान (Poly-functional settlements) भनिन्थ्यो, को प्रवर्द्धन गर्नु रहेको थियो। तथापि, विकासको "बृद्धि-अक्ष" (Growth centres) दृष्टिकोण, जसले राज्यको हस्तक्षेपको माध्यमबाट खुला अर्थतन्त्र र परम्परागत भौगोलिक योजना दुवैलाई असहज तरिकाले जोड्ने रणनीति लिएको थियो, हस्तक्षेपका खास क्षेत्रहरू वा विभिन्न विश्लेषकहरू (Blaikie et al., 1977, 1980 (2001); Bhattarai, 2003) ले उठाउदै आएका अन्तरक्षेत्रीय विविधता र असमानता घटाउने कुराले मूर्त रूप लिन सकेनन्। पाँचौ र छैटौं योजनाहरूमा कुनै चित्तबुझ्दो तर्कबिना नै राज्यको हस्तक्षेप र निजी क्षेत्रको संयोजनमा भन्दा कृषि र उद्योगतर्फ जोड दिएको थियो।

अर्कोतर्फ महत (२००५) ले इङ्गित गर्नु भए झैं र डा. शंकर शर्मा (२००७) ले काठमाडौंमा आयोजित हालैको एउटा सम्मेलनमा भन्नु भए झैं सन् १९९० को पूर्वार्द्धमा नेपालको आर्थिक बृद्धि उल्लेखनीय रहेको थियो। तथ्याङ्कहरूलाई विश्वास गर्ने हो भने दशवर्षको अवधि (१९९६-२००६) मा गरिबी र सामाजिक कल्याणको औसत तहहरूमा प्रगति भएको थियो।

विकास उद्देश्यका रूपमा गरिबी न्यूनीकरणको सवालले छैटौं योजना (१९८०-१९८५) मा प्रवेश पायो र सातौं योजनासम्म यसले निरन्तरता पाइऽयो। तर फेरि पनि गरिबी न्यूनीकरणसँग संरचनागत समायोजन गर्ने र आर्थिक "सुधार" गर्ने प्रयत्न सहितको रणनीति परिणाम देखाउने बेला सम्ममा असफल भयो। आठौं योजना (१९९२-१९९७) को एउटा महत्वपूर्ण उद्देश्य गरिबी निवारण रहेको थियो, जसलाई सन् १९९० मा पुर्नस्थापित बहुदलीय प्रजातन्त्रको आगमनपश्चात् र विश्व व्याङ्कको त्यस वर्ष (१९९०) को विश्व विकास प्रतिवेदन र नेपालका लागि राष्ट्रिय पुनरावलोकन (१९९०)मा गरिबीलाई विशेष जोड दिइएको सन्दर्भमा तर्जुमा गरिएको थियो। यसपछि पनि गरिबी न्यूनीकरणले थप ग्राऽयता पायो। नवौं योजना (१९९७-२००२) ले गरिबी निवारणलाई आफ्नो महत्वपूर्ण उद्देश्यका रूपमा स्वीकारेको थियो। सदा झैं परोक्ष रणनीतिका रूपमा राज्यको हस्तक्षेप र नव-उदार नीतिको संयोजन नै रहेका थियो। यी योजनाहरूले सन् १९८५ को मध्यदेखि अन्तर्राष्ट्रिय मुद्राकोष र विश्व व्याङ्कको निर्देशनमा लागु गरिएको संरचनागत समायोजन नीतिहरूले गरिबी न्यूनिकरण वा गरिबीको संरचनात्मक कारणहरूलाई समाधान गर्ने सवालमा कुनै उल्लेखनीय परिणाम देखाउन सकेनन्। योजनावद्ध विकासबाट २० देखि २५ प्रतिशत जनसङ्ख्याले मात्र सुविधा पाउने कुराको अनुमान गरिएको छ (कार्की, २००३)। क्षेत्रीय, सामाजिक र आर्थिक क्षेत्रमा विद्यमान असमानता अझसम्म पनि उल्लेखनीय रूपमा

घटेको छैन । अर्कोतर्फ महत (२००५)ले इङ्गित गर्नु भए झैं र डा. शंकर शर्मा (२००७) ले काठमाडौंमा आयोजित हालैको एउटा सम्मेलनमा भन्नु भए झैं सन् १९९० को पूर्वार्द्धमा नेपालको आर्थिक बृद्धि उल्लेखनीय रहेको थियो । तथ्याङ्कहरूलाई विश्वास गर्ने हो भने दस वर्षको अवधि (१९९६-२००६) मा गरिबी र सामाजिक कल्याणको औसत तहहरूमा प्रगति भएको थियो । यी उल्लेख्य विकासहरू कुनै विकास रणनीति वा योजनाहरूबाट उत्पन्न भएका हुन् भन्ने कतै पनि स्पष्ट छैन । बरु तिनीहरू सन् १९९० को मध्य सम्ममा उल्लेखनीय रूपमा निर्यात भएका निर्माण सामग्रीहरू र सन् १९९० कै मध्यबाट बढ्न थालेको विप्रेषणको आकार र मूल्य लगायतका अन्य तत्वका परिणामहरू हुन् ।

यी विकास "योजनाहरू"मा सुसंगत सैद्धान्तिक आधार नहुनुका साथै कमजोर तयारीमा तर्जुमा गरिएका थिए । पञ्चायत कालमा राज्यनिर्देशित पुँजीवादी विकासको अवधारणामा आधारित रणनीतिलाई सम्बोधन गर्न राज्यको हस्तक्षेप र निजी क्षेत्रलाई प्रोत्साहित गर्ने नीतिलाई समायोजन गर्ने प्रयास हस्तक्षेपका लागि सीमित क्षमताका कारण असफल रऽयो । किनकि नेपाली अर्थ-राजनीतिका आधारभूत संरचनाहरू "सामन्तवाद" र अर्ध-उपनिवेशवादको ऐतिहासिक जगमा उभिएका थिए । हरित क्रान्ति र भूमिसुधार कार्यक्रमको विचारसँग जोडिएर आएको सन् १९६० तिरको विकास नमूनाको असफलताले यही समस्यालाई जाहेर गर्दछ ।

केही समयका लागि सन् १९७० को दशकमा "आधारभूत आवश्यकता" र जनसहभागिताका बारेमा चर्चा भयो र यसै प्रचारमूखी अवधारणाभित्र थुप्रै कार्यक्रमहरू (उदाहरणका लागि साना किसान विकास कार्यक्रम) संचालन गरिए । तर अझै पनि राज्यका विकास प्रयासहरू धेरैजसो बेढङ्गका, जबरजस्ती खालका र भ्रष्टाचार र असक्षमताले जीर्ण भएका थिए । जबकि पारिवारिक तहबाहेक गतिशील निजीक्षेत्रका लागि थोरै स्थान दिँदै वृहत् अर्थ-राजनीतिका विद्यमान संरचनाले ग्रामीण जनताको शोषणलाई निरन्तरता दिइरहेका थिए ।

सन् १९८० को पछिल्लो र १९९० को अघिल्लो अवधिमा अन्तर्राष्ट्रिय विकास निकायहरू र दातृ संस्थाहरूको प्रभावमा "विकास" अवधारणामा नव-उदारवादी आर्थिक मोडलले प्रभुत्व स्थापित गऱ्यो । निर्यातमा बृद्धि आशाजनक देखिएको हुनाले राज्यले निजी क्षेत्र, खासगरी औद्योगिक क्षेत्रलाई अपेक्षाका साथ ढाँचा उपलब्ध गराएको थियो । लगानी हुन छाडेपछि १९९० को सुरुमा देखिएको निर्यातको चमकधमक सकिएपछि र दीर्घकालीन कृषि योजना, जसले कृषिलाई बृद्धिको साधनका रूपमा हेर्दछ, लाई एकहोरो सहयोग गर्दा यस रणनीतिका कमजोरीहरू थप स्पष्ट हुन थाले । दशकको अघिल्लो अवधिमा भएको उल्लेखनीय बृद्धिलाई पछिल्लो अविधिसम्म पनि निरन्तरता दिन औद्योगिक क्षेत्र असमर्थ रहनुले १९९० को दशकको उत्तरार्द्धको स्थितिलाई आंशिक रूपमा बुझ्न सकिन्छ ।

तर यी दशकहरूमा अपनाइएका अधिकांश "विकास रणनीति"हरू कामचलाउ र अन्य देशका अनुभवमा आधारित मोडल वा अन्तर्राष्ट्रिय मुद्रा कोष र विश्व व्याङ्कबाट निर्देशित सूत्रहरूको संयोजनबाट बनेका थिए । यसले नेपाली अर्थतन्त्र र समाजका वास्तविक आयामहरूको विश्लेषण गर्न नसक्ने राष्ट्रिय अन्तर्राष्ट्रिय निकायहरूका सबै योजनाविद्हरू र निर्णयकर्ताहरूको असफलता दर्शाउँथ्यो । यस अवधिमा विभिन्न सरकारहरूले अनेकन विकासका "प्याकेज" कार्यक्रमहरू लागु गरेका थिए र थुप्रै संस्थाहरूको निर्माण गरेका थिए (बक्स १.१) ।

गैरसरकारी संस्थाहरू र समुदायमा आधारित संस्थाहरूको ठूलो निर्भरताले निजी क्षेत्रको नव-उदारवादी दृष्टिकोणलाई बल पुऱ्याएको हुनाले सन् १९९० पछिको अवधिमा गैरसरकारी संस्थाहरूको संख्यामा भारी बृद्धि भयो । माओवादी सशस्त्र विद्रोहले १९९० को दशकको उत्तरार्द्ध र २००० को पूर्वार्द्धको समयबाट आधारभूमि प्राप्त गऱ्यो । यस अवधिमा यी संघ-संस्थाहरूको विदेशी "विकास" संस्थाहरूले माग गरे बमोजिमका कार्य गर्न सक्ने क्षमतामा निरन्तर शंका उब्जिए पनि अप्रत्यक्ष रूपमा गैरसरकारी संस्थाहरू र समुदायमा आधारित संघ-संस्थाहरूका माध्यमबाट विकास कार्यलाई निरन्तरता दिइयो र नेपालको विकासका "कार्यक्रम र परियोजना" मा सरोकार राख्नेहरूका निमित्त यी काम "परम्परागत विवेक" का रूपमा स्थापित पनि भए ।

**बक्स १.१: केही महत्वपूर्ण विकास कार्यक्रमहरू र योजनाहरू**

- ? आफ्नो गाउँ आफै बनाऔं
- ? गरिबसँग विश्वेश्वर
- ? गणेशमान सिंह शान्ति अभियान
- ? दुर्गम क्षेत्र विकास कार्यक्रम
- ? महिला सचेतना कार्यक्रम
- ? प्राथमिक क्षेत्र ऋण कार्यक्रम
- ? उत्पादन ऋण कार्यक्रम
- ? कृषि विकास व्याङ्क
- ? एकीकृत ग्रामीण विकास कार्यक्रम
- ? दीर्घकालीन कृषि योजना
- ? गरिबी निवारण कोष

दातृ संस्थाहरूबाट र सरकारबाट प्राप्त भएका स्रोतहरूको परिचालनले आखिरमा गर्न खोजिएको कुरा पूरा गर्न सकेन । आमा समूह[2], बचत तथा ऋण समूहहरू, सामुदायिक वन उपभोक्ता समूहहरू अथवा दुग्ध सहकारी जस्ता थुप्रै स्थानीय समूहहरू ग्रामीण तहमा स्थापित भए ।

यस्ता समूहहरूको स्थापनाले प्रायः स्थानीय समस्याहरू र महिला, सुविधाविहीन समुदाय जस्ता समूहहरूका आवश्यकताहरूबारे सचेतना बृद्धि, सामाजिक न्याय र समाजिक भेदभावका विकृतिहरूका सम्बन्धमा सरोकार बढाउने काम गरेका छन् । यी समूहहरूलाई न्यून सहयोग गरिएकोले तिनीहरूमा महत्वपूर्ण आर्थिक परिवर्तन ल्याउन ज्यादै सीमित क्षमता रऽयो । यद्यपि गरिबी निवारण कोष अन्तरगत तुलनात्मक रूपमा पछिल्ला प्याकेजहरूले अझै प्रतिज्ञाहरू पूरा गर्न बाँकी नै छ । तर यसका प्रारम्भिक लक्षणहरू परिणामहरू हासिल गर्नेतिर केन्द्रित हुनेभन्दा पनि नोकरशाही प्रक्रियाबाट ग्रसित देखिन्छन् ।

माओवादी नियन्त्रित क्षेत्रहरूमा स्थानीय आर्थिक तथा सामाजिक विकासभन्दा पनि केन्द्रीय राजनीति र विद्रोहीका सैनिक सरोकारका विषयमा बढी ध्यान दिइयो । यद्यपि थुप्रै क्षेत्रहरूमा स्थानीय मुद्दाहरूलाई सम्बोधन गर्ने साना स्तरका पूर्वाधारहरू (गोरेटोहरू, पुलहरू र सिँचाई व्यवस्था), कृषि परम्परामा पुनर्व्यवस्थापन र सामानहरूको वितरणमा नियन्त्रण गर्ने जस्ता प्रयत्नहरू भए । यसका साथै महिलाहरूको अवस्था सुधारमा ठूलो प्राथमिकता, महिलाहरू र सामाजिक रूपमा पिछडिएका समूहहरूमा हुने दुर्व्यवहारलाई निराकरण र सामान्यतया गरीब किसानहरू र श्रमिक वर्गका स्वार्थहरूको रक्षा र प्रवर्द्धन गर्ने प्रयासहरू पनि गरिए । जेहोस् सशस्त्र द्वन्द्वको अवधिमा “निर्माणका लागि ध्वंस” भन्ने दृष्टिकोण अपनाइएको थियो । माओवादीका नेतागण मात्र हैन यसका कार्यकर्ता र समर्थकहरूमा पनि “जनयुद्ध” को समग्र रणनीति र दृष्टिकोण राजनीतिक संरचनामा मूल परिवर्तन ल्याउनु रहेको थियो, ताकि नेपालमा वृहत् आर्थिक सामाजिक विकास हुन सकोस् ।

माओवादी नेतृत्वले ग्रामीण क्षेत्रमा विद्यमान “अर्ध-सामन्ती” र सामन्ती संरचना र सम्बन्धको उन्मूलन र सन् १९५० को दशकबाट सुरु भएको विकृत र नोकरशाही प्रकृतिको पुँजीवादलाई रुपान्तर गर्नका लागि क्रान्तिकारी परिवर्तनको आवश्यकतामाथि जोड दिइरहेका छन् । उनीहरूले समाजवादतर्फ उन्मुख राष्ट्रिय पुँजीवादी विकासको दृष्टिकोण राखेको देखिन्छ । माओवादीहरू भारतीय विस्तारवाद र पश्चिमा उपनीवेशवादको बढ्दै आलोचक देखिएतापनि गरीब र सुविधाविहीन वर्गका लागि वास्तविक रूपमा नै तात्विक फाइदा पुग्ने अवस्था देखेमा उनीहरूले नेपालका ग्रामीण भेगमा विदेशी “विकास” निकायहरूलाई आफ्ना गतिविधिहरू गर्न छुट (केही अपवाद र कहिलेकाहिंका अवरोध बाहेक) दिएको पनि देखिन्छ । विकासका अन्य साझेदारहरू झैं उनीहरूका पनि निश्चित तरिकाहरूसहित ज्यादै सामान्य राजनीतिक विचारहरू छन्, जसले नेपालको तर्कसंगत विकास रणनीतिहरूमा केही योगदान दिन सक्दैनन् ।

यसै बीचमा नेपाली जनताले बाँच्नका लागि र आफ्नो जीवन र जीविकोपार्जनमा केही सकारात्मक परिवर्तन ल्याउनका निमित्त विद्यमान संरचना र मुलुकको अर्थतन्त्र र समाजका पक्षहरूभित्र आफैं संघर्ष गरे । सामान्यतया

[2] शाब्दिक रूपमा “आमा समूह” भनिए पनि यसले विभिन्न उद्देश्यका लागि स्थापित भएका महिलाहरूको समूह भन्ने जनाउँछ ।

कृषि प्रणालीहरू र विशेष रूपमा कृषि धेरै सघन हुनपुगे भने गैरकृषि क्रियाकलापले घरायसी अर्थतन्त्र र जीविकोपार्जन रणनीतिमा बढ्दो रूपमा महत्वपूर्ण भूमिका खेल्न थाले। गाउँ र शहरको बीचमा संपर्क स्थापना भएपछि तीव्र शहरीकरण हुनेगरी शहरी क्षेत्रमा आप्रवासन बढेर गएको छ। पहिलेकोभन्दा धेरै मानिसहरू कामका लागि घरबाट, जिल्ला र क्षेत्र नै छोडेर बाहिर गएका छन्। विशेषगरी पछिल्ला दुई दशकमा ती रोजगारमा लागेकाहरू वा अर्को तरिकाले नेपाल बाहिर - भारत अथवा विदेशमा - आर्थिक रूपले क्रियाशीलहरूको संख्या र अनुपात दुवै बृद्धि भैरहेको छ। विप्रेषणले घरपरिवारको गतिशीलताहरूमा मात्र हैन स्थानीय र क्षेत्रीय अर्थतन्त्र लगायत राष्ट्रिय तहमा समेत ज्यादै महत्वपूर्ण भूमिका निर्वाह गरिरहेको छ।

तर यिनीहरू लगानीका लागि थप स्रोतहरू उपलब्ध गराउन र जीवनस्तरमा सुधार गर्नका लागि उद्यत रहेकै बेला यिनले राष्ट्रिय अर्थतन्त्रमा भएको विकासको कमीलाई क्षतिपूर्ति पनि गरिरहेका छन्। छोटो र मध्यम समयका लागि यी विप्रेषणहरूले स्थानीय अर्थतन्त्रको दिगो बृद्धिको सुरुआतमा सहयोगी भूमिका खेल्न सक्ने भएपनि लामो समयावधिमा विप्रेषणमाथिको निर्भरता राष्ट्रिय विकास रणनीतिको इच्छित अंश होइन। समग्रमा समस्या के हो भने विप्रेषणले दुवै स्थान विशेष (क्षेत्रीय र राष्ट्रिय) र सामाजिक (वर्ग र सामाजिक समूह बीच) असमानता बढाउँछ।

पछिल्लो दशकमा आप्रवासनले पनि स्थानीय तहमा असुरक्षा बढाउने काम गरिरहेको छ। यो द्वन्द्वबाट मात्र बढेको होइन कि (यसले पक्का पनि विस्थापित मानिसहरू र "राजनीतिक" आप्रवासन र धेरै त क्षेत्रभन्दा बाहिर र विदेश जान पनि प्रोत्साहित गरेको छ) विशेष रूपमा दुर्गम पहाडी क्षेत्रमा, उदाहरणका लागि माथिल्लो कर्णालीका मानिसहरूको स्थायित्वका लागि स्थानीय स्रोतहरू (प्राकृतिक वा कृषि)को घट्दो क्षमताले पनि उत्तिकै सघाउ पुऱ्याएको छ। गाउँहरूमा युवाहरूको अनुपस्थितिको क्षतिपूर्ति उनीहरूले घरमा पठाउने विप्रेषणले गरिरहेको छ। ग्रामीण भेगका स्थानीय स्रोतहरू परिचालनको अभावमा थन्किएर बसेको अवस्थामा रहेका छन्। ग्रामीण क्षेत्रबाट शहरमा पलायन हुने प्रक्रिया ऐतिहासिक रूपमा विकास प्रक्रियाकै अङग रहेको भएतापनि नेपालमा यसले जोखिमहरू थपिरहेको छ। जोखिमको कुरा गर्दा, वास्तविक आर्थिक गतिविधि नहुँदा तीव्र शहरीकरणबाट बस्तीहरू गरीब बन्दै गएका छन्, जसबाट अव्यवस्थित शहर, सुकुम्बासीहरू र शहरी गरिबी बढ्दै गएको छ। क्षेत्रीय असमानताहरू द्रुत गतिमा बढिरहेका छन्। पूर्वाञ्चल विकास क्षेत्र (पूर्वी तराई र पूर्वी पहाडहरू) र काठमाडौं उपत्यकाले बहुआयमिक आर्थिक बृद्धिको लाभ लिइरहेका छन् भने पश्चिम नेपालले उल्लेख्य मात्रामा स्थायी विप्रेषणबाट फाइदा लिइरहेको छ। तर मध्य-पश्चिम, सुदुर-पश्चिम र मध्य नेपालका धेरै भाग झन् झन् पछाडि परिरहेका छन्।

राज्य संचालन प्रक्रियामा सन् १९५०, १९६० र १९९० को दशकमा आएको राजनीतिक परिवर्तनहरूबाट प्रभुत्वशाली समूह र शासक वर्गको नियन्त्रणको आधारभूत निरन्तरतामा अस्पष्टता कायम रऽयो। परिणामस्वरुप यी सरकारहरू नेपालको अल्पविकासका मूल कारणहरूलाई सम्बोधन गर्न असफल रहे, बरू उनीहरू नेपाली समाजको सुविधा सम्पन्न बन्ने होडमा आपसी कलहमा लागे। राणाहरूलाई हटाइसकेपछिको आधा शताव्दिसम्म पनि सरकारमा जस्तोसुकै परिवर्तन आए पनि निश्चित जात र सामाजिक वर्गका मानिसहरूले देशको "विकास एजेण्डा"माथि प्रभुत्व जमाइ राख्न सफल भए। भनाईमा "विकास" र परिवर्तनको कुरा गरिएतापनि गराईमा भएका कामहरू, विशेषतः विदेशी "विकास" संस्थाहरूबाट भएको आर्थिक प्रवाहको झुकाव यदि केही थियो भने यी प्रभुत्वकारी र शोषणमूलक संरचनाहरूलाई बढवा दिनु र भ्रष्टाचारलाई प्रोत्साहन गर्नेतर्फ रहेको थियो। सन् १९९० मा केही समयसम्म जनआन्दोलन-१ को प्रतिनिधित्व गरेका प्रगतिशील शक्तिहरूले पुरातन स्वरुपको प्रभुत्व र शोषणलाई भत्काउन सक्तछन् र नयाँ गति दिन सक्तछन् जस्तो देखिएको थियो। तर विगत भत्काउने काम प्रभावकारी हुन सकेन र केही सकारात्मक परिवर्तनका बावजुद विकासका लागि अत्यावश्यक अर्थ-राजनीतिमा आधारभूत परिवर्तन गर्ने शिशु प्रजातन्त्रको क्षमताले दिएको ढाँचा ज्यादै अपुग सावित भयो। यही कारणले सन् १९९० मा बहुदलीय प्रजातन्त्रको स्थापनापछि औपचारिक रूपमा राजनीतिक दलहरूले मान्यता पाउने र केही मात्रामा प्रजातान्त्रिक संस्कृति (प्रेस स्वतन्त्रता, गैरसरकारी संस्थाहरू र नागरिक समाज संघ-संस्थाहरूको व्यापकता समेत) को पुनर्स्थापन हुने कार्य भएतापनि भोक, गरिबी र बेरोजगारीबाट मुक्ति पाउने लगायत व्यापक अन्याय, विभेद र शोषण जस्ता प्रमुख सरोकारका विषयहरू नवस्थापित सरकारहरू र तथाकथित विकास निकायहरू दुवैबाट पर्याप्त मात्रामा सम्बोधित भएनन्। दलित, अल्पसंख्यक जातीय समूह (जनजाति), महिला र नेपाली समाजका अन्य पिछडिएका समूहहरूलाई पाखा पार्ने र सुविधाविहीनतामा राख्ने काम कायमै रहयो। उनीहरू मूलप्रवाहको राजनीति र विकास कार्यक्रमको पहुँच वरिपरि रहेको भन्ने धारणा अझ पनि यी सुविधाविहीन र पछाडि पारिएका समूहहरूका लागि वास्तविकता भएको थियो। ऐतिहासिक रूपको क्षेत्रीय

असमानताहरू कायम नै रहे, बरु अझ बढे भने शहर र गाउँमा तथाकथित उच्च जात र तल्लो जात र धनी र गरीब बीचको खाडल झन् फराकिलो भयो ।

“शिशु प्रजातन्त्र”का यी असक्षमता वा असफलताबाट बढ्दो असन्तुष्टिहरू बीच माओवादी समूहले बढी नै उग्र अडान लियो र विद्यमान शासन सत्तालाई पल्टाएर नेपालको अर्थ-राजनीतिलाई प्रगतिशील (क्रान्तिकारी) परिवर्तनका लागि नयाँ राजनीतिक ढाँचाको निर्माण गर्ने माध्यमका रूपमा सशस्त्र संघर्ष वा जनयुद्धको थालनी गऱ्यो । नेकपा (माओवादी)ले महत्वपूर्ण र निर्णायक राजनीतिक “क्रान्ति”का निम्ति सैन्य तथा राजनीतिक आधार प्राप्त गर्न फेब्रुअरी १९९६ मा गुरिल्ला युद्धको सुरुआत गऱ्यो । सरकारले सुरुमा यसलाई शान्ति सुरक्षाको सवालको रूपमा मात्र लिएको थियो तर विद्रोहले चार वर्षकै अवधिमा व्यापकता लिएपछि यो विषय तत्कालै समाधान गर्नुपर्ने राजनीतिक मुद्दाका रूपमा विकसित हुँदै गयो । माओवादी र सरकार बीचको वार्ता सन् २००१ मा सुरु भयो, तर राजपरिवारको आमहत्या, पहिलेका राजा वीरेन्द्रका भाइ ज्ञानेन्द्रको राज्यरोहण र वाशिंटन र न्यूयोर्कमा इस्लामिक संगठन अलकाइदाले गरेको आक्रमणका कारण सरकारको अवस्था कठिन बन्न गयो ।

नोभेम्बर २००१ मा नेपाल सरकार र माओवादी बीचको वार्ता असफल हुने वित्तिकै दाङ्ग स्थित शाही नेपाली सेनामाथि माओवादीले आक्रमण गर्दा देशमा संकटकालको घोषणा हुन पुग्यो । द्वन्द्व बढ्दै जाँदा मृत्यु हुनेहरूको संख्या पनि बढ्दै गयो र अघिल्ला दुई वर्षमा द्वन्द्व शिखरमा पुग्यो । दुईवटा “शाही विप्लब” गरी प्रधानमन्त्रीलाई हटाउँदै र आफ्नै राष्ट्रिय सरकारको गठन गर्दै नयाँ राजाले अक्टोबर २००२ बाट हस्तक्षेप सुरु गरे । स्थानीय स्तरमा पनि स्थानीय सरकारका लागि चुनाव नगरी जिविस र गाविस तहमा निर्वाचित प्रतिनिधिहरूलाई बर्खास्त गरियो । २००३ को सुरुमा युद्धविराम गरियो र पुनः वार्ताको सुरुआत भयो । युद्धविराम वर्षायामभरि लागू रही अगष्टमा भङ्ग हुँदा पुनः द्वन्द्व चर्कन पुग्यो । यतिसम्म आइपुग्दा माओवादीहरूले उल्लेख्य मात्रामा ग्रामीण क्षेत्रमा आफ्नो नियन्त्रण कायम गरिसकेका थिए र अन्य बाँकी क्षेत्रहरूमा पनि पर्याप्त उपस्थिति देखाइसकेका थिए । सन् २००४ भरि लडाई जारी र५यो तर फेब्रुअरी २००५ मा राजाले १९९० को संविधान अनुसार संकटकालीन अधिकार आफ्नै भएको व्याख्या गर्दै पुनः हस्तक्षेप गरे । यस पटक राजनीतिक दलहरू र नागरिक समाजप्रति कडा नीति अबलम्बन गर्दै नाटकीय तरिकाबाट शासन सत्ता आफ्नो हातमा लिए ।

यस कदमलाई विदेशी नियोगहरूले पनि आलोचना गरे र प्रजातन्त्रको पुनर्स्थापनाका लागि आ५वान गरे । तर पनि उनीहरूका सार्वजनिक भनाईहरूलाई पुष्टि गर्ने क्रियाकलापहरू सीमित मात्र थिए । केही विदेशी शक्तिहरू (उल्लेख्य छ, अमेरिका बाहेक पनि) परम्परागत राजनीतिक दलहरूको गठजोडमा दरबारको क्रियाशील भूमिका रहनेगरी “एउटा परम्परावादी प्रजातन्त्र” को स्थापना गर्न लगातार लागिपरे । माओवादी विद्रोह र दरबारको नियन्त्रणमा रहेको शाही नेपाली सेना र सुरक्षा निकायको चेपुवामा प्रजातान्त्रिक र प्रगतिशील शक्तिले संयुक्त रूपमा मध्यभाग ओगट्न पुग्यो । यसरी उनीहरूको स्वतन्त्रता घोषणा गर्नका लागि राजसंस्था र यसका समर्थकहरू र माओवादीहरू दुवैसँग र राजाले चालेको कदमबाट खोसिएको संसदीय प्रजातन्त्रको पुनर्स्थापनाको माग गर्न नेपालका राजनीतिक दलहरू र नागरिक समाज १९९० मा जस्तै पुनः एकपटक थप उत्साह र दश वर्षसम्मको द्वन्द्वको तीतो अनुभवका साथ गठबन्धन गर्न आइपुगे । यस कार्यमा उनीहरूलाई नागरिक समाज विशेषतः मानवअधिकारकर्मीहरू, पत्रकारहरू र पेशागत लगायत व्यापारिक संस्थाहरूले समेत साथ दिए ।

अप्रिल २००६ मा नेपालका मुख्य शहर बजारका सडकहरूमा जनताहरू प्रदर्शनमा उत्रिएको दोस्रो जनआन्दोलनले दरबारलाई (दरबारका सहयोगीहरूलाई) आफ्नो स्थितिलाई पुनर्विचार गर्न र राजनीतिक दलहरू र नागरिक समाजका संघ-संस्थाहरूलाई स्वतन्त्रतापूर्वक काम गर्न दिन दबाब सृजना गऱ्यो । अन्तमा २००६ को वर्षायाम भरिमा माओवादीहरू र प्रगतिशील सुधार चाहने “वैधानिक” शक्तिको गठबन्धनले राजा र उनका समर्थकहरू (बा५य र आन्तरिक) दुवैलाई किनारा लगाउँदै र अगाडि बढ्न सफल भए । यसका लागि युद्धविराम, सैन्य परिचालन नगर्ने प्रक्रियाको ढाँचाको स्थापना र संविधान सभाको चुनाव, संसोधित संविधान र अन्तिममा निर्वाचित सरकारतर्फ उन्मुख राजनीतिक प्रक्रियामा सहमति कायम भयो । माओवादीहरू र अन्य “कम्युनिष्ट” दलहरूलाई किनारा लगाउने वा५य दबाबका वावजुद माओवादी र मुख्य सातवटा दलहरूले गठन गरेको सात राजनीतिक दलहरूको गठबन्धन र प्रजातन्त्रको पुर्नस्थापनाको कार्यक्रमका लागि सहमत र दृढ संकल्पित रहे । राष्ट्र संघको सहयोगमा जनमुक्ति सेना र शाही नेपाली सेनाको अपरिचालन र हतियार भण्डारण तर्फको प्रक्रिया नोभेम्बर २००६ र जनवरी २००७ मा सम्पन्न गरियो । नयाँ संविधानको व्यवस्था गरियो भने माओवादीको उल्लेख्य उपस्थिति सहित (३३० मध्ये ८३ सदस्यहरू) अन्तरिम संसदको गठन गरियो ।

तर यही बेला राजनीतिक र कानुनी प्रक्रिया बढ्दैजाने क्रममा नेपालको अर्थ-राजनीतिको आधारभूत परिवर्तनका लागि एउटा उपयुक्त रणनीति र तरिकाका बारेमा सोँच्नु आवश्यक छ । यो नयाँ नेपालका लागि आर्थिक र सामाजिक विकासका लागि रणनीति बृहत मोर्चाका रूपमा आम नेपाली जनतालाई फाइदा पुऱ्याउने खालको हुनु पर्दछ । वर्तमान राजनीतिक प्रक्रियामा महत्वपूर्ण सामाजिक, राजनीतिक, आर्थिक र अन्य समस्याहरूलाई निरुपण गर्नका लागि राज्य र अन्य राजनीतिक दलहरूको इच्छाशक्तिलाई समावेश गर्दै सहमतिको माध्यमबाट "विकास समुदाय" (राजनीतिककर्मीहरू, नागरिक समाज र गैरसरकारी संस्थाहरू, सार्वजनिक क्षेत्र (सरकार), विभिन्न मन्त्रालयहरूमा कार्यरत कर्मचारीहरू र विकासका विज्ञहरू लगायत वैदेशिक विकास नियोगहरूलाई विकासका आफ्ना तौरतरिकाहरूमाथि पुनर्विचार गर्ने अवसर प्रदान गऱ्यो । यसले उनीहरूलाई गरिबी, भोक, अन्याय, क्षेत्रीय र सामाजिक विभेद लगायत नेपाली समाजमा विद्यमान थुप्रै स्वरुपका शोषणलाई सम्बोधन गर्ने सम्बन्धमा पुनर्विचार गर्न प्रेरित गऱ्यो ।

## १.३ केही आम चासोका मुद्दाहरू

### १.३.१ परनिर्भरता र वैदेशिक सहयोग

नेपाल ठूलो मात्रामा विदेशी सहयोगमा भरपर्ने मुलुक हो । यसको अर्थ विकास कार्यका लागि विगत वर्षहरूमा वैदेशिक ऋण र सहयोगमाथि बढ्दो निर्भरता मात्र हैन कि, अर्थतन्त्रको योजनाबद्ध विकासका लागि पनि वाऽय नियोगहरू र उनीहरूका विकासका सिद्धान्तहरूमा बढ्दो निर्भरतालाई समेत समेटिएको छ । वास्तविक अर्थमा अहिलेको नेपालको विकास रणनीतिहरू प्रमुख बहुराष्ट्रिय (IMF, World Bank, ADB) र द्विपक्षीय (JICA, USAID and DFID) वैदेशिक विकास नियोगहरूका विचार र सिद्धान्तहरूबाट व्यापक रूपमा प्रभावित र निर्देशित रहेका छन् । भारत सरकारको राजनीतिक र आर्थिक प्राथमिकताहरूले पनि अनुचित प्रभाव पारिरहेका छन् । नेपालको विशाल छिमेकी र "ठूलो दाजु"को भूमिकाका रूपमा औपचारिक (व्यापार तथा पारवहन सन्धिहरू र अन्य अन्तरसरकारी सम्झौताहरूबाट) र अनौपचारिक (यसको आकार, "वजन" र तुलानात्मक फाइदाबाट) दुबैमा नेपाल सरकारले लिने निर्णयहरूमा प्रायसः महत्वपूर्ण प्रभाव परिरहेको हुन्छ । क्षेत्रीय र विश्व अर्थतन्त्रमा नेपालको प्रवेशको तरिकालाई भारतको आर्थिक प्रभावले निर्धारण गर्दछ, यद्यपि अन्य शक्तिहरू (विश्व अर्थ-राजनीतिसँग सम्बद्ध, उदाहरणका लागि विश्व व्यापार संगठन) को पनि प्रभाव बढ्दै गएको छ । यस प्रकारको परनिर्भरता रातारात बद्लिन सक्दैन, तर अरुमा भर पर्न कम गर्दै जानका लागि यी विषयवस्तुहरूमा सावधानीपूर्वक अध्ययन र विचार गर्दै अगाडि बढ्नु जरुरी छ । एकाकार हुँदै गएको विश्व अर्थ-राजनीतिभित्र अरुसँग अन्तरक्रिया गर्नुपर्ने आवश्यकतालाई पनि मान्यता दिनु पर्दछ ।

सन् १९५० को प्रारम्भबाट वैदेशिक सहयोग लिन सुरु गरेको नेपाल झन् झन् सहयोगमा निर्भर हुँदै गएको छ । यसमाथि समयक्रममा ऋणको तुलनामा अनुदानको अनुपात विस्तारै घट्दै गएको छ । सन् १९७५-७६ मा ७४ प्रतिशत कुल सरकारी विकास सहयोग (ODA) अनुदान सहयोगले ओगटेको थियो । यसमा १९९० मा २७ प्रतिशतले कमी आयो भने १९९८-९९ को अवधिमा करिब ३० प्रतिशतमा झऱ्यो (शर्मा २०००) । यदि १९८० देखि १९९६ को अवधिमा दक्षिण एसियाका अन्य पाँचवटा मुलुकहरूसँग दाँजेर हेर्ने हो भने तालिका १.१ मा देखाइए जस्तै कुल राष्ट्रिय उत्पादन (GNP) का लागि वैदेशिक सहयोग लिने मुलुकहरूमा नेपाल सबैभन्दा माथि पर्दछ ।

**तालिका १.१ सरकारी विकास सहयोग प्राप्त गर्ने दक्षिण एसियाली मुलुकहरूको तुलनात्मक अध्ययन**

| देशहरू | सरकारी विकास सहयोग कुल राष्ट्रिय उत्पादनको प्रतिशतका रूपमा | | |
|---|---|---|---|
| | १९८० | १९९१ | १९९६ |
| नेपाल | ८.३ | १२ | ८.० |
| बंगलादेश | ९.९ | ८ | ३.९ |
| भारत | १.३ | १ | ०.६ |
| पाकिस्तान | ५.१ | ३ | १.४ |
| श्रीलंका | ९.८ | १० | ३.६ |

स्रोतः पाण्डे, डि.आर. (१९९९)

सन् २००४-०५ मा ४३.१८ प्रतिशत कुल ग्राहस्थ उत्पादन समेत नेपालको जम्मा ऋण रु. २ खर्ब १९ अर्ब पुगेको थियो । हाल देशले आफ्नो वार्षिक बजेटको झण्डै १५ प्रतिशत ब्याजका रूपमा खर्च गरिरहेको छ (पिपुल्स डेली अनलाइन, २००६) । जुलाई १६, २००६ मा नेपालको वैदेशिक ऋण २ खर्ब ३४ अर्ब, जो देशको कुल ग्राहस्थ उत्पादन (रु. ५ खर्ब ८३ अर्ब)को ४० प्रतिशतभन्दा बढी रहेको छ । यो निराशाजनक प्रक्रियाले नेपाललाई "ऋणग्रस्त अर्थतन्त्र"को समूहतर्फ लान थालेको देखिन्छ (पिपुल्स डेली अनलाइन, २००६) ।

नेपालका विकास कार्यक्रमहरू र परियोजनाका लागि वैदेशिक सहयोगमा अत्यधिक भरपर्दै जाँदा कतै यो आफ्नो राष्ट्रिय विकास रणनीतिका लागि बाह्य स्रोत, बाह्य विचार र सिद्धान्तहरूमा परनिर्भरताको पराकाष्ठामा त पुगेको होइन भन्ने प्रश्न उब्जिएको छ । एकातर्फ वैदेशिक "सहयोग"ले राम्ररी परिभाषित गरिएका कार्यक्रमहरू र परियोजनाहरूका लागि समग्र राष्ट्रिय रणनीति अन्तरगत लगानीका मूल्यवान स्रोत उपलब्ध गराउछ भने अर्कातिर यसले सरकारका प्राथमिकताहरू, छनौटको निर्णय र अझ कार्यक्रम तथा नीतिहरूलाई तोडमोड गर्न अथवा राष्ट्रिय रणनीतिलाई नै गलत दिशामा हिंडाउनेतर्फ उन्मुख देखिन्छ । अल्पविकसित देशहरूमा दिइने झण्डै ८० प्रतिशत सहयोग, कार्यालय र सामग्री खर्च, "सहयोग" कर्मचारीहरूको तलब र विदेशी परामर्शदाता हुँदै अन्तिममा दाता देशमा नै फर्कने गर्दछ अथवा सहयोग प्राप्त गर्ने देशहरूको सानो सम्भ्रान्त समूह र राजधानीमा सीमित रहन्छ (श्रेष्ठ १९९५) ।

अझ वैदेशिक "सहयोग"ले प्रायसः आफूसँगै सर्तहरू तथा नेपाल सरकारले पहिचान गरेका विकास प्राथमिकताहरू ओझेलमा पर्नेगरी पूर्वनिर्धारित विकास मोडलहरू लिएर आउने गर्दछन् । नेपालको इतिहासको यस घडीमा नेपालले वैदेशिक "सहयोग" का लागि सम्झौता गर्ने तरिका, सहयोगको इच्छित परिणाम दिने क्षमता, नीति निर्णायक तहका सक्षम अधिकारीहरू वा आम जनताहरूमाथि थोपरिने सहयोगका सर्तका व्यवधानहरू र वैदेशिक "सहयोग" प्राप्त गर्ने तरिका, चाहे त्यो सरकारका मन्त्रालयहरू र गैसस, अन्तर्राष्ट्रिय गैसस वा अन्य समूहहरू नै हुन्, जस्ता विषयमा विशेष रूपमा विचार गर्नुपर्ने र विश्लेषण गर्नुपर्ने देखिन्छ ।

### १.३.२ **विश्वव्यापीकरण, गरिबी र असमानता**

१९८० को दशकमा "मूलधार" नव उदारवादी विकास रणनीतिको प्रमुख चासोमा निजी क्षेत्र र बजारको प्रवर्द्धनको माध्यमबाट "आर्थिक बृद्धि" गर्ने रहेको थियो । सन् १९८० को दशकको उत्तरार्द्धदेखि हालसम्म बृद्धि र बजारसँगको सरोकारसम्बन्धी चुनौतीलाई संरचनागत समायोजन, निजीकरण र उदारीकरणको माध्यमबाट हासिल गर्नका लागि "मानव अनुहार सहितको समायोजन" को वकालत गर्ने विभिन्न राष्ट्र संघीय निकायहरूले लागु गर्दै आएका छन् ।

सन् १९९० को दशकको सुरुआतबाट प्राथमिक सरोकार (बृद्धि र बजार) का कुराहरूसँग गरिबी न्यूनीकरणको परम्परागत सरोकारका विषय जोडिन आइपुग्यो भने सन् २००१ बाट गरिबी निवारण र सहश्राव्दी विकास लक्ष्य को प्राप्तिका कुराहरू पनि थपिए । केहीले यसलाई "मानव अनुहार सहितको पुँजीवाद" को संज्ञा पनि दिए, तर के यो २१औं शताब्दीको विश्वव्यापीकरणको अनुहार हो वा कुनै खराब र धम्कीपूर्ण वस्तुको मकुण्डो मात्र ? जवाफ आउन बाँकी नै छ । कसैले विश्वव्यापीकरणलाई "विध्वंशकारी वस्तु"को रूपमा हेर्दछन्, अर्थात् एउटा यस्तो डरलाग्दो र ध्वंशकारी शक्ति जसले संसारलाई बढार्दछ र राष्ट्रिय सत्ता र यसको अर्थतन्त्रलाई संरक्षण दिने र परिभाषित गर्ने संरचनामाथि नै प्रश्न खडागरी राष्ट्रिय सत्ताको अवधारणामा आँच ल्याउन सक्तछ ।

विश्वव्यापीकरणको भनाई र वास्तविकताको व्यापकता रहेको सन्दर्भमा राष्ट्रिय विकास रणनीतिमा सरोकार राख्नेहरूलाई या त त्यसैको ज्वारभाटामा पौडी खेल्ने वा त्यसको विरुद्धमा लाग्ने बाध्यता छ । विश्वव्यापीकरणका पक्षपातिहरू विश्वव्यापीकरण (पुँजी, सामान र श्रमको विश्वव्यापी प्रतिस्पर्धा र खुला बजारको संचालन) बाट गरिबी घटाउन सकिने र अझ यसबाट उन्मूलन नै हुनसक्ने तर्क गर्दछन् । विश्वव्यापीकरणको आलोचना गर्नेहरू विश्वव्यापीकरणको यसै तरिकाले गरिबी न्यून हुने कुरामा शंका व्यक्त गर्दछन् र आधारभूत रूपमा विश्वव्यापीकरणले राष्ट्रिय अर्थतन्त्र र राष्ट्रिय सरकारको क्षमतालाई उपेक्षा गर्दछ भन्नेमा विश्वस्त छन् । राष्ट्रिय सरकारको क्षमता भन्नाले आफ्नो देशको राष्ट्रिय अर्थतन्त्रको विकासका लागि उपयुक्त योजना र रणनीतिहरू तर्जुमा गर्ने क्षमता भनिएको हो ।

तर विश्वव्यापीकरणलाई सहयोग र प्रोत्साहन गर्ने संघ-संस्थाहरू र प्रक्रियाहरू द्रुतगतिमा विकास भएका कारण आज राष्ट्रिय स्वार्थहरूको रक्षाको सम्भावना क्रमिक रूपमा सीमित हुँदै गएका छन्। यस्तो अवस्थामा बढ्दै गएको भयानक राष्ट्रिय नोक्सानीलाई स्थायित्व दिन र पुनर्उत्पादन गर्नका लागि नभै राष्ट्रिय तुलनात्मक लाभको विकास गर्नका लागि होशियारीपूर्वक विश्व अर्थतन्त्रभित्र "एकाकार हुने परिस्थिति" बनाइनु पर्दछ। आफ्नो भूपरिवेष्टित अवस्थिति, कठिन हिमाली र पहाडी भू-भाग, उच्च ढुवानी खर्च र यसको तुलनात्मक अल्पविकसित अर्थतन्त्र र समाजका कारण नेपालले आगामी वर्षहरूमा कठिन संघर्ष गर्नुपर्ने देखिन्छ।

तर प्राथमिकताहरू के के हुन् त ? केही मानिसहरू के तर्क गर्छन् भने, आर्थिक बृद्धि र विकास नै सबैभन्दा पहिलो कुरा हो, त्यसपछि मात्र असमानता घटाउने र सामाजिक न्याय र सामाजिक कल्याण बढाउने सम्भावना रहन सक्तछ। यो विश्वव्यापीकरणका पक्षपातीहरूले बोल्ने भाषा हो। आर्थिक बृद्धि र गरिबी निवारणको विषयले सामाजिक असमानता र असमता तथा सामाजिक न्याय र सामाजिक विभेदको विषयलाई उपेक्षा गर्न खोजेको देखिन्छ। यो एक "अर्थशास्त्रीय" दृष्टिकोण मात्र होइन, बरू शक्तिका सवालहरू र नियन्त्रणसँग कुनै सम्बन्ध नभएको "यान्त्रिक" र "प्राविधिक" कुरा हो। तर विश्वव्यापीकरण स्वयंले विजेता र हरूवा बनाउने होइन, बरू शक्तिशाली राष्ट्रहरू र आर्थिक शक्तिहरूले विश्वव्यापीकरणको सैद्धान्तिक र वास्तविक पक्ष दुवैलाई आफ्नो निहित स्वार्थ र फाइदाका लागि परिचालन गरिरहेका छन्। विश्वव्यापिकरण जुन रूपमा उपस्थित छ, अझ जसरी यसले रचनात्मक र नयाँ सम्भावनाहरूको महशुस र विकास गराउँदै दीर्घकालमा विश्वव्यापी, क्षेत्रीय र राष्ट्रिय स्तरको असमानताहरूलाई न्यून गर्ने "तटस्थ शक्ति" का रूपमा दावा गर्दछ, पूर्ति र मागको नियमको लगामलाई स्वतन्त्र छोडेर यसले भनिएजसरी काम गर्दैन।

शक्तिशालीहरूले आफ्नो स्वार्थको बलियो संरक्षण गर्दछन् तर विश्व मञ्चमा अल्पविकसितहरू ज्यादै कमजोर छन् र तुलनात्मक फाइदाका क्षेत्रहरू पत्ता नलगाएसम्म वा सृजना नगरेसम्म अन्य कुराहरू समान हुँदा हुँदै पनि उनीहरू "विजेता" हुनुको सट्टा "हरुवा" नै हुनेछन्।

नेपालमा "गरिबी" र "गरिबी न्यूनीकरण" लाई मुख्य सरोकारको विषय बनाएर उठाइँदै आएको डेढ दशकभन्दा बढी भैसकेको छ। तर राष्ट्रिय अर्थतन्त्रभित्र रहेर कसरी गरिबी न्यूनीकरण गर्न सकिन्छ र कसरी आर्थिक बृद्धि गर्न सकिन्छ भन्ने बारेमा कम मात्र वास्तविक विश्लेषण र छलफल भएका छन्। त्यस्तै विश्वव्यापीकरणको नयाँ विश्व, खुला बजार र कठिन प्रतिस्प्रर्धा माझ नेपालमा रहेको विश्वको ज्यादै कम विकसित अर्थव्यवस्थालाई "हरूवा" होइन "विजेता" का रूपमा स्थापित गराउने कुराको प्रत्याभूति कसरी हुन सक्तछ भन्ने बारेमा पनि वास्तविक सोंच देखिदैन। विश्वव्यापीकरणलाई अँगाल्दा समग्र रूपमा राष्ट्रिय विकास रणनीतिलाई तिलाञ्जली दिएको अर्थ लाग्न सक्तछ, त्यसैगरी "विश्व अर्थ व्यवस्थामा समाहित हुने प्रक्रियाको व्यवस्थापन" को अर्थ "बाघमाथि कसरी सवार हुने" भनेर सिक्ने र विश्व अर्थव्यवस्थाका कमजोरीहरू र अवसरहरूबाट फाइदा लिने कार्यमा अभ्यस्त हुने भन्ने लाग्दछ। विश्वव्यापीकरणको लहरसँग जुध्नका लागि आवश्यकता परेका बखत सुरक्षा दिने र एकै साथ पुँजी, उत्पादित वस्तुहरू र श्रमको निर्यातका लागि कडा नीतिहरू लागू गर्न सक्ने अझ धेरै राष्ट्रिय स्वाधिनताको आवश्यकता पर्दछ। तर यिनीहरूले फरक कार्य प्रणालीहरू, फरक सोंचहरू, फरक रणनीतिहरूमाथि आधारभूत प्रश्नहरू उब्जाउन सक्तछन्। त्यसैगरी हाल नेपालको आर्थिक विकासको सोचाईमा हाबी रहेको विदेशी विकास निकायहरूसँगको विविध सम्बन्धको बारेमा पनि भविष्यमा प्रश्न उठ्न सक्दछ।

सन् १९९० बाट नेपालको मुख्य मुद्दा गरिबी हुँदै आएको छ। यसका बारेमा भन्न जति कठिन छ, वर्णन गर्न र न्यूनीकरण गर्न झन् जटिल छ। गरिबीभित्र के के पर्दछन् भन्ने बारेमा सबैलाई मान्य हुने धारणाको विकास गर्न गाह्रो छ, तर पनि यसमा सामान्यतया भोक, रोग र कुपोषणको अनुभव र देख्न सकिने वास्तविकता मात्र होइन शिक्षा, खाद्यान्न, बासस्थान र लत्ताकपडाबाट मानिसहरू बञ्चित हुने अवस्थालाई पनि समेटिएको छ। धेरै मानिसहरू अन्य प्रकारका सामाजिक विभेद लगायत सामाजिक प्रतिकुलताहरू र सुविधाविहीनतालाई पनि यसैमा समावेश गर्न इच्छुक देखिन्छन्, यद्यपि "गरिबी र सामाजिक अन्याय"लाई सामाजिक अन्यायका स्वरुपका रूपमा लिइने गरिएको छ। तथ्याङ्कहरूलाई अनुकुलताअनुसार कुनै निश्चित आर्थिक ढाँचालाई अनुकुल हुनेगरी र दातृसंस्थाहरूलाई प्रभाव पार्न अथवा राजनीतिक स्वार्थका लागि तोडमोड गर्न सकिने भएकोले कहिलेकाँही प्रश्नचिन्ह लगाउन सकिन्छ।

भारत र विदेशमा गएर काम गर्ने नेपाली कामदारबाट प्राप्त हुने विप्रेषणमा पछिल्लो दशक (१९९६/७ देखि २००६/७) मा उल्लेख्य बृद्धिले गरिबी न्यूनीकरणको सन्देश दिएको छ (कसै कसैले ५० प्रतिशत भन्दछन्)। यदि

यसो हो भने समग्र विकास रणनीतिको पृष्ठभूमिमा यो कुनै विकास योजनाको परिणाम होइन । यो त आफ्नो श्रमलाई अन्तर्राष्ट्रिय बजारमा बेच्नका लागि अन्य देशहरूमा प्राप्त भएको रोजगारको अवसर (राम्रो तलब सुविधा) का निम्ति व्यक्तिहरूको ठूलो समूह र घरायसी निर्णयहरूको परिणाम हो । तर हामीले पहिले नै संकेत गरेझैं विप्रेषणले केही स्थानहरू र सामाजिक असमानतालाई बढाउँदछ । राभेलियन नमूना (Ravallion model) का अनुसार औसत आयको १ प्रतिशत बृद्धि भनेको सामान्यतया गरिबीको २ प्रतिशत न्यूनीकरण हो । तर पनि बृद्धिको आधारमा नेपालको गरिबी न्यूनीकरणको लचकता अन्तर्राष्ट्रिय मापदण्डका आधारमा ज्यादै न्यून देखिने कुराले यस बृद्धिले गरीबहरूमा समानुपातिक फाइदा नपुगेको देखिन्छ । वास्तवमा गिनी गुणाङ्कको ३४.२ देखि ४१.१ सम्म बृद्धि भएको देखाइए झैं गरिबी न्यूनीकरण सँगसँगै असमानता पनि बढ्ने गर्दछ । नेपालको भौगोलिक क्षेत्रका आधारमा गरिएको गरिबी विश्लेषणले असमानतामा बृद्धि भएको देखाउँछ । नेपालको गरिबीको प्रवृत्ति ( १९९५-९६ र २००३-२००४) ले एकैपटक पश्चिमी दुर्गम पहाडमा गरिबीमा कमी आउँदा पूर्वी दुर्गम पहाडमा गरिबी बढेको देखाइएको छ (चित्र १) ।

स्थान विशेष र क्षेत्रीय असमानता बढ्दै जाने क्रममा गाउँ र शहर बीचको असमानता पनि त्यत्तिकै बढेको छ भने ग्रामीण र शहरी क्षेत्रहरू भित्रै पनि असमानताहरू बढ्दै गएका छन् । केही मात्रामा यो श्रमिक आप्रवासन र विप्रेषणको बहावको गतिशिलताले विभिन्न स्थानहरू, क्षेत्रहरू र सामाजिक समूहहरूलाई विभिन्न तरिकाले असर गर्दछ भने केही मात्रामा पहिलेदेखि नै विद्यमान शक्ति संरचनाहरू र असमानताले ती गतिशिलता र विप्रेषणको बहावलाई निर्धारण गर्दछन् भन्ने कुराको परिणाम हो । यसका साथै इलाका स्तरको गरिबीको परिस्थितिले (CBS et al., 2006) पहिलेदेखि नै आक्रन्त क्षेत्रबाट गरिबी सरेर गएको देखाउँछ, जस्तो कि, सुदुर पश्चिम र मध्य पश्चिमी पहाडहरूबाट पहिलेदेखि नै गरिबीको मात्रा कम रहेका क्षेत्रहरूतर्फ ।

**चित्रः** १.१ **नेपालमा गरिबीको वितरण**, १९९५-१९९६ **र** २००३-२००४




| | sf&df | cGo | bU{] | bU{] | bU{] | bU{] |
|---|---|---|---|---|---|---|
| 1995-96 | 0.7 | 30.5 | 71.1 | 66.7 | 22.6 | 31.5 |
| 2003-2004 | 2.5 | 10.1 | 24.4 | 24.5 | 30.6 | 32.2 |

1995-96 ■ 2003-2004

स्रोतः केन्द्रीय तथ्याङ्क विभाग (२००५)

विप्रेषण प्राप्त गर्ने परिवारको संख्या आर्थिक वर्ष २००३/२००४ मा ३२ प्रतिशतले बढेको अवस्थामा (जहाँ औसत वास्तविक विप्रेषण २५ प्रतिशतसम्म बढेको थियो) र श्रम बजारमा समानान्तर बृद्धिले (कृषि मजदुरसहित) पछिल्लो समयमा केही मात्रामा गरिबी घटेको छ । तर यी दुवै तत्वहरू मध्य-पश्चिमाञ्चल र मध्य-पश्चिमी पहाडी क्षेत्रका लागि त्यति महत्वपूर्ण छैनन् ।

पछिल्लो दश वर्षमा औसत गरिबीको स्तर घटाउनका लागि विप्रेषणको बहावको ठूलो भूमिका रहेको छ । तर यसको मतलब यो पनि हुन्छ कि, गरिबीको न्यूनीकरणका लागि वैदेशिक श्रम बजारमा नेपालीका पहुँचमा भरपर्ने विप्रेषणमाथि नेपाल झन् निर्भर हुँदै गएको छ । गरिबी न्यूनिकरण प्रमुख रूपमा विप्रेषणको बृद्धिसँगै भएको छ र यदि खाडी वा दक्षिण पूर्वी एसिया वा अन्यत्र काम पाइएमा मात्र यसलाई दिगो गराउन सकिन्छ । गरिबी

न्यूनीकरणलाई दिगो गराउनका लागि यसप्रकारको अस्थायी कोष भित्र्याउनुका साथसाथै गरिबी जोडिएको, टिकेर बसेको र पुनर्वृद्धि गर्नसक्ने संरचनागत विशेषताहरूमा पनि परिवर्तन गरिनु पर्दछ ।

धेरै मानिसहरू के तर्क गर्दछन् भने, बाह्य मुलुकहरूमा श्रमको निर्यात गर्ने कुरा नेपाली अर्थतन्त्रको विकास गर्ने विश्वासिलो आधार हुन सक्दैन । यदि वैदेशिक सहयोगमा निर्भर रहेजस्तै नेपाल विप्रेषणमा निर्भर नरहनका लागि अन्य क्षेत्रहरूको विकास गरिनुका साथै गतिशील बन्नु आवश्यक छ । नेपाल र विदेश दुवैमा खपत हुनेगरी प्रयोगका सामानहरू उत्पादन गर्न र आदान-प्रदानका लागि सामान र सेवा उपलब्ध गराउनका लागि अन्य स्रोतहरूको लगानी र विकास गरिनु आवश्यक छ । यसैले नेपालको प्रत्यक्ष नियन्त्रण रहेका मुख्य स्रोतहरू के के हुन्, कुन कुन स्रोतहरू (मानव, सामान, प्रविधि, आर्थिक) लाई देशमा भित्र्याउनु पर्दछ र कुन-कुन स्रोतलाई प्रयोगमा ल्याउन सकिने र अन्य देशमा निकासीयोग्य वस्तुमा परिवर्तन गर्न सकिन्छ भनेर समालोचनात्मक पुनर्विचार गरिनु पर्दछ । मानिसहरूको आय र रोजगारी बृद्धि गर्न, शिक्षा, स्वास्थ्य र दैनिक गुजाराका साधनहरूमा पहुँच बढाउन अनि स्रोतहरू, अवसरहरू र जीवनका सम्भावनाहरूलाई आकार दिने सार्वजनिक पदहरूमा जनताको पहुँचलाई सुधार गर्नका लागि उपयुक्त संरचनाहरूलाई उचित स्थानमा राख्नुपर्ने कुरालाई ध्यान दिन पनि त्यतिकै महत्वपूर्ण हुन्छ ।

## १.४ नयाँ नेपालका लागि ताजा विकास रणनीतिका आधारहरू

नेपालको ६ दशक लामो योजनावद्ध “विकास” का बावजुद (जसमा ठूलो परिमाणमा वैदेशिक “सहयोग” देशमा भित्रिँदा सरकारले पनि उल्लेख्य मात्रामा स्रोतहरूको परिचालन गरेको थियो) नेपालमा गरिबी, भोक, असमावेशीकरण, अन्याय, क्षेत्रीय विभेद र पहिचानको समस्या जस्ता कुराहरू कायमै रहेको तथ्यको आधारमा नयाँ विकासका अवधारणाहरू र रणनीतिहरूको आवश्यकतालाई महत्व दिइएको छ । भौतिक पूर्वाधारमा उल्लेखनीय प्रगति भएको, विशेषतः पछिल्ला दशकहरूमा सामान्य रूपमा गरिबीको स्तर घटेको र जनताको जीवनमा प्रभाव पार्ने अन्य केही क्षेत्रमा सकरात्मक संकेत पाइए पनि नेपालको विकास अपर्याप्त र असमान रहेको छ । मुख्यतया सन् १९९० को जनआन्दोलन पछाडि यथास्थितिलाई सशक्त चुनौती दिइएको भएता पनि असमान शक्ति र नियन्त्रण, धन र आम्दानी, स्वास्थ र शिक्षा र आखिरमा असमान जीवनहरू र जीवनका अवसरहरू जस्ता आधारभूत संरचनाहरू मूलभूत रूपमा जस्ताका तस्तै रहे ।

अवसरहरूको उपलब्धताका बावजुद आमूल परिवर्तन नहुनु र १९९० को दशकको अघिल्लो अवधिमा देखा परेका चुनौतीहरूलाई प्रभावकारी रूपमा सम्बोधन नगरिनाले निराशा छाएको अवस्थामा माओवादीहरूले अन्ततः सन् १९९६ बाट आमूल परिवर्तन गर्ने घोषित लक्ष्यका साथ सशस्त्र संघर्ष संचालन गरे । यसले विगत १५ वर्षको अवधिमा नेपाली समाजभित्र थुप्रै समूहहरू विशेषतः महिलाहरू, दलितहरू, जनजाति र मधेशी लगायत हिमाली भाग र कर्णाली जस्ता दुर्गम भेगका जनताहरूका मुद्दाहरूलाई सशक्त रूपमा चर्चामा ल्याएको छ । यस क्रममा आफ्नो उचित हिस्सा, पहिचान र विकास, राजनीति, अर्थतन्त्र र बृहत् समाजमा प्रतिनिधित्वको सुनिश्चतताका लागि शान्तिपूर्ण र हिंसात्मक दुवै उपायलाई अवलम्बन गरिएको थियो । यदि सबै कुरा ठीक ढङ्गले गएमा माओवादी विद्रोहीहरूलाई नेपाली राजनीतिको मूलधारमा फर्काउने र यथास्थितिवादी शक्तिहरूलाई (आन्तरिक र वाह्य दुवै) एक्ल्याउने उद्देश्यबाट अहिलेको राजनीतिक प्रक्रियाहरू सुरुआत भएका छन् । स्मरणीय छ, ती यथास्थितिवादी शक्तिहरू स्थायीत्वको नाममा (देशमा र बाहिर) लाई राजतन्त्र र यसका संयन्त्रको शक्ति र नियन्त्रणका निम्ति आह्वान गर्दथे । यसैले नेपालमा बनेका एकपछि अर्का सरकारहरू र विभिन्न बहुपक्षीय र द्विपक्षीय सरकारी र गैरसरकारी वैदेशिक निकायहरूले विगतमा अवलम्बन गरेका विकास नीतिहरूको पक्ष र दविएका ती आवाजहरूको समायोजन र “नयाँ नेपाल”का लागि “नयाँ शैली” मा “नयाँ” विकास नीतिहरू र रणनीतिहरूको ढाँचा तयार गर्नका लागि गम्भीर रूपमा विचार गरिनु उपयुक्त हुन्छ ।

दीर्घकालीन कृषि योजना (Agriculture Perspective Plan - APP) र वन क्षेत्रका लागि गुरू योजना (Master Plan for the Forestry Sector - MPFS) जस्ता वाह्य संस्था तथा मानिसहरूबाट तर्जुमा गरिएका केही मुख्य योजनाका कार्यक्रमहरू सीमित रणनीतिक संगतिका आडम्बरी इच्छासूची साबित भएका छन् । दशौं पञ्चवर्षीय योजना पनि भव्य र बढी आशावादी योजनातर्फ उन्मुख रहेको थियो, जहाँ प्रत्येक कुराहरू पहिचान र प्राथमिकीकरण गरिएको थियो, तर यसमा रणनीतिक दिशा र विकासका “प्रतिवद्धताहरू” पूरा गर्ने स्रोतहरू र निकायहरूको कमी रहेको थियो । अझ यी योजनाहरूलाई तल्लो तहका जनताहरूको सहभागिताबिना नै राज्यले जवरजस्ती लागू गरेको थियो । अधिकांशतः राम्रोसँग प्रस्तुत गरिएका प्रमुख दलहरूका चुनावी घोषणापत्रहरूले

पनि तत्कालीन नेपालले सामना गरिरहेका मुख्य मुद्दाहरूको खाकाचित्र कोर्ने अभिप्राय राखेका हुन्थे । तर प्रमुख रूपमा यिनीहरूले संसदमा धेरै सिटहरूको सुनिश्चितताका लागि भोट जम्मा पार्ने सम्भावित भविष्यको आदर्श तस्विरका रूपमा मात्र काम गरे । तर यदि "प्रतिबद्धताहरू" लाई पूरा गर्ने हो भने लिइएका नीतिहरू संगतिपूर्ण र सबै समेटिएको र व्यवहारिक कार्यान्वयनका लागि (जहाँ निकायहरू, स्रोत र कार्यान्वयन संयन्त्रको विशिष्टिकरण र प्रभावकारी बनाइएका हुन्छन्) स्पष्ट मार्गनिर्देश सहितको रणनीतिक ढाँचा अत्यावश्यक पर्दछ ।

चलिरहेको बहस (जसलाई सम्मेलनमा भएका छलफलहरूले प्रतिनिधित्व गऱ्यो) मा आधारित यो दस्तावेजका शिर्षक, विश्लेषणात्मक ढाँचा र प्रक्रिया मुख्यरूपमा नेपालीहरूले नै कल्पना गरेका हुन् । नेपालको विकास र राजनीतिलाई चिरफार गर्न केन्द्रित रहेको यो छलफललाई सम्भावित विकास रणनीति र नेपालका लागि मार्गचित्र मुखरित गर्ने सुस्पष्ट मौलिक प्रक्रियाका रूपमा बुझ्नु पर्दछ । नेपालका पहिलेका सरकारहरूले विकासलाई केही हदसम्म घरेलु परिस्थितिका आधारमा अवसरवादी र तदर्थवादी तरिकातर्फ झुकाव राख्ने गरी लिएको भएता पनि प्रमुख रूपमा अन्तर्राष्ट्रिय दातृसंस्थाहरू र अन्य अन्तर्राष्ट्रिय निकायहरूका नीतिहरूसँग मेल खानेगरी तर्जुमा गरिएका हुन्थे । त्यहाँ नीतिगत दस्तावेजहरू वा सुसंगत सैद्धान्तिक र राजनीतिक ढाँचाभित्र नेपालको अनुपम स्रोतहरू, सम्भावनाहरू र तुलनात्मक फाइदाहरूका क्षेत्रहरू वा निश्चितरूपमा यसका बेफाइदाहरू (भुपरिवेष्टित, पहाडी, विशाल छिमेकीहरूबाट घेरिएको आदि) व्यवस्थित र साङ्गोपाङ्गो लेखाजोखा नगन्य मात्र रहेको पाइन्छ । यसैले वर्तमान समय द्वन्द्व पछिको सुरुआतदेखि नै विकास नीतिहरूको तर्जुमा गर्ने ऐतिहासिक अवसर हो ।

## १.५ सारांश

जनआन्दोलन-२ (अप्रील २००६) र नागरिक समाजका गतिविधिहरू र प्रमुख राजनीतिक दलहरू (माओवादी सहित) का बीचमा भएको राजा ज्ञानेन्द्रको निरङ्कुश शासनलाई हटाएर शान्ति, विकास र लोकतन्त्रको मार्ग प्रशस्त गर्ने सहमतिहरूसँगसँगै नेपाल अहिले इतिहासको नयाँ अध्याय सुरु गर्न लागिपरेको छ । यस दस्तावेज र अनुगमन गर्दै जाने प्रक्रियाहरूले थप वादविवाद र छलफलको अभिलेखन गर्ने र सघाउ पुऱ्याउने अपेक्षा राखिएको छ । यी छलफलहरू अन्ततः नेपाली सीमाभित्र र बाह्य संसार दुवैमा रहेको कमजोरीहरू र सीमाहरूको पहिचान गर्दै नेपालको विकास सम्भावनाहरूबाट फाइदा लिन सशक्त विकास रणनीति र नीतिहरू र कार्यक्रमहरूमा समेटिन्छन् भन्ने अपेक्षा राखिएको छ ।

यो अभिलेखले विगतका विकास प्रयासहरूको पुनरावलोकन सहित नेपालको अल्प-विकासका बारेमा छोटो जानकारी दियो । यसले गरिबी न्यूनीकरण र अन्य थुप्रै क्षेत्रमा स्पष्ट प्रगति भएतापनि नेपालको विकास कार्य ठूलो मात्रामा कमजोर र असमान रह्यो भन्ने कुरालाई जोड दियो । यसले लोकतन्त्र र वैदेशिक सहयोगसँग गाँसिएका फराकिला मुद्दाहरू र विश्वव्यापीकरण प्रक्रियासँग गाँसिएका वृहत् चुनौतीहरूको थप खोजी गऱ्यो । यस सन्दर्भमा यस अध्यायले नेपालको शान्ति, समृद्धि, लोकतन्त्र र सामाजिक न्यायको खोजी कार्यलाई अवरोध पुऱ्याउने चलिआएका गहिरा संरचनागत तत्वहरूको नेपालले अनुभव गरिरहेको कुरामा जोड दिन्छ । यसले नेपालको विकास मार्गचित्र परिभाषित गर्नका लागि विकासे समुदाय, नेपाल सरकार र जनसमुदायले नेपालको विगतमाथि गम्भिर विचार गर्नुपर्ने र भविष्यलाई हेर्नुपर्ने आवश्यकतामा जोड दिएको छ ।

अध्याय दुई

# नेपालमा विद्यमान विकासका मुद्दाहरू र चुनौतीहरू

अघिल्लो अध्यायमा विगतमा भएका नेपालको विकास अभ्यासका बारेमा चिन्तन गर्न किन आवश्यक छ भन्ने व्याख्या गरियो । यसले छोटकरीमो पाँच दशक लामो विकास प्रयासहरूको पुनरावलोकन गऱ्यो र उपलब्धीहरूका बारेमा पनि उल्लेख गऱ्यो । यस अध्यायले नेपालको भावी विकासका मूल मुद्दाहरू र चुनौतीहरूका विषयमा व्याख्या गर्दछ । यसले कृषि र कृषि सम्बन्ध, प्राकृतिक स्रोतहरू र वातावरण, सेवा र पूर्वाधार अनि व्यापारलाई जोड दिएको छ । यसले विगतको "विकास"को वितरणात्मक असरलाई पनि प्रकाश पारेको छ र नेपाली समाजको ऐतिहासिक रूपमा संरचनागत पक्षहरूसँग गाँसिएका यी समस्याहरूलाई जोड दिएको छ ।

## २.१ कृषि र वातावरणीय सवालहरू

### २.१.१ भूमिसुधार र कृषि विकास

पछिल्लो दशकमा नेपालको कृषिमाथिको निर्भरता उल्लेख्य रूपमा घटेको भएता पनि ग्रामीण क्षेत्रका घरपरिवारको (थुप्रै शहरी परिवारका लागि पनि) जीवन र जीविकोपार्जनको आधार अझ पनि कृषि क्षेत्र नै हो । हाल नेपालको बहुसंख्यक श्रमशक्ति कृषि क्षेत्रमा संलग्न रहेकोछ, जसको कुल ग्राहस्थ उत्पादन (GDP) मा करिब ४० प्रतिशत योगदान रहेको छ । गरिबी पनि यही कृषि क्षेत्रमा संलग्न मानिसहरूमा व्याप्त रहेको छ र यो आर्थिक असफलताको कारणहरूलाई सम्बोधन गर्नै पर्दछ । सिँचाई, मलखाद वा कृषि ऋण जस्ता कृषि सामग्रीहरू र सामन्ती उत्पादनसम्बन्ध कृषि क्षेत्रको आधुनिकीकरणमा विशेष बाधकका रूपमा रहेका छन् ।

भूमिमा मोहियानी हकको व्यवस्था विशेष रूपमा तराई क्षेत्रमा (यो व्यवस्था तराइमा मात्र सीमित छैन) वृहत् सामन्ती ढाँचाभित्र कायम रहेको छ । पछिल्ला दशकहरूमा जमिनको स्वामित्वको स्वरूपमा परिवर्तन आएको भएता पनि अल्पसंख्यक धनी जमिन्दारहरूसँग अझ पनि ठूलो मात्रामा जग्गा रहेको अवस्था कायमै छ । उत्पादशील जग्गा भएका मानिसहरू अक्सर आफैं खेतिपाती गर्दैनन्, बरु उनीहरू मोहीहरूबाट अतिरिक्त श्रम प्रयोग गर्दछन् । अर्कातर्फ बहुसंख्यक कृषकहरूसँग थोरै मात्र जग्गा रहेको छ, जुन जीवनयापनका लागि अपर्याप्त छ ।

वैकल्पिक स्रोतका तथ्याङ्कहरूले देशमा जग्गा-जमिन नभएका मानिसहरूको ठूलो संख्या देखाएको भएता पनि अधिकांश तथ्याङ्कहरूका आधारमा नेपालमा भूमिहीनताको अवस्थाभन्दा थोरै जमिन भएको स्थिति बढी गम्भीर समस्याको रूपमा रहेको छ ।[3] ०.५ हेक्टरभन्दा कम जग्गा भएका सीमान्त कृषकको उच्च अनुपात रहेका सबै २५ वटा जिल्लाहरू पहाड र हिमाली इलाकामा पर्दछन् । अझ पहाड र पहाडी भेगका १६ जिल्लाका कृषक समुदाय ५० प्रतिशत सीमान्त कृषकहरूबाट बनेको छ (CBS, 2001a) । त्यसैले भूमिको स्वामित्वको वितरण पहाडमाभन्दा तराईमा बढ्ता टेडोमेडो देखिन्छ (Gini coefficient .57) । सन् २००१/२००२ को केन्द्रीय तथ्याङ्क विभागको तथ्याङ्कले देखाएअनुसार कुल जग्गाधनीमध्ये ६४ प्रतिशतसँग ५ देखि १० हेक्टर क्षेत्रफल सम्मको ५.२७ प्रतिशत कृषियोग्य जमिन रहेको छ । समग्रमा ११ प्रतिशतसँग मात्र १० हेक्टर क्षेत्रफलभन्दा बढी कुल कृषियोग्य जमिनको २.०४ प्रतिशत जग्गा रहेको छ । एक हेक्टरभन्दा कम जग्गा हुनेहरूको अनुपात अन्दाजी ७४.१५ प्रतिशत रहेको छ । तराईमा यो आकारको कृषि नगन्य रहेको छ ।

यी साना र सीमान्त कृषिमा बालिनाली लगाउनु आर्थिक दृष्टिकोणले उपयुक्त हुदैन र जमिनको स्तरका आधारमा हेरिएको अवस्थामा जमिनको वितरणमा रहेको विभेद अझ बढी गम्भीर हुन जान्छ । धेरै जमिन हुने धनी

[3] *Zaman (1973)*ले गरेको अनुसन्धानले भूमिहीनहरूको तथ्याङ्क ६ प्रतिशतको लगभगमा देखाएको भएता पनि केन्द्रीय तथ्याङ्क विभागको तथ्याङ्क स्रोतले भूमिहीनहरूको संख्या २ प्रतिशतको वरिपरि रहेको देखाएको छ ।

किसानहरूसँग प्रायसः राम्रो स्तरका जग्गा पनि हुने गर्दछन्, जबकि थोरै जग्गाहुनेहरू धेरैसँग निम्न स्तरको पाखो[4] जमिन हुने गर्दछ। ०.५ हेक्टर क्षेत्रफल वा सोभन्दा कम जग्गा हुने घरपरिवारसँग झण्डै ६२ प्रतिशत पाखोबारी र ३८ प्रतिशत खेत[5] रहेको छ। यसैगरी चार हेक्टर क्षेत्रफलभन्दा बढी जग्गा हुनेहरूसँग ६४ प्रतिशत खेत र बाँकी ३६ प्रतिशत पाखोबारी रहेको छ (NRB, 1990)। यसरी थोरै जग्गा हुनेहरूको मुख्यतया गरिखान कम उर्बर जग्गा रहेको पाइन्छ।

नेपालको कृषि, विशेषगरी तराई क्षेत्रको उर्वर समथर भू-भागमा मोहीयानी प्रणालीको प्रचलन रहेको छ। जमिनका टुक्रिने क्रमसँगै यस अभ्यासले कृषिको उत्पादकत्वलाई घटाउँदछ। अनौपचारिक र दर्ता नभएका मोहीहरूलाई तथ्याङ्कले नसमेट्ने भएकाले केन्द्रीय तथ्याङ्क विभागको तथ्याङ्कमा प्राप्त आँकडाले वास्तविक मोहीको अनुपातलाई नदेखाएझै लाग्दछ। जमिनमाथिको स्वामित्व कायम राख्न मोहीलाई जग्गाधनीले अनौपचारिक हिसाबले राखेका हुन्छन्। पैतृक सम्पत्तिको भागबण्डा, गरीब किसानहरूले जमिनको केही अंश बेच्नुपर्ने बाध्यता र आर्थिक लाभका लागि धनी किसानहरूले जतासुकै जग्गा किन्ने प्रवृत्ति नै जमिन खण्डिकरण हुनका मुख्य कारणहरू हुन्। विभिन्न व्यवहारिक अध्ययनहरूले देखाएका छन् कि, जमिनको एकीकरणले कृषि उत्पादकत्व बढाउन सक्तछ, यद्यपि यस विषयमा थप अनुसन्धान हुन जरुरी छ (Zaman, 1973)। तथापि बालीको सघनताको आधारमा हेर्दा धेरै जमिन हुनेहरूभन्दा थोरै जमिन हुनेहरू बढी उत्पादनशील देखिएका छन् (Blaikie et al., 1980)। ५ हेक्टरभन्दा बढी जमिन हुनेहरूको प्रति हेक्टर उत्पादन रु. ६,२३९ को तुलनामा एक हेक्टरभन्दा कम हुनेहरूको उत्पादन रु. ११,७१७ रहेको छ (NRB, 1990)।

कृषि संरचनासम्बन्धी माथिका तथ्याङ्कले चार तहमा कृषि सुधारको आवश्यकतालाई औंल्याएको छ। तिनीहरूमा- तोकिएको आकारभन्दा बढी जग्गाहुनेहरूबाट भूमिहीन तथा सीमान्त किसानहरूलाई जमिनको पुनर्वितरण, मोहीहरूको हकको सुनिश्चितता, जमिनको खण्डीकरणलाई रोक्ने उपाय र भूमि प्रयोग नीतिको कार्यान्वयन रहेका छन्। नयाँ र उपयुक्त प्रविधि, सहज र उपयुक्त अनाजका लागि वीऊ-विजन, उपयुक्त मलखाद (रासायनिक मल या "प्राङ्गारिक" मल भन्ने विषयमा विवाद चलिरहेको छ) र सिँचाई सुविधा जस्ता कृषि सामग्रीको प्रभावकारी व्यवस्था पनि कृषि उत्पादन बढाउन आवश्यक छन्। यी सुविधाहरू आदर्श हिसाबले सहकारीहरू मार्फत् उपलब्ध हुनु पर्दछ।

वि.सं. २०५१ सालको बडाल आयोगका अनुसार (HMG/N, 2051) यदि भूमिसुधार कार्यक्रमलाई सशक्त रूपमा कार्यान्वयन गर्ने हो भने हदबन्दीभन्दा बढी रहेको तीन लाख हेक्टरभन्दा बढी जमिनलाई वितरण गर्न सकिन्छ। यसप्रकार एकै पटक दुईवटा समस्याहरू समाधान हुनेछन्- गरीब जनतालाई कृषियोग्य जमिनको मालिक बन्न सशक्तिकरण गर्दा गरिबीको सामना हुनेछ भने सीमान्तीकृत जनताको जीवनयापनका लागि प्राकृतिक स्रोतमाथिको निर्भरतामा कमी आउनेछ। जेभएता पनि भूमिसुधारको सवाल गम्भीर चुनौतीहरूले भरिएको हुनाले निश्चय नै यस "समाधान"मा असहमतिहरू, विरोधाभाषहरू तथा जटिलताहरू रहेका छन्। यसका बारेमा अर्को अध्यायमा पनि थप छलफल गरिने छ।

### २.१.२ **सिँचाई र पानी**

स्वामित्वको आकारले सिँचाईको पहुँचलाई एकदमै असमान देखाउँछ। २००१/२ को कृषि गणनाको तथ्याङ्कले जमिनको स्वामित्वको आकार जति सानो छ, उत्तिकै कम प्रतिशतमा सिँचाई व्यवस्था हुने गरेको र जमिनको स्वामित्वको आकार जति ठूलो छ, उत्तिकै बढी प्रतिशतमा सिँचाईको व्यवस्था भैरहेको तथ्य देखाएको छ। ०.१ हेक्टरभन्दा कम जमिनको स्वामित्व रहेको अवस्थामा २९.५ प्रतिशतमा मात्र सिँचाई भएको, ०.१ देखि ०.२ र ०.२ देखि ०.५ हेक्टर जमिनमा क्रमशः ४५.६ प्रतिशत र ५६.८ प्रतिशतको तथ्याङ्क रहेको छ। यदि हामीले ३ देखि ४ हेक्टरभन्दा बढी जमिनको स्वामित्वलाई हेर्‍यौं भने ७१.७ प्रतिशत जमिनमा सिँचाई सुविधा थियो, यसरी नै ४ देखि ५ हेक्टरको ७१.२ प्रतिशत, ५ देखि १० हेक्टरको ७६.६ प्रतिशत र १० हेक्टरभन्दा बढी

[4] सिँचाई नहुने र सामान्यतया कम उर्वर पहाडका भिरालो जमिन

[5] सिँचाई धान खेतीका लागि योग्य हुने समथलीय भू-भाग

क्षेत्रफल ओगट्नेको ८० प्रतिशतभन्दा माथि सिँचाई सुविधा पुगेको छ। सन् १९८१-१९८२ को अध्ययनपछि पनि यसप्रकारको असमान प्रवृत्तिमा उल्लेख्य मात्रामा परिवर्तन आएको छैन।

पहाडी क्षेत्रमा समुदायले व्यवस्थापन गरेको सिँचाईले सिंचित जमिनको ९४ प्रतिशत भाग ओगटेको छ, जबकि सरकारी सहयोग बाँकी ६ प्रतिशत जमिनमा मात्र रहेको छ। यति हुँदाहुँदै पनि पहाडी क्षेत्रमा पर्याप्त सिँचाई सुविधा छैन (चित्र-२.१)। कृषियोग्य जमिनको ११ प्रतिशतभन्दा कम जमिनमा सिँचाई सुविधा पुगेका नेपालका २५ जिल्लाहरू पहाडी र हिमाली क्षेत्रमा अवस्थित छन्। यिनीहरू मध्ये १५ वटा जिल्लाहरूमा कृषियोग्य जमिनको ७ प्रतिशतभन्दा कम भागमा सिँचाई सुविधा रहेको छ (ICIMOD et al, 2003)। हिमाली र पहाडी भेगमा वाटर हार्भेस्टिङ्ग र ड्रिप सिँचाईले विशेषगरी पानीको कमी रहेको अवस्थालाई सम्बोधन गर्नका लागि परम्परागत शैलीको सिँचाईलाई सघाउ पुऱ्याउन सक्दछन्। परम्परागत वाटर हार्भेष्टिङ्ग, जस्तो कि पोखरीको प्रयोग, गरा सम्याउने र बगिरहेको पानी ल्याउन कुलोको प्रयोग गर्दा केही क्षेत्रहरूमा ५० प्रतिशतले मकैको उत्पादन बढेको पाइएको छ।

**चित्र २.१ नेपालको सिंचित क्षेत्रफल** (१९८१/९२ र २००१/२००२)




स्रोतः *CBS (2005)* मोनोग्राफ, कृषि गणना नेपाल, २००१/२००२ *CBS*, काठमाडौं।

विभिन्न स्रोतहरूलाई विचार गर्दै स्थानीय कृषकहरूलाई सहयोग गर्ने तरिकाबाट देशको सिँचाईमा सुधार गर्न सरकारसँग उपयुक्त रणनीति हुन आवश्यक छ। ठूलो सिँचाई परियोजनामाथि विचार गर्दा लाग्ने खर्च र फाइदाका बारेमा र यी खर्चहरूलाई कसरी वितरण गरिन्छ भन्नेबारेमा यथोचित विश्लेषण हुन आवश्यक छ। देशभरिमा सिँचाईको आवश्यकतामा विविधता रहेको र स्रोतहरू र यसबाट प्राप्त हुने लाभको सम्भावनामा पनि विविधता रहेको छ भन्ने कुरा बुझ्न पनि जरुरी छ। विगतका पाठहरू, विशेष रूपमा भारतसँग पानीको बाँडफाँडमाथि पनि गम्भीर चिन्तन हुनु बान्छनीय छ।

### २.१.३ खाद्यान्न उपलब्धता

खाद्य सुरक्षा खाद्यान्नका लागि गरिएको दावा र अधिकारको परिवर्तिनशील स्वरुपसँग जोडिएको छ, जो सधैं परिवर्तित शक्ति संरचनाहरू र योग्यताको परिभाषासँगै आउने गर्दछ। एउटा अध्ययनले (RRN & AAN, 2002) खाद्य असुरक्षालाई निम्न कुराहरूसँग गाँसेको छः क) उत्पादनशील स्रोतहरू र सामुदायिक सम्पत्तिहरूमा गरीब जनताको असमान पहुँच, र ख) न्यून ज्याला र आयस्रोतको कारण बजारमा असमान क्रयशक्ति। अन्य तत्वहरूमा, जस्तो कि, कृषि क्षेत्रतर्फ र खाद्य "सहयोग"का सन्दर्भमा सरकार (र विकास निकाय) को नीति, लगायत वातावरणीय पक्षहरू र व्याप्त जाति, लिंग र वर्गमा आधारित असमानता रहेका छन्। राष्ट्रिय स्तरमा, न्यून उत्पादन, अपर्याप्त यातायात र बजार सटही संरचना नै नेपालको खाद्य असुरक्षाका निम्ति प्रमुख तत्कालिन

कारणहरू हुन् भने भित्री कारणहरूमा स्रोतहरू र आयस्रोतहरू माथिको असमान पहुँचले महत्वपूर्ण भूमिका खेलेको छ ।

दीर्घकालीन कृषि योजना (APROSC & JMA, 1995), का अनुसार एक्काइसौं शताब्दीको पूर्वार्द्धसम्मका लागि खाद्य सुरक्षा प्रत्याभूत गर्न नेपालसँग पर्याप्त स्रोतहरू विद्यमान रहेकाछन् । खाद्य असुरक्षा आधारभूत रूपमा खाद्यान्नको अभाव होइन, बरू खाद्यान्नमा पहुँचको अभाव हो । कृषि आधारित योजनामा राखिएको लक्ष्यका आधारमा यदि पुहुँचलाई सुनिश्चित गर्ने हो भने प्रति हेक्टर चार टनका दरले सिँचाई पुगेको १५ लाख हेक्टर जमिनको उत्पादनले सन् २०१५ को नेपालको अनुमानित ३ करोड ३० लाख जनतालाई खुवाउन सक्तछ ।

तरपनि वास्तविकतामा नेपालले अहिलेसम्म गम्भीर खाद्य असुरक्षाको सामना गरिरहेको छ, विशेषगरी धेरै दुर्गम हिमाली क्षेत्रहरू र गरीब समुदाय रहेका जुनसुकै क्षेत्रमा । विश्व खाद्य कार्यक्रम (WFP) जस्ता संस्थाहरूको सहयोगमा संचालित भएका र "विकास" संस्थाहरूले निरन्तर सहयोग पुऱ्याउने कार्यक्रमहरू जस्तो कि कर्णाली क्षेत्रमा सहुलियत चामल कार्यक्रमहरू र कामका लागि खाद्यान्न जस्ता राहत परियोजना भएता पनि यी कार्यक्रमहरूले वा١य स्रोतहरूमा परनिर्भरता बढाएर, स्थानीय खाद्य उत्पादनमा मन्दी ल्याएर र खाद्यान्न पहुँच प्रत्याभूतिका लागि अदक्ष र कामनलाग्ने पद्धति विकास गरेर लाभभन्दा बढी हानी गरेको छ । राष्ट्रिय, क्षेत्रीय र स्थानीय तहमा खाद्यान्न उत्पादन, वितरण र खपतको सम्पूर्ण पद्धतिमा थप ध्यान दिन आवश्यक छ । यसो गर्दा उत्पादन र वितरणको पद्धति र अझ प्रभावकारी बजार सहितको स्थानीय र क्षेत्रीय पद्धतिमा थप चुस्ततालाई ध्यान दिने दृष्टिकोण राखिनु पर्दछ । खाद्यान्न र खाद्य संप्रभुतामा जनताको अधिकारतर्फ ध्यान केन्द्रित हुनु पर्दछ ।

## २.२ वातावरणीय ह्रास र स्रोतमाथि पहुँच

नेपालले सामना गरिरहेका वातावरणीय चुनौतीहरू विविध छन्, तर वन फडानी, भू-क्षय, जैविक विविधतामा ह्रास, हिमताल पग्लने र जल प्रदुषण जस्ता विषयहरू मुख्य रूपमा रहेका छन् । अध्ययनहरूले देखाएअनुसार सन् १९६० मा नेपालको कुल भू-भागको ४५ प्रतिशत ओगट्ने वन क्षेत्र १९९० मा आइपुग्दा ३७.४ प्रतिशतमा र अझ १९९९ मा त २९ प्रतिशतमा खुम्चिएको छ (UNEP et al., 2001) ।

नेपालसँग समृद्ध जैविक विविधता र यसको संरक्षणमा राम्रो छवि रहेको छ । तर धेरैजसो यसलाई प्राप्त गर्न प्राकृतिक स्रोत व्यवस्थापनका लागि एकीकृत पद्धतिहरूको विकास गर्नुको साटो सामान्य संरक्षण र सुरक्षाको तरिका अपनाइन्छ, जसले वन स्रोतहरूको पहुँचमा रोक लगाउँदछ । एकीकृत पद्धतिको विकासबाट स्थानीय जनताहरू आफ्नो जीवनयापनका लागि प्राकृतिक स्रोतहरूको प्रयोग गर्दा यसको दिगोपनलाई जोगाइराख्न उत्साही रहन्छन् । सन् १९९० मा तर्जुमा गरिएको जम्मा १०,९४८ एकड संरक्षण क्षेत्रलाई सन् २००५ मा २८,५८५ एकड क्षेत्रफलमा विस्तार गरियो । यसमाथि १३ वटा विरुवा, २६ वटा जनावरहरू, ९ वटा चराहरू, ३ वटा सर्पहरू र २० विरूवा जातिहरूलाई यी निकुन्जहरूमा कानुनी रूपमा संरक्षण गरिएका छन् ।

यद्यपि थुप्रै चुनौतीहरू अगाडि रहेका देखिन्छन् । गैंडा शिकारको पछिल्ला गतिविधिले गत पाँच महिनामा चितवन राष्ट्रिय निकुञ्जभित्र १० वटा गैंडाहरू शिकारीबाट मारिएको देखाउँछ । यसरी नै यदि नेपालले यसका बाँकी उष्ण प्रदेशीय जंगललाई सिध्याउँदै जाने हो भने ज्यादै मूल्यवान काठका १० वटा प्रजाति, ६ वटा रेशादार प्रजाति, ६ वटा खाद्य फलफूलका प्रजातिहरू सदाका लागि लोप हुनेछन् । यसबाहेक २०० प्रजातिका चराहरू, ४० प्रजातिका स्तनधारी जनावरहरू र २० प्रजातिका सर्पहरू र उभयचरका बासस्थानहरू पनि उत्तिकै मात्रामा प्रभावित हुनेछन् । स्थानीय जनसमुदायबाट जैविक विविधताको उपयोगका लागि उजाड वनक्षेत्र र झाडीयुक्त जमिनको पहिचान र कार्यान्वयन गर्ने दिगो उपायहरू नै प्राथमिकताका विषयहरू हुन् ।

खेतीयोग्य जमिनको क्षयीकरण र प्रदुषण अर्का जोडी समस्याहरू हुन् । नेपालको पहाड तथा हिमाली क्षेत्रको सतहको माटो राम्ररी व्यवस्थापन गरिएको जमिनमा एकवर्षमा ५ देखि १० टन प्रतिहेक्टर र क्षयीकरणमा परेको जमिनको सतहको माटो एक वर्षमा प्रति हेक्टर २० देखि २०० टन घट्ने क्रम रहेको छ । काम नलाग्ने घरेलु पानीलाई काठमाडौंको बागमती नदीमा पठाउने गरिएकाले औसत २०,८४६ के.जी. BOD/day बढ्न गै शहरी इलाकाका नदीहरूमा पानीको गुणस्तर घटिरहेको छ । यसैगरी पोखरा उपत्यकाको पानीका स्रोतहरू रासायनिक तथा जैविक पदार्थहरू थुप्रिएर अति मलिलो र प्रदुषित (Eutrophic) हुँदै छन् र कृषि विषादिहरूले पानीलाई

झन् प्रदुषित बनाएको छ । विभिन्न प्रकारका उद्योगहरूले पनि पानीका स्रोतहरूलाई प्रदुषित बनाइरहेका छन् (UNEP et al, 2001).

अन्तमा, नेपालका लागि पृथ्वी तात्ने प्रक्रिया पनि एउटा गम्भीर सरोकारको विषय भएको छ । झण्डै १५,००० हिमनदीहरू विगत ५० वर्षमा लोप भएको र हिमाली क्षेत्रको हिमखण्ड आगामी ३५ वर्षभित्र पाँच खण्डमा एक खण्ड घट्ने अनुमान गरिएको छ । सन् १९९६ मा प्रकाशित पानी तथा ऊर्जा आयोग सचिवालय (Water and Energy Commission Secretariat - WECS) को प्रतिवेदन अनुसार पाँचवटा संभावित खतरनाक हिमतालहरू (जस्तो कि, डिग छो, इम्जा, तल्लो बरुण, च्छो रोल्पा र ठूलागी) वातावरणीय बर्बादी लगायत ठूलो बाढीको कारण हुन सक्तछन् । यी तालहरू सबै समुद्री सतहबाट ४,००० मिटरको उचाइमा रहेका छन् भने ०.६ वर्ग की.मी. देखि १.३९ वर्ग की.मी.को क्षेत्रफलमा फैलिएका र ८१ मिटर देखि १३१ मिटरसम्मको गहिराईका छन् । २७ वटा संभावित खतरनाक तालहरूमध्ये दशवटामा हिमताल विष्फोटनबाट उत्पन्न बाढी (Glacier Lake Outburst Flood-GLOF) का घटनाहरू विगत केही वर्षहरूमा घटिसकेको तथ्यहरू रहेका छन् (UNEP et al., 2001)। यहाँ रोकथामका उपायहरू र विपत्ति तयारी दुवै नै प्राथमिकतामा पर्नु पर्दछ ।

जेहोस् वातावरणीय स्रोतहरूको सन्दर्भमा सबैभन्दा बढी चर्चा हुने विषयहरूमा पनि मुख्य विषयले बढ्दो लोकप्रियता पाइरहेका विषयमा स्रोतहरूमाथिको पहुँच र वितरण रहेका छन् । जमिनको असमान वितरणले आर्थिक तथा सामाजिक असमानता निम्त्याएको छ र यो उत्पादकत्वमा नकारात्मक प्रभाव पार्नेतर्फ उन्मुख रहेकोछ । एउटा स्रोतबाट अर्को स्रोतमा पहुँच पुऱ्याउन त्यहाँ अन्तरसम्बन्धहरू पनि कायम छन् । उदाहरणका लागि पानीमाथिको पहुँच (सिँचाई), अगाडि नै छलफल गरिए झैं जमिनको स्वामित्वसँग गाँसिएको छ । यसैगरी गरिबीको व्यापकता (थोरै जमिन हुने कुरासँग पनि गाँसिएको) ले वन स्रोतमा दबाब सृजना गर्दछ । समयक्रममा पानी भर्ने र गाइवस्तु चराउने जस्ता परम्परागत चलनहरू लोप हुँदैछन् । सामुदायिक वनका सम्बन्धमा तुलनात्मक पछिल्लो नीतिको खोजीले पहाडी क्षेत्रमा हरियाली थप्न मद्दत पुऱ्याएको छ, तर यसले समाजका सीमान्त वर्गका मानिसहरूलाई कसरी सहयोग पुऱ्याउँछ भनी नीतिमा थप ध्यान दिन आवश्यक छ । एकातिर अहिले राम्रा परम्परागत चलनहरूलाई ब्युताउनु महत्वपूर्ण भएको छ भने अर्कोतिर वातावरणीय स्रोतहरूलाई समुचित रूपमा कसरी व्यवस्थापन गर्ने र प्रयोग गर्ने भन्नेबारे नयाँ उपायहरू पत्ता लगाउनु अत्यावश्यक भएको छ ।

## २.३ खानेपानी

सन् २०१५ सम्मका लागि तोकिएको सहस्राब्दी विकास लक्ष्यले नेपालका ग्रामीण बासिन्दाहरू मध्ये पिउनेपानी र सरसफाइको सुविधा क्रमशः ६३ प्रतिशत र ५६ प्रतिशत पुऱ्याउने र शहरी जनसङ्ख्यामा यसलाई ८५ प्रतिशत र ८० प्रतिशतमा पुऱ्याउने लक्ष्य रहेको छ (Wicken, 2004)। बहुसंख्यक जनताहरू सरकार वा अन्य निकायहरूले उपलब्ध गराएकोभन्दा अझै असुरक्षित "प्राकृतिक" पानीका स्रोतहरूमा निर्भर रहेकाछन् । दैलेख, कालिकोट, अछाम, जाजरकोट र बझाङ्ग जस्ता जिल्लाहरूको अवस्था सबैभन्दा नाजुक रहेको छ, जहाँ क्रमशः ३७, ४८, ४५, ४९ र ४४ प्रतिशत घरपरिवारमा पिउने पानीको सुविधा रहेको छ । तुलनात्मक रूपमा जमिनको पानी सहजै उपलब्ध हुने तराईमा आर्सेनिक प्रदुषण विशेष रूपमा समस्याको रूपमा रहेको छ । सन् २००१-०२ मा गरिएको परीक्षणले तराईका जिल्लाहरूका झण्डै १४ प्रतिशत टयूबवेलहरू प्रदुषित रहेका छन्[6] । यी सबभन्दा माथि, गरीब वा तथाकथित तल्लो जातिका मानिसहरू पिउने पानीको पहुँचबाट सबैभन्दा बढी बञ्चित रहेका छन् । तिनीहरूलाई प्रायसः सार्वजनिक पानीको स्रोतहरूको प्रयोग गर्न दिइँदैन र कतिपय अवस्थामा त तथाकथित उच्च जातिका समूहहरूले पानी भरिरहेको बेलामा "छोएको" निहुँमा कुटपिट पनि हुने गरेको छ ।

[6] जिल्लागत रूपमा ट्यूबवेलको आर्सेनिक परीक्षण, नेपालको वातावरणीय तथ्याङ्क, २००५, सी.बी.एस./एन.पी.सी.एस.

## २.४ सेवाहरू र पूर्वाधार

### २.४.१ यातायात

कुनै पनि क्षेत्रमा सडक निर्माण विकासको स्तरको एउटा महत्वपूर्ण सूचक हो। नेपालमा जम्मा १५,००० की.मी. सडक संजाल रहेको छ। सडकको कुल लम्बाईको करिब ५७ प्रतिशत तराई र भित्री मधेशमा र अरु ८ प्रतिशत सडक काठमाडौं उपत्यकामा रहेको छ। बाँकी ३५ प्रतिशत सडकहरू पहाडी र हिमाली जिल्लाहरूमा फैलिएका छन्। प्रति सय वर्ग की.मी. क्षेत्रमा रहेको सडक वितरण क्षेत्रहरूको बीचमा उच्च भिन्नता रहेको छ। तराई र भित्री मधेशमा प्रति १०० वर्ग की.मी. मा २१ की.मी. सडक रहेको छ भने काठमाडौं उपत्यकामा १४७ की.मी. र पहाड र हिमाली जिल्लाहरूमा प्रति १०० वर्ग की.मी. मा ५ की.मी. सडकको लम्बाई रहेको छ। सडक नभएका ठाउँहरू गोरेटो बाटो र झोलुङ्गे पुलहरूमा भर पर्नु पर्दछ। यात्रुहरू र सामानहरूका लागि हवाइ सेवा तुलनात्मक रूपमा चाँडो र सफल तरिकाले विकास गरिरहेको भएतापनि केही मानिसहरूले मात्र हवाइ यात्राको खर्च धान्न सक्तछन्।

काठमाडौं उपत्यकामा यातायातसम्बन्धी मुख्य समस्या सवारीसाधनहरूको संख्यामा तीव्र बृद्धि र प्रभावकारी सडक उपभोक्ताको सीमित विकास र ट्राफिक व्यवस्थापन प्रणालीसँग गाँसिएको छ। सन् १९९६-२००६ को समयावधिमा उपत्यकामा ३५ प्रतिशतले सवारीसाधनहरूको बृद्धि भएको छ तर सोही रूपमा सडक सञ्जालको भने बृद्धि भएको छैन, पार्किङ्ग जस्ता अन्य सुविधाहरू त परै जावस् (द काठमाण्डु पोष्ट, ९ डिसेम्बर २००६)। वैकल्पिक यातायात संजालहरूको विकास र स्थायी र विश्वसनीय सार्वजनिक यातायात व्यवस्थाले उपत्यकाको यातायात समस्या हल गर्न सहयोग गर्न सक्तछ। धुँवा फाल्नेमाथि नियन्त्रण र वातावरणअनुकुल यातायातको धेरै प्रयोगले जाम र प्रदुषणलाई घटाउन सक्तछ।

### २.४.२ सञ्चार

बहुसंख्यक नेपाली जनताहरूसँग दूरसञ्चार सेवाको पहुँच छैन र सूचना प्रविधिसँग जोडिन त ज्यादै टाढाको कुरा छ। सन् २००० मा सूचना प्रविधि नीति लागू भएको भएता पनि देश अझ पनि यसको विकासमा मन्द गतिमा रहेको छ। यद्यपि पछिल्ला दिनहरूमा मोबाइल फोन प्रयोगमा बढोत्तरी, सी.डी.एम.ए. फोनहरू र नेपाल टेलिकम बाहेक दुईवटा नयाँ कम्पनीहरूले दिन थालेको सेवाले टेलिफोनको प्रयोग वास्तवमा नै बढेको छ, तर यो केही शहरहरूमा मात्र सीमित रहेको छ। क्षेत्रीय आधारमा गाविसहरूमा वितरण गरिएका टेलिफोन सेवाहरूबाट मध्य-पश्चिमाञ्चल र सुदूर-पश्चिमाञ्चल क्षेत्र सञ्चार पहुँच अनुपातको हिसाबले कमजोर रहेको तथ्य देखाउँछ (चित्र २.२)।

**चित्र २.२: टेलिफोन सेवाको पहुँच पुगेका गाविसहरूको प्रतिशत**




स्रोतः *HMGN/UN (2005)*: नेपाल सहस्राब्दी विकास लक्ष्यहरू: प्रगति प्रतिवेदन, काठमाडौं

### २.४.३ शक्ति र विद्युत

अधिकांश घरपरिवार (५७.१६ प्रतिशत) ले उज्यालोका लागि मुख्य इन्धन स्रोतका रूपमा मट्टितेलको प्रयोग गर्दछन् भने ३९.३९ प्रतिशतले बिजुली, ०.१९ प्रतिशतले बायो ग्यास र ३.२१ प्रतिशत घरपरिवारले अन्य स्रोतहरूको प्रयोग गर्दछन् (CBS, 2001)। ग्रामीण क्षेत्रहरूमा उल्लेख्य मात्रामा धेरै घरपरिवारले मट्टितेल र अन्य स्रोतहरूको प्रयोग गर्दछन्। नेपालमा ६ हजारभन्दा बढी नदीनालाहरू र झरनाहरू रहेका छन्, जसबाट सिद्धान्ततः ८३ हजार मेगावाट क्षमताको जलविद्युत उत्पादन गर्न सकिन्छ (थप विश्वसनीय अध्ययनहरूले ४३ हजार मेगावाट मात्र उत्पादन गर्न सकिने देखाएका छन्) । यद्यपि हाल देशभरिमा झण्डै ६०० मेगावाट मात्र उत्पादन गरिएको छ। स्पष्टतः नेपालको सन्दर्भमा तुलनात्मक रूपमा विशेषगरी उर्जा उत्पादनका लागि र ग्रामीण भेगमा विद्युतको व्यवस्थाका लागि प्रचुर जलस्रोतको विकासलाई प्राथमिकतामा राखिनै पर्दछ। शक्ति र विद्युतको विकासको रणनीतिको कुरा गर्दा तलका प्रश्नहरूको सम्बोधन गरिन जरूरी छः

- ? नेपालका लागि के ठूला परियोजना मात्र विकल्पहरू हुन् ?
- ? कुल गार्हस्थ उत्पादन बढाउनका लागि अन्य कुनै विकल्पहरू पनि छन् अथवा “साना नै सुन्दर” भन्ने स्चुमाचेर जलविद्युत नमूनाहरू ?

अहिलेसम्म गरिएको छलफल जलविद्युतसँग सम्बन्धित ऋण र वैदेशिक लगानी सम्मिलित कार्यक्रमहरू र परियोजनाहरूमा बढी केन्द्रित रहेको देखिन्छ। यसले “चिलिमे” शैलीमा पहिले नै सफलता हासिल गरिसकेको नेपालको आफ्नै स्रोत परिचालन र प्राविधिक क्षमताको सम्भावनालाई भने नकारेको छ। अन्तमा, जलविद्युत आयोजना आसपासका बासिन्दाको अधिकार (Riparian rights) र फाइदाको बाँडफाँड जस्ता अन्तरदेशीय सवालहरू (मुख्यतया नेपाल र भारतबीच) कसरी समाधान गर्ने भन्नेबारे अझै पनि राष्ट्रिय सहमति हुन जरुरी छ। यस्तो अत्यन्त महत्वको विषयमा भारतसँग वार्ता हुनु नितान्त जरुरी छ।

### २.४.४ जनसङ्ख्याको सवाल र स्वास्थ्य सेवाहरू

स्वस्थ जनसङ्ख्या विकासको सूचक हो र समृद्ध समाजको पूर्वसर्त पनि हो। स्वस्थ जीवनस्तरको पहुँचलाई आधारभूत मानवअधिकारको रूपमा व्याख्या गर्न थालिएको छ। तर स्वास्थ्य सेवाहरू असमान तरिकाबाट वितरण गरिएका छन्। दुर्गम स्थानहरूमा सार्वजनिक स्वास्थ्य प्रणाली ज्यादै कमजोर रहेको छ भने शहरहरूमा स्वास्थ्य सेवाको अचाक्ली व्यापारिकरण भएको छ। नेपालमा बाल तथा मातृमृत्यु दर ज्यादै उच्च रहेको छ (हेर्नुहोस् तालिका २.१)। १३ प्रतिशत महिलाहरूको मात्र गर्भावस्थामा तालिम प्राप्त सुडेनीसँग पहुँच रहेको छ। पाँच देखि छ हजार मानिसहरू वार्षिक रूपमा टी.बी. रोगबाट मर्ने गर्दछन् भने नेपालको जनसङ्ख्याको उल्लेख्य अनुपातमा मानिसहरू पानीजन्य र सरुवा रोगहरूबाट जोखिममा रहेका छन्। जनसङ्ख्या बृद्धिदरमा ज्यादै मन्द गतिमा कमी आएको छ र अहिले कै जनसङ्ख्याको बृद्धिदर रहने हो भने ३० वर्षमा नेपालको जनसङ्ख्या दोब्बर हुनेछ।

**तालिका २.१ मातृमृत्यु तथा परिवार नियोजनको अवस्था**

| सूचकहरू | वर्ष | | |
|---|---|---|---|
| | १९९० | १९९५ | २००० |
| मातृ मृत्यु दर | ८५०[क] अथवा ५१५[ख] | ५३९[ग] | ४१५[घ] |
| परिवार नियोजनको प्रचलन दर | २४[ख] | २९[ग] | ३९ |

स्रोत : क. राष्ट्र संघीय विकास कार्यक्रम, मानव विकास प्रतिवेदन (१९९२) (१९८८ तथ्याङ्क) ख. *NFFS (1991)* ग. *NFHS (1996)* घ. *NPC (2002)* ङ. *NDHS (2001)*

स्वास्थ्यसम्बन्धी राष्ट्रिय स्तरका केही सूचकहरूले सकारात्मक प्रवृत्ति रहेको देखाएको भएतापनि तिनीहरू अन्तर्राष्ट्रिय मापदण्डका आधारमा ज्यादै न्यून र सहस्राब्दी विकास लक्ष्यले लिएको लक्ष्यहरूभन्दा धेरै पछाडि रहेका छन्। विशेषगरी गरीबहरूलाई सार्वजनिक स्वास्थ्य सेवाको पहुँचमा पुग्नका लागि समस्याहरू रहेका छन् (तालिका २.२)। नेपालको स्वास्थ नीति तथा व्यवहारले रोकथामका नीतिहरू लिनेभन्दा पनि उपचारात्मक उपायहरूमा

केन्द्रित रहेको छ। राम्रो सार्वजनिक स्वास्थ्यका उपायहरूले विक्षिप्तता र मृत्युदरमा कमी ल्याउन मद्दत गर्दछ। सुरक्षित पिउने पानी, सरसफाई र व्यक्तिगत स्वास्थ्यमा मात्र ध्यान पुऱ्याउन सके बिरामी हुने घटनामा उल्लेख्य मात्रामा कमी आउन सक्तछ। "आधुनिक" औषधीका कुरा गर्दा यसलाई पुरानो आयुर्बेदिक पद्धति र स्थानीय धामी झाँक्री लगायत "परम्परागत" पद्धतिसँग कसरी सबैभन्दा राम्रोगरी समायोजन गर्ने भन्ने प्रश्न रहिरहेकै छ। स्थानीय ज्ञान र जडिबुटीहरूको प्रयोगको महत्वका कुराले पनि विस्तारै केही हदसम्म स्थान बनाउन थालेको भएता पनि आधुनिक चिकित्सा पद्धतिले स्वास्थ्य सेवाको क्षेत्रमा स्थान बनाइसकेको छ।

**तालिका २.२: सन् २००३/४ का केही स्वास्थ्य सूचकहरू (प्रतिशतमा)**

| क्वान्टाइल समूहहरू | दीर्घ रोगीहरूको जनसङ्ख्या | स्वास्थ्य उपचारको खोजी नगर्ने घरपरिवार | प्रति महिला जन्मिएका बालबालिकाहरूको औसत संख्या | परिवार नियोजन (अस्थायी साधन) को प्रयोग गर्ने जनसङ्ख्या |
|---|---|---|---|---|
| २० तल | ३.५ | ४३.१ | ३.०३ | २६.२ |
| २०-४० | ४.३ | ४०.३ | २.५८ | ३२.९ |
| ४०-६० | ४.९ | ३४.४ | २.३६ | ३२.६ |
| ६०-८० | ५.४ | २९.३ | २.२४ | ४३.८ |
| माथिको २० | ८.७ | २६.८ | १.७७ | ५४.३ |
| औसत | ५.४ | ३३.९ | २.३५ | ३८.३ |

स्रोतः नेपाल जीवनस्तर सर्वेक्षण २००३/२००४

**२.४.५ साक्षरता**

अन्तर्राष्ट्रिय मापदण्डहरूसँग दाँजेर हेर्दा तल देखिए पनि साक्षरता दरमा पछिल्लो अवधिमा भएको बृद्धिले केही आशा जगाएको छ। क्षेत्रीय र जात/जातीय आधारमा हेर्दा साक्षरता दर कम रहेका क्षेत्रहरू (तालिका २.३) र दलितहरू र जनजातिहरूको स्थिति अझ नाजुक रहेको छ। अत्यन्त गरीब वर्ग र ज्यादै गरीबहरू वा तथाकथित तल्लो जातका समुदायमा शिक्षा र साक्षरता कार्यक्रमहरू मुस्किलले पुग्ने गर्दछन्। सन् १९९१ मा तराईका दलितहरूको साक्षरता दर ४ प्रतिशत रहेको थियो भने सन् २००१ मा यो प्रतिशत ११.५ मा बढेको थियो। त्यसैगरी साक्षरता प्रतिशत १५ रहेको (हेर्नुहोस् चित्र २.३) धार्मिक अल्पसंख्यक, तराई जनजातिहरू, तराई मध्यम जात र पहाडी दलितहरू सुविधाबाट बञ्चित रहेका छन्। सार्वजनिक शिक्षण संस्थाहरूको गुणस्तर खस्कदै जानाले गरीब वर्ग विशेषगरी गुणस्तरीय शिक्षाको पहुँचबाट टाढा छन्। आफ्ना बालबालिकाहरूलाई पछिल्लो २० वर्षमा उल्लेख्य मात्रामा बृद्धि भएका निजी शैक्षिक संस्थामा आवश्यक पर्ने शुल्क तिरेर पढाउन सक्दैनन्।

**तालिका २.३: सबैभन्दा उच्च र कम साक्षरता दर भएका जिल्लाहरू** (%)

| वर्ष | १९७१ | १९८१ | १९९१ | २००१ |
|---|---|---|---|---|
| नेपालभरि | १३.९ | २३.३ | ३९.६ | ५४.५ |
| सबैभन्दा उच्च | काठमाडौं (३८.३) | काठमाडौं (४९.९) | काठमाडौं (७०.२) | काठमाडौं (७७.३) |
| सबैभन्दा कम | बाजुरा (४.१०) | कालिकोट (८.५) | हुम्ला (४.१९) | हुम्ला (२७.१) |

स्रोतः ICIMOD, CBS & SNV (2003)

**चित्र २.३: आय समूह** (Income quintile) **को आधारमा साक्षरता र कहिले पनि स्कूल नगएकाहरू**







स्रोतः केन्द्रीय तथ्याङ्क विभाग (२००४), राष्ट्रिय जीवनस्तर सर्वेक्षण २००३/०४, काठमाडौं

## २.५ अन्तर्राष्ट्रिय सम्बन्धहरू

### २.५.१ विश्वव्यापीकरणका चुनौती र अवसरहरू

नेपालले आफूलाई आधुनिक, भुमण्डलीकृत विश्वबाट अलग घोषित गर्न सक्दैन, तर यसले अन्तर्राष्ट्रिय अर्थ-राजनीतिसँग कसरी आफ्नो संलग्नता देखाउँछ भन्ने कुराले आगामी दशकहरूमा विकासको सफलता वा असफलतालाई निर्क्यौल गर्दछ। स्पष्टतः भारतसँगको सम्बन्धका बारेमा पुनर्विचार गर्ने र पुनःसम्झौता गर्ने कुराले प्राथमिकता पाउनु पर्दछ, जसबाट भुपरिवेष्टित र भीमकाय छिमेकीमाथिको निर्भरताको अवस्थाबाट उत्पन्न बाधाहरू कम होउन्। अर्को महत्वपूर्ण छिमेकी जनगणतन्त्र चीन हो। नेपालदेखि तिब्बत (चीन) सम्म विस्तारै खुला हुँदै गएको स्थितिले नेपालको खासगरी हिमाली क्षेत्रको भावी विकासका नयाँ अवसरहरू र चुनौतीहरू ल्याइदिने छन्। यस क्रममा चीनको आफ्नै फरक प्रकारको विकास प्रक्रियाको आलोकमा चीनको आवश्यकतालाई ख्याल गरी व्यापक राष्ट्रिय नीतिहरूको विकास गरिनु पर्दछ।

नेपालले क्षेत्रीय तथा अन्तर्राष्ट्रिय संस्थाहरू र निकायहरूको सदस्यता लिंदा पर्न सक्ने असरहरू लगायत फराकिलो विश्व वातावरणका अवसरहरू र चुनौतीहरूलाई कसरी स्वीकार्दछ भन्ने कुरामा सावधानीपूर्वक विचार गर्नुपर्ने आवश्यकता छ। यसको सार्कमा रहेको सदस्यता विचार गरिनुपर्ने एउटा महत्वपूर्ण पक्ष हुन सक्तछ भने विश्व व्यापार प्रणालीलाई एकीकृत गर्ने विश्व व्यापार संगठनको भूमिकामाथि नेपालका अस्पष्ट सम्भावनाको पृष्ठभूमिमा यसको सदस्यतामाथि पनि गम्भीर विचार मन्थन हुनु पर्दछ।

तथापि नेपाली उत्पादन र सेवाको सम्भावित निकासीलाई मजबुत बनाउन "अति सौविध्य प्राप्त राष्ट्र" र "राष्ट्र विशेष" (National treatment)का लागि विश्व व्यापार संगठनका प्रावधानहरूलाई स्थान दिइनु पर्दछ। यदि उचित ढङ्गले वार्ता गरिएमा सरसफाई र वानस्पातिक स्वास्थ्य (Sanitary and Phytosanitary - SPS) का उपायहरू बाहेक एउटा सदस्य देशले व्यापारिक बन्देज लगाउने, बिरुवा, जनावर र मानव स्वास्थ्यको संरक्षणका निम्ति स्वेच्छिक उपायहरू अपनाउन सकिन्छ। यसका लागि वस्तु तथा सेवाको निर्यातमा संलग्न नेपालका निजी तथा सार्वजनिक प्रतिष्ठानहरूले विकसित देशहरूले माग गर्ने गुणस्तर दिनुपर्ने हुन्छ। तर नेपाली साना तथा मझौला उद्योगहरूका लागि स्रोतको अभाव तथा निम्नस्तरको प्रविधिका कारण यो क्षमताभन्दा माथिको कार्य हुन सक्तछ। वौद्धिक सम्पत्ति अधिकारको व्यापारसम्बन्धी पक्षहरू (Trade Related aspects of Intellectual

Property Rights -TRIPS) का प्रावधानहरू र प्राविधिक नियमावली र मापदण्डहरू (Technical Regulations and Standards -TRS) सँग सम्बन्धित सम्झौताहरूले नेपालका लागि नकारात्मक प्रभाव पारिरहेका छन् । संझौताहरूले सम्भवतः साना तथा मझौला उद्योगहरूका लागि प्राप्त गरिएको अत्यावश्यक प्रविधिहरूको लागतलाई बढाउने र उल्टो इन्जिनियरिङको प्रयोगलाई बन्देज लगाउन सक्तछ । त्यसैले सरसफाई र वानस्पतिक स्वास्थ्य (Sanitary and Phytosanitary - SPS), वौद्धिक सम्पत्ति अधिकारको व्यापारसम्बन्धी पक्षहरू (Trade Related aspects of Intellectual Property Rights -TRIPS) र व्यापारका लागि प्राविधिक व्यवधानहरू (Technical Barriers to Trade - TBT) जस्ता विश्व व्यापार संगठनका अनुबन्धहरूका केही सकारात्मक पक्षहरू छन्, तर नेपालको निर्यात उत्पादन क्षेत्रहरू (कृषि र उद्योग) मा भने धेरै नकारात्मक प्रभावहरू पनि देखिएका छन् (श्रेष्ठ, २००४)।

अत्यधिक आयात विरुद्धका कदमहरू (Anti-dumping measures), समीकारक कदमहरू (Countervailing measures) सहितका प्रत्यक्ष बचाउका उपायहरू रहेका छन् भने भुक्तानी सन्तुलन (Balance of payments - BoP) सहितका अप्रत्यक्ष उपायहरूले कृषिलाई समेट्ने र विशेष बचाउको कार्य गर्दछन् । विदेशी निजी कम्पनीहरूको अनुपयुक्त अभ्यासहरूबाट घरेलु उद्योगहरूको संरक्षणका निम्ति अत्यधिक आयात विरुद्धका उपायहरू अपनाउन सकिन्छ भने वैदेशिक सरकारहरूले उपलब्ध गराउने सहुलियतलाई प्रतिकार गर्नका लागि समीकारक कदमहरूको प्रयोगको सम्भावना रहन सक्तछ । यसैगरी अनियन्त्रित आयात प्रवाहको समस्यालाई संरक्षणको उपायहरू अपनाउन सकिन्छ, यद्यपि कानुन कार्यान्वयन र संस्थागत संरचनाहरू कमजोर र तालिम प्राप्त मानव स्रोतको अभावका कारण नेपाल जस्ता देशहरूलाई यी उपायहरू अपनाउन गाह्रो पर्दछ । आवश्यक कानुनलाई क्रियाशील बनाउन र उपयुक्त व्यापार बचाउका उपायहरू (Trade remedy measures) का निम्ति आवश्यक संस्थाहरू र तालिमप्राप्त मानवस्रोतको विकास गर्न सबैको प्रयास नै एउटा मात्र समाधानको उपाय रहेकोछ (Adhikari, 2004)।

निर्यातको सम्भावना रहेका उत्पादनहरूको पहिचान गर्नु विशेष जरुरी छ । तथापि वास्तविक रूपमा मुनाफा प्राप्त गर्नका लागि नेपालले फार्म/फर्म र बजार बीचको कमजोर यातायात सम्बन्धलाई पुनर्सरंचना गर्न आवश्यक छ भने उत्पादनको लागत घटाउने र उन्नत तर उपयुक्त प्रविधि प्राप्त गर्ने अनि उपयोग गर्ने सम्बन्धमा पनि ध्यान दिन आवश्यक छ । यदि हामी बृहत आर्थिक विकासलाई प्रवर्द्धन गर्न सकारात्मक बहुआयामिक प्रभावहरू सृजना गर्ने लक्ष्य लिदैछौं भने नेपाल सरकारको सहुलियत दिने नीतिलाई गरीब क्षेत्र र वर्गतर्फ स्थानान्तरण गर्नै पर्दछ ।

### २.५.२ व्यापार, आयात र निर्यात

नेपालको समग्र अन्तर्राष्ट्रिय व्यापारले निर्यातभन्दा आयात चाँडो बढ्ने कारणबाट व्यापार घाटा व्यहोरिरहेकोछ ( चित्र २.४) । तथापि मुख्य रूपमा भारतसँग सीमित रहेको व्यापारमा विविधता बढ्दो क्रममा रहेको छ । भारतसँगको व्यापारको अंश सन् १९७० मा सम्पूर्ण व्यापारको ६० प्रतिशत रहेको थियो भने १९९० को दशकमा आइपुग्दा यो घटेर २० प्रतिशतमा झरेको छ । जेहोस् आयात निर्यात प्रवृत्तिले भारतसँगको व्यापार घाटा निरन्तर रूपमा बढ्दै गएको देखाउँदछ । सन् १९७४-१९७५ मा भारतसँगको निर्यात आयात अनुपात १:२ रहेको थियो । सन् १९८४-१९८५ मा यो अनुपात १:३ मा पुग्यो र १९९४-१९९५ मा यो अनुपात बढेर झण्डै १:४ पुगेको थियो (शर्मा, २०००) । त्यसैगरी नेपालको चीनसँग पनि व्यापार घाटा बढिरहेको छ । त्यसैले मूल रूपमा आफ्ना भीमकाय छिमेकीहरूसँगको बढ्दो व्यापार घाटासँग मुकाविला गर्ने गरी नेपालको भावी योजना बनाउँने चुनौती रहेको छ ।

**चित्र २.४: नेपालको निर्यात र आयात स्थिति**




स्रोत: विश्व ब्याङ्क (२००४)

## २.६ वास्तविक कारणहरूको खोजी: मूल अन्तरसम्बन्धित सवालहरू

नेपालको अर्थ-राजनीति विभिन्न संरचनाहरू र गतिशिलताहरूबाट उत्पन्न जटिलताले भरिएको छ। छुट्याउनै नसकिने गरी विश्व अर्थतन्त्रको एक अङ्ग र निश्चित राज्यहरूको विकसित पुँजीवादको प्रभुत्वमा रहेको नेपाललाई आन्तरिक रूपमा उत्पादनका विविधता र प्रकार, आदानप्रदान र खपत, विभिन्न अर्थ-वातावरणीय आर्थिक क्षेत्रहरू, फरक-फरक आकारका वस्तीहरू र विभिन्न जनजाति र जातीय समूहबाट आन्तरिक रूपमा परिचित छ। त्यसैले विकासका आर्थिक नमूनाहरू पर्याप्त विश्लेषण, खासगरी उनीहरूले सामाजिक र सैद्धान्तिक परिधि र परिवेशलाई नसमेट्ने कारणबाट ज्यादै क्षेत्रगत र सीमित तत्वहरूमा केन्द्रित भएको देखिन्छ।

अठारौं शताव्दीको उत्तरार्द्धतिर आधुनिक नेपालको स्थापना भएपछि नेपालका शाषकहरूले आफूभन्दा तल तहगत संरचनाको स्थापना गर्ने र त्यसलाई बलियो बनाउने काम गरे। यस एकीकरणको प्रक्रियामाथि आर्थिक, सामाजिक, राजनीतिक र सांस्कृतिक आधारमा भर्खरै प्रश्न खडा गरिएको छ। उदाहरणका लागि पृथ्वीनारायण शाहको दिव्योपदेशले वास्तविक रूपमा दरवारियाहरूलाई मात्र समेटेको छ। शाह (१९८२) का अनुसार पञ्चायतीशासनकालमा राजदरबारसँग विशेष सम्बन्ध भएका मात्र १७ जना शक्तिशाली मानिसहरूले यस देशमा शासन गरे। ती शासन गर्ने संभ्रान्तहरू लगभग सधैँजसो निश्चित जात र जातिबाट आएका छन्। नेवारहरू र तराईका जनतालाई नेपाली सैनिकमा भर्ना हुनबाट बञ्चित गरियो। नेपालमा कमैया र छुवाछूत जस्ता प्रथाहरू लामो समयदेखि प्रचलित रहिर्यो।

**बक्स २.१: नेपालका केही सामाजिक आर्थिक सवालहरू**

<table>
<tr><td>क)</td><td>सम्पत्ति माथिको असमान पहुँच । उदाहरण ४१ लाख परिवारहरूमध्ये झण्डै १० लाखसँग जग्गा जमिन छैन ।</td></tr>
<tr><td>ख)</td><td>बजारमा असमान सहभागिता । शहरका संभ्रान्तहरू मात्र बजारमा सहभागी हुने गर्दछन् र बहुसंख्यक जनता बजार र आदान-प्रदानको फाइदाबाट बञ्चित छन् ।</td></tr>
<tr><td>ग)</td><td>मानव विकासमा असमान पहुँच । काठमाडौं अथवा केही मुख्य शहरहरूका मानिसहरूसँग मात्र मानव विकाससम्म पहुँच रहेको छ । उदाहरणका लागि काठमाडौंमा एउटा बच्चाका लागि मासिक रु. १५ हजार र सामाजिक स्तरका आधारमा अझ बढी पनि शुल्क तिर्न सक्ने बाबु-आमा भेटिन्छन् ।</td></tr>
<tr><td>घ)</td><td>अन्यायपूर्ण र असक्षम शासन । हामीले औपचारिक रूपमा समानता पाएका छौं, तर व्यवहारमा मानव विकास, सम्पत्तिको स्वामित्व, बजारसँगको सम्पर्कमा ठोस समानता पाएका छैनौं । राजनीतिक पद्धतिले यी समानताका कुराहरू उपलब्ध गराएन ।</td></tr>
</table>

स्रोत: डा. प्रकाशचन्द्र लोहनी (राजपा)का भनाईहरूमा आधारित

यसैगरी नेपालको क्षेत्रीय संरचनाभित्रको अर्थ-राजनीतिमा आर्थिक रूपले सबल क्षेत्रहरूमा परम्परागत व्यापारिक, नोकरशाही र औद्योगिक पुँजीको केन्द्रीकरणले गर्दा व्यापक गाउँवस्तीलाई भने दीर्घरोगी बनाइदिएको छ (भट्टराई, २००३) । तराईको औलो उन्मूलनबाट वातावरणीय हिसाबले क्षेत्रगत आयाममा प्रभाव पारेको छ (गुरुङ्ग) । सन् १९५० बाट भारतमा सीमावर्ती क्षेत्रहरू रेलमार्गबाट जोडिंदा नेपालका विकास केन्द्रहरू पहिलेको उत्तर र दक्षिणका बीच रहेको समिकरणलाई तोड्दै दक्षिणतर्फ स्थानान्तरण भए । यसले पहुँच बाहिरका पहाड र हिमाली भागहरूभन्दा तराईलाई प्रभावशाली व्यापारिक केन्द्रका रूपमा स्थापित गऱ्यो । यद्यपि एक भागबाट अर्को भागमा पुग्न कठिनाई हुने भएकाले पूर्व र पश्चिम बीचको व्यापार संचालन न्यून रऱ्यो । पहाडी र हिमाली क्षेत्र आयातित सामग्रीको ठूलो बजार क्षेत्र बन्न पुग्यो । आर्थिक प्रक्रियाले पुँजीको प्रवाहलाई मन्द गराउँदा क्षेत्रहरू बीचको खाडल झन् बढ्न गयो । यी सबै प्रक्रियाले ग्रामीण अर्थतन्त्रलाई "परिवर्तन गर्ने वा संचालन" गर्नेभन्दा पनि "परिवर्तनबाट प्राप्त गर्ने" अवस्थामा धकेलिदिएको छ र यसले अझबढी परनिर्भरता बढाइदिएको छ । सुविधाबाट बञ्चित क्षेत्रका जनताहरूसँग भारत र अन्यन्त्र मौसमी अथवा अस्थायी कामदार बन्ने बाहेक थोरै मात्र विकल्पहरू रहेकाछन् ।

### २.६.१ सामाजिक असमावेशीकरण

सामाजिक समावेशीकरणको सवालमा तलका बुँदाहरूमा छलफल गरिनेछ:

**जाति र जनजातिको शासन:** तथाकथित माथिल्लो जात (पहाड) र नेवार (काठमाण्डौ उपत्यका) समुदायले नेपालका बाँकी जनसङ्ख्याको तुलनामा दुईवटा तत्वबाट सरकारी क्षेत्रमा बढी नै प्रतिनिधित्व गरेका छन् । जनसङ्ख्याको १२ प्रतिशतको प्रतिनिधित्व गर्ने भएपनि केवल ०.३ प्रतिशत सरकारी पदहरू दलितहरूले ओगटेका छन् भने जनजातिको हकमा उनीहरू जनसङ्ख्याको ३६ प्रतिशत रहेको भएपनि हाल केवल ७.१ प्रतिशत सरकारी पदहरू उनीहरूले लिएका छन् । सरकारी सेवामा यी विभेदहरूले न्यून प्रतिनिधित्व रहेका समूहहरूका लागि आरक्षणको नीतिमाथि विचार गर्न बढ्दो रूपमा माग उठिरहेको छ । तथापि आर्थिक हैसियतको तुलनामा जाति, क्षेत्र र लैंगिकताका आधारमा तथ्यहरू र सूचकहरूलाई सूक्ष्म रूपमा हेर्न जरुरी छ ।

**सांस्कृतिक र भाषिक असमावेशीकरण:** नेपालको सांस्कृतिक र भाषिक विविधताको आलोकमा समावेशीकरणका लागि "एकै भाँडोमा हाल्ने" अवधारणा व्यवहारिक तरिका होइन । यसो भनिरहँदा मानिसहरूसँग आफ्ना फरक सांस्कृतिक संरचनाहरू अरूको आधारभूत मानवअधिकारलाई हनन नगर्ने हदसम्म अभिव्यक्त गर्ने अधिकार रहेको छ भन्ने पनि हो ।

नेपालमा तथाकथित "छुवाछूत प्रथा" कायम रहिरहेको छ र यसले दलितहरूलाई देशको सबैभन्दा बढी बञ्चित समूहको रूपमा पाखा पारेको छ। यसका साथै सांस्कृतिक र भाषिक असमावेशीकरणको अर्को उदाहरण मधेशी जनताहरू हुन्।

**लैंगिक असमावेशीकरणः** सन् २००६ को मध्यमा संसदमा महिलाहरूले ६.७ प्रतिशत ओगटेका छन्, जसमा प्रतिनिधि सभामा ५.९ प्रतिशत र राष्ट्रिय सभामा १६.७ प्रतिशत रहेको छ। आर्थिक रूपले महिलाहरूलाई औपचारिक क्षेत्रमा सहभागी हुनबाट बञ्चित गरिएको छ र ४९ प्रतिशतले मात्र काम गर्दछन्। यसका साथै बयस्क महिलाहरूको साक्षरता प्रतिशत कुल महिला जनसङ्ख्याको ३४.९ प्रतिशत रहेको छ, जो बयस्क पुरुषको साक्षरता प्रतिशतभन्दा उल्लेख्य रूपमा तल रहेको छ।

कानुन अन्तरगत समान व्यवहारले राज्यले प्रत्याभूत गरेका संपूर्ण अधिकारहरूको प्रयोग र अभ्यासका लागि विना लिंगीय भेदभाव समान व्यवहारको आधार निर्माण गर्दछ। तथापि महिला भेदभाव, सामाजिक र सांस्कृतिक संरचनाहरू, मूल्य र मान्यताहरूमा जरा गाडेर बसेको व्यवहारहरूमा मात्र नभएर राज्यले लागू गरेका कानुनहरूमा समेत यस्तो विभेद कायम छ। महिला, कानुन तथा विकास मञ्चले गरेको एउटा अध्ययन "नेपालमा विभेदकारी कानुनहरू र तिनीहरूको महिलामाथि प्रभाव, २००६" ले संविधान र मुलुकी ऐन लगायत विभिन्न ८३ वटा ऐनहरू तथा नियमावलीहरूमा १७३ वटा विभेदकारी कानुनी व्यवस्थाहरूको पहिचान गरेको छ। विभेदका मुख्य क्षेत्रहरूमा सम्पत्तिमाथिको अधिकार, विवाह र परिवार, राष्ट्रियता, न्यायिक र अदालती प्रक्रियाहरू, बेचबिखन र यौनदुर्व्यवहार, रोजगारी र शिक्षासँग सम्बन्धित विषयहरू रहेका छन्। लैंगिक समानतासम्बन्धी विधेयकमार्फत् हालैका वर्षहरूमा विभिन्न कानुनी प्रावधानहरूमध्ये करिब ५६ वटामा सुधार गरिएको छ, तर अझ पनि महिलाहरूलाई प्रत्यक्ष विभेद गर्ने ११७ वटा कानुनी प्रावधानहरू कायम नै छन्।

### तालिका २.४: राष्ट्रिय स्तरको राजनीतिमा महिलाहरूको प्रतिनिधित्व

| वर्ष | प्रतिनिधि सभा (संसद) | | | राष्ट्रिय सभा | | |
|---|---|---|---|---|---|---|
| | महिला सांसदहरू | कुल सांसदहरू | महिला प्रतिशत | महिला सांसदहरू | कुल सांसदहरू | महिला प्रतिशत |
| १९९१ | ७ | २०५ | ३.४१ | ३ | ६० | ५ |
| १९९४ | ७ | २०५ | ३.४१ | ५ | ६० | ८.३ |
| २००० | १२ | २०५ | ५.८५ | ९ | ६० | १५ |

स्रोतः निजामती किताब खाना, (*MOGA,*२००४)

नेपालमा सन् १९९० सम्म राजनीतिक प्रणाली बन्द प्रायः थियो भने महिलाहरूको राजनीतिक सहभागिता अत्यन्त सीमित थियो। सन् १९९० को जनआन्दोलन-१ पछाडि संसदीय प्रजातन्त्रको पुनर्स्थापना गरियो र नयाँ सम्बिधान जारी गरियो। नयाँ संविधानले प्रत्येक राजनीतिक दलबाट प्रतिनिधिसभाका निम्ति कम्तिमा पनि ५ प्रतिशत महिला उमेदवारहरू हुनुपर्ने र राष्ट्रिय सभाका लागि ३ जनाको मनोनयन हुनुपर्ने व्यवस्था गरेको छ। १९९७ को स्थानीय शासन ऐनले स्थानीय तहको राजनीतिमा २० प्रतिशत महिलाहरूको सुनिश्चिता हुनुपर्ने व्यवस्था गरेको छ तर वास्तविकता यी कानुनी व्यवस्थाहरूमा अडिएको छैन (तालिका २.५)।

### तालिका २.५: स्थानीय तहको राजनीतिमा महिलाहरूको प्रतिनिधित्व

| स्थानीय सरकार निकायहरू | कुल प्रतिनिधिहरू | महिला प्रतिनिधिहरू | महिला प्रतिनिधिहरूको प्रतिशत |
|---|---|---|---|
| जिल्ला सभाहरू | १0,000 | १५० | १.५ |
| जिल्ला विकास समितिहरू | १,११७ | ७० | ६.७ |
| नगरपालिकाहरू | ४,१४६ | ८०६ | १९.५ |
| गाउँ विकास समितिहरू | ५०,८५७ | ३,९१३ | ७.७ |
| गाउँ सभाहरू | १,८३,८६५ | ३,९१३ | २.१ |
| वडा समितिहरू | १,७६,०३१ | ३५,२०८ | २० |

स्रोतः निजामती किताब खाना, (*MOGA, 2004)*

त्यसैगरी रोजगारी र कर्मचारीतन्त्रको निर्णय प्रक्रियाको प्रवेशद्वारका रूपमा रहेको निजामती सेवाले सामान्यतया लैंगिक संवेदनशील वातावरण उपलब्ध गराउँदैन । अधिकांश स्थितिमा नेपालको कर्मचारीतन्त्रमा महिलाहरूको आवाज सुनिँदैन र उनीहरूको स्वार्थहरूको प्रतिनिधित्व हुँदैन । निजामती सेवाका १०,८५६ स्थानहरूमा महिलाहरूको प्रतिनिधित्व नगन्य रहेको छ, उनीहरूको ४.६३ प्रतिशत मात्र प्रतिनिधित्व छ, जबकि विशिष्ट श्रेणीका ५८ पदहरूमा तीन (३.५२ प्रतिशत) मात्र महिला प्रतिनिधि छन् (तालिका २.६) ।

**तालिका २.६: नेपालको निजामती सेवामा महिलाहरूको संख्या र अनुपात** (१९९८/९९)

| स्थान | कुल स्थान | महिला कर्मचारीको संख्या | | | |
|---|---|---|---|---|---|
| | | प्रशासनिक सेवाहरू | गैर प्रशासनिक सेवाहरू | जम्मा | प्रतिशत |
| विशिष्ट श्रेणी | ८५ | १ | २ | ३ | ३.५२ |
| प्रथम श्रेणी | ६३३ | ५ | २० | २५ | ४.१ |
| द्वितीय श्रेणी | २,७१९ | २० | ६६ | ८६ | ३.३६ |
| तृतीय श्रेणी | ७,४१८ | ३२ | ३५७ | ३८९ | ५.२४ |
| जम्मा | १०,८५६ | ५८ | ४४५ | ५०३ | ४.६३ |

स्रोतः निजामती किताब खाना, (*MOGA, 2004)*

### २.६.२ क्षेत्रीय विभेद

विकासको शैली र नेपालका पहिलेका विकास योजनाहरू दुवैले प्रमुख तथा बढ्दो क्षेत्रीय विभेदलाई जन्माउने र हुर्काउने काम गरे । स्रोत विकासमा यसले गम्भीर असर पाऱ्यो । सडक र बिजुली जस्ता आधारभूत पूर्वाधारको अभावमा पहाडी/हिमाली भेगको विकासमा ठूलो बाधा पाऱ्यो । तुलनात्मक रूपमा पूर्वाधार विकासको अभावको परिस्थिति र उनीहरूको आफ्नै स्रोत विकास र तुलनात्मक फाइदाका निम्ति उपयुक्त सहयोगको अभावमा यी क्षेत्रहरू सम्भव हुन सक्ने जति विकासको स्तरमा पुग्न सकेनन् । यस कुराले पहाड र तराई क्षेत्र दुवैलाई समेट्दछ । केही क्षेत्रका ज्यादै उत्पानशील कृषि, निर्माण तथा व्यापारमा केन्द्रित हुनाले पनि थप विभेद सृजना हुन गयो ।

सुदूर-पश्चिमाञ्चल र मध्य-पश्चिमाञ्चलका पहाडी र हिमाली क्षेत्रको मानवविकासको स्तर, प्रतिव्यक्ति आय र कुल ग्राहस्थ उत्पादन न्यून रहेको छ, तर तुलनात्मक रूपमा काठमाडौं उपत्यका, पश्चिमी पहाड र पूर्वी पहाडका केही क्षेत्रहरू र मध्य तथा पूर्वी तराईमा उच्च रहेको छ[7] । मध्य तराईको प्रतिव्यत्ति कुल ग्राहस्थ उत्पादन राम्रै भएता पनि केही जिल्लाहरूको मानवविकास सूचकाङ्कको स्तर न्यून रहेको छ । प्रतिव्यक्ति कुल ग्राहस्थ उत्पादन औसत रहेको भएतापनि पूर्वी पहाड तथा हिमाली क्षेत्रको मानवविकास सूची दर राम्रै देखिएको छ ।

विभिन्न विकास सूचकहरूका एकीकृत सूचीहरू (ICIMOD, 2003) का अनुसार विभिन्न आर्थिक क्षेत्रहरूमा कम विकसित जिल्लाहरूको वितरणबाट पनि क्षेत्रीय विभेदका स्पष्ट प्रमाणहरू देखिएका छन् । २५ वटा ज्यादै कम विकसित जिल्लाहरूमा १६ जिल्लाहरू सुदूर-पश्चिमाञ्चल र मध्य-पश्चिमाञ्चल विकास क्षेत्रहरूका पहाडी र हिमाली क्षेत्रहरूमा पर्दछन् (तालिका २.७) ।

कर्णाली क्षेत्र आफैंमा क्षेत्रीय विकासमा गहिरो विभेदको थप प्रमाण भएको छ । प्रत्येक वर्ष सञ्चार माध्यमहरूले कर्णाली क्षेत्रमा अनिकाल परेको र सरुवा रोगहरू लागेको सूचनाहरू प्रवाह गर्दछन् । मोटर बाटोले नजोडिएको यो मात्र नेपालको एउटा अञ्चल हो । यसैले कर्णालीमा मध्यम र ठूला स्तरका उद्योग नहुनु कुनै अनौठो कुरा होइन । औसत मानवविकास सूची ०.३५ भन्दा तल रहेको जबकि, नेपालको औसत सूची ०.४७ रहेको छ । कर्णाली अञ्चलमा पर्ने जिल्लाहरूको साक्षरता प्रतिशत यसप्रकार रहेको छः डोल्पा - २५.८ प्रतिशत, जुम्ला - २६.३ प्रतिशत, हुम्ला - २०.९ प्रतिशत, मुगु - ३४.१ प्रतिशत र कालिकोट - २०.५ प्रतिशत । महिला साक्षरता दर सबै जिल्लाहरूमा १२.८ प्रतिशतभन्दा कम रहेको छ (KIRDARC, 2002) । विशिष्ट इतिहास र विशेषताः बोकेको कर्णाली क्षेत्र जस्तै पछाडि परेका क्षेत्रहरूको विकास सम्भावनामाथि विशेष ध्यान दिन जरुरी भएको छ । प्रायसः

[7] काठमाडौं उपत्यकाको नजिक रहेका कारण, मध्य पहाडको अवस्था राम्रो भएको हो ।

काठमाडौं र नेपालका शक्ति केन्द्रहरूबाट टाढा रहेका क्षेत्रहरू सीमान्तीकृत गरिएका र "अल्पविकसित" रहेका छन् । उदाहरणका लागि कर्णाली प्रदेशसँग पर्याप्त प्राकृतिक स्रोतहरू र कृषि व्यावसायका लागि उल्लेख्य सम्भावना रहेको छ, जसले विगतमा यस क्षेत्रको दिगो जीवनयापन, सांस्कृतिक र राजनीतिक जीवनका लागि आधार उपलब्ध गराएको थियो ।

**तालिका २.७: पारिस्थितिकीय-विकास क्षेत्रका आधारमा अतिकम विकसित जिल्लाहरूको वितरण**

(कोष्ठभित्र जिल्लाहरूको कुल संख्या)

| भौगोलिक क्षेत्र | पूर्वी | मध्य | पश्चिम | मध्य-पश्चिम | सुदूर-पश्चिम | जम्मा |
|---|---|---|---|---|---|---|
| तराई | १(५) | ५(७) | १(३) | ०(३) | ०(२) | ७(२०) |
| पहाडी | ०(८) | १(९) | ०(११) | ४(७) | ४(४) | ९(३९) |
| हिमाली | ०(३) | १(३) | ०(२) | ५(५) | ३(३) | ९(१६) |
| जम्मा | १(१६) | ७(१९) | १(१६) | ९(१५) | ७(९) | २५(७५) |

स्रोतः *ICIMOD/CBS/SNV (2003)*

## २.७ असहमतिहरूबारे

माथि पहिचान गरिएका अधिकांश मुद्दाहरू ऐतिहासिक र नेपाली समाजको सामाजिक संरचनाभित्र गहिरोगरी जेलिएर रहेका छन् । कृषि र कृषि सुधार, प्राकृतिक स्रोतहरू, पूर्वाधार तथा सेवाहरू विकास र व्यापारसँग सम्बन्धित सवालहरूले नेपालको जनसङ्ख्याको सम्पूर्ण तप्कामा फरक-फरक असर गरेको छ । सेवा, स्रोत र अवसरको समतामूलक पहुँचबाट बञ्चित भएकाहरू हालमा बोल्न सक्ने र आफ्ना गुनासाहरूलाई अभिव्यक्त गर्न सक्षम भएका छन् ।

सन् १९९० पछाडिको अवधिमा स्वतन्त्र सञ्चार माध्यम र नागरिक समाजको विकासले बनेको सहज वातवरणभित्र आम रूपमा जनताहरू र विशेष रूपमा विकास, राजनीति, अर्थतन्त्र र सामाजिक क्षेत्रमा सुविधाविहीनले आफ्ना असन्तुष्टि पोख्ने विभिन्न माध्यमहरूको उपयोग गरे । तिनीहरूमध्ये मुख्य रूपमा १९९६ देखि नेकपा (माओवादी) ले संचालन गरेको सशस्त्र विद्रोह रहेको छ, जो २००६ को मध्यबाट बृहत शान्तिपूर्ण बाटोतर्फ आफैं रुपान्तरित हुन थालेको छ । भूमिमाथिको पहुँच, मातृभाषाको परिचय, राज्यको पुनर्संरचना, जनजाति तथा मधेशी जस्ता विविध समूहहरूको पहिचानको खोजी जस्ता कुराका लागि लगातार आन्दोलनहरू भैरहेका छन् । यी आन्दोलनहरूमध्ये केहीले शान्तिपूर्ण प्रजातान्त्रिक तरिका अपनाएका छन् भने अन्यले एक वा अर्को तरिकाले हिंसा र आतङ्कको साहारा लिएका छन् ।

विशेषतः १९९० पछिको यस अवधिमा नेपालको सारा इतिहास, राजनीति, अर्थतन्त्र तथा समाज र विभिन्न नीतिहरूको समरूपीकरण, अन्याय, शोषण, असमावेशीकरण र विभिन्न समूहहरूलाई किनारा लगाउन प्रोत्साहन गरेको भन्दै आलोचना भएको छ । जबसम्म नेपालले ती समस्याहरू उत्पन्न गर्ने गहिरो र संरचनागत कारणहरूलाई सम्बोधन गर्दैन, बलियो, एकीकृत, समृद्ध र प्रजातान्त्रिक नेपाल व्यवहारमा हुन सक्तैन भन्ने कुरा अझ स्पष्टसँग बाहिर आइरहेको छ । यो पहिलेबाट नै सुविधाविहीनतामा रहेकाहरूको स्वार्थमा मात्र होइन सम्पूर्ण नेपालको जनसङ्ख्याको स्वार्थका लागि पनि हो ।

## २.८ सारांश

यस अध्यायभन्दा अगाडिका भागहरूले नेपालले सामना गरेका केही महत्वपूर्ण विकास चुनौतीहरूलाई इङ्गित गरेका थिए । विभिन्न प्रकारका कमजोरीहरू, अन्याय, असमावेशीकरण र पाखा पार्ने लगायत पहिचान गरिएका समस्याहरू अहिले सतहमा ल्याइएका छन् र खुला बहसको विषय बनेका छन् । यस अध्यायमा नेपालले सामना गरेका संवेदनशील विकासका सवालहरूलाई उजागर गरिएको छ र कसरी गम्भीर चिन्तनले नेपालको भविष्यको विकासलाई साखपूर्ण गराउन मद्दत गर्न सक्तछ भन्ने विषयमा छलफल गरिएको छ । चुनौतीहरूमध्ये सबैभन्दा बढी ध्यान दिनुपर्ने कुरामा कृषि, भू-स्वामित्व, प्राकृतिक स्रोत व्यवस्थापन, सेवा र पूर्वाधारको सुधार एवं

पुनर्संरचनालाई गति दिनु रहेका छन्। तथापि यिनीहरूलाई अझ वृहत् रूपमा विचार गर्नु यस दस्तावेजको दायराभन्दा बाहिर पर्दछ।

यस अध्यायले विश्व व्यापार संगठनलाई स्वीकृति दिंदा नेपालमा पर्न सक्ने प्रभावहरू र यससँग गाँसिएर आउने चुनौतीहरू र अवसरहरूको पनि आवश्यक ख्याल गर्न जोड दिएकोछ। गरिबीको निरन्तरता र आम अल्पविकासका कुराहरू प्रारम्भिक रूपमा सामाजिक असमावेशीकरण र विभेद जस्ता विविध पक्षहरूसँग गाँसिएको तर्फ पनि यस अध्यायले संकेत गरेको छ। सामाजिक असटमावेशीकरण र विभेद जस्ता कुराहरू नेपाल राज्य र समाजका विशिष्ट ऐतिहासिक योजनाकारहरू भित्र बाँचिरहेका र जन्मिरहेका छन्। तब देशभित्र र वा ऽय संसार दुवैभित्र संरचनागत कारणहरू, असन्तुष्टिका स्रोतहरू र अवसरहरूको खोजी जस्ता कुरामा पुनर्विचार गर्न आवश्यक छ। यसले राजनीतिज्ञहरू, नीति निर्माताहरू र विकास समुदाय लगायत आम जनतालाई गहिराईसम्म उनीहरूलाई सम्बोधन गर्न सक्ने विकास नीतिहरू तथा रणनीतिहरू तर्जुमा गर्ने कार्यमा योगदान दिने अवसर प्रदान गर्दछ।

यस अवसरलाई उपयोग गर्दै, सावधानीपूर्ण, प्रजातान्त्रिक र समावेशी प्रक्रिया, जहाँ सरोकारवालाहरूले नेपालको भावी विकास नीतिहरू र रणनीतिहरूलाई आकार दिन र प्राथमिकीकरण गर्न सक्दछन्, को आवश्यकता पर्दछ। यो सम्मेलन, जसमा यो दस्तावेज आधारित रहेको छ, को आशय यस प्रक्रियालाई आरम्भ गर्ने भन्ने पनि रहेको छ। यसपछिको अध्यायले नेपालको विकासलाई राजनीतिक म द्दाहरूमा सबैभन्दा माथि रहेका सवालहरू र भावी विकास रणनीतिहरूले अबलम्बन गर्नुपर्ने विषयवस्तुको श्रृङ्खलाहरूको दृष्टिकोणबाट पुनर्परिभाषित गर्ने प्रक्रियासम्बन्धी छलफललाई समेट्ने छ।

# बदलिएको सन्दर्भमा नेपालको विकास अवधारणामाथि पुनर्विचार

अघिल्ला अध्यायहरूमा नेपालमा विकासको अवस्थाका मुख्य विशेषताहरूका बारेमा छलफल गरियो र नेपालमा बदलिंदो राजनीतिक परिप्रेक्ष्यमा विकासका नयाँ रणनीतिहरूको विकास गर्नका लागि ताजा सुरुआत गर्न आवश्यक भएको कुरातर्फ दृष्टि दिइयो ।

नयाँ नेपालको विकास रणनीतिसम्बन्धी राष्ट्रिय सम्मेलन मा प्रस्तुत गरिएका प्रस्तुतिहरू र छलफलहरूलाई ध्यानमा राख्दै, यो अध्यायले भविष्यमा कुनै विश्वसनीय विकास रणनीतिहरूको अधारशीला हुने गरी मुख्य पक्षहरूलाई प्रकाशमा ल्याएको छ । यस अध्यायका पछिल्ला भागहरू नेपालको लागि भावी विकास नीति तथा रणनीतिको खाका निर्माणको प्रक्रियासँगै सुरु हुन्छन् र त्यसपछि भावी विकास रणनीतिले अपनाउनु पर्ने मूल विषयतर्फ लाग्दछन् । यसले नयाँ पद्धतिमा नेपालको विकास अवधारणा बनाउनका लागि आवश्यक विकासका केही पक्षहरूका प्राथमिकताहरूलाई पनि प्रष्ट्याउने छ ।

## ३.१ नयाँ नेपालको लागि विकास रणनीतिहरू निर्माणको प्रक्रिया

यस अघि संकेत गरिए जस्तै यस दस्तावेजमा सम्मेलनको दौरानमा नयाँ नेपालको विकास रणनीतिहरूसम्बन्धी भएका छलफलहरूलाई उल्लेख गर्न खोजिएको छ ।

सम्मेलनमा सूचित गरिए जस्तै, नेपाली समाजको ठूलो अन्तर-हिस्साभित्र प्रशस्त अफ्ठ्याराहरू विद्यमान छन् । जहाँ विकासको सवाल देशभित्रका वा बाहिरका विज्ञहरू र संस्थाहरूको खास समूहले आफ्नो स्वार्थपूर्तिका लागि मुठ्ठीमा लिएका र निर्देशित गरेका थिए । नेपालमा व्यापक जातीय, सांस्कृतिक, क्षेत्रीय र वर्गीय विविधताको अवस्था हुँदाहुँदै प्रचलित व्यवहारले विकास नीति, कार्यक्रम र परियोजनाहरूलाई "आयात" गर्ने र एकरुपीकरण गर्न सहयोग पुऱ्याउने काम गरिरहेको कुरालाई पहिचान गरेको छ । विकासका समस्याहरूलाई बुझ्ने, यसभित्रका सूक्ष्मतालाई कदर गर्ने र प्राथमिकताको निर्धारण गर्न, कार्यक्रम र परियोजना सिफारिस गर्ने कुरामा यसप्रकारको विविधतालाई नजरअन्दाज गर्नु परम्परागत सोंचमा रहेको आधारभूत कमजोरी थियो । तसर्थ नेपालमा विकास योजनाको कार्य प्रणालीमा आमूल परिवर्तनको आवश्यकता रहेको छ, खासगरी यसलाई आम रूपमा नेपालीको स्वामित्व भएको, पारदर्शी र लोकतान्त्रिक प्रक्रियाबाट निर्धारित प्राथमिकताप्रति जवाफदेही र नेपाली जनताका विविध जातीय, क्षेत्रीय र सांस्कृतिक आवश्यकताहरूलाई परिपूर्ति र सम्बोधन गर्ने राष्ट्रिय सरोकारको रूपमा स्थापित गर्नु पर्दछ ।

नेपालको भावी विकास नीति तथा रणनीतिहरू लोकतान्त्रिक, पारदर्शी र समावेशी प्रक्रियाबाट विकसित गरिनु पर्दछ । सम्मेलनमा, विज्ञहरू तथा सहभागीहरूले के कुरा उठाएका थिए भने, विगतका विकास प्रयासहरू असल समाज कसरी बन्दछ भन्ने विषयमा पूर्वीय धार्मिक तथा आध्यात्मिक मतहरूलाई कदर गर्नुभन्दा पश्चिमी धारणाबाट ग्रसित रहेका थिए । यसमा बौद्ध दर्शनमा निहित दुःखबाट मुक्ति, आफ्नो स्वामित्व ("आफ्नो नाथ आफै हो") जस्ता मूल्यहरू, जसमा अधिकार र स्वतन्त्रताको विचार समाविष्ट रहेको छ र परोपकार तथा प्रकृतिसँगको गहिरो सम्बन्ध र त्यसप्रति आदर जस्ता कुराहरू संलग्न छन् । समावेशी र "आफ्नो" विकासको प्रादुर्भाव यसप्रकारका आध्यात्मिक र लौकिक मूल्यहरूको पालनाबाट मात्र हुन सक्दछ ।

हालैका वर्षहरूमा जब नेपालमा आवधिक योजनाले क्षेत्रीय र जिल्ला तहमा नियमित परामर्शको प्रक्रिया अपनायो, र विकास निकायहरू (वैदेशिक र राष्ट्रिय, सरकारी र गैरसरकारी) ले योजना निर्माण तथा विकास योजना कार्यान्वयनमा सहभागीमूलक तरिका अपनाएको दावी गर्दछन् । तर विकास कार्यक्रमहरू छनौट, प्राथमिकता निर्धारण र त्यसको कार्यान्वयनमा जनताको "सहभागिता" केवल देखावटी हतकण्डाको रूपमा प्रयोग गरियो, यथार्थमा त्यो अपूर्ण थियो । हालैका वर्षहरूमा राष्ट्रिय, जिल्ला र गाउँ तहमा प्रजातान्त्रिक रूपमा निर्वाचित निकायहरूको अभावमा नीति, कार्यक्रम तथा परियोजनाहरूको विकास, तयारी, योजना र कार्यान्वयनको पारदर्शी

प्रक्रियामा स्थानीय र राष्ट्रिय सरकारको आवश्यक संलग्नतामा अवरोध उत्पन्न भएको छ । तर शाही निरङ्कुशता र चरम द्वन्द्वको अवधिभन्दा अघि पनि विकास योजना र कार्यान्वयन प्रक्रियामा जनताको संलग्नता जम्मामा अपूर्ण नै थियो ।

भावी विकास नीतिहरूको निर्माण गर्दा विकासलाई व्यापक र गहन परिप्रेक्ष्यमा पुनर्परिभाषित गर्न खुला छलफल, सकृय नागरिक संलग्नता र राजनीतिक संबादको जरुरत पर्दछ । यस प्रक्रियाकै एउटा पाइलाको रूपमा यो सम्मेलनको आयोजना गरिएको थियो । सम्मेलनमा नेपालका काठमाडौं स्थित "विकास समुदाय"का प्रतिनिधिहरू मात्र हैन, बरु मधेस, कर्णाली तथा हिमाली क्षेत्रबाट आएका राजनीतिक दलका प्रतिनिधिहरू, महिला अधिकारवादीहरू, दलित तथा जनजाति संगठनका प्रतिनिधिहरू, पश्चिम तराइका मुक्त कमैयाहरू, पत्रकारहरू, फरक क्षमताका व्यक्तिहरू, मानवअधिकारकर्मीहरू, फरक यौनिक पहिचानका व्यक्तिहरूको अधिकारका लागि कार्यरत व्यक्तिहरूका साथै भूमि, पानी, जंगलमाथिको अधिकारको सेरोफेरोमा आन्दोलनरत नागरिक समाजका कार्यकर्ताहरू समेतको सहभागिता रहेको थियो । सम्मेलनका कार्यक्रमहरू यसरी व्यवस्थित गरिएका थियो, जसले गर्दा यस दस्तावेजमा समेटिएका मुद्दाहरूसँग सम्बन्धित सहभागीहरू र विज्ञहरूको बीचमा संबाद स्थापित हुन सकोस् । साथै छलफलको माध्यमको रूपमा नेपाली भाषालाई प्रयोग गरिएको थियो । सम्मेलनको यो तरिकाप्रति विज्ञ तथा सहभागीहरूले उत्साहित हुँदै नयाँ र ताजा सन्दर्भमा नेपालका विकास समस्याहरूलाई बुझ्न यो सम्मेलनले अवसर प्रदान गरेको कुरालाई स्वीकार गरेका थिए । यसका साथै भविष्यमा मधेसी समुदायबाट प्रतिनिधित्व बढाइनु पर्ने कुरा पनि उठेका थिए ।

नेपालको विकास मुद्दाहरूलाई प्रस्तुत गर्न के कस्ता गहन र विस्तृत प्रक्रियाहरूको जरुरत पर्दछ, त्यसका लागि यो सम्मेलन थालनी मात्र भएको कुरा आयोजकहरूले बताएका थिए । सम्मेलनमा भएका छलफलहरू र त्यसबाट निस्केका निष्कर्षहरूलाई यो दस्तावेजमा एकसाथ समेटिएको छ र पुनः यसलाई विज्ञ तथा सहभागीहरूसमक्ष पठाइनेछ, जसले गर्दा उनीहरूले सम्बन्धित संस्था र समाजमा विकासका मुद्दाहरूलाई अगाडि बढाउन सक्नेछन् । के कुराको अपेक्षा गरिएको थियो भने यो सम्मेलनपश्चात् क्षेत्रीय र स्थानीय स्तरमा स-साना कार्यशालाहरू र "सम्मेलन"हरूको एउटा श्रृङ्खलाको थालनी हुनेछ, जसबाट यी सवालहरूमा विभिन्न पक्षबाट व्यापक छलफल हुनेछ र यसलाई विकसित गरिनेछ ।

## ३.२ नयाँ सन्दर्भमा विकास अवधारणामा परिवर्तन

विज्ञहरूका साथै सम्मेलनका अन्य सहभागीहरूले के कुरामा जोड दिए भने, नेपालको बदलिदो परिस्थितिमा परियोजनाको रूपमा विकास अवधारणामा परिवर्तन गरिनु पर्दछ । सम्मेलनमा उठेका मुख्य बुँदाहरू निम्नअनुसार रहेका छन्:

**सामाजिक न्यायः** "नयाँ" नेपालमा विकासलाई सामाजिक न्यायको सिद्धान्तको सेरोफेरोमा हेरिनु पर्दछ । यसले मानव गरिमाको अभिभाज्यताको प्रवर्द्धनका साथै अधिकार, स्रोत र अवसरमाथि समानताको सम्मान गर्नु पर्दछ । नेपालले विकास, समाज र अर्थतन्त्रमा लाभ र जिम्मेवारीको समुचित वितरणलाई सुनिश्चित गर्न संस्थागत विकास गर्नु पर्दछ ।

**मानव केन्द्रितः** विगतमा विकास क्षेत्रगत, बाह्य निर्देशित र भारी रूपमा भौतिकवादी रहन पुग्यो । यो मानव अनुहाररहित थियो र यसमा जनमुखी कार्यक्रमहरूको कमी रह्यो । तसर्थ नयाँ नेपालमा विकास मानिसहरूको लागि हो भन्ने मान्यताका आधारमा "मानव अनुहार सहितको विकास"को आवश्यकता रहेको छ । विकासका अनेक "क्षेत्रहरू" र निकायहरूलाई जनतासँगको सम्बन्ध सूत्रको रूपमा लिइनु पर्दछ, तिनीहरू स्वयंलाई केन्द्र भागमा स्थापित गर्ने होइन । तसर्थ विकाससम्बन्धी राज्यका नीतिहरू जनताका अहम मुद्दा, अवसर र सरोकारको केन्द्र भागमा रहनु पर्दछ । राज्यले जनताबाट अभिव्यक्त आवश्यकताहरू र मागहरूलाई सम्बोधन गर्नै पर्दछ । कुनैपनि विकास र पूर्वाधार कार्यक्रमहरूलाई स्वीकृत गर्नुपूर्व जनतालाई सोधिनु पर्दछ । मानव विकास र मानव सुरक्षाको अभावमा राष्ट्रिय विकास र राष्ट्रिय सुरक्षाको कुनै अर्थ रहँदैन ।

**विकास र राजनीतिको अन्तरसम्बन्धः** विकास एक राजनीतिक विषय हो भन्ने कुरा बुझ्न ज्यादै महत्वपूर्ण छ । विगतका विकास नीतिहरू राजनीतिबाट अलग गरिएका थिए, तर भावी विकास जारी राजनीतिक प्रक्रियाहरूसँग संबादमा रहनु पर्दछ र राजनीतिक दलहरू, सञ्चारमाध्यम, नागरिक समाज र आम रूपमा जनतासँग संलग्न रहनु पर्दछ । विकासका प्राथमिताहरूमाथि छलफल चलाइनु पर्दछ र यसको निर्क्यौल लोकतान्त्रिक, समावेशी

राजनीतिक मन्थनबाट गरिनु पर्दछ । विकासमा मन्त्रालयहरू र विदेशी निकायहरूको संलग्नता र हस्तक्षेपलाई, राष्ट्रिय, जिल्ला र स्थानीय तहमा नेपाली जनताबाट उनीहरूले चुनेका प्रतिनिधिहरूमार्फत् स्वीकृत गराइनु पर्दछ । विकासका प्राविधिक पक्षहरूको निर्माण र प्रयोग जनतालाई प्रदान गरिने सेवाको रूपमा गरिनु पर्दछ, चाहे त्यो सार्वजनिक/निजामती वा निजी क्षेत्रका सेवा प्रदायकबाट गरिएको होस् ।

**विकास अधिकार हो**: विगतमा विकासलाई शक्तिशाली समूहहरूले अभावमा रहेकाहरूलाई गरिने आपूर्तिको रूपमा लिइन्थ्यो । यसलाई असलमा दानको वस्तुको रूपमा बुझ्ने गरिन्थ्यो । तर भावी विकासले आफूद्वारा निर्धारण गरिएका प्राथमिकताको आधारमा जनताले विकासमा सक्रिय रूपमा संलग्न हुन पाउनु उनीहरूको अधिकार हो भन्ने सिद्धान्तलाई अनुशरण गर्नु पर्दछ । जनताहरू के चाहन्छन् भन्ने कुरा थाहा पाउन खोज्नु, मतभिन्नताहरूलाई लोकतान्त्रिक र समावेशी ढङ्गबाट कसरी सामाञ्जस्य स्थापित गर्न सकिन्छ भन्ने कुराको निर्णय गर्नु र उठाइएका प्राथमिकताहरूलाई सम्बोधन गर्नु सरकारको दायित्व हो ।

**नेपालको विविधता र विकासका नमूनाहरू**: सम्मेलनका सहभागीहरूले के कुरा उठाए भने, यसअघिका विकासका विश्वव्यापि नमूनाहरूलाई जस्ताको तस्तै आयात गरी नेपालमा विद्यमान भिन्न सन्दर्भलाई वेवास्ता गर्दै प्रयोग गरियो । सहभागीहरूबाट के कुरा पनि उठाइएको थियो भने, काठमाडौं केन्द्रित योजना अभ्यासले नेपालमा विद्यमान सामाजिक, सांस्कृतिक, आर्थिक र क्षेत्रीय विविधताहरूलाई ढाकछोप गर्ने काम गरेको थियो, यसैले यी दुवै कुरा अनुपयुक्त थियो र निःसन्देह रूपमा स्थानीय जनताबाट विकासलाई टाढा राखिएको थियो । तसर्थ नेपालको विशिष्ट अवस्थालाई ध्यानमा राख्दै नयाँ रणनीतिहरूको खोजी गर्नु जरुरी मात्र छैन कि, नेपालभित्रका विभिन्न संस्कृतिहरू, पहिचानहरू, भाषाहरू र स्थानीय आवश्यकताहरू अनि परिस्थितिहरूको बीचमा भएका सूक्ष्म भिन्नताहरूलाई समेत समायोजन गरिनु पर्दछ ।

**विकासका लागि अवसरहरूको निर्माण र विस्तार**: विगतमा विकास नीतिहरूले न त विकासका सम्भावनाहरू र अवसरहरूलाई बुझ्न सके न त तिनले ती सम्भावना र अवसरहरूको थप खोजी गर्न, विस्तार गर्न र त्यसबाट फाइदा उठाउन नै सके । नेपालको प्रचूर प्राकृतिक स्रोतहरू, विविध सांस्कृतिक संपदाहरू र हालसम्म हासिल उपलब्धीहरू तथा मानवीय स्रोतको विकास, संस्थाहरू, नागरिक समाज, सञ्चार र वित्तीय क्षेत्रलाई ध्यानमा राख्दा जनतामा निहित शक्ति र प्रतिबद्धताहरूमा प्रशस्त सम्भावनाहरू विद्यमान रहेका छन् । बढ्दो रूपमा भूमण्डलिकृत विश्वभित्र नेपालले आफ्ना सम्भावनाहरूको खोजी गर्दा कार्यमूखी, साधनसम्पन्न र बहिर्मूखी हुनु पर्दछ ।

**सोंचाइ र संस्कारमा परिवर्तन**: सम्मेलनमा दलित कार्यकर्ता दुर्गा सोबले के कुरा जोडदार रूपमा उठाइन् भने विकासमा मानिसको सोंचाई र संस्कारलाई परिवर्तन गर्ने सकारात्मक सोंचको समेत आवश्यकता पर्दछ । उदाहरणका लागि सडकमा पहुँच, विद्युत अथवा सुरक्षित खानेपानीको सुविधा आफैमा जातीय र सांस्कृतिक विभेदलाई अन्त्य गर्न पर्याप्त हुदैन । तसर्थ मानिसहरूमा साँचो अर्थमा अरुको मर्यादा, पहिचान र संस्कृतिलाई सम्मान गर्ने सांस्कृतिक गुणको विकास हुन जरुरी छ ।

## ३.३ विकासका लागि राज्यको पुनर्संरचना

संम्मेलनका विज्ञ र सहभागीहरूले नेपाल राज्यको पुनर्संरचनाको विषयलाई उल्लेख्य रूपमा ध्यान केन्द्रित गरेका थिए । विकास राजनीतिक मुद्दा हो र जबसम्म राजनीति "ठीकठाक" हुदैन, तबसम्म विकास ठिक ढङ्गले अगाडि बढ्न सक्दैन भन्ने कुरामा सबैमा मतैक्यता रह्यो । यस सन्दर्भमा, २०६२/६३ को जनआन्दोलन-२ को सफलतापछि विविध पहिचान, जात/जाति, फरक भौगोलिक क्षेत्रका जनताहरूको अपेक्षाहरूसँगै शान्ति, अनेकतामा एकता, विकास र लोकतन्त्रका लागि सहज परिस्थितिको निर्माण हुन्छ भन्ने आशामा राज्यको पुनर्संरचनाको अपेक्षालाई बढाएको छ । पहिचानहरू, संस्कृतिहरूका साथै जातीय समुदायहरू, अल्पसंख्यक समूहरू, मधेसीहरू, दलित समुदायहरू र कर्णाली प्रदेशका जनताहरूको आवाजलाई कुल्चिदै आएको कुरा प्रमाणित भैसकेको हुनाले नेपालको अति केन्द्रिकृत एकात्मक राज्य प्रणाली अस्वीकार्य भएको कुरामा भने सम्मेलनका सहभागीहरू र विज्ञहरूको बीचमा सहमति रहेको थियो । तथापि पुनर्संरचनालाई व्याख्या गर्ने सवालहरूमा र अनेकतामा कसरी एकता निर्माण गर्ने भन्ने विषयहरूमा राजनीतिक दलका नेताहरू र अन्य सहभागीहरूका आ-आफ्नै भनाईहरू पनि थिए । सम्मेलनका सहभागीहरूले शान्ति र लोकतन्त्रको अपरिहार्यतामाथि जोड दिएका थिए । शान्तिपूर्ण र लोकतान्त्रिक राज्यको ढाँचाभित्र मात्र सबै समूहहरूलाई सन्तुष्टी हुने गरी पुनर्संरचनालाई मुखरित गर्न र समाधान गर्न सकिन्छ । स्थिर, लोकतान्त्रिक, शान्तिपूर्ण र

प्रतिनिधिमूलक शासन प्रणालीको ढाँचाभित्र मात्र सामाजिक-आर्थिक उन्नति र सामाजिक न्याय प्राप्त गर्न सकिन्छ । यसर्थ जुनसुकै रूप र बहानामा जस्तोसुकै उद्देश्यका लागि हुने हिंसालाई अस्वीकार गर्नु मात्र महत्वपूर्ण छैन, बरु नेपाल राज्यभित्र देखिएका आधारभूत कमजोरीहरूलाई पत्ता लगाउनु र तिनलाई सम्बोधन गर्नु पनि उत्तिकै आवश्यक छ ।

**बक्स ३.१: नयाँ नेपालका लागि पूर्वसर्तहरू**

1. **शान्ति** - शान्तिविना स्वतन्त्रता सम्भव छैन ।
2. **गणतन्त्रवाद** - यो विचार परिवार, राज्य र अन्य संस्थाहरूभित्र विद्यमान संस्कार र व्यवहारसँग जोडिएको छ ।
3. **सामाजिक-आर्थिक रुपान्तरण** - राज्य, जमिनको स्वामित्व र जीवनका अन्य क्षेत्रहरूबाट सामन्ती सम्बन्धलाई टाढा पार्ने ।
4. **समावेशीकरण** - नेपाली समाज पुरुष, महिला र तेस्रो लिंगका साथै विविध जात, जाति समूहहरू, सामाजिक र सांस्कृतिक पहिचानका समूहहरूबाट बनेको छ । समावेशीकरणलाई फराकिलो र विस्तृत तहमा बुझ्नु पर्दछ ।
5. **राज्यको पुनर्संरचना** - देशमा विद्यमान भौगोलिक, सांस्कृतिक, भाषिक र जातीय विविधताका आधारमा राज्यलाई पुनर्संयोजन गरिनु पर्दछ ।
6. **लोकतन्त्र** - सबै मुद्दाहरूलाई लोकतान्त्रिक ढाँचाभित्र समाधान गरिनु पर्दछ नकि, निरङ्कुसतन्त्र र तानाशाहीभित्र ।

स्रोत: राजनीतिक विश्लेषक निलाम्बर आचार्यको भनाईमा आधारित

निलाम्बर आचार्यले बताउनु भए अनुसार, नेपालमा सामन्तवाद विभिन्न रूपमा बाँकी रहेको छ र राज्यको तहबाट राजनीतिक दलहरू र व्यक्तिगत परिवारसम्म फैलिएको छ । सामन्ती संस्कार र सामन्ती चालचलनहरूलाई परिवर्तन गर्नका लागि दुईवटा मूल पक्षहरूलाई उल्लेख गर्न आवश्यक छ:

**क) राजतन्त्र:** नेपालमा राजतन्त्र नै समान्तवादको मूल स्रोत र प्रतीक हो । राजतन्त्रात्मक प्रणाली (दरबार, राजाका मानिस, भाइभारदार र शाही सेनाबाट नियन्त्रित) भित्र समावेशीकरण, शान्ति र पूर्ण लोकतान्त्रिकरणको कल्पना गर्न सकिदैन । यो सधैं मुलुकमा लोकतान्त्रिक विकासको बाधक रहेको छ ।

**ख) सुरक्षा:** राजनीतिलाई हिंसाबाट मुक्त गरिनु पर्दछ । जति हामी हिंसालाई राजनीतिक उद्देश्य प्राप्तिका लागि प्रयोग गर्दछौं, अनि जबसम्म जनतालाई हिंसाको डरबाट मुक्त गर्न सक्दैनौं, विकासका कुनैपनि प्रयासहरू दिगो हुने छैनन् ।

**बक्स ३.२: लोकतन्त्र किन महत्वपूर्ण छ ?**

हामीले प्रजातन्त्र छान्यौं, किनकि यो अन्तरिक रूपमा समावेशी छ । यसले सबैको लागि समान अवसर प्रदान गर्छ र जनता समान छन् भन्ने विचारलाई मान्दछ । यो प्राचीन ग्रीसबाट आजको नेपालमा आएको हो । नेपाली कांग्रेस प्रजातान्त्रिकले दलभित्रको आन्तरिक प्रजातान्त्रिकरणलाई एकदमै महत्व र प्राथमिकता दिएको छ । तर विगत १०-१५ वर्षमा प्रजातन्त्रमा समानता हुँदाहुँदै, यसमा केही मानिसहरूले बढी फाइदा उठाउन पुगे । जनता, चाहे महिला, दलित, मधेसी वा जनजाति जोसुकै हुन्, उनीहरूलाई सांसद हुने अधिकार थियो, तर उनीहरूलाई समान अवसर उपलब्ध थिएन । वर्तमानको चुनौती भनेको नै उनीलाई अधिकार र अवसरमा समान रूपमा अंशियार बनाउन सक्षम तुल्याउनु रहेको छ ।

यस्ता पक्षहरूलाई ख्याल गर्दै हामीले भरखरै सकारात्मक कदमहरूको थालनी गरेका छौं । संसदमा महिलाको लागि आरक्षण सहित चारवटा प्रस्तावहरूमा विद्या भण्डारी (नेकपा-एमाले)ले प्रस्ताव राख्नु भयो, कमला पन्त (नेपाली कांग्रेस प्रजातान्त्रिक) र मैले समर्थन गर्‍यौं । नेपाली कांग्रेस प्रजातान्त्रिक नै एउटा त्यस्तो दल हो जसले "कदमवम" (कर्णाली, दलित, महिला, जनजाति र मधेसी) नीति अगाडि ल्याएको छ । भविष्यमा हाम्रो दलले ती समूहहरूको संलग्नतालाई अझ बृद्धि गर्नेछ, तत्पश्चात् उनीहरू आफ्नो नेतृत्व विकासको प्रक्रियामा सहभागी हुनेछन् वा उनीहरूप्रति उदार व्यक्तिको पक्षमा निर्णय दिनेछन् । तसर्थ प्रजातन्त्रले सबैको सन्तुष्टिको लागि संवाद र सम्झौता गर्नका लागि एउटा ढाँचा प्रदान गर्छ ।

स्रोत: एन.पी. साउद (सांसद, नेपाली कांग्रेस प्रजातान्त्रिक)को मन्तव्यमा आधारित

बक्स ३.३ ले नयाँ नेपाललाई यथार्थमा परिणत गर्नका लागि पूर्वआवश्यकताको रूपमा उल्लेखित केही मूलभूत विशेषताहरूलाई देखाएको छ । तापनि भावी नेपालको बारेमा राजनीतिक दलका प्रतिनिधिहरूका आ-आफ्नै दृष्टिकोणहरू थिए । उदाहरणका लागि, नेकपा (माओवादी)का नेता सुरेश आले मगरले उहाँको दलको भावी नीतिमा राष्ट्रवाद र नेपाली संप्रभुताको ढाँचाभित्र संघात्मक प्रणालीलाई अवलम्बन गर्ने, राज्यको प्रमुख जिम्मेवारीहरूमा आधारभूत सेवाहरू (शिक्षा, स्वास्थ्य आदि) प्रदान गर्ने र विद्रोहको दौरानमा व्यक्त अन्य धेरै उपायहरू अवलम्बन गर्ने कुरा उल्लेख गरे ।

**बक्स ३.३: भावी नेपालमा परिवर्तनका मुद्दाहरू**

क) हामीसँग गणतान्त्रिक प्रणाली हुनुपर्छ ।

ख) हामीसँग समावेशी शासनशैली हुनुपर्छ, तर यो राज्यको केन्द्रिकृत संरचनामा सम्भव छैन - त्यसैले संघात्मक शासनको विकल्प छैन ।

ग) आजसम्मको सामन्ती उत्पादन प्रणालीको अन्त गरी भूमि र प्राकृतिक स्रोतमाथिको अधिकार ठोस रूपमा स्थापित गरिनु पर्दछ ।

घ) वितरण प्रणाली, घरदेखि राज्यसम्म, सामाजिक न्यायको सिद्धान्तमा आधारित हुनु पर्दछ ।

ङ) व्यापक अधिकारको लागि हाम्रो आन्दोलन जारी रहनु पर्दछ ।

स्रोतः डा. रेणु राजभण्डारी, महिला कार्यकर्ता, प्रथम दिनको दोस्रो सत्रको निचोडकर्ताको भनाईमा आधारित

तलका अध्यायहरूले राज्यको पुनर्संरचनाको सम्बन्धमा के कस्ता छलफल र विचारविमर्श भएको थियो भन्ने कुराको झलक प्रस्तुत गर्दछन्:

### ३.३.१ मुख्य विचारहरूलाई छिचोल्दै

नेपाल राज्यको पुनर्संरचनाको बुँदामा छलफल भैरहँदा, सम्मेलनका विज्ञहरू र सहभागीहरूले अनेक राजनीतिक मुद्दाहरूमा समेत छलफल गरेका थिए । बक्स ३.४ ले नेकपा (माओवादी)ले हिंसा र प्रजातन्त्र अनि सरकार-माओवादी बीच भैरहेको सम्झौतालाई कसरी हेर्दछ भन्ने कुरालाई देखाउँदछ ।

**बक्स ३.४: लोकतन्त्र, हिंसा र सम्झौता**

भरखरसम्म हामीसँग निश्चित रूपमा दुई विचारधाराहरू, दुई सरकारहरू र दुई सेनाहरू रहेका थिए । तर हामीसँग सात दलको गठबन्धन र माओवादी दुवै सम्झौतामा आउनै पर्ने बाध्याताहरू पनि थिए । जनजाति, मधेसी, दलित र अन्य पछाडि पारिएका समूहरूसम्बन्धी सवालहरूमा यसअघि अघि सारिएका आफ्ना अडानहरूबाट माओवादी पछाडि हटेको होइन ।

शान्ति र लोकतन्त्र अवश्य महत्वपूर्ण छन्, तर कसका लागि लोकतन्त्र ? यसलाई हामीले सापेक्षित सन्दर्भमा लिइनु पर्दछ र लोकतन्त्रले संपूर्ण जनताको सेवा गर्छ कि गर्दैन भन्ने कुरालाई हेर्नु पनि त्यतिकै महत्वपूर्ण हुन्छ । राजनीति आफैमा रक्तपातविहीन युद्ध हो । हिंसाको स्रोत भनेको राज्य र यसको हतियार हो । तसर्थ राजनीतिलाई हिंसारहित बनाउनको लागि हामी राज्यविहीनतातर्फ अगाडि बढ्नु पर्दछ । यदि हतियार उठाउन बाध्य पारियो भने अन्य समूहले पनि यस्ता शक्तिको विरुद्ध पनि यस्तै जवाफी प्रतिक्रिया दिन सक्छन् । २३८ वर्ष पुरानो, बाहुनवादी, राजतन्त्रात्मक प्रणालीलाई समाप्त पारिनु पर्दछ र हामी वैदेशिक शक्ति, खासगरी अमेरिकीहरूको निर्देशनमा चल्ने कुनै पनि रूपको राज्यप्रणालीलाई अस्वीकार गर्दछौं ।

स्रोतः नेकपा (माओवादी)का नेता सुरेश आले मगरको मन्तव्यमा आधारित

यसका साथै नेपाली कांग्रेसका नरहरि आचार्यले नेपालको राजनीतिक, आर्थिक र सामाजिक समस्याहरूलाई ताजा सन्दर्भमा हेरिनु आवश्यक भएको कुरा उठाउनु भएको थियो । बक्स ३.५ मा उहाँले विकेन्द्रीकरणको विषयमा गम्भीर मन्थन गुर्नुभन्दा कसरी अकेन्द्रित को मुद्दालाई उठाउनु भयो भन्ने देखाइएको छ ।

**बक्स ३.५: नयाँ नेपालका लागि विषयहरूको निर्धारण**

इतिहासको अनेक कठिन घडीहरूदेखि नै नयाँ नेपालको खोजीको क्रम जारी छ । विगतमा दबाइएका अनेक मुद्दाहरू हाल सशक्त रूपमा उठेका छन् । विगतमा बेवास्ता गरिएका कतिपय मुद्दाहरू अहिले अधिकारका रूपमा प्रस्तुत गरिएका छन् । ती बुँदाहरूलाई महशुस गर्दै र नयाँ मुद्दाको रूपमा समावेश गरिनु पर्दछ । ऐतिहासिक आधारमा मानिसहरूका विभिन्न गुनासाहरू रहेका छन्, हामीले तिनलाई गम्भीर रूपमा सुन्न तयार हुनु पर्दछ । हामीले विषयहरूलाई ताजा सन्दर्भमा लिनु पर्दछ । कर्णाली काठमाडौंबाट दुर्गम छ, तर काठमाडौं पनि कर्णाली वा अन्य यस्तै सीमान्तीकृत क्षेत्रहरूबाट दुर्गम रहँदै आएको छ । काठमाडौंमा राज्य विकेन्द्रिकृत हैन "अकेन्द्रित" हुनु पर्दछ । जहाँ-जहाँ जनताका हात पुग्दछन्, त्यहाँ-त्यहाँ राज्य पुग्नु पर्दछ । यसकारण विषयहरू अकेन्द्रित हुनु पर्दछ ।

अन्तरिम संविधान अन्तरिम हो, अन्तिम हैन । अन्तरिम संविधानलाई संवैधानिक विषयहरूलाई पूर्ण रूपमा परिभाषित गर्ने क्षेत्रधिकार छैन । जस्तो कि, यदि तिनले जनताका बीचमा समस्या खडा गर्दछन् भने राष्ट्रिय जनावर वा राष्ट्रिय रङ किन चाहियो ?

स्रोतः नेपाली कांग्रेसका नेता नरहरि आचार्यको मन्तव्यमा आधारित

यसका साथै, नेकपा (एमाले)का नेता बामदेव गौतमले मुलुकका समस्याहरूलाई प्राथमिकता निर्धारण गरी सोही अनुसार तिनको समाधान पनि खोजिनु पर्दछ भन्ने कुरामा जोड दिनु भएको थियो । बक्स ३.६ ले नेकपा (एमाले)का लागि सबभन्दा पहिलो प्राथमिकताको काम भनेको लोकतान्त्रिक गणतन्त्र स्थापना गर्नु हो भन्ने कुरालाई
देखाउँछ ।

**बक्स ३.६: नयाँ नेपालका लागि राजनीतिक प्राथमिकताहरू**

नेपाल नयाँ दिशातर्फ अगाडि बढिरहेको छ । हामीसँग एकदमै धेरै अनि विविध समस्याहरू विद्यमान छन् । लोकतान्त्रिक संक्रमणको प्रक्रियामा मधेसी, जनजाति र महिलासम्बन्धी मुद्दाहरूलाई समाधान गर्नै पर्दछ । एक्काइसौं शताब्दीमा हतियारको प्रयोगबाट कुनै पनि राजनीतिक समस्याहरूको समाधान गर्न सकिंदैन भन्ने कुरालाई स्थापित गरिनु पर्दछ, जुन कुरालाई अहिले माओवादीहरूले स्वीकार गरिरहेका छन् । इराक र अफगानिस्तानमा अमेरिकी सैनिक हस्तक्षेपका घटनाबाट पनि यही कुरा प्रष्ट भएको छ । एक अर्काको शक्तिलाई स्वीकार गर्दै, अनि नेपाली समाजमा विद्यमान सबै समस्याहरूको समाधान सम्भव छ भन्ने कुरामा सहमति जनाउदै दलहरू एक ठाउँमा आए । तथापि समस्याहरूको समाधान खोज्दा मूल समस्यालाई पछ्याउनु पर्दछ ।

मुख्य समस्या भनेको राजतन्त्र हो र सबभन्दा पहिले यसलाई हटाउनु पर्दछ । हामी के कुरामा सहमत छौं भने राजतन्त्र सामन्ती संस्कृति र व्यवहारको स्रोत र प्रतीक हो, जो नेपालको विकासको गतिलाई अघि बढ्न नदिने मुख्य बाधक पनि हो । तसर्थ जुनसुकै रूपको भए पनि राजतन्त्रलाई अस्वीकार गर्नु पर्दछ र यसको उन्मूलन गर्नु पर्दछ । यसै मेसोमा अन्य समस्याहरूको पहिचान गर्दै लोकतान्त्रिक गणतन्त्रको स्थापनाको क्रममा नै तिनीहरूको समाधान गर्दै जानु पर्दछ ।  हामीले सामन्ती उत्पादन सम्बन्धहरूलाई उन्मूलन गर्नु पर्दछ र तिनको ठाउँमा "लोकतान्त्रिक पुँजीवाद" लाई स्थापित गर्नु पर्दछ ।

नेपाल जापान वा कोरियाभन्दा भिन्न एक बहुजातीय, बहुभाषिक मुलुक हो । यो विविधताले संघात्मकताको माग गर्दछ र २३८ वर्षका अनुभवहरूले एकात्मक संरचना नेपालको उन्नति र विकासको लागि सहयोगी नभएको कुरालाई संकेत गरेका छन् ।

जनताले महिला, जनजाति, मधेसी र दलित समुदायको समावेशीकरणको माग गरेका छन् । स्वशासनका लागि सशक्त हुँदै जनताहरू आफ्ना स्रोत, संस्कृति र अर्थतन्त्रको सुरक्षा र विकास गर्न सक्षम हुनेछन् ।

यसरी नेपाल गणतान्त्रिक, संघात्मक र समावेशी मुलुक बन्नेछ । जनआन्दोलन-२ पश्चात् भएको सहमतिहरू वास्तवमै ऐतिहासिक छन् र तिनलाई संस्थागत गर्न जरुरी छ ।

स्रोतः नेकपा (एमाले)का नेता बामदेव गौतमको मन्तव्यमा आधारित

### ३.३.२ केन्द्रिकृत राज्यको पतन

सम्मेलनमा वर्तमान केन्द्रीकृत एकात्मक राज्यलाई संघात्मक संरचनामा बदल्नु पर्छ भन्ने विचारमा सबैको एकमत थियो । मधेसी पृष्ठभूमिका सहभागीहरू (खासगरी श्रीप्रसाद साह)ले के उल्लेख गरे भने उनीहरूको गुनासो नेपाल एकीकरणदेखि के हो, जुन अपूर्ण र असमावेशी लाग्छ । जनजाति कार्यकताहरूको बीचमा वर्तमान राज्य प्रणाली उनीहरूको पहिचानहरू, भाषाहरू, संस्कृतिहरू र आत्मनिर्णयको अधिकारलाई नष्ट गर्ने संस्थाको रूपमा लिइन्छ । आम रूपमा, एकात्मक केन्द्रीकृत राज्य समस्यामूलक छ, किनकि यसले जनताको आफुमाथि आफैले शासन गर्ने, आफ्नो भाग्य आफै निर्धारण गर्ने अधिकारमाथि दमन गर्दछ, विकासका सम्भावनाहरूलाई घटाउदछ र लोकतन्त्रलाई विकृत बनाउदछ । नेकपा (एमाले), मुगु जिल्लाका सांसदले बताउनु भयो- संघात्मक प्रणालीले सामुहिक रूपमा सम्बन्धित क्षेत्रहरूको पहिचान र भविष्यको निर्धारण गर्न शक्तिको हस्तान्तरण गरी स्रोतहरूमाथि जनताको पहुँच र नियन्त्रण (उदाहरणको लागि, स्थानीय जनतालाई रारा राष्ट्रिय निकुञ्ज) स्थापित गर्ने कुरालाई समाविष्ट गर्दछ ।

**बक्स ३.७: राज्यको जातीय स्वरुपको पक्षपोषण गर्न सकिन्न**

हामीसँग पुनर्संरचनाको मुद्दा छ- संघात्मक, क्षेत्रीय वा जातीय । तर जातीय/प्रजातीय राज्य विश्वसनीय हुन्छ भन्ने कुरामा प्रश्नचिन्ह रहेको छ । हिटलरले जर्मनीमा जातीय राज्यको स्थापना गर्ने कोशिस गरेका थिए । तर उसको त्यो प्रयास सफल हुन सकेन, बरु यसले जर्मनीलाई डरलाग्दो हिंसातर्फ धकेल्यो । तथापि संघात्मक प्रणालीभित्र जातीय पहिचानहरूलाई समाहित गर्न सकिन्छ । हामीले जनसङ्ख्या, भूगोल, भाषा, आर्थिक सम्बन्ध र सांस्कृतिक तथा सामुदायिक पहिचानका आधारमा ५ वटा क्षेत्रहरू/राज्यहरू हुनु पर्दछ भनेका छौं ।

राज्यहरूको निर्माण गर्ने कुरा राजनीतिक दलको नीतिको आधारमा मात्र हैन, बरु समग्र राष्ट्रिय हितलाई ध्यानमा राखेर यसको निर्धारण गरिनु पर्दछ । नेपाली कांग्रेसभित्र केन्द्रीय तहमा एउटा समितिले संघात्मकताको स्वरुपका बारेमा काम गरिरहेको छ ।

नेपाली कांग्रेसका नेता नरहरि आचार्यको मन्तव्यमा आधारित

अधिकांश विज्ञ तथा सहभागीहरूले मुलुकलाई संघात्मक संरचनाभित्र संगठित गरिनु पर्दछ भन्ने विचार राखेता पनि यसको वास्तविक स्वरुप कस्तो हुने भन्ने कुरा सम्मेलन अवधिमा कुनै निश्कर्ष निस्केन । सहभागी र विज्ञहरू (खासगरी नेकपा (माओवादी)का प्रतिनिधि नोर्बु घले)हरूले जातीय स्वशासनको सुझाव दिएका थिए, जुन जातीय समूह वा जातलाई मुख्य आधार बनाएर राज्य निर्माण गरिनुपर्ने कुराको संकेत थियो । राष्ट्रिय जनशक्ति पार्टीका डा. प्रकाशचन्द्र लोहनीले नेपालमा १२ देखि १५ वटा राज्यहरू हुनु उपयुक्त हुने सुझाव दिनुभएको थियो । नेकपा (एमाले)का प्रतिनिधिहरूले संघात्मक प्रणालीमा जनताहरूले आफ्नो पहिचानलाई प्रवर्द्धन गर्नेछन्, संस्कृतिको रक्षा गर्नेछन् र प्रभावकारी रूपमा स्रोतहरूको परिचालन गर्नेछन् भन्ने कुरामा जोड दिएका थिए । यसका साथै नेपाली कांग्रेसले संघात्मकताका मुद्दाहरूलाई हेर्न एक आयोगको गठन गरेको र तलका मापदण्डहरू (बक्स ३.८) का आधारमा संघीय ढाँचाको निर्धारण गरिनु पर्ने कुरा पनि उठेको थियो ।

**बक्स ३.८: नयाँ नेपालसम्बन्धी विद्यार्थीहरूको विचार - हामीलाई अरु के चाहिन्छ ?**

- वर्तमान एकात्मक तथा केन्द्रिकृत संरचनालाई अस्वीकार गर्दै आत्मनिर्णयको अधिकार र जातीय विविधताको प्रतिनिधित्व सहितको संघात्मक संरचानतर्फ अघि बढ्न व्यापक र गहिराईको तहमा लोकतान्त्रिक प्रक्रियाको कुनै विकल्प छैन ।
- स्रोतको न्यायोचित वितरण, पहुँच र नियन्त्रण
- आर्थिक र सामाजिक रुपान्तरण
- शैक्षिक क्षेत्रमा एक भाषिक शिक्षालाई मातृभाषा र व्यवसायिक र सीपमा आधारित क्षिक्षाको रूपमा परिवर्तन गरिनु पर्दछ ।
- विकेन्द्रीकरण म्याद नाघेको औषधि जस्तै भइसकेको छ । त्यसैले संघात्मकताको आवश्यकता छ ।
- यदि हामी आफ्नो राज्यभित्र स्वायत्त छौं भने हामी हाम्रो विकासको बाटोमा अघि बढ्न सक्छौं ।

विद्यार्थी नेतृ (अनेरास्ववियू) रामकुमारी झाक्रीको मन्तव्यमा आधारित

केही सहभागीहरू (जस्तै, इन्द्र तामाङ) ले भन्नुभयो कि, संघात्मकता आफैमा कुनै जादुको छडी हैन, जसले नेपालका सबै समस्याहरूलाई समाधान गर्न सकोस्। तामाङ र बसन्ती शाहीले प्रभावकारी र वास्तविक विकेन्द्रीकरण बढी उपयुक्त हुने सुझाव दिनुभयो। यस्तो विकेन्द्रीकरणमा स्रोतहरू र शक्ति सँगसँगै जिम्मेवारीहरू पनि हुनु पर्दछ। उहाँहरू के बताउनु हुन्छ भने, विकेन्द्रीकरणले प्राकृतिक स्रोतहरूको प्रभावकारी रूपमा उपयोग गर्न आधार प्रदान गर्दछ, जुन स्रोतहरू हाल त्यसै खेर गइरहेकाछन्, कम प्रयोग गरिएका छन् वा गलत रूपमा प्रयोग गरिएकाछन्। तर अरु सहभागीहरूका लागि विकेन्द्रीकरणको प्रस्ताव अनुपयुक्त लाग्यो। (हेर्नुहोस् बक्स ३.९ मा राज्यको पुनर्संरचनाको सम्बन्धमा समूहहरूले प्रस्तुत गरेका सिफारिसहरूलाई संक्षेपमा पस्तुत गरिएको छ।

**बक्स ३.९: राज्यको पुनर्संरचनाको सम्बन्धमा केही प्रमुख सुझावहरू**

**राज्य र यसको चरित्रको सम्बन्धमा**

? एकात्मक र केन्द्रिकृत राज्यको अन्त्य र लोकतान्त्रिक गणतन्त्रको स्थापना।
? जातीय र क्षेत्रीय स्वयत्तताका लागि संघात्मक संरचना र आर्थिक, सामाजिक, सांस्कृतिक र भाषिक विकासका लागि आत्मनिर्णयको अधिकार।
? समानुपातिकता र सूचि प्रणालीमा आधारित निर्वाचन प्रणालीको अबलम्बन।
? जिम्मेवार र उत्तरदायी सरकार।
? महिला, दलित र जनजातिलाई संवैधानिक आरक्षण।
? सबै प्रकारका भेदभावहरूलाई अन्त्य गर्न कानुनहरूको निर्माण र तिनको कडाइका साथ कार्यान्वयन।
? राज्यको पुनर्संरचनाको साथसाथै कर्मचारीतन्त्रको पनि पुनर्संरचना गरिनु पर्छ।

**सामाजिक-आर्थिक नीतिहरू सम्बन्धमा**

? राजनीतिक पुनर्संरचनाका साथमा सामाजिक र आर्थिक पुनर्संरचना पनि गरिनु पर्दछ।
? राज्यका नीतिहरू युवाअनुकुल हुनुपर्दछ र युवा सहभागिताले प्राथमिकता पाउनु पर्दछ।
? राज्यका सम्पूर्ण भौतिक पूर्वाधारहरू अपाङ्ग र फरक क्षमताका व्यक्तिहरूको लागि अनुकुल हुनु पर्दछ।
? माध्यमिक तहसम्मको क्षिक्षालाई आधारभूत अधिकारको रूपमा स्थापित गरिनु पर्दछ।
? शैक्षिक प्रमाणपत्रको आधारमा ऋण प्रदान गरिनु पर्दछ।
? शिक्षा, स्वास्थ्य, रोजगारी र स्रोतमाथिको अधिकारलाई आधारभूत अधिकारको रूपमा स्थापित गरिनुपर्दछ।
? सम्पत्ति र ऋण प्रणालीमाथि महिला र पुरुषलाई समान पहुँच हुनुपर्दछ।
? नयाँ नेपालको लागि कृषि क्रान्तिको आवश्यकता छ, जसका लागि भूमिसुधार अपरिहार्य छ।
? गाउँ तहमा कृषि सहकारीहरूको विकास गरिनु पर्दछ।

स्रोतः सम्मेलनको दोस्रो दिनमा भएका समूह प्रस्तुति र टिप्पणीहरूमा आधारित

### ३.३.३ राजनीतिक दलहरूको लोकतान्त्रिकरण

परिसंबाद कार्यक्रमका विज्ञहरूका साथै सम्मेलनका सहभागीहरूले लोकतान्त्रिक नेपालमा राजनीतिक दलहरूको अत्यन्त ठूलो भूमिका हुने कुरामा जोड दिएका थिए। देशमा शान्ति, प्रगति र लोकतन्त्रका लागि तिनीहरूले राखेका अडान र गरेका संघर्षका आधारमा मात्र हैन, बरु तिनीहरूले विविध आस्था, पहिचान, वर्गका साथै जात/जातीय समूहका जनताहरूलाई प्रतिनिधित्व गर्ने प्रमुख माध्यमको रूपमा काम गर्ने भएकाले दलहरू महत्वपूर्ण भएका हुन्। यसका साथै राजनीतिक दलहरू भनेका सरकारका पदहरूमा पुग्ने बाटाहरू हुन् र राज्यशक्तिमा पुग्ने माध्यम पनि हुन्। कतिपय सहभागीहरूका साथै विज्ञहरूले राजनीतिक दलहरूसँग, विशेषगरी तिनीहरूले गरेका प्रतिबद्धताहरूलाई बिर्सेको विषयलाई लिएर आफ्ना गुनासाहरू समेत व्यक्त गरेका थिए। सम्मेलनका सहभागीहरूले के कुरामा जोड दिए भने राजनीतिक दलहरू अझ बढी समावेशी, पारदर्शी, जिम्मेवार र लोकतान्त्रिक बन्नका लागि तिनीहरू स्वयं रुपान्तरित हुनु पर्दछ।

**बक्स ३.१०: राजनीतिक दलको नेतृत्वमा परिवर्तन आवश्यक**

जनआन्दोलन-२ को अवधिमा ५० लाख मानिसहरू सडकमा ओर्लिए, दलहरू र संसदलाई ब्यूँताए । तर उही दलहरू, उही नेताहरू पुनर्स्थापित गरिए र तिनलाई नै शासनको अधिकार दिइयो । नयाँ नेपालको प्रादुर्भाव केवल प्रतिक्रियाबाट हुने छैन, बरु हामीलाई कस्तो खालको परिवर्तन चाहिएको हो, त्यसलाई हासिल गर्नका लागि हामीलाई आफ्नै संस्थाहरूको आवश्यकता पर्दछ । टालटुले प्रयत्नहरूबाट गणतन्त्र नेपालको स्थापना गर्न सकिदैन, बरु यसको लागि समग्र रणनीतिअन्तरगत व्यापक रूपमा पहल गरिनु पर्दछ ।

त्यसैले हामीले यस विषयप्रति जनताको ध्यानाकर्षण गराउन "गणतान्त्रिक नेपालको लागि कांग्रेस अभियान" को संचालन गरेका थियौं ।

स्रोतः नेपाली कांग्रेका नेता नरहरि आचार्यको मन्तव्यमा आधारित

कतिपय सहभागीहरूले राजनीतिक दलहरूका विभिन्न त्रुटीहरूलाई पनि औंल्याएका थिए । ती आम प्रकारका र निश्चित दलहरूले गरेका खास गल्ती दुवै थिए । अनेरास्ववियूकी रामकुमारी झाँक्रीले भन्नुभयो, राजाको शक्तिलाई खोसीसक्दा पनि राजनीतिक दलहरूभित्र भने अझैं पनि "छोटे राजाहरू" छन् र उनीहरूमा आफ्नो शक्तिलाई अरुसँग बाँड्नेभन्दा आफैसँग सीमित राख्ने प्रबृत्ति देखिन्छ । यसैगरी विमला राई पौडेलले भन्नुभयो, राजनीतिक नेताहरूमा नयाँ नेपालको लागि स्पष्ट दृष्टिकोणका साथै विकास र परिवर्तनप्रति स्पष्ट प्रतिवद्धताको जरुरी छ । बक्स ३.११ ले राजनीतिक दलहरूमा निश्चित जातिहरूको कति कमजोर प्रतिनिधित्व रहेको छ भन्ने कुरालाई देखाएको छ । तसर्थ पुनर्संरचनाको थालनी राजनीतिक दलहरूबाटै थालनी गरिनुपर्ने दिलबहादुर नेपालीको सुझाव थियो । उहाँको सुझाव थियो- यदि कुनै दलले देशको विविधतालाई मध्यनजर राखेर आफूलाई पुनर्संरचना गर्दैन भने त्यसलाई राष्ट्रिय दलको मान्यता दिनु हुदैन ।

**बक्स ३.११: राजनीतिक दलमा थारु जातिको प्रतिनिधित्व**

हामीले दाङ, बाँके, बर्दिया र कञ्चनपुर जिल्लामा राजनीतिक दलहरूको संगठनानात्मक संरचनालाई विश्लेषण गरेका थियौं, जहाँ थारु जातिको जनसङ्ख्या ३५ प्रतिशत रहेको छ । तर त्यहाँ राजनीतिक दलहरूमा उनीहरूको प्रतिनिधित्व केवल १६ प्रतिशत रहेको, त्यो पनि नीति निर्णायक तहमा नरहेको पाइयो । हामीले के पायौं भने राजनीतिक दलहरूका केन्द्रीय कमिटीहरूमा थारुहरूको प्रतिनिधित्व या त शून्य अथवा अति कम रहेको छ । जबसम्म थारुहरूको राजनीतिक दलहरूमा पर्याप्त पहुँच हुदैन र उनीहरूलाई राजनीतिक रूपमा समावेशीकरण गरिदैन, नयाँ नेपालको कुरा गर्नु भनेको फोस्रो गफ मात्र हुनेछ ।

स्रोतः बाँकेका विकास कार्यकर्ता बालकृष्ण चौधरीको मन्तव्यमा आधारित

सम्मेलनका सहभागीहरू र विज्ञहरूले नेपालमा लोकतन्त्रलाई अगाडि बढाउनका लागि राजनीतिक दलहरूको अत्यन्त ठूलो भूमिका हुने भएता पनि हालसम्म तिनीहरू स्वयंमा आन्तरिक प्रजातान्त्रिकरण हुन बाँकी रहेको कुरामा जोड दिनु भएको थियो । दिलिप खवासले भन्नु भयो कि, नेपाललाई नयाँ नेपालको रूपमा रुपान्तर गर्नका लागि दलहरूभित्र पारदर्शिता हुनु जरुरी छ र तिनीहरू नेपालका विविध क्षेत्रहरू र पहिचानहरूसँग मिल्दो र जिम्मेवार हुनु पर्दछ ।

**बक्स ३.१२: राजनीतिक दलहरूले के ख्याल गर्नु पर्छ ?**

- ? राजनीतिक नेताहरूमा व्यापक राजनीतिक, सामाजिक र आर्थिक सवालहरूमा स्पष्ट दृष्टिकोणको विकास हुनु आवश्यक छ।
- ? राजाद्वारा नेतृत्व गरिएको हाम्रो राजतन्त्र र केन्द्रिकृत राज्य प्रणाली जनआन्दोलन-२ को कारणबाट हाल गम्भिर संकटमा छ। त्यसैले आत्मनिर्णयको अधिकार र समानुपातिक प्रतिनिधित्वको अधिकारसहित संघात्मक लोकतान्त्रिक गणतन्त्रको लागि मार्ग प्रशस्त गर्न राजतन्त्रको उन्मूलन गर्नुपर्दछ।
- ? नेपाली कांग्रेस पार्टीभित्र बहुमतको राय विपरित राजतन्त्रलाई कायम र चिरस्थायी गर्न केही प्रयासहरू भैरहेकाछन्। त्यसैले प्रधानमन्त्रीलाई थप दबाब दिन आवश्यक छ।
- ? नेपालमा १३ प्रतिशत बाहुन र १५ प्रतिशत क्षेत्री छन्। तर राष्ट्रिय राजनीतिमा उनीहरूकै बर्चश्व रहेको छ। यसले उनीहरूमात्र देशको माया गर्दछन् भन्ने गलत छाप दिने गरेको छ। त्यसैले अन्य सुमदायका जनतालाई पनि सत्तामा पहुँच दिएर देशप्रति उनीहरूको स्वामित्वलाई बढाइनु पर्दछ।
- ? संघात्मतालाई बहिस्कार गर्नु भनेको यथास्थितिको वकालत गर्नु हो।

दाङका मेटमणि चौधरीको मन्तव्यमा आधारित

### ३.३.४ क्षेत्रीय असन्तुलनमा सुधार

विगतमा सन्तुलित क्षेत्रीय विकासलाई विकास योजनाको नीतिको रूपमा अघि सारियो, त्यो केवल राजनीतिक गफमा सीमित हुन पुग्यो। कर्णाली अन्य दुर्गम क्षेत्रहरूका साथै तराइमा विकास नपुग्नाले नेपालमा क्षेत्रीय असमानता कायम रह्यो। कर्णाली क्षेत्रका सहभागीहरू (हुम्लाका जीवन शाही, मुगुका सांसद चन्द्रबहादुर शाही) ले वर्तमान बजेट विनियोजन भौगोलिक आधारमा नभई जनसङ्ख्याका आधारमा हुने गरेको कुरा उठाउनु भयो। यसो हुनाले सिंगो कर्णाली अञ्चलको लागि छुट्याइएको बजेटभन्दा सुनसरी, मोरङ अथवा रौतहटमध्ये कुनै एक जिल्लाको बजेट बढी रहेको छ। उहाँहरूले क्षेत्रीय असमानतालाई विशेष रुपले सच्याउनका लागि विशेष कार्यक्रम र परियोजनाहरूको खोजी गरिनु पर्दछ।

**बक्स ३.१३: कर्णाली र क्षेत्रीय असन्तुलन**

कर्णाली अञ्चलका समस्याहरूलाई सम्बोधन गर्न राज्यले कुनै कार्यक्रम निर्माण गरेन। कर्णालीले अझसम्म भोक र कुपोषणका साथसाथै एक्ल्याइनुका अनेकौं समस्याहरू झेलिरहेको छ।

भौगोलिक क्षेत्रलाई ख्याल गरेर बजेटको विनियोजन गरिनुका सट्टा जनसङ्ख्याको आधारमा बजेट निर्माण भैरहेको छ।

हालसम्म पनि कर्णालीको विकासको लागि राज्यसँग कुनै स्पष्ट विकास रणनीति छैन। हामी २१औं शताब्दीको त्यो परिस्थितिमा छौं, जहाँ मानिसहरू भोकले मरिरहेका छन्।

स्रोतः मुगुका सांसद चन्द्रबहादुर शाहीको मन्तव्यमा आधारित

नोर्बु घलेले जोड दिनुभयो, जसरी तराईमा हुलाकी मार्ग बन्दैछ, त्यसैगरी हिमाली क्षेत्रमा ओलाङ्चुङ्गोलादेखि दार्चुलासम्म हिमाली मार्ग बनाइनु पर्दछ। उहाँले माओवादी नेता प्रचण्डले उनीहरूले चलाएका युद्धको समर्थन पाउन पछाडि पारिएका क्षेत्रका जनतालाई झुटो आश्वासन दिएको कुरा उल्लेख गर्नुभयो। हामीले क्षेत्रीय, क्षेत्रीय प्राथमिकता, भाषा आदि जस्ता सबै खाले पूर्वाग्रहहरूलाई पखाल्नका लागि नयाँ "दिमाग" प्रतिरोपण गर्नु पर्दछ। सम्मेलनका धेरै सहभागीहरूले क्षेत्रीय असमानताहरूलाई सन्तुलित गर्न संघात्मकता सहयोगी हुन्छ भन्ने कुरामा जोड दिएका थिए।

नोर्बु घलेले भन्नुभयो- गरिबी, असमावेशीकरण र अन्याय जात/जातीय समूह र धर्मको आधारमा मात्र भैरहेको छैन, बरु कर्णालीका ठकुरी र बाहुनहरूलाई समेत सीमान्तिकृत पारिएका छन्। त्यसैले "क्षेत्र" र "वर्ग" पनि त्यत्तिकै महत्वपूर्ण छन्, जसमा भावी विकासलाई पुनर्विचार गरिनु पर्दछ।

### ३.३.५ सामाजिक-सांस्कृतिक विविधताको प्रवर्द्धन

सम्मेलनका विचार प्रस्तोताहरूले नेपालको राजनीति र विकासले विगतमा सामाजिक, सांस्कृतिक र भाषिक समरुपतालाई बढावा दिएको कुरा उल्लेख गर्नुभयो । बामदेव गौतमले जोडदिनुभयो- एकजातीय राष्ट्र जापान वा कोरियाभन्दा नेपाल भिन्न छ । हाल छलफलमा रहेको प्रतिनिधित्वमूलक लोकतन्त्रले नेपालमा विद्यमान सामाजिक-सांस्कृतिक विविधता र समाजिक, धार्मिक, सांस्कृतिक र क्षेत्रीय समूहहरूको बहुपहिचानलाई प्रवर्द्धन गर्ने अवसर प्रधान गर्दछ ।

कतिपय सहभागी तथा विज्ञहरूले सामाजिक-सांस्कृतिक विविधता र पहिचानका पक्षहरू सामाजिक र राजनीतिक जीवनमा किन सम्वेदनशील हुन्छन् भन्ने विषयमा आफ्ना धारणा राख्नुभयो । यी भाषा, धर्म, जातीयता, सांस्कृतिक पहिचान वा पेशा जस्ता समाजलाई चिनाउने केवल ठोस तत्वहरू मात्र हैनन्, बरु परोक्ष र प्रतीकात्मक रूपमा समेत देखा पर्दछन्, जस्तो कि, राष्ट्रिय जनावर वा राष्ट्रिय रङ आदि । नोर्बु घलेले धर्म निरपेक्षताको घोषणाप्रति प्रश्न उठाउनु भयो, किनकि, नेपालका कानुनहरूले अझै जनजातिहरूलाई गाईको मासु खान प्रतिबन्ध लगाएको छ, जुन उनीहरूको मानवअधिकारको उल्लंघन हो । नेपाली कांग्रेसका नरहरि आचार्यले यस छलफलको दौरानमा यदि यसमाथि धेरै समूहहरूबाट प्रश्न उठ्छ भने बरु राष्ट्रिय जनावर वा राष्ट्रिय रङ नभएकै जाति हुन्छ भन्ने सुझाव राख्नुभयो ।

सहभागीहरूमध्ये धेरैले, खासगरी नोर्बु घलेले भाषा, धर्म, संस्कृति, क्षेत्र र जातीय समूहहरूले नयाँ नेपालमा उचित स्थान पाउनु पर्छ भन्ने कुरामा जोड दिनुभयो । के कुरा पनि उठाइयो भने, यसबाहेक नेपाली समाजलाई चिनाउने अर्को विशेषता भनेको वर्ग हो, भावी विकासले यसलाई ख्याल गर्नु पर्दछ । भविष्यको "विकास ढाँचा"को निर्माण गर्दा कुनै खास ढाँचालाई थोपर्नुभन्दा यी विविधताहरूलाई ध्यानमा राखेर गर्नु पर्दछ ।

हिमाल र पहाडका दुर्गम क्षेत्रहरू मात्र क्षेत्रीय विभेदबाट पीडित रहेका छैनन्, श्रीप्रसाद शाहले पहाडे र मधेसी समुदायका बीचमा सांस्कृतिक भिन्नता कायमै रहेको कुरा उल्लेख गर्नुभयो । तराई क्षेत्रको विकासमा राज्यबाट विभेद हुँदै आएको कुरा अझ प्रष्ट भएको छ । अन्य सवालहरूलाई एकछिन् थाती राख्ने हो भने पनि महेन्द्र राजमार्गको निर्माण मधेसी जनताको धेरै पहिलेदेखि गुनासोको रूपमा रहिआएको छ । जुन राजमार्ग परम्परागत रूपमा तराइका बासिन्दाहरूलाई जोड्ने "हुलाकी मार्ग"लाई नपछ्याई तराईको उत्तरी भेगको चारकोशे जंगल हुँदै निर्माण गरिएको छ । प्रशस्त सम्भावना हुँदाहुँदै पनि उचित रणनीतिको अभावमा तराईमा गरिबी, भेदभाव र स्रोतको अल्पप्रयोग कायमै रहेको छ । उहाँले जोड दिनुभयो- विकासका समस्याहरूलाई बुझ्नका लागि लिंग, समावेशी, जातीय समुदाय जस्ता सवालहरूलाई ती समूहहरूभित्र विन्यास गर्नु पर्दछ ।

**बक्स ३.१४: राजनीतिक सहमतिले जातीय मुद्दालाई किनारा लगायो**

नेपाल २३८ वर्षदेखि परम्परागत राजतन्त्रात्मक प्रणालीद्वारा संचालित थियो र अहिले हामी राजतन्त्रलाई नेपालबाट उखेल्न चाहन्छौं । नेपाललाई एकात्मक राजतन्त्रात्मक प्रणालीबाट नेपाल संघात्मक प्रणालीमा रुपान्तरित गर्नै पर्दछ । मेरो विचारमा नेपालका ३९२० गाउँहरूलाई जातीय समूहहरूका करिब १२-१३ वटा सघन क्षेत्रहरूमा गाभिनु पर्दछ, जसलाई स्वायत्त राज्यहरूको रूपमा विकास गर्न सकिन्छ ।

माओवादीहरूले जातीय सम्वेदनालाई उनीहरूको रणनीतिक लक्ष्यका निम्ति दुरुपयोग गरे । तैपनि, हुन गइरहेको ८ दल बीचको संझौतामा द्वन्द्वका कारणहरू र तत्वहरूलाई किनारा लगाइएको छ । शंकाको कुरो छ कि, ती संघात्मक संरचनाभित्र जातीय समूहहरूको प्रभुत्व हुने देखिन्छ । हामीले के बुझ्नु पर्दछ भने जातीय क्षेत्रभित्र सबै जनताको समान अधिकार हुनु पर्दछ, न कि अल्पसंख्यकहरूले त्यहाँबाट विस्थापित हुन परोस् ।

स्रोतः जनजाति प्रतिष्ठानका बालकृष्ण माबुहाङको मन्तव्यमा आधारित

नोर्बु घलेले नयाँ नेपालमा मातृभाषामा निःशुल्क शिक्षा उपलब्ध गराइनु पर्दछ भन्नुभयो । उहाँले सुझाव दिनुभयो- महेन्द्र संस्कृत विश्वविद्यालयलाई संस्कृत भाषाको प्रवर्द्धन गर्नुको सट्टा बहुसांस्कृतिक विश्वविद्यालयको रूपमा उपान्तरित गरिनु पर्दछ । आफ्नै मातृभाषा भएका जनतालाई अनिवार्य विषयको रूपमा संस्कृत पढ्न बाध्य पारिनु हुदैन । हाल, बौद्ध दर्शन र अन्य धार्मिक आस्थाका विद्वानहरूलाई सीमान्तीकृत गरिएको छ । भावी नेपालको पहिचान धोती, टोपी र बख्खुधारी (प्रतीकात्मक रूपमा क्रमशः तराई, पहाड र हिमाल) जनताको देशको रूपमा हुनुपर्दछ ।

## ३.४ सामाजिक समावेशीकरण र विकास

सम्मेलनमा भएका छलफलहरूमा समावेशीकरण मूल मुद्दा बन्न पुगेको थियो । छलफलका विज्ञहरूका साथै सहभागीहरू नेपालका सबै सामाजिक समूहहरूले विकास, शासन, अर्थतन्त्र र समाजमा उनीहरूको समुचित अंश, पहिचान र प्रतिनिधित्व हुने अनि आफ्नो भाग्य आफै निर्धारण गर्न सक्ने किसिमको उचित राजनीतिक ढाँचा विकास गरिनु पर्ने आवश्यकता रहेकोमा सहमत थिए । यस शीर्षकमा भएका छलफलमा महिला तथा लैंगिक, अभावमा रहेका र पछाडि पारिएका समूहहरू, दलित समुदायहरू, मधेसी र जातीय समूह र आदिवासी जनजातिहरू, युवा तथा बालबालिकाहरू र अल्पसंख्यक पहिचान समूहरूका समस्याहरूसँग सम्बन्धित व्यापक सवालहरूलाई समावेश गरिएको थियो ।

**बक्स ३.१५: नेकपा (एमाले) र सामाजिक समावेशीकरण**

हाम्रो देश बहुसांस्कृतिक, बहुभाषिक र बहुक्षेत्रीय छ । समान सहभागिता र समानुपातिक प्रतिनिधित्वमा आधारित विकासको आवश्यकता छ । हाम्रो दलले सबभन्दा पहिलो पल्ट महिलाका लागि ३३ प्रतिशत आरक्षणको लागि प्रयास गरेको छ र अझै जनसङ्ख्याको आधारमा प्रतिनिधित्व हुनु पर्दछ भन्ने मत पनि त्यतिकै बलियो छ । हामीलाई लाग्छ, हाम्रो यो अडान जनताको अपेक्षासँग मेल खान्छ । तर पनि नेपालका राजनीतिक दलहरू समावेशीकरणको विषयमा ठोस मार्गचित्रका साथ आउन असफल छन् ।

समावेशिकतालाई जनाइनु पर्दछ:

- दलको नेतृत्व
- राज्य
- उत्पादनका साधनहरू

सहभागिताको बारेमा कुरा गर्दा, यसको "सार" र "रूप" पक्ष छन् । हामीलाई लाग्दछ, दलहरू वैचारिक रूपमा निर्माण गरिएका हुन्छन् र रूपको कुरा गर्दा सारलाई बेवास्ता गर्नु हुदैन ।

स्रोत: नेकपा (एमाले)का नेता बामदेव गौतमको मन्तव्यमा आधारित

**बक्स ३.१६: समावेशीकरणको सवालमा नेकपा (माओवादी)**

नेकपा (माओवादी) विचार, सिद्धान्त र दर्शनको हिसाबले अरु दलभन्दा भिन्न छ । दलले यसलाई व्यवहारमा देखाउनेछ । समाबेशीकरणलाई हामी दुई तरिकाबाट बुझ्दछौं:

? विचार र नीतिमा प्रतिनिधित्व र

? विचार र नीतिमा हैन कि निकायमा प्रतिनिधित्व

? यसकारण समावेशीकरण सार र रूप दुवैमा हुनु पर्दछ । हामी महिलाहरूको ५० प्रतिशत प्रतिनिधित्व हुनु पर्दछ भन्छौं र त्यसदिशातर्फ काम पनि गर्दैछौं ।

स्रोत: नेकपा (माओवादी)का नेता सुरेश आलेमगरको मन्तव्यमा आधारित

सम्मेलनमा के कुरा पनि उठ्यो भने, (हेर्नुहोस् बक्स ३.१७) जनआन्दोलन-२ को सफलतापश्चात् अनेक समूहहरू समावेशीकरणको विचारलाई दुरुपयोग गर्ने उद्देश्यले देखापरेका छन् । उनीहरूको मुख्य नियत भनेको अन्तरिम विधायिकामा स्थान प्राप्त गर्ने रहेको छ । यसर्थ समावेशीकरणको विषयलाई बहुदलीय राजनीतिको उपयुक्त संस्थागत सन्दर्भमा बुझ्नु आवश्यक छ ।

## बक्स ३.१७: समावेशीकरणको सान्दर्भिकता

प्रतिनिधित्वमूलक लोकतन्त्रका लागि समावेशीकरण ज्यादै महत्वपूर्ण हुन्छ, तथापि समावेशीकरणको मागले सामाजिक विखण्डनलाई प्रश्रय दिनु हुदैन, जसले कहिलेकाँही सीमा नाघ्न पुग्छ । यस्तो पनि लाग्छ कि, यो राज्यलाई पुनः बाइसी चौबीसी अवस्थातिर फर्काउने माग हो । जनआन्दोलन-२ मा भाग लिएका त्यतिधैरै मानिसहरू, अस्थायी शिक्षकहरूदेखि लिएर मृत प्रहरीका विधवा श्रीमतीहरू र अन्य धेरै समूहहरू समेतले विधायिकामा आफ्नो प्रतिनिधित्वको दावी गरिरहेका छन् । यदि हामीले यी सबै कुराहरूलाई यही अन्तरिम संविधानभित्र नै सम्बोधन गर्न चाह्यौं भने आगामी जेठ महिनाभित्र संविधानसभाको निर्वाचन गर्ने प्रयास संकटमा पर्नेछ । अन्तरिम संविधानले त आधारभूत जग मात्र बसाउने हो ।

विगत १५-१६ वर्षहरूमा अधिकार र त्यसको महत्वकोबारेमा बढेको ज्ञान २०४६ सालमा भएको जनआन्दोलन-१ को परिणामस्वरुप स्थापित प्रजातन्त्र हो । हामीले विकासका क्षेत्रमा मात्र नभएर जनताको चेतना अभिबृद्धिको क्षेत्रमा पनि उल्लेखनीय उपलब्धी हासिल गरेका छौं । यसलाई सकारात्मक विकासको रूपमा लिइनु पर्दछ । नेपाली कांग्रेस प्रजातान्त्रिक दुईवटा विषयमा स्पष्ट छः

- प्रजातन्त्रको फललाई निश्चित समयसम्मका लागि आरक्षणको माध्यमबाट समाजका सबै निकायमा समान रूपमा वितरण गरिनु पर्दछ ।
- यदि सुनसरी र मोरङ जिल्लालाई जोड्ने हो भने आर्थिक रूपमा यो सुदूर-पश्चिमाञ्चलका ९ जिल्लाहरूभन्दा ठूलो हुन्छ । यस क्षेत्रीय असन्तुलनलाई क्षेत्रीय स्वायत्ताको माध्यमबाट सम्बोधन गरिनु पर्दछ । जातीय स्वायत्तताको रूपमा लिइनु पर्दछ तर सबैलाई समान अधिकार प्रदान गरिनु पर्दछ ।

स्रोतः ने.का. (प्रजातान्त्रिक)का प्रतिनिधि एन.पी. साउदको मन्तव्यमा आधारित

### ३.४.१ महिलाहरूको समानुपातिक प्रतिनिधित्व र विकासलाई लैंगिक सचेत बनाउने

सम्मेलनमा लैंगिक सकृयतावादीहरू र सहभागीहरू तथा विज्ञहरूले महिलाहरूमाथिको बञ्चितीकरण, शोषण, असमावेशीकरण र अन्यायको बारेमा छलफल गरे । महिलाहरूले नेपालको जनसङ्ख्याको आधाभन्दा बढी भाग ओगटेको भएतापनि विकास, शासन, अर्थतन्त्र र समाजमा उनीहरूको प्रतिनिधित्व र स्थान नगन्य रहेको छ । घरेलु तहमा महिलाहरू अनुचित रूपमा अत्यधिक घरेलु श्रम गर्न बाध्य पारिएका छन्, आम्दानीको स्रोतहरूबाट बञ्चित पारिएकाछन् र हिंसाका शिकार बनाइएका छन् । आम रूपमा देशभरिका महिलाहरूको समस्याहरू समान भएतापनि खास समस्याहरू भने उनीहरू सम्बद्ध रहेको संस्कृति, क्षेत्र, जात/जातीय समूह, शहर र गाउँ र वर्गको आधारमा फरक पनि छन् । जनजाति महिला कार्यकर्ता लक्की शेर्पाले उल्लेख गर्नुभएअनुसार जनजाति महिलाहरूले त्रिकोणात्मक भेदभाव सहन बाध्य छन्- महिला भएकाले, जनजाति भएकाले र जनजाति महिला भएकाले ।

जनजाति महिलाहरूमाथि हिन्दू पितृसत्तात्मक मूल्य मान्यताहरू थोपरिनु ती समुदायका महिलाहरूको स्वतन्त्रता हनन गरिनु हो । यसैगरी मधेसी, दलित समुदाय र कर्णाली क्षेत्रमा महिलाका समस्याहरू अझ दारुण रहेको छ । विधवा र अन्य एकल महिलाका समस्याहरू अझ गम्भीर रहेका छन् । महिलाहरूका यी दुःखहरूको मूल स्रोत भनेको परिवार, समाज र राज्यको सामन्ती संरचना नै हो ।

सन् १९७५ को अन्तर्राष्ट्रिय महिला वर्षमा निर्धारण गरिएका लक्ष्यहरू हासिल हुन अझ धेरै टाढाको कुरा भएतापनि नेपालको महिलावादी आन्दोलनले २०४६ सालपछिको खुकुलो परिस्थितिको अवधिमा गति भने पायो । जब यो आन्दोलनको नेतृत्व शहरिया सम्भ्रान्त महिलाहरूद्वारा गरिएको छ, महिलावादी आन्दोलन र महिलावादी परियोजनाको बीच रहेको भेदलाई छुट्याउन जरुरी छ । विभिन्न तहमा व्यापक र विविध प्रकारका पहलहरू सहित हालैको जनआन्दोलनमा भएको महिलाहरूको सहभागिताबाट समाज र शासनमा महिलाका अधिकार र जिम्मेवारीहरूको बारेमा उनीहरू जागरुक भएको कुरालाई जनाउँदछ ।

तैपनि महिलाहरू अझै राज्यमा, राजनीतिमा र घरभित्र हुने विभेदलाई झेल्न बाध्य छन् । बलात्कारको मुद्दामा समेत महिलाहरू न्याय पाउनबाट बञ्चित छन् र बलात्कारीले राजनीतिक संरक्षण प्राप्त गर्दछ । कुनै पनि राजनीतिक दलका नेताले आजसम्म महिलाका पक्षमा आफ्नो पद छाडेका छैनन् । सम्मेलनमा डा. रेणु

राजभण्डारी र अन्य महिला कार्यकताहरूले अन्तरिम संविधानमा समेत महिलाहरूमाथि कायम रहेका विभेदप्रति आफ्ना असन्तुष्टी जाहेर गरे । यद्यपि अधिवक्ता सिन्धुनाथ प्याकुरेलले यसको प्रतिवाद गर्नुभएको थियो । संविधानको मस्यौदाको प्रक्रियामा विशेष सन्दर्भहरूलाई नोट गरिएको थियो, जसलाई विशेष प्रतिबन्ध भनियो । महिलाहरू आफ्नो पहिचानबाट समेत बञ्चित गरिएका छन्, उनीहरूलाई कसैकी छोरी, कसैकी श्रीमतीको रूपमा चिनाइन्छ र उनीहरूलाई आफ्नो पहिचानलाई कार्यमूलक रूपमा प्रस्तुत गर्ने अवसर समेत छैन ।

सम्मेलनका सहभागीहरूले के पनि प्रष्ट पारे भने माओवादीहरूले महिला र तिनको संवेदनालाई दलको स्वार्थ पूर्तिका लागि दुरुपयोग गरे, तर महिलाहरूको स्तरोन्नतिको लागि कुनै ठोस योजनाका साथ आउन भने सकेका छैनन् ।

जनआन्दोलन-२ मा महिलाहरूको ठूलो भूमिका रहेको भएतापनि पुनर्स्थापित संसदले राजनीति र राज्यका निकायहरूमा महिलाहरूको समानुपातिक प्रतिनिधित्व नगराएको कुराप्रति महिला कार्यकर्ताहरूले आफ्ना असन्तुष्टी व्यक्त गरेका थिए । भरखर निर्माण गरिएको अन्तरिम संविधानमा ५० प्रतिशत आरक्षणको मागको सट्टा महिलाहरूका लागि केवल ३३ प्रतिशत छुट्याइएको छ । राजनीतिमा महिलाहरूको स्थान र भूमिका अझै नगन्य अवस्थामा रहेको छ । अझ नागरिक समाजको आन्दोलनले समेत महिलाहरूको सवाललाई व्यापक तहमा उठाउन सकेका छैनन् ।

लैंगिक सवालमा सम्मेलनमा उठेका मुख्य सिफारिसहरू निम्न बमोजिम छन्:

? राजनीति र राज्यका निकायहरूमा महिलाहरूको समानुपातिक प्रतिनिधित्वलाई सुनिश्चित गरिनु पर्दछ ।
? महिला सशक्तिकरणलाई सहजीकरण गर्न नेपाली समाजमा विद्यमान सामन्ती मूल्य, मान्यता र संरचनालाई रुपान्तरित गरिनु पर्दछ ।
? महिलाहरूको मानवीय मर्यादालाई स्थापित नगरेसम्म कुनै प्रकारको आरक्षणले पनि काम गर्न सक्दैन । यसकारण स्त्री मर्यादालाई प्रवर्द्धन गर्न सबैले सहयोग गर्नु पर्दछ ।
? जबसम्म हामी महिलाहरूको प्रजननसम्बन्धी भूमिका उनीहरूमाथि भैरहेको विभेदलाई पहिचान गर्दैनौं, तबसम्म कुनै समाधान निस्कदैन ।
? जमिन र सम्पत्तिमा महिला र पुरुष दुवैको संयुक्त स्वामित्व हुनु पर्दछ ।
? नेपालको संविधान र कानुनहरूमा सबै प्रकारका भेदभावहरूलाई हटाइनु पर्दछ ।
? केटीहरूका लागि अनिवार्य शिक्षाको व्यवस्था गरिनु पर्दछ र सबै समाजहरूमा त्यसको कार्यान्वयन गरिनु पर्दछ ।

### ३.४.२ दलित समुदाय[8]

दलित शब्दको शाब्दिक अर्थ “हेपिएका” वा “पिसिएका” भन्ने हुन्छ, जुन निरपेक्ष विचार जस्तो देखिन्छ, तर यसले सामान्यतया हिन्दू वर्णव्यवस्थाभित्रका तथाकथित “तल्लो जात” भन्ने बुझाउँदछ ।

सन् २००१ को जनगणनामा नेपालमा दलितहरूको संख्या ३१ लाख आंकलन गरिएको थियो । तर दलित संगठनहरूले त्यो आंकडालाई उछिनेर उनीहरूको संख्या ५० लाख रहेको दाबी गरेका छन् । दलित समुदायहरू मर्यादित जीवन बाँच्नबाट बर्जित रहँदै आएकाछन् । उनीहरू राज्यबाट आधारभूत सेवा प्राप्त गर्नबाट समेत बञ्चित पारिएका छन् । उनीहरू गरिबीको रेखामुनि बाँच्न विवस छन् र छुवाछूत प्रथाको कारणबाट उनीहरू अझ कङ्गाल बन्दैगइरहेका छन् । केवल १०.७ प्रतिशत दलितहरू साक्षर छन् र महिला साक्षरता मात्र ३.२ प्रतिशत रहेको छ । दलितहरू कृषिबाट जीविकोपार्जन गर्दछन्, जबकि कुल कृषियोग्य जमिनमध्ये १ प्रतिशत मात्र दलितहरूको हातमा रहेको छ । नेपालका २५ लाख भूमिहीन जनतामध्ये १५ लाख दलित मात्र छन् । दलितहरूमध्ये पहाडका १६ प्रतिशत र तराईका ९५ प्रतिशत दलितहरू भूमिहीन छन् र ७१ प्रतिशत दलितहरू गरिबीको रेखामुनि बाँच्दछन् ।

[8] दलित शब्दको शाब्दिक अर्थ “हेपिएका’ वा “पिसिएका’ भन्ने हुन्छ, जुन निरपेक्ष विचार जस्तो देखिन्छ, तर यसले सामान्यतया हिन्दू वर्णव्यवस्थाभित्रका तथाकथित “तल्लो जात’ भन्ने बुझाउँदछ ।

**बक्स ३.१८: जात र क्षेत्रहरूमा अन्याय**

राष्ट्रिय मापदण्डका हिसाबले तुलना गर्ने हो भने, कर्णालीमा तथाकथित "माथिल्ला जात" का जनता समेत सीमान्तीकृत पारिएकाछन्। यस क्षेत्रका दलित समुदाय थप सीमान्तीकरणमा परेका छन्। कर्णालीको प्रतिनिधित्व त्यहीं बस्ने जनताबाट गराइनु पर्दछ। काठमाडौंका मानिसले कर्णालीका समस्याहरू बुझ्दैनन्। हिन्दू धर्मको नाममा दलितहरूलाई शिकार बनाइनु हुन्न। हामी हिन्दू धर्मको अनुयायी हौं र सबै मानिसहरू समान हुनु पर्दछ। हामीले शक्ति र स्रोतबाट किन विमुख हुनु पर्ने ?

स्रोतः जगत विश्वकर्माको मन्तव्यमा आधारित

दलितहरूको सवालमा विविधता रहेको र यसले नेपाली समाजमा गहिरोसँग जरा गाडेर बसेको छ। (बक्स ३.१९) विद्यमान सामाजिक, राजनीतिक, न्यायिक र प्रशासनिक प्रणालीले छुवाछूत प्रथा र दलितहरूप्रतिको भेदभावलाई उन्मूलन गर्न सकेका छैनन्। दलित कार्यकर्ताहरूले के दावी गरे भने माओवादीहरूले दलित समुदायका युवाहरूलाई मीठो सपना देखाएर विद्रोहमा सहभागी गराए तर उनीहरू आफ्नो बचनमा पक्का हुन सकेका छैनन्। माओवादी विद्रोहले यस समुदायलाई उल्लेखनीय रूपमा टुहुरा, अपाङ्ग र एक्लोपनको शिकार बनाएको छ। किन यो परिश्रमी र दक्ष मानिसहरू गरिबीको रेखामुनि बाँच्न बाध्य छन् भन्ने कुरा नेपाली राज्यले बुझ्दैन। उनीहरूका पुर्ख्यौली पेशा, खासगरी बजार प्रणालीबाट अतिक्रमित बन्दैछन्।

**बक्स ३.१९: दलितहरूको समस्या भनेको छुवाछूत मात्र हैन**

दलितहरूको समस्या भनेको केवल छुवाछूत हैन। दलितहरूका विरुद्धमा भएका छुवाछूत प्रथा, अन्याय र भेदभावको पछाडि आर्थिक, सामाजिक-सांस्कृतिक र राजनीतिक सन्दर्भहरू रहेका छन्। दलितहरूले आफ्ना मूल्यवान सीप, पेशालाई गुमाउदैछन् र जमिनमाथिको अधिकारबाट बञ्चित पारिदैछन्।

समावेशी राज्यका निमित्त दलितहरूलाई प्रगतिशील आरक्षण दिन जरुरी छ। सामाजिक/सांस्कृतिक क्षेत्रमा छुवाछूतप्रथालाई गम्भिरतापूर्वक लिनु पर्दछ र यसलाई समाप्त पारिनु पर्दछ। जनसङ्ख्यामा दलित समुदायको अनुपातलाई वैज्ञानिक र विनापक्षपात निर्धारण गर्नु आवश्यक छ। आरक्षण र सुविधाहरू पनि सोही अनुरुप वितरण गरिनु पर्दछ।

स्रोतः कास्कीका दिलबहादुर नेपालीको मन्तव्यमा आधारित

दलित समस्यालाई छुवाछूत प्रथाभित्र मात्र सीमित गर्न सकिदैन, बरु उनीहरूले उत्पादनका साधनहरू र स्रोतहरूमाथि पहुँचको अभाव भएका श्रमजीवी वर्गको प्रतिनिधित्व गर्दछन्। दुर्गा सोबले भन्नुभयो- दलितहरू मात्र एउटा जात होइनन्, बरु उनीहरू एउटा त्यस्ता पहिचान समूह हुन्, जो यस प्रकारका भेदभाव, शोषण, छुवाछूत, गरिबीसँग जुझिरहेका र मानव गरिमाबाट बञ्चित गराइएका छन्। यसैगरी यत्तिका सीप र दक्षता भएका दलितहरू किन सधैं गरीब रहनु परेको छ भनी यसका राजनीतिक आर्थिक पक्षतिर हेरिनु पनि त्यत्तिकै महत्वपूर्ण हुन्छ। मैना अछामीले भन्नुभयो- महिला, दलित, मधेसी र जनजातिको सवालमा २०४६ सालको संविधान र हालको अन्तरिम संविधानमा ठोस रूपमा कुनै भिन्नता छैन। उहाँले भन्नुभयो, माओवादीहरूले दलितका मुद्दालाई अगाडि सारेका भएतापनि आफ्नो अधिकार र पहिचानको लागि र भेदभावका विरुद्ध दलितहरू हतियार उठाउने तयारीमा छन् भन्ने कुरालाई उछाल्दै बाहुन र क्षेत्रीहरू (माओवादी र अन्य दलका)ले नयाँ संविधान बनाउन सहकार्य गरे।

**बक्स ३.२०: दलितहरू के चाहन्छन् ?**

हामी जन्मजात इन्जिनियर र दक्ष मानिस हौं। राज्यलाई हाम्रो सीपको जरुरत छ, तर हामीलाई अछूतको व्यवहार गर्दछ।

? पहिलो, हामी लोकतान्त्रिक गणतन्त्र चाहन्छौं।
? दोस्रो, माओवादी जनयुद्ध लगायत भाषिक, जातीय द्वन्द्व र अरुखाले असमानताहरूलाई समाधान गरिनु पर्दछ।
? तेस्रो, भूमिहीनहरूलाई जमिन प्रदान गरिनु पर्दछ।
? दलितका पेशामाथिको अतिक्रमणलाई रोकिनु पर्दछ र उनीहरूको रोजगारीको अधिकारको ग्यारेन्टी गरिनु पर्दछ।
? छुवाछूत लगायत दलितका विरुद्ध हुने सबैप्रकारका भेदभावलाई समाप्त पारिनु पर्छ।

स्रोत: बलबहादुर परियारको मन्तव्यमा आधारित

सम्मेलनका दलित सहभागीहरूले विगतका भेदभावको क्षतिपूर्तिको रूपमा आरक्षणको माग गरे। आरक्षणका विभिन्न नमूनाहरू प्रस्तावित गरिएको भएतापनि, शक्ति र पदहरूमा केन्द्र भागमै दलितलाई उचित अंश चाहिन्छ। राजनीतिक दलहरूले आफ्ना घोषणा-पत्रहरूमा दलितहरूको पीडालाई स्वीकार्नु पर्दछ। नयाँ लोकतान्त्रिक नेपालमा समानुपातिक रूपमा दलित समुदायले राजनीति र राज्यमा प्रतिनिधित्व गर्नु पर्दछ र बजारमा उनीहरूको स्वतन्त्र सहभागिताको प्रवर्द्धन गरिनु पर्दछ।

### ३.४.३ मधेसी तथा जनजाति समूहहरूका मुद्दाहरू

नेपालको सामाजिक विविधतालाई धार्मिक, जातीय, क्षेत्रीय र सांस्कृतिक आधारमा छुट्याउन सकिन्छ, जसलाई सांस्कृतिक अर्थमा लिने हो भने प्रतीकात्मक रूपमा धोती, टोपी र बक्खुले प्रतिनिधित्व गर्न सक्दछ। दलितहरूको विषयमा माथि नै चर्चा गरिसकिएको छ, तर यहाँ जनजाति, मधेसी, हिमाली र अन्य पहिचान समूहहरूका विषयसँग सम्बन्धित मुद्दाहरूका सम्बन्धमा संक्षेपमा चर्चा गरिने छ। तर पनि यी सांस्कृतिक विविधताहरू नेपालको अर्थ-राजनीतिमा विद्यमान वर्गीय विभाजनभित्र लुक्न पुग्दछ। कर्णाली क्षेत्रका सहभागीहरूले उल्लेख गरेअनुसार आम सोंचाईको विपरित त्यस क्षेत्रमा ठकुरी वा बाहुनहरू सबभन्दा सीमान्तीकृतहरूमध्येमा पर्दछन्। यसैगरी अन्य क्षेत्रहरूमा पनि गरीब समूहहरू र परिवारहरू विभिन्न रूपबाट अन्याय र शोषणमा बाँच्न बाध्य पारिएका छन्।

**मधेसी**[9]: श्रीप्रसाद शाहले भन्नुभयो- मेधेसी समुदाय सबभन्दा सीमान्तीकृतहरूमध्येमा पर्दछन्। उहाँले के कुरा उठाउनुभयो भने मधेसी जनताहरूले धेरै पहिलेदेखि विकास, अर्थतन्त्र र शासनमा भेदभावको अनुभव गर्दै आएका छन् र उनीहरूलाई "मधेसी" को सट्टा "मधिसे", "मऱ्स्या" वा "भैया" जस्ता हेपाहा शब्दहरूबाट चिनाइन्छ। यहाँ मधेसी जनतासँग गाँसिएका समग्र समस्याहरूलाई उल्लेख गर्न खोजिएको हैन, बरु तराई क्षेत्रले भोग्दै आएका विकासका मुद्दाहरूलाई खास ऐतिहासिक, राजनीतिक र सांस्कृतिक सन्दर्भमा बुझ्न आवश्यक छ भन्ने कुरालाई जोड दिन खोजिएको हो। नेपालको इतिहासभरि नै मधेसी समुदायहरूलाई पाखा पारिएको, सेना र प्रहरी सेवामा भेदभाव गरिएको, उनीहरूको मर्यादालाई वेवास्ता गरिएको र पहाड केन्द्रित राष्ट्रवादभित्र "पराया" भावले हेरिएको कुरा बढ्दो रूपमा उठिरहेका छन्।

मधेसी समुदायका विकासका समस्याहरू अन्य नेपाली समाजका समस्याहरूसँग समान प्रकृतिको भएतापनि उनीहरू सांस्कृतिक रूपमा हिमाली र पहाडी समुदायभन्दा फरक छन् भन्ने कुरा बुझ्नु ज्यादै महत्वपूर्ण हुन्छ। मधेसी समुदायको सन्दर्भमा विकाससम्बन्धी धारणा, तरिका र विधिहरूलाई यही रूपमा बुझ्नु र अवलम्बन गरिनु पर्दछ। समानुपातिक प्रतिनिधित्व प्रणाली, बजेट विनियोजनको ढाँचा, चुनाव क्षेत्रको निर्धारण र भूमिसुधारका सम्बन्धमा मधेसी कार्यकर्ताहरूले आफ्ना आवाजलाई बुलन्द गर्दै आइरहेका छन्। नयाँ नेपालको समावेशी विकासले यी र यसप्रकारका संवेदनशीलताहरूप्रति दृष्टि पुऱ्याउनु पर्दछ।

[9] "मधेसी' शब्दले सामान्यतया नेपालका तराई क्षेत्रमा बस्ने जनतालाई जनाउँदछ, जहाँको सांस्कृतिक परम्परा गंगाको मैदानमा अवस्थित प्राचीन "मध्यदेश' सँग जोडिएको विश्वास गरिन्छ।

**जनजाति**: नेपालका जनजातिहरूले जनसङ्ख्याको झण्डै ३६ प्रतिशत भाग ओगटेका छन् र उनीहरू देशभरि नै छरिएर बसेका छन् । तिनीहरूमा पहाड र हिमालका राई, मगर, गुरुङ, चेपाङ, लिम्बु वा शेर्पा जस्ता विविध समूहहरू र तराईका थारु वा धिमाल जस्ता जातिहरू पर्दछन् । जनजाति समुदाय उनीहरूको संस्कृति, धर्म र मूल्य मान्यतामाथि हस्तक्षेप हुँदै आएको अनि सांस्कृतिक एकरुपीकरण भएको अनुभव गर्दछन् । अर्कोतिर भूमिपुत्र[10] भएतापनि जनजाति समुदायको असमान रूपमा भूमिमाथि न्यून पहुँच रहेको र समग्रमा नेपालको विकास, राजनीति, अर्थतन्त्र र समाजमा अल्प-प्रतिनिधित्व रहेको छ ।

**बक्स ३.२१: जनजातिहरूको अल्प-प्रतिनिधित्व**

म निलाम्बर आचार्यको विचारसँग सहमत छु कि, मानव मर्यादा अभिभाज्य हुनु पर्दछ । तथापि जनजाति मर्यादा विभाजित छ ...हाम्रो बीचमा सुमधुर सम्बन्ध तब मात्र हुन्छ, जब म तपाईको भाषा बोल्दछु, तर मैले मेरो भाषामा बोलें भने तपाईले मेरो भावना बुझ्न सक्नुहुन्न । यसकारण म विभाजित छु - मेरा मर्यादा र भावनाले मान्यता पाएका छैनन् ।

नेपालको जनसङ्ख्यामा १४ वटा जातिहरूको २ प्रतिशतभन्दा बढी जनसख्या छ । १३ प्रतिशत शहरियाहरूसँग ९० प्रतिशत राज्य शक्ति रहेको छ । १३ प्रतिशत बाहुन र १६ प्रतिशत क्षेत्रीसँग ९८ प्रतिशत शक्ति रहेको छ । जनसङ्ख्याको ५१ प्रतिशत महिलाहरूमध्ये राज्य शक्तिमा भने २ प्रतिशतको मात्र संलग्नता रहेको छ । यस्तो संरचनालाई परिवर्तन नगरेसम्म स्रोतहरू, राजनीतिक सहभागिता र शक्तिमा हाम्रो हुने छैन र हामीले गतिशील नेपाल बनाउन सक्ने छैनौं ।

गाईलाई राष्ट्रिय जनावर बनाइएकोमा मेरो आपत्ति छ । मेरो लागि राष्ट्रिय जनावर सुँगुर हुनु पर्दछ । कतिजना बाहुनहरूले यसलाई स्वीकार गर्छन् ?

स्रोत: जनजाति प्रतिष्ठानका बालकृष्ण माबुहाङको मन्तव्यमा आधारित

जनजाति समुदायमध्येकै पश्चिम नेपालका थारुहरूले कमैया (बाँधा श्रम)को रूपमा शदियौंदेखि शोषण भोग्दै आएका छन् । आज पनि थारुहरूको ठूलो संख्या र अन्य जनजातिसँग जमिन छैन, जबकि उनीहरूको जीविकोपार्जनको मूल आधार नै खेती हो । सन् २००० मा कमैयाहरूलाई “मुक्त” गरिएको भनिएतापनि उनीहरूको समस्या जस्ताको तस्तै रहेका छन् । थारुहरूलाई अझै पनि सुकुम्बासी[11], कमैया, हरूवा वा चरुवा जस्ता उनीहरूको आत्मगौरब र आत्मसम्मानमा चोट पुऱ्याउने तुच्छताबोधक शब्दहरूबाट चिनाइन्छ । थारुहरू अझै जमिनको स्वामित्व र राजनीतिको पहुँचबाट बञ्चित छन् । शान्ती चौधरीले भन्नुभयो- नेपालको जनसङ्ख्याको उल्लेखनीय भाग ओगट्ने थारुहरू नेपालका २३ जिल्लाहरूमा बसोबास गर्दछन् । तर आजसम्म पनि थारु महिलाहरू गाविस[12] अध्यक्षसम्म हुन सकेका छैनन् । थारु महिलाहरू अधिकारबाट बञ्चित छन् र उनीहरू कमैया र कमलरी[13] प्रथामा बाँचिरहेका छन्, र राजनीति र शिक्षामा साह्रै कम पहुँच राख्दछन् । हामीले महिलाहरूलाई आरक्षणको कुरा गरिरहँदा विभिन्न जातीय समुदायहरूमा छरिएर रहेका महिलाहरूलाई ख्याल गरिनु पर्दछ ।

---

[10] सामान्य अर्थमा “धर्तीको छोरा’ बुझाउने यो शब्दले खास क्षेत्रसँग ऐतिहासिक र सांस्कृतिक सम्बन्ध रहेका जातीय समूहलाई जनाउँदछ ।

[11] सुकुम्बासी, कमैया, हरूवा र चरुवा भन्ने शब्दहरूले क्रमश: भूमिहीन, बाँधा श्रमिक, नोकर र गोठालो भन्ने जनाउँदछ ।

[12] गाविस भन्नाले नेपालको स्थानीय स्वशासन ऐनमा उल्लेखित गाउँ तहको राजनीतिक निकाय अर्थात् “गाउँ विकास समिति’ भन्ने बुझिन्छ ।

[13] कमलरी भन्नाले जमिन्दारको घरमा नोकरको रूपमा काम गर्ने थारु केटी बुझिन्छ ।

**बक्स ३.२२: अन्तरिम संविधान र जनजातीय महिलाहरू**

जनताले जसरी २०४६ मा पूर्ण रूपमा विकासको फल प्राप्त गर्न सकेनन्, वर्तमान सन्दर्भमा पनि त्यही कुरा दोहोरिने अवस्था देखिदैछ । यदि हामीसँग संघात्मक संरचना भएको भए, माओवादी द्वन्द्व यस रूपमा मौलाउने थिएन । यसका साथै आन्दोलन र माओवादी जनयुद्धले अवसर र स्रोतहरूको वितरणको मुद्दालाई सतहमा ल्याएको थियो, तर विस्तृत शान्ति सम्झौतामा यी मुद्दाहरू संकुचित रूपमा आयो । शान्ति सम्झौता अपूर्ण छ, जसले हामीलाई क्षणिक शान्ति मात्र प्रदान गरेको छ । जारी राजनीतिक प्रक्रिया र सहमतिहरूमा जनजातीय गुनासा र मुद्दाहरूलाई पर्याप्त मात्रमा ध्यान नदिइएको भन्ठान्दछु । तसर्थ पूर्ण समावेशी ढाँचाको लागि काम गरिनु पर्दछ ।

नेपालको महिला आन्दोलनभित्र नेपाली महिलाहरू विविध समूहबाट आएकाछन् भन्ने कुरालाई मान्यता दिइएको थिएन । अहिलेको संसदमा महिलालाई ३३ प्रतिशत आरक्षण प्रदान गरिएको भएता पनि कुन वर्ग, जात वा जातिले फाइदा पाउँछ भन्ने कुरा स्पष्ट छैन । यो सवाललाई पनि ध्यान दिइनु पर्दछ ।

स्रोतः आदिवासी हिमाली महिला संजालकी लक्की शेर्पाको मन्तव्यमा आधारित

अझ, सम्मेलनमा लक्की शेर्पा, मेटमणि चौधरी, बालकृष्ण माबुहाङ र अन्य जनजाति सहभागी/विज्ञहरूले बताउनु भयो कि, नेकपा (माओवादी)ले उनीहरूको उद्देश्य पूर्तिका लागि लड्ने काममा जनजातिहरूको भावनालाई दुरुपयोग गरे । अहिले जनजाति युवाहरू अपाङ्ग बन्न पुगेका छन्, तिनीहरूमध्ये कति त मारिए र अन्य कति विधवा र टुहुरा बन्न पुगे । उहाँहरूले के बताउनु भयो भने, उनीहरूले अर्काको निहित स्वार्थका लागि लड्नुभन्दा आफ्नै लागि लड्नु पर्दछ । जनजाति समुदायको उत्थानको लागि उनीहरूलाई उचित मार्गनिर्देशन र प्रयोजनको स्पष्टताको जरुरत रहेको छ ।

### ३.४.४ युवाहरू, फरक क्षमताका मानिसहरू र अन्य पहिचान समूहहरू

**युवाहरूः** सम्मेलनका सहभागीहरू र विज्ञरूले नेपालको भावी कुनै पनि विकास रणनीतिको प्रमुख लाभग्राही भनेका युवा र बालबालिका भएको कुरामाथि जोड दिएका थिए । मुलुकमा हरेक साल झण्डै ३ लाख श्रमशक्तिको उत्पादन हुन्छ र तिनीहरूमध्ये निकै ठूलो संख्या रोजगारीको खोजीमा खाडी र अन्य मुलुकहरूतिर पलायन हुन बाध्य छन् । देशभित्रको औद्योगिक र अन्य उत्पादनमूलक क्षेत्रहरूमा रोजगारीका अवसरहरूको अभावले गर्दा युवाहरूको बीचमा व्यापक निराशा छाएको छ । शिक्षित युवाहरूलाई रोजगारी पाउन एकदम कठिन छ । न त उनीहरूको शिक्षा प्रतिस्पर्धी क्षमता र सीप प्रदान गर्ने खालको छ न स्वउद्यम गर्न उत्प्रेरित गर्ने खालको नै छ । अनेरास्ववियूकी रामकुमारी झाँक्रीको मत अनुसार युवा विद्यार्थीहरू सधैं नेताहरूलाई कुर्सीमा पुऱ्याउन सहयोगी साधन मात्र बन्दै आए, तर पनि सरकारलाई आफ्नो काम गर्न सुनिश्चितता प्रदान गर्नका लागि विद्यार्थीहरूले आफ्नो अध्ययनसँग सम्झौता गर्नु पर्दछ । राजनीतिक दलहरूले निर्धारण गरेका राजनीतिक उद्देश्यहरू हासिल गर्ने काममा युवाहरूको "दुरुपयोग" हुँदै आएको छ र उनीहरूलाई झुटो आश्वासनहरू दिइँदै आइएको छ, जुन पछिबाट भुल्ने गरिन्छ । यसैले भावी विकास रणनीतिहरूले उनीहरूलाई दक्ष, प्रतिष्पर्धी र देशको जिम्मेवार नागरिक बनाउनका लागि उनीहरूको सृजनशीलता र दृष्टिकोणलाई सशक्त बनाउन सहयोग गर्नु पर्दछ ।

**फरक क्षमताका मानिसहरूः** नेपालमा हाल लगभग ३० लाखको संख्यामा फरक क्षमताका मानिसहरू रहेको कुरा राष्ट्रिय अपाङ्ग महासंघका प्रतिनिधिहरू बीरेन्द्र राज पोखरेल र अर्जुन तिम्सीनाले जानकारी गराउनु भयो । तर नेपालको विकास योजनाहरूले तिनीहरूले भोगिरहेका यावत समस्याहरूलाई वेवास्ता गरिएको कारण उनीहरू बेखुसी छन् । यो एउटा लगभग अदृष्य रहेको बञ्चित समूह हो, जसको मानवअधिकार औपचारिक रूपमा सुनिश्चित गरिएको भएतापनि व्यवहारमा व्यापक रूपमा वेवास्ता गरिएको छ । फरक क्षमताका मानिसहरूले एकदमै कष्टपूर्ण जीवन बाँचिरहेका छन्, कति अशिक्षित छन् र पाखाबाट पनि पाखा पारिएका छन् । तैपनि उनीहरू लोकतान्त्रिक आन्दोलनमा सकृय रूपमा सहभागी भएका थिए । माओवादी विद्रोहको दौरानमा हजारौं मानिसहरू अपाङ्ग बन्न पुगेका थिए, तर सरकार र माओवादी बीचमा भएको शान्ति सम्झौतामा उनीहरूलाई सहयोग गर्ने बारेमा कुनै कुरा उल्लेख नगरिएको कारण फरक क्षमताका मानिसहरू बेखुसी बनेका छन् । सम्मेलनमा उनीहरूका प्रतिनिधिहरूले सामाजिक न्याय र फरक क्षमताका मानिसहरूको विरुद्धमा भएका सम्पूर्ण भेदभावहरूको अन्त्यको माग राखेका थिए । फरक क्षमतामा मानिसहरूका लागि विशेष सुविधाहरूको व्यवस्था र तिनको सुनिश्चितताको आवश्यक एकातिर छ भने अर्कातिर आत्मनिर्भर भएर बाँच्न उनीहरूको क्षमता बृद्धिको

लागि पनि उनीहरूलाई सहयोगको जरुरत छ। प्रतिनिधिहरूले नयाँ नेपालमा समाजले उनीहरूको व्यक्तिगत अखण्डता, गरिमा र आत्मसम्मानलाई सम्मान गर्न अनुरोध गर्नुभयो।

युवा र फरक क्षमताका मानिसहरूबाहेक, ब्लू डाइमन सोसाइटीका सहभागीहरूले आफ्ना दैनिक जीवनमा समलिंगीहरूले भोग्नु परिरहेको समस्याका बारेमा ध्यान आकर्षण गराएका थिए। भूमिका श्रेष्ठले भन्नुभयो- समलिंगीहरूलाई समाजमा हतोत्साहन र घृणा गरिन्छ र उनीहरूका गुनासोको बारेमा राजनीतिज्ञहरूले कानमा तेल हाल्दछन्। प्रहरी र प्रशासन उनीहरूप्रति निर्दयी र आक्रमक छन्। नेकपा (माओवादी) का सुरेश आलेमगरले भन्नुभयो- समलैंगिकता न त कमजोरी र अपराध हो न यो यौनिकताविहीन हुनु नै हो, तथापि हामी कतै प्रकृतिको नियम विपरित त जाँदैछैनौं भनी सोंच्नु पर्दछ। आलेले यस मामलामा यस समूहका सदस्यहरूसँग बसेर थप कुराकानी गर्नु उपयुक्त हुने कुरा उल्लेख गर्नुभयो।

### ३.४.५ राजनीति, शिक्षा, स्वास्थ्य, अर्थतन्त्र र संस्कृतिमा समावेशीकरण

सम्मेलनका सहभागीहरूमध्ये भावी नेपालमा समानुपातिक सामाजिक समावेशीकरणमा केन्द्रित रहेको एक समूहले समानुपातिक समावेशीकरणका लागि व्यापक क्षेत्रहरूको पहिचान गऱ्यो। यसले के प्रष्ट भएको छ भने, जनजाति, मधेसी, महिला र दलितका साथै कर्णालीका बासिन्दाका लागि आर्थिक, सामाजिक, राजनीतिक, सांस्कृतिक र शैक्षिक अवसरहरूमा सुधार गरिनु पर्दछ, जसका लागि समानुपातिक सामाजिक समावेशीकरण आवश्यक छ।

समूहले समग्रमा तलका दुईवटा प्रस्तावहरू तय गरेको थियो र थप विशेषीकृत प्रस्तावहरू पछिल्ला हरफहरूमा उल्लेख गरिने छः

? गरीब, दलित, जनजाति र सामाजिक रूपमा पाखा पारिएका समूहहरूलाई लिंग, दलित, वर्ग, बालबालिका, युवा, बृद्ध/बृद्धा, भूगोल र क्षेत्रलाई ध्यानमा राख्दै समावेशीकरण नीतिहरूलाई अनेक पक्षहरूमा विषयगत रूपमा हेरिनु पर्दछ।

? सामाजिक संस्थाहरू, सरकारी कार्यालयहरू, राजनीतिक दलहरू र उनीहरूका भातृ संगठनहरूमा सम्पूर्ण जनताको समानुपातिक प्रतिनिधित्व हुने गरी समावेशीकरण गरिनु पर्दछ।

**शिक्षामा समावेशीकरण**ः शिक्षामा समावेशीकरण गर्नका लागि आइपर्ने अनेक बाधाहरूलाई पहिचान गरियो। के कुरा उठाइयो भने नेपालमा भाषा, दुर्गम-सुगम विभाजन, शैक्षिक संस्था आदिमा विभेदमूलक शैक्षिक नीति रहेको छ। औपचारिक शिक्षामा गैरखस[14] मातृभाषा भएका जनताले अनेक समस्याहरू भेल्नु पर्दछ। शैक्षिक क्षेत्रका अन्य बाधाहरूमा बढ्दो व्यापारिकरण र नीतिगत रिक्तताका कारण फरक क्षमताका बालबालिकाहरू जस्तो कि बहिरा, ले ५ कक्षाभन्दा बढी पढ्न नसक्नु आदि रहेका छन्। यसैगरी हालैका वर्षहरूमा ठूलो संख्यामा निजी विद्यालयहरू र शैक्षिक संस्थाहरूले गरेका योगदानहरूलाई बुझ्न पनि जरुरी छ। तथापि व्यापारीहरूले संचालन गरेका र शिक्षकहरूले संचालन गरेका निजी विद्यालयहरूलाई छुट्याउन जरुरी छ। शिक्षा प्रदान गर्ने कुरामा राज्यको असक्षमताबाट सृजित रिक्ततालाई निजी शैक्षिक संस्थाहरूले पूर्ति गरिरहेका छन्।

सम्मेलनमा सिफारिसका रूपमा निम्न बुँदाहरूलाई टिपिएको थियो:

? कक्षा १२ सम्म अनिवार्य शिक्षा।
? दुर्गम र सुगम क्षेत्रहरूमा शिक्षाको गुणस्तरमा एक रूपता ल्याउने।
? जनसङ्ख्या र भौगोलिक क्षेत्रका आधारमा शैक्षिक संस्थाहरूको विकास।
? सबै तहहरूमा मातृभाषामा शिक्षा प्रदान गर्ने।
? महेन्द्र संस्कृत विश्वविद्यालयलाई "बहुसांस्कृतिक विश्वविद्यालय" बनाइनु पर्ने।

[14] गैरखस भाषाहरू नेपालमा बोलिने ती धेरै मातृभाषाहरू हुन्, जुन औपचारिक "नेपाली' भाषाभन्दा फरक छन्। "खस' शब्दले आजभन्दा शताब्दीयौं पहिले कर्णाली क्षेत्रमा विशाल अधिराज्यमा शासन गर्ने जनताहरूलाई जनाउँछ र के विश्वास गरिन्छ भने उनीहरूले बोल्ने भाषा नै आजको नेपाली भाषाको स्रोत हो।

? केही सहभागीहरूका अनुसार हालका निजी विद्यालयहरूलाई सामुहिकीकरण गरिनु पर्ने । उनीहरूले नाफा कमाउने उद्देश्य मात्रबाट संचालित विद्यालय र शिक्षकहरू स्वयंले शैक्षिक स्तरियताको लागि संचालन गरिएका विद्यालयलाई छुट्याइनु पर्दछ भन्ने कुरामा जोड दिए । यसर्थ यी विद्यालयहरूले शैक्षिक क्षेत्रमा बर्षौंदेखि खेल्दै आएको भूमिकाको कदर गरिनु पर्दछ ।

? फरक क्षमताका मानिसहरूको अधिकारलाई सुनिश्चित गरिनु पर्दछ र उनीहरूलाई शिक्षाको अवसर प्रदान गरिनु पर्दछ ।

? वर्तमान शिक्षा- जसले जीवनोपयोगी सीप प्रदान गर्दैन, त्यसलाई खारेज गरिनु पर्दछ र नयाँ रूपमा उठाइनु पर्दछ ।

**स्वास्थ्य क्षेत्रमा समावेशीकरणः** भौतिक पूर्वाधारहरूको अभाव, दक्ष जनशक्तिको अभाव, चेतनाको कमी अनि राज्यको वेवास्ता आदि स्वास्थ्य क्षेत्रका व्यवधानहरूमा पर्दछन् । तल उल्लेखित रणनीतिहरू सुझावको रूपमा दिइयोः

? आवश्यकता अनुसार भौतिक पूर्वाधारको विकास ।

? स्थानीय स्तरमा मानव स्रोतको परिचालन ।

? आधारभूत स्वास्थ्य सेवा र स्वास्थ्य शिक्षालाई निःशुल्क गरिनु पर्छ ।

? सबैलाई सुरक्षित खानेपानीमा पहुँच हुनु पर्दछ ।

? आधारभूत स्वास्थ्य (प्राथमिक स्वास्थ्य सेवा) र प्रजनन स्वास्थ्यलाई मौलिक अधिकारको रूपमा समावेश गरिनु पर्दछ ।

? बच्चा जन्माउने वा नजन्माउने भन्ने विषयमा निर्णय गर्ने अधिकार महिलालाई हुनुपर्दछ ।

**राजनीतिमा समावेशीकरणः** समान प्रतिनिधित्वको कमी, सामन्ती, केन्द्रवादी, पितृसत्तात्मक र बाहुनवादी मूल्य मान्यताहरू राजनीतिमा समावेशीकरणका लागि तगाराहरू हुन् । यसका साथै राजनीतिक दलहरू र तिनका नेताहरूमा इमान्दारिता, पारदर्शिता र विश्वसनीयताको पनि कमी रहेका छन् । तल उल्लेखित बुँदाहरू सुझावको रूपमा दिइएको थियोः

? राज्यको पुनर्संरचनाको माध्यमबाट संघात्मक राज्य प्रणालीको विकास ।

? मानव विकास सूचकाङ्कको आधारमा हेपिएका र "पछौटे" समुदायहरूको प्रतिनिधित्व ।

? राजनीतिक दलहरूमा सामन्ती, केन्द्रीयतावादी, पितृसत्तात्मक र बाहुनवादी संस्कृतिको अन्त ।

? जनसङ्ख्याको आधारमा महिला, दलित, मधेसी, जनजाति र अल्पसंख्यकहरूको समानुपातिक प्रतिनिधित्व ।

? लिंग, जात/जातिको आधारमा भेदभाव गर्ने र यसप्रकारको भेदभावलाई संरक्षण दिनेहरूलाई कडा कारबाही ।

**आर्थिक समावेशीकरणः** सम्मेलनमा समावेशीकरण समूहले आर्थिक क्षेत्र वा उत्पादनमूलक गतिविधिहरूमा महिलाका साथै अन्य समूहहरूको सहभागितामा रहेको अनेकौं बाधाहरूको पहिचान गरेको थियो । ती बाधाहरूमा पैतृक सम्पत्ति, प्राकृतिक स्रोतहरू र अन्य आर्थिक स्रोतहरूमा पहुँच र नियन्त्रणको अभाव आदि रहेका छन् । उत्पादनका उपलब्धीहरूमाथि महिला, फरक क्षमताका मानिसहरू र "पछौंटे" समूहहरूको या त ज्यादै थोरै पहुँच छ अथवा छँदैछैन । न त यी समूहहरूको बजारमाथि पहुँच छ । समाजले महिलाहरूले गर्ने घरेलु कामलाई उत्पादनमूलक कामको रूपमा मान्यता दिन अस्वीकार गर्दछ । समान कामको लागि समान ज्याला भन्ने विचार पनि व्यवहारमा लागु भएको छैन । सम्मेलनमा निम्न रणनीतिहरू सुझावको रूपमा दिइयोः

? महिला, जनजाति, दलित, गरीब र भूमिहीनहरूलाई भूमिअधिकार प्रदान र सम्पत्तिमाथि हदबन्दी ।

? उत्पादनको फलमाथि महिला र पछौटे समूहहरूको पहुँच बृद्धि गर्न नीतिहरूको निर्माण र कार्यान्वयन ।

? घरेलु र वैदेशिक रोजगारीमा समावेशीकरणलाई सुनिश्चितता ।

? सीप विकास र प्राविधिक शिक्षामा समाबेशीकरणको सुनिश्चितता ।

? घरेलु र बाह्य गतिविधिमा महिला र पुरुष दुवैको समान सहभागिताको सुनिश्चितता ।

**सांस्कृतिक समावेशीकरणः** सम्मेलनका सहभागीहरूले महिलाहरूलाई दोस्रो दर्जाको नागरिकको रूपमा र दलितहरूलाई अछूतको रूपमा व्यवहार गर्ने सामन्ती संस्कृतिको बर्चस्व नै नेपाली समाजमा विद्यमान मूल सांस्कृतिक तगाराहरू हुन् । सांस्कृतिक पक्षहरूमा सुधार ल्याउनका लागि सम्मेलनले निम्न रणनीतिहरू सुझाएको छः

- महिला र दलितलाई अधिकारविहीन बनाउने सामाजिक मान्यताहरूलाई समाप्त गर्ने ।
- महिलाहरूलाई विज्ञापनको साधन बनाउन नपाउने नीतिहरूको जरुरत छ र यसलाई बढावा दिनु हुदैन ।
- देउकी, छाउपडी र कमैया प्रथा लगायत महिलामाथि हुने सबैखाले हिंसाको अन्त्य गर्ने ।
- जनजातिहरूलाई सांस्कृतिक स्वतन्त्रता प्रदान गर्नु पर्ने ।
- सांस्कृतिक व्यवहारहरूमा महिलाहरूको सहभागितामा बृद्धि गर्ने ।
- विधवा विवाहलाई प्रोत्साहन गर्ने ।
- सरकारी भवनहरूको निर्माण गर्दा फरक क्षमताका मानिसहरूको अनुकुल हुने गरी बनाउने ।

**आरक्षण/सकारात्मक विभेदः** सम्मेलनका सहभागी तथा विज्ञले आरक्षण वा सकारात्मक विभेदको विषयलाई विभिन्न सन्दर्भहरूमा छलफल गरेका थिए । सहभागीहरूले राजनीति र समाजमा समानुपातिक प्रतिनिधित्वलाई सुनिश्चित गर्न तथा विगतमा भएका अन्यायहरूलाई सुधार्ने साधनको रूपमा आरक्षणको पक्षपोषण गरेका थिए । तथापि आरक्षण अनन्तकालसम्मका लागि नभई निश्चित समयसीमाका लागि मात्र हुनुपर्ने कुरा पनि उठाइएको थियो । आरक्षणबाट शहरमा बस्ने समूहहरूलाई बढी फाइदा पुग्ने र यसले भारतमा झैं अनेक सामाजिक समस्याहरू निम्त्याउन सक्ने सम्भावनातर्फ पनि चासो देखाइएको थियो । राष्ट्रिय जनशक्ति पार्टीका डा. प्रकाशचन्द्र लोहनीले मानवविकास सूचकाङ्कको आधारमा सकारात्मक विभेदको रणनीति प्रस्तावित गर्नुभएको थियो, यो विषयमा बोल्ने अधिकांश सहभागीहरूले यसप्रति सहमति जाहेर गरेका थिए । यसमा सबभन्दा कम मानवविकास सूचकाङ्क भएका समुदायलाई प्राथमिकता दिने गरी सकारात्मक विभेदको नीतिलाई कार्यान्वयन गरिनु पर्ने उल्लेख गरिएको थियो । जसले एकपल्ट सकारात्मक विभेद प्राप्त गर्दछ, उ राष्ट्रिय हाराहारीमा पुग्दछ, त्यसपछि यस्तो नीतिलाई खारेज गरिनु पर्दछ ।

## ३.५ प्राकृतिक स्रोतहरूको उपयोग

भूमि, जल र वन नेपालको कृषि अर्थतन्त्रको लागि अत्यन्त महत्वपूर्ण पक्षहरू हुन् । वन र कृषि विशेषगरी जटिल "परम्परागत" कृषि प्रणालीभित्र अत्यन्त निकट रूपमा अन्तरसम्बन्धित रहेका छन् ।

साना तथा ठूला जलविद्युत आयोजना, सिँचाई तथा खानेपानी उपलब्ध गराउनका लागि जलस्रोतको विकासले अत्यन्त ठूलो महत्व राख्दछ । भावी नेपालको विकास सम्भावनालाई हासिल गर्नका लागि भूमि, जल र वन सम्पदाको अधिकतम विकासको रणनीतिको जति आवश्यकता छ, त्यतिकै तिनको विकास, व्यवस्थापन र उपयोग समान रूपमा नेपाली जनताको हितमा हुनु पर्दछ । यसर्थ नयाँ प्रविधिलाई अपनाउन, नयाँ जात वा नश्लको जानकारी गराउन, उपयुक्त समयमा बाली लगाउन, बजारमा पहुँच बढाउन र त्यसबाट उत्पादन क्षमतामा बृद्धि गर्न प्राविधिक विकास एकदमै महत्वपूर्ण छ । ती स्रोतहरूमाथि समान रूपमा पहुँच, स्वामित्व र अधिकारको सुनिश्चिता प्रदान गर्नु पनि त्यत्तिकै महत्वपूर्ण हुन्छ । भूमिसुधारको विषय पनि निकट रूपमा सम्बन्धित विषय हो, जसलाई जमिनमाथि हदबन्दी कायम गर्ने र अतिरिक्त जमिनको पुनर्वितरणको पुरातन अर्थमा लिइने वा बुझ्ने गरिन्छ ।

भूमिसुधारलाई सङ्कीर्ण रूपमा बुझ्नुभन्दा यसलाई समग्र योजनाको रूपमा लिइनु पर्दछ, जसले कृषि उत्पादनमा अधिकतम बृद्धि गर्न प्राविधिक सम्भावनासँग मेल खाने र समाजले चाहेअनुसार यस्तै अन्य प्रयोजनका लागि जमिनको प्रयोग गर्ने कुरालाई प्राथमिकता दिन्छ ।

### ३.५.१ कृषि र कृषिजन्य सम्बन्धको रुपान्तरण

यसअघि भूमिसुधारको सवाल, कृषि विकास र खाद्य उपलब्धताका मुद्दाहरूमा छलफल भयो । सम्मेलनका विज्ञ तथा सहभागीहरूले यसमा थप छलफल गरी आफ्ना मत र अडानहरूलाई अगाडि सारे । वर्तमान कृषि प्रणाली, भूमि व्यवस्थापन र स्वामित्व भूमि स्रोतको अधिकतम उपयोगलाई हासिल गर्ने कुरामा बाधक रहेको कुरामा सबैको सहमति रह्यो । तसर्थ भूमि प्रयोगको सम्बन्धमा खेतिपातीको तरिका, भूमिमाथिको पहुँच र वितरण जस्तै अति महत्वपूर्ण पक्षहरूको प्राविधिक तहमा सुधारको खाँचो रहेको छ ।

**बक्स ३.२३: थारु समुदाय र भूमिमाथि पहुँच**

थारुहरू भूमिपुत्र हुन्, तर आज उनीहरूलाई सुकुम्बासी, कमैया, हरूवा, चरुवा र कमलरीको रूपमा चिनाइन्छ । थारुहरूले औलो रोगसँग जुध्दै अत्यन्त कठीन परिस्थितिमा बाक्लो जंगललाई खोतीयोग्य बनाए र तराइलाई मानव बस्तीयोग्य बनाए । नेपालको जनसङ्ख्यामा थारुहरूले चौथो ठूलो भाग ओगटेका छन् तर उनीहरूमध्ये साह्रै थोरैसँग उचित आकारमा आफ्नो जमिन रहेको छ । जबसम्म उनीहरूको राजनीतिक दलहरूमा अर्थपूर्ण र पर्याप्त पहुँच हुदैन, वा राजनीतिक समावेशीकरण गरिदैन, हामीले नयाँ नेपालको परिकल्पना गर्नु बेकार हुनेछ ।

स्रोतः बाँकेका बालकृष्ण चौधरीको मन्तव्यमा आधारित

नेपालको जनसङ्ख्याको अत्यन्त ठूलो हिस्साको लागि कृषि नै जीविकोपार्जनको साधन रहेको छ । तैपनि, कृषिले न त किसानहरूलाई पूर्ण तहको रोजगारी उपलब्ध गराएको छ, न त यसले बहुसंख्यक किसान परिवारलाई उचित तहको आम्दानी र खाद्य सुरक्षाको सुनिश्चिता प्रदान गर्न नै सकेको छ ।

किसानहरूलाई मूलधारबाट पाखामा राखियो, दोस्रो दर्जाको नागरिकको रूपमा व्यवहार गरियो र नीति निर्माणमा उनीहरूको भूमिका न्यादै न्यून रहन पुग्यो, जबकि उनीहरूले मतदाता संख्याको अति ठूलो भाग ओगटेका छन् । राजनीतिक दलहरूसँग सम्बद्ध किसान संगठनहरूलाई गैरकिसानहरूले नेतृत्व गरिरहेका छन् । कृषि उत्पादनहरूको बजारलाई कृषि बजारसँग विच्छेद गरिएको छ । जस्तो, विनिमयको नाफाबाट केहीले यसरी फाइदा उठाउँछन् कि, उपभोक्ताले तिरेको मूल्यको सोंचेभन्दा साह्रो थोरै अंश मात्र किसानहरूले प्राप्त गर्दछन् । अझ, कृषि उत्पादनको आयात सम्बन्धमा किसानहरूले असहयोगी प्रतिस्पर्धाको हद नाघेको पाउँछन्, जबकि विद्युत र अन्य कृषि सामग्रीहरू भने सहज रूपमा उपलब्ध छन् र भारतमा ठूलो मात्रामा अनुदान दिइएको छ ।

**बक्स ३.२४: कृषिसम्बन्धी सवालहरू**

नेपाल कृषिप्रधान देश हो, तर कृषि र भूमिसम्बन्धी मुद्दाहरू अन्यौलपूर्ण छन् । भूमिसुधारपश्चात् पनि कृषिको व्यवसायीकरण हुन सकेन । मानिसहरू क्रान्तिकारी वा अन्य प्रकारका भूमिसुधारका कुरा गर्छन्, तर उनीहरू यस्ता सुधारले के गर्दछ भन्ने कुनै ठोस योजनाका साथ आउन सकेका छैनन् । सुधारको दिशा के हो भन्ने कुरा एकदमै स्पष्टताका साथ आउनु पर्दछ । नेपालका खास किसानहरूसँग साह्रै थोरै मात्र जमिन रहेको छ, र त्यसबाट उनीहरूलाई केही महिनाका लागि मात्र खान पुग्छ । धेरै जमिन भएका सम्भ्रान्तहरूले किसान अधिकारको बारेमा मुखको परिपाठलाई जारी राखेका छन् । किसानहरू अनाज फलाउछन्, तर त्यसको मूल्य निर्धारण व्यापारीहरूले गर्दछन् । यी सबै पक्षहरूप्रति विशेष ध्यान दिनु पर्दछ ।

स्रोतः मोरडका दिलिपकुमार खवासको मन्तव्यमा आधारित

नेपालको विकास योजनामा धेरै पहिलेदेखि कृषि विकासले प्राथमिकता पाउदै आएको छ, कृषिमा भएको तुलनात्मक रूपमा ठूलो लगानी खेर गएकोछ । कृषि वैज्ञानिक डा. झरेन्दु पन्तले बताउनु भयो कि, देशको पर्यावरणीय विविधताको बीचमा उपलब्ध अवसरहरूसँग कृषि क्षेत्रको अनुसन्धान र विकासलाई जोडिएको छैन । देशभरि अनुसन्धान केन्द्रहरू फैलिएको संस्था- नेपाल कृषि अनुसन्धान परिषद (NARC) परिसरको ठीक बाहिर कृषि अभ्यास र तरिकामा आश्चर्यजनक रूपमा कुनै उल्लेखनीय परिवर्तन आएको छैन ।

अझ, कृषिको विस्तार किसानको आवश्यकता पूर्ति, स्थानीय सम्भाव्यता र कृषि बजारको प्रवृत्तिलाई ध्यानमा राख्नुको बदला आपूर्तिमुखी रहेको थियो। नियालेर हेर्ने हो भने, प्रतिवद्ध स्रोतको अभाव र यसको बढ्दो अस्थिर वा्य योगदानमा भर पर्ने प्रवृत्तिले गर्दा असफल र्यो। राम्ररी विचार गर्दा दीर्घकालीन कृषि योजना प्रतिवद्ध स्रोतको अभाव र यसको बढ्दो अस्थिर वा्य योगदानमा भर पर्ने प्रवृत्तिले गर्दा असफल र्यो। कृषि विकासमा देखिएको मुख्य त्रुटी भनेको भूमिको वितरण, कृषि पूर्वाधारहरू जस्तै, सिँचाई, विद्युत, वीऊ र विषादि, मल, ऋण र यातायातको उपलब्धता र बजारको गतिलाई बुझ्न असमर्थ हुनु जस्ता यससँग अभिन्न रूपमा गाँसिएका कुराहरूलाई बुझ्न नसक्नु नै हो। यसर्थ कर्णाली, मनाङ वा मुस्ताङ जिल्लामा उत्पादित स्याउ रुखमै कुहिएर सकिन्छन्, जबकि काठमाडौंका उपभोक्ताहरू भने कम गुणस्तरका स्याउ महँगो दाममा आयात गर्न बाध्य छन्। पूर्वी र मध्य तराईमा माछा, डलेल्धुरा, सिन्धुली, गोर्खा र स्याङ्जा वा भोजपुरमा जुनार, गुल्मीमा कफी र सिराहामा आँप उत्पादन गर्ने किसानहरूले बजारसम्बन्धी अनेक समस्याहरूका साथै भण्डारण र प्रशोधन जस्ता समस्या पनि झेलिरहेका छन्। पछिल्लो चरणमा राजनीतिक खिचातानीका कारण भैरहने हड्ताल र बन्दहरूले कृषि र कृषि उत्पादनको व्यापारलाई नराम्ररी असर पारेका छन्।

यससँगै नेपालको विश्व व्यापार संगठनमा प्रवेशले नेपालबाट कृषि उत्पादनहरू निर्माण गर्ने र बजारीकरण गर्ने बाटोमा क्रमिक रूपमा चुनौतीहरू थपिदिन सक्तछ। नेपालको कुनै निश्चित क्षेत्रहरूको विशेष उत्पादनका रूपमा मौलिक जातहरू र वीउबाट बजारको फाइदा लिन सक्ने भौगोलिक संकेत उपलब्ध गराउने उपयुक्त पद्धति जन्मिन अझै पनि बाँकी नै छ। इलामको चिया, ठूलो परिमाणको विशेष जातिको अन्न (उदाहरणका लागि पोखराको जेठोबुढो धानको जात), तरकारीहरू र फलफूल नेपालको तराई, भित्री मधेश र हिमाली क्षेत्रका कुनै विशेष वातावरणीय प्रदेशसँग गाँसिएका हुन सक्तछन्। भौगोलिक संकेतलाई आकर्षण गर्ने वस्तुहरूको खोजी र नेपाली कृषकहरूको स्वार्थलाई अभिबृद्धि गर्ने गरी अन्तर्राष्ट्रिय रूपमा समझदारी कायम गर्ने कार्यका लागि एउटा राम्रो गृहकार्य गर्नु आवश्यक छ।

**बक्स ३.२५: कृषिका दुईवटा पक्षहरू – कृषि विकास र जग्गामाथिको स्वामित्व**

कृषिमा हामीले अन्तरसम्बन्धित दुईवटा पक्षहरूलाई ख्याल गर्न जरुरी छः (क) जग्गामाथिको स्वामित्व, र (ख) कृषि विकास। जग्गामाथिको समान स्वामित्वको पद्धतिका लागि हामीले भन्ने गरेको क्रान्तिकारी भूमिसुधार वा वैज्ञानिक भूमिसुधारको आवश्यकता छ। कृषि विकासको सन्दर्भमा हामीलाईः (क) विशेष प्रकारको अन्न उत्पादन, वैज्ञानिक कृषिका लागि प्राविधिक क्षमता र दक्षता सहितको व्यावसायीकरण र (ख) अन्य सफल व्यापार सरह नै कृषिलाई डोऱ्याउनका निम्ति व्यापारिकरणको आवश्यकता पर्दछ।

नेपालमा हामीसँग कृषि विकासमा मात्र ध्यान दिएर भूमि सुधारका बारेमा कहिल्यै पनि गम्भीरतापूर्वक विचार नगरेका ५० वर्षभन्दा बढी समयदेखिका योजनाहरू छन्। अब हामीलाई भू-स्वामित्व र कृषि विकासका लागि समग्र परिवर्तन चाहिएको छ। अमेरिका, बेलायत र भारतमा कृषकहरूले क्रमशः ९० प्रतिशत, १०० प्रतिशत र ६०-७० प्रतिशतसम्म आर्थिक अनुदान पाउने गरेका छन्, तर हामीकहाँ कृषकहरूलाई कुनै सहयोग छैन। हामीले हाम्रो विविधतालाई पनि विचार गर्न जरुरी छ, जसले अन्य देशहरूको सन्दर्भमा हामीलाई प्रतिस्पर्धी फाइदा दिलाउन मद्दत गर्न सक्तछ।

स्रोतः बामदेव गौतम, नेकपा (एमाले) को मन्तव्यमा आधारित

सम्मेलनका सहभागीहरू र विज्ञहरूले भूमिसुधारको आवश्यकतालाई अनुमोदन गरेपनि वास्तवमा यो के हो भन्ने कुरा पूर्ण रूपमा सम्मेलनमा आउन सकेन। जग्गा गुम्नबाट जोगाउने साधनका रूपमा तराई क्षेत्रका केही भागहरूमा झुटमुटको सम्बन्ध विच्छेद गर्ने र परिवारिक विखण्डन हुने पछिल्लो समयको मात्रा, राजनीतिक तहमा हुने भूमिसुधारको कुराले जग्गाधनीहरूलाई कसरी तर्साउँछ भन्ने संकेत हो। केही सहभागीहरूले जग्गामा माथिल्लो हद निश्चित गर्ने र बढी भएको जग्गा भूमिहीनहरूलाई वितरण गर्ने कुरा उठाए। केहीले कुनै क्षतिपूर्तिबिना जग्गा खोस्ने सुझाव पनि राखे तर यो २०४७ सालबाट संवैधानिक अधिकारका रूपमा स्वीकारिएको व्यक्तिगत सम्पत्तिको सुरक्षाको पक्षसँग मेल खान्छ कि खाँदैन र यसले नेपालमा आर्थिक असमानता हटाउन सक्छ कि सक्दैन भन्नेबारेमा भने छलफल भएन। सहभागीहरूले निजी सम्पत्तिको संरक्षण नगरीकन देशको विकास हुन सक्तैन र जग्गामाथिको हदबन्दी चर्चिएको जग्गाको आकारको आधारमा मात्रै नभई जग्गाको आर्थिक मूल्याङ्कनका आधारमा हुनुपर्ने कुरा पनि व्यक्त गरेका थिए। यसर्थ जग्गाको उपयुक्त हदका लागि कुनचाँहि ठीक

विन्दू हो भनेर निर्धारण गर्न र भूमिहीनको समस्या समाधानका लागि बचत जग्गा पर्याप्त छ कि छैन भनेर विवेचना गर्नका लागि विस्तृत अनुसन्धान आवश्यक हुन सक्तछ।

केशव बडालले नेतृत्व गरेको भूमिसुधार आयोग (२०५१) (बडाल आयोग पनि भनिन्छ) यस्ता पक्षहरूको मूल्यांकन गर्दै थुप्रै सुझावहरू दिएको छ। तर तिनीहरूलाई न त कार्यान्वयनमा ल्याइयो न त १२ वर्षको अवधिमा भएको समाज परिवर्तनका कसीमा ती प्राप्तिहरू प्रमाणित नै हुन सक्लान्। भूमिहीनतातिर खस्कनबाट रोक्नका लागि उपयुक्त आर्थिक रणनीति तर्जुमा तथा कार्यान्वयन नभएसम्म भूमिहीनताको समस्याले थप समस्या जन्माइरहन सक्तछ।

## बक्स ३.२६: मुक्त कमैया[15] र भूमिसुधार

लामो समयसम्म कमैया समस्या नेपालका सामाजिक आर्थिक मुद्दाहरू मध्ये एउटा महत्वपूर्ण मुद्दाका रूपमा रहिरऽयो। झण्डै ६ वर्षअघि प्रतिनिधिसभाको सार्वजनिक लेखा समितिले कमैयाहरू (बँधुवा मजदुरहरू) लाई सौंकी[16] अन्यायपूर्ण रहेकाले सौंकी नबुझाइकन नै मुक्त गरिनु पर्ने सुझाव दिएको थियो। तथापि बधुँवा मजदुरको मुक्तिको सवाललाई प्याकेजका रूपमा लिइनु पर्दछ। तर प्याकेज भित्रका आवास, स्वास्थ्य, शिक्षा र आर्थिक सुरक्षा जस्ता कुराहरूलाई अझ पनि व्यवहारमा ल्याउन बाँकी छ, परिणामस्वरुप पश्चिम तराईका पूर्व बँधुवा मजदुरहरूले साह्रै ठूलो कष्ट व्यहोरिरहेका छन्। युद्धमा संलग्न पक्षहरूले समेत उनीहरूको भोक र गरिबीलाई भजाउँदै मुक्त कमैयालाई दुरुपयोग गरे। अन्य मानिसहरूको सम्पत्ति र भूमि हडप्नका लागि उनीहरूलाई नराम्ररी परिचालन गरियो। उनीहरूका लागि भूमिसुधार अन्तरगत उपलब्ध हुन सक्ने जग्गा र स्रोतहरूको व्यवस्था गरिनु पर्दछ। यो एउटा चुनौतीका रूपमा रहेको छ।

स्रोतः एन.पी. साउद, सांसद, ने.का. (प्रजातान्त्रिक)को मन्तव्यमा आधारित

यसैले नेपालको भूमिसुधारलाई फराकिलो सन्दर्भमा बझ्न आवश्यक छ। अन्य सम्पत्तिभन्दा जग्गा जमिन धेरै महत्वपूर्ण छ। परम्परागत रूपमा जग्गा-जमिन हुने घरपरिवारहरूको ठूलो राजनीतिक शक्ति र इज्जत हुने गर्दछ। जग्गा परिवारको आधारभूत पहिचानसँग पनि गाँसिएको कुरा हो। ग्रामीण परिवेशमा भूमिहीनताले हेपिने, गरिबी र बेइजतिको अर्थ राख्दछ। विद्यमान कृषि कार्य, भूमिमाथिको द्वैध स्वामित्व र भूमिसुधारको सुरुआत गर्ने सन्दर्भमा सामान्यतया विज्ञहरू र सहभागीहरू नीतिहरूको विकास गर्नु पर्नेमा सहमत रहेका भएता पनि सम्मेलनमा पूर्ण योजना बन्न सकेन।

सहभागीहरूले उद्योगधन्दालाई उपयुक्त हुने बाँझोजग्गा रहेकोतर्फ पनि संकेत गरे, तर त्यहाँ नत उद्योग नै छन्, न त खनजोत नै गरिएको छ। यसर्थ जमिन वितरणको कार्यक्रम आउन अतिआवश्यक भैसकेको छ। जो सामाजिक रूपमा न्यायपूर्ण र खाद्य सुरक्षाको अभिबृद्धिका लागि सहयोगी तथा कृषि उत्पादन र जमिनको अत्याधिक उपयोग गर्ने प्रकारको होस्।

## बक्स ३.२७: स्थानीय सम्भावनाहरूसँग कृषि अनुसन्धान र विकासको सम्बन्ध

अहिलेसम्म नेपालमा कृषि अवसरहरू एकातर्फ र अनुसन्धान अर्कातर्फको हिसाबबाट अगाडि बढिरहेको छ। लगभग १० वर्ष अगाडि कर्णालीमा भएको कृषि अनुसन्धान मल अथवा अन्तरलाई कसरी उपयोग गर्ने भन्ने कुरामा केन्द्रित रहेको थियो। तर अनुसन्धान केन्द्रको ठिक बाहिर यस अनुसन्धानको कुनै असर परेन। यो अहिलेसम्म पनि परिवर्तन भएको छैन। हामी अहिलेसम्म पनि कर्णाली प्रदेशका लागि खाद्यान्न ढुवानीका लागि अनुदान दिइरहेका छौं। यदि कृषिलाई पूर्ण रूपमा परिवर्तन नगरिएमा बजेटको चारगुणा बृद्धिले पनि कर्णाली वा अन्य क्षेत्रको गरिबी र भोकमा परिवर्तन ल्याउन सक्तैन। जुम्लामा स्याउको उत्पादनलाई सहयोग गरियो, तर बजारसँगको सम्पर्क नहुँदा यो सहयोग असान्दर्भिक हुन गयो। स्थानीय अवसरहरूलाई महत्व र प्रोत्साहन दिँदै विद्यमान अवसरहरूलाई लिनु चाँही महत्वको कुरा हो।

स्रोतः झरेन्दु पन्तको मन्तव्यमा आधारित

---

[15] "कमैया" भन्ने शव्दले नेपालको मध्य पश्चिम तराईमा रहेका बँधुवा मजदुरहरू भन्ने जनाउँछ भने मुक्त कमैयाले सन् २००० मा सरकारी घोषणाद्वारा "मुक्त" गरिएकाहरू भन्ने जनाउँछ।

[16] जग्गाधनीले ऋणका रूपमा अन्य मानिसलाई उपलब्ध गराएको साउँ रकमलाई "सौंकी" भन्ने शव्दले जनाउँदछ। त्यस मानिसले जीवनभरि र पुस्तौनी त्यही सौंकी चुक्ता गर्न काम गरिदिनु पर्दथ्यो।

सम्मेलनका सहभागीहरूले कृषि नीतिहरू र भूमिसुधारका कुराहरू विस्तृत स्तरको आउनु पर्ने आवश्यकतामाथि जोड दिएका थिए । यसको अर्थ के हो भन्ने कुरा स्पष्ट आउनु पर्नेतर्फ औंल्याउँदै भूमिसुधारको मात्र कुरा गर्नु पर्याप्त नभएको तर्फ जोड दिइएको थियो । तल दिइएका बुँदाहरूले समूह प्रस्तुति र सहभागीहरूका भनाईहरू दुवैका आधारमा सम्मेलनका मुख्य सुझावहरूलाई समेट्न कोशिश गरेको छः

? जग्गामा महिला र पुरुषको संयुक्त स्वामित्व हुनुपर्दछ ।

? कृषि उत्पादनहरूको आयातसँग सामाञ्जस्य र प्रतिस्पर्धात्मक वातावरण बनाउन सरकारले कृषकहरूलाई प्याकेजमा अनुदान दिनु पर्दछ ।

? कृषि उत्पादनको बीमा उपलब्ध गराउन सरकारले प्याकेजको विकास गर्नुपर्दछ ।

? जग्गाको उपयोग गर्दा जग्गाको क्षमता वर्गीकरणलाई ध्यान दिनुपर्दछः जग्गाको उपयोग जग्गाको गुणस्तरलाई ख्याल गर्दै खास उद्देश्यका लागि गरिनु पर्दछ । यस प्रकारको प्रभावकारी प्रयोगको प्रोत्साहनका लागि एउटा ढाँचा बनाइनु पर्दछ ।

? भूमि स्रोतमाथिको द्वैध स्वामित्वको वास्तविक अन्त्यका लागि वैज्ञानिक भूमिसुधार लागू गरिनु पर्दछ ।

? सम्मेलनमा भूमि स्रोतको पुनर्वितरण कसरी गर्ने (उदाहरणका लागि क्षतिपूर्ति उपलब्ध गराएर वा नगराएर) भन्ने बारेमा सहमति कायम हुन नसके पनि यसको पुनर्वितरण गर्नु पर्ने आवश्यकता रहेको छ । नेपालमा ११ प्रतिशत धनी मानिसहरूसँग झण्डै ६० प्रतिशत जमिनको स्वामित्व रहेको छ । तसर्थ मोहीहरूलाई सम्मानपूर्ण र समानुपातिक भूमि वितरणको आवश्यकता रहेको छ । जसको जीवनयापन जमिनमा निर्भर रहेको छ भूमि अधिकार उनीहरूकै हो भन्ने कुरामा सुनिश्चितता ल्याउनु आवश्यक छ । जमिनलाई थप टुक्रिनबाट बचाउने तरिकाबाट यसकार्यलाई संचालन गरिनु पर्दछ ।

? कृषि अनुसन्धान, विकास र सरकारका कृषि नीतिहरू कृषिलाई पूर्ण रूपमा व्यवसायीकरण र औद्योगिकीकरण गर्नेतर्फ उन्मुख हुनु पर्दछ । यो विद्यमान परम्परागत कृषि कार्य र कृषि पद्धतिलाई परिवर्तन गर्दै कृषि पर्यावरण विविधताहरूमा आधारित हुनु पर्दछ ।

? भूमि प्रयोग सूचना पद्धतिको विकास गर्नुपर्ने आवश्यकता रहेको छ ।

? तराई र पहाडी क्षेत्रका उपयुक्त ठाउँहरूमा सिँचाई उपलब्ध गराउनका लागि कृषि विकास सँगसँगै एउटा विस्तृत योजना पनि ल्याइनु पर्दछ ।

? राजनीतिक नेताहरूले भूमिसुधार र कृषिका सम्बन्धमा विरोधाभाषपूर्ण सन्देशहरू दिनु हुदैन । उनीहरू कृषि योग्य जमिनको स्वामित्वलाई संस्थागत गर्न राजनीतिक रूपमा प्रतिवद्ध छन् कि छैनन् भन्नेमा स्पष्ट हुनुपर्दछ ।

? कृषिको थप विकासका लागि किसानहरूको स्तरमा आर्थिक छुट र राजनीतिक रूपमा बलियो बनाउँदै कृषकहरूको हितलाई सुनिश्चित गर्नका लागि समूहहरू र सहकारीको अवधारणामा आधारित हुन आवश्यकता छ ।

? बजारको प्रवर्द्धनका लागि कृषि सडकहरू नितान्त आवश्यक छन् ।

### ३.५.२ **जलस्रोत**

नेपालसँग जलविद्युत, सिँचाई र पर्याप्त खानेपानीको स्रोतका लागि उपयुक्त नदिनालाहरूको ज्यादै ठूलो जालो रहेको छ । तथापि गाउँ र शहरका मानिसहरूको अझै पनि सुरक्षित खानेपानी, घरघरमा बिजुली बत्ती र आफ्ना जमिनमा सिँचाईको पहुँच छैन । असुरक्षित खानेपानीका कारण विशेषगरी ज्यादै गरीब परिवारका बालबालिकाहरूमा उल्लेख्य मात्रामा झाडापखला र अरु थुप्रै सरुवा रोगहरू लाग्ने गरेको पाइन्छ । तराई र पहाडी क्षेत्रका थुप्रै खेतीयोग्य जमिनमा सिँचाईको अभावको परिणामस्वरुप कृषि सम्भाव्य क्षेत्रहरू कम उपयोगमा छन् भने कृषक समुदायमा दुःख र अभाव कायम छ । जल विद्युतमा नेपाल संसारको सबैभन्दा धनी देशहरू मध्येमा पर्ने भएतापनि नेपालमा लगातार विद्युतको कमी भैरहेको छ । यसले दैनिक जीवनमा मात्र अवरोध पुऱ्याएको होइन, औद्योगिक उत्पादन, कृषि विकास र सेवाका विभिन्न पक्षहरूलाई पनि यसले अवरोध पुऱ्याइरहेको छ ।

### बक्स ३.२८: खानेपानीमाथिको पहुँच मौलिक अधिकार हो

म प्राकृतिक स्रोतहरूमाथिको नियन्त्रण तथा व्यवस्थापनका सम्बन्धमा अधिकारको विकेन्द्रीकरणका बारेमा कुरा गर्दैछु। माथिल्लो तहले दिने र तल्लो तहले प्राप्त गर्ने हालको विकास नीतिहरू आफैंमा समस्या हुन्। राज्य केन्द्रिकृत र एकात्मक छ, स्थानीयवासीहरू केन्द्रको दबाबमा रहेका छन् र विकेन्द्रीकरणको अभाव छ। सामन्ती राज्य संरचनाले बहुमतको आर्थिक, सामाजिक, राजनीतिक र सांस्कृतिक पक्षलाई अस्वीकार र सीमान्तकृत गरिदिएको छ। ती सबैलाई मूलधारमा ल्याउनका लागि उनीहरूको नीति निर्माणको तहमा पहुँच सुनिश्चित गरिनु पर्दछ। प्राकृतिक स्रोतहरू राज्य र केही संभ्रान्तहरूको नियन्त्रणमा रहेको छ। जमिन, जंगल र पानी जस्ता प्राकृतिक स्रोतहरू वैध उपभोक्ताहरूलाई दिइनु पर्दछ।

संविधानमा खानेपानीलाई मौलिक अधिकारका रूपमा मान्यता दिइएको छैन। अहिले काठमाडौं र पोखराका खानेपानी योजनाहरू निजीकरण हुँदैछन्। मानव अधिकारको निजीकरण हुन सक्तछ ?

स्रोतः इन्द्र तामाङ्गको मन्तव्यमा आधारित

सम्मेलनमा जल सम्पदाको विकासका सन्दर्भमा समूह प्रस्तुति रहेको थियो र यसमा सहभागीहरूबाट थुप्रै टिप्पणीहरू प्राप्त भएका थिए। तल दिइएका बुँदाहरूले जलस्रोतको विकासका सन्दर्भमा सम्मेलनका मुख्य सुझावहरूलाई समेटेको छ।

- ? सुरक्षित खानेपानीको अधिकारलाई संवैधानिक तवरले नै जनताको मौलिक अधिकारका रूपमा लिइनु पर्दछ। तराई र पहाडका जनताहरूलाई सफा पानी उपलब्ध गराउने दायित्व राज्यले नै बहन गर्नु पर्दछ।
- ? राज्यले स्थानीय जनताहरूको अधिकारलाई सम्मान र संस्थागत गर्दै जलस्रोत माथिको पहुँच र नियन्त्रणलाई सुनिश्चित गर्नु पर्दछ। स्थानीय जनता र स्थानीय सरकारहरू (अथवा नेपालको संघीय प्रणाली अन्तरगत प्रान्तीय सरकारहरूले जलस्रोतको उपयोगका सन्दर्भमा संयुक्त रूपमा योजना र कार्यविधिहरू तर्जुमा गर्नुपर्दछ।
- ? दिगो विकासको सिद्धान्तका आधारमा ठूला र साना जलविद्युत परियोजनाहरू लागू गरिनु पर्दछ।
- ? पम्पबाट सतहमुनिको पानीको प्रयोगलाई सीमित गरिनु पर्दछ र फोहर व्यवस्थापन कार्यलाई अनुगमन र नियन्त्रण गर्ने पद्धति बनाइनु पर्दछ।
- ? जलस्रोतका सम्बन्धमा नेपाल सरकार पक्ष रहेका सबै अन्तर्राष्ट्रिय सन्धि-सम्झौताहरूलाई राष्ट्रिय स्वार्थलाई सुनिश्चितता प्रदान गर्न तत्काले समायोजन गरिनु पर्दछ।
- ? कोशी उच्च बाँध जस्ता ठूला परियोजनाका बारेमा विचार गर्दा सरकारले यसको छिमेकी जिल्लाहरूमा पर्ने प्रभावलाई (उच्च बाँधका कारण विशेषगरी मोरङ्ग अथवा सुनसरी जिल्लामा हुने डुबानको समस्याहरू) ख्याल गर्नु पर्दछ। परियोजना स्वीकृत हुनु अगाडि नै नकारात्मक परिणामहरूलाई निराकरण गरिनु पर्दछ।
- ? जलस्रोतको प्रयोग तथा व्यवस्थापनका सम्बन्धमा अन्तर्राष्ट्रिय अथवा क्षेत्रीय आयामहरू रहेकाले नेपालले अझ धेरै सौदाबाजीको क्षमता विकास गर्न र परिपक्व राजनीतिक सुझबुझ देखाउन आवश्यक छ। त्यसैगरी विश्वमा बढेको तापमानका कारण पग्लिरहेका छ्योरोल्पा जस्ता हिमतालहरूका समस्याहरूलाई समाधान गर्न चाहिने स्रोतहरू प्राप्त गर्नका लागि अन्तर्राष्ट्रिय वकालतको आवश्यकता रहेको छ।
- ? खानेपानी योजनाहरूलाई निजीकरण गर्ने र विदेशीहरूको हातमा बेच्ने गर्नु हुदैन। विभिन्न धर्मावलम्बी र विश्वास राख्ने नेपाली जनताहरू नदीनालाहरूलाई देवीका रूपमा पुज्ने गर्दछन्। तसर्थ स्थानीय जनताहरूसँग परामर्श नगरी कुनै पनि परियोजनाहरू लागू गरिनु हुदैन।

### ३.५.३ वन सम्पदा

नेपालको वन सम्पदाले जनतालाई उनीहरूका लागि इन्धन जस्तो आधारभूत स्रोत उपलब्ध गराउने र कृषि प्रणालीभित्रको महत्वपूर्ण पक्षलाई समेट्दछ। वातावरणीय ह्राससँग जुध्नका लागि यस स्रोतको संरक्षण र व्यवस्थापन ज्यादै महत्वपूर्ण कुराहरू हुन्। तथापि वन, वन्यजन्तु र जैविक विविधताको संरक्षणका निम्ति विद्यमान नीति र कार्यक्रमहरू केन्द्रिकृत भएका छन् र जनताहरूलाई अधिकारसम्पन्न बनाउने योजनाहरू विवादास्पद रहेका छन्। राष्ट्रिय निकुञ्जहरू र आरक्षणहरूभित्र वन्यजन्तुको संरक्षणका लागि ज्यादै ठूलो लगानी गरिएको भएता पनि एकसिंगे गैंडालाई मार्ने काम निरन्तर चलिरहेको छ र शिकारीहरूलाई सजायमुक्त गरिएको छ। मुख्यतया पहाडमा सफल कार्यक्रमका रूपमा लिइएको सामुदायिक वन कार्यक्रम तराईमा कार्यान्वयन गर्न चुनौतीपूर्ण भएको छ।

सम्मेलनका मुख्य सिंहावलोकनहरू यसप्रकार रहेका छन्:

? जनता विशेषगरी गरीब, महिला, दलित, मधेशी तथा जनजातिको वन स्रोतहरूमा पहुँच, नियन्त्रण र अधिकारलाई सुनिश्चित गरिनु पर्ने आवश्यकता रहेको छ। यस सँगसँगै स्थानीय वनस्रोतमाथिको केन्द्रीय नियन्त्रणलाई हटाउनु पर्दछ।

? आम रूपमा वन, वन्यजन्तु र जैविक विविधताको संरक्षणमा "बढ्दो" खर्चलाई सन्तुलनमा ल्याउन नेपालले अन्तर्राष्ट्रिय लगानीको खोजी गर्नु र संझौता गर्नु आवश्यक छ। हालसम्म नेपालले संरक्षित क्षेत्रका लागि २० प्रतिशत भूमि छुट्याएको छ र यसले जैविक विविधताको संरक्षणमा स्वतन्त्र अन्तर्राष्ट्रिय यात्रालाई (an international free riding) उजागर गरेको छ। यद्यपि नेपालको गरिबीको स्तर यही मात्राको संरक्षणमा र स्रोत उपयोगमा निषेध लगाएर रहिरहन सक्तैन।

? त्यसैले नेपालले आफ्नो अन्तर्राष्ट्रिय दायित्वलाई अधिकारका रूपमा स्थापना गर्न र संस्थागत गर्न सकृय रूपमा लाग्नु पर्दछ। हामीले नेपालको हालको राज्यको नमूनालाई बदलेर संघीय अथवा अर्को कुनै स्वरुपको विकेन्द्रित स्वरूपमा गएपछिको स्थितिमा स्थानीय जनता र स्थानीय सरकारहरूको अवस्थालाई पनि विचार पुऱ्याउनु पर्दछ।

? श्रीप्रसाद शाहले संकेत गर्नु भएझैं विशेषगरी तराई प्रदेशमा मधेशी समुदायहरूमा फाइदाको समतामूलक वितरणलाई सुनिश्चित गर्नका लागि वर्तमान सामुदायिक वनको नमूनालाई समायोजन/परिवर्तन/पुनर्विचार गर्नु पर्ने आवश्यकता छ।

? राष्ट्रिय निकुञ्ज तथा आरक्षहरूलाई स्थानीय जनता र सरकारहरूबाट पूर्ण रूपमा विकास गरिनु पर्दछ। स्थानीय जनताहरूले ती क्षेत्रहरूलाई कसरी विकास गरिनु पर्दछ भनेर निर्क्यौल गर्ने अधिकार पाउनु पर्दछ र उनीहरूलाई व्यवस्थापकीय निर्णयहरू लिन सक्नेगरी सशक्तिकरण गरिनु पर्दछ। यी क्षेत्रहरूलाई राजपरिवारको संलग्नताबाट अलग गरिनु पर्दछ।

## ३.६ शान्ति र पुनर्निर्माण, पुनर्स्थापन र मेलमिलाप

सम्मेलनमा छलफलहरू केन्द्रित रहेका पाँचवटा विषयवस्तुहरू मध्ये शान्ति र पुनर्निमाण, पुनर्स्थापन र मेलमिलाप पनि एक थियो। सन् २००६ को मध्यबाट एक दशकभन्दा लामो माओवादी हिंसात्मक विद्रोह समाधान हुँदै गैरहेको पृष्ठभूमिमा मात्र होइन द्वन्द्वमा संलग्न पक्षहरू विकास प्रकृयामा संलग्न भएका र युद्धपछिको पुनर्निर्माण प्रकृया (जसले चीरस्थायी शान्ति दिनेछ)मा लागिरहेको सन्दर्भमा पनि यसलाई गम्भीर विषयवस्तुका रूपमा लिइएको थियो। सहभागीहरू र विज्ञहरूले सबैका लागि समुचित सम्मान र सामाजिक न्यायको सुनिश्चितताले मात्र दिगो शान्ति कायम हुने कुरामा जोड दिएका थिए।

**बक्स ३.२९: शान्ति के हो ? यसका अंगहरू**

| | (क) | (ख) |
|---|---|---|
| **P** | Progress (प्रगति) | Political transformation (राजनीतिक परिवर्तन) |
| **E** | Equality and equity (समानता र समता) | Economic empowerment (आर्थिक सवलीकरण) |
| **A** | Access to development, policy making and resources (विकास, नीति निर्माण र स्रोतमाथिको पहुँच) | Access to resources (स्रोतमाथिको पहुँच) |
| **C** | Change of society- transformation of mindset (समाजको परिवर्तन- सोंचमा परिवर्तन) | Culture of acceptance (सहिष्णुताको संस्कृति) |
| **E** | Easy life caused by these above (माथि उल्लेखित कारणहरूबाट सहज जीवन) | Equitable society (समतापूर्ण समाज) |
| | स्रोतः समूह प्रस्तुति | स्रोत सौजन्यः यमुना घले |

नेपालको विकासमा शान्ति स्थापना र पुनर्निर्माण, पुनर्स्थापन र पुनर्एकीकरणका प्रयासहरूलाई समावेश गर्नु तत्कालका आवश्यकताहरू हुन् । शान्ति भनेको भौतिक अवस्था मात्र होइन यो सामुदायिक अभिव्यक्ति पनि हो, जसभित्र सबै विश्वास, विचार, पहिचान, जात/जनजातिका समूहहरू लगायत क्षेत्रले आफ्नो व्यक्तिगत, पारिवारिक साथै सामुहिक समृद्धिका लागि अवसर प्राप्त गर्दछन् । तथापि नेकपा (माओवादी) अन्तरिम संसदमा सम्मिलित भएपनि र शान्तिका लागि आशाको किरण देखिए पनि द्वन्द्वपछिको अवस्थामा थुप्रै मुद्दाहरूमा विकास प्रयासहरू केन्द्रित हुनुपर्दछ । नेपाली जनताहरूले अहिलेसम्म पनि पूर्ण शान्तिको अनुभूति गर्न पाएका छैनन् । थुप्रै मानिसहरू सरकारी सुरक्षा निकाय र माओवादी दुवैतर्फबाट बेपत्ता पारिएका छन् । मानिसहरू अझपनि द्वन्द्वका कारण परिवारबाट छुट्टिएर बस्नु परिरहेको छ । विद्रोहीहरूले कब्जामा लिएका सम्पत्ति अहिलेसम्म पनि सम्बन्धित व्यक्तिहरूलाई फर्काइएको छैन । शहर वरिपरिका सुकुम्बासी वस्तीहरूमा बसिरहेका द्वन्द्वबाट प्रभावित दशौं हजार मानिसहरू अहिले पनि आफ्नो घरमा फर्किन अनिश्चितताको महशुस गर्दछन् ।

सम्मेलनमा शान्ति र पुनर्निर्माणको मुद्दामा छलफल गर्नका लागि छुट्टै समूह बनाइएको थियो । यसले शान्ति किन अवरुद्ध भैरहेको छ भन्ने बारेका महत्वपूर्ण पक्षहरूतर्फ संकेत गर्‍यो, अवरुद्ध शान्तिका लागि सम्भावित उपचारहरू के हुनसक्तछन् भन्ने रूपरेखा कोर्‍यो र शान्ति स्थापना र यसको दिगोपनका लागि आगामी कार्यक्रमहरू कस्ता हुनुपर्दछ भनेर सुझावहरू पनि प्रस्तुत गर्‍यो । सम्मेलनमा शान्ति अवरुद्ध हुनमा र सशस्त्र द्वन्द्व बढाउनमा चारवटा प्रमुख कारणहरू रहेको कुरामा प्रकाश पारियो । भेदभाव नै यस्तो कुरा हो, जसलाई विद्यमान वर्गीय, जात/जनजातीय समूहहरू र क्षेत्रहरूभित्र राज्य र सामाजिक दुवै तहबाट प्रोत्साहन मिलिरहेको छ । सशस्त्र द्वन्द्व भूमि वितरण, आयस्रोत, पहिचानहरू अथवा विकासका सूचकहरू जस्ता विविध प्रकारको असमानताहरूको पनि परिणाम हो । व्यवस्थापन गर्न सकिने हदभित्र द्वन्द्व र विवादको नियन्त्रण गर्नका लागि उपयुक्त राजनीतिक, आर्थिक र सामाजिक प्याकेजमा उपयुक्त रणनीतिहरूको अभावले पनि द्वन्द्वको परिस्थितिलाई अझ खराब तुल्याइदियो । विशेषतः हिंसा र सशस्त्र द्वन्द्वको बीचमा विकास गतिविधिहरूमा आएका अवरोधहरूले पनि समाजलाई सशस्त्र द्वन्द्वको दुष्चक्रमा फँसाउने गर्दछ । यसर्थ सशस्त्र द्वन्द्वको रोकथाम र विगतको द्वन्द्वको उपचार दुवैका उपयुक्त नीतिहरू अवलम्बन गरिनु पर्दछ ।

तथापि, सम्मेलनमा यस विषयवस्तुमा छलफल गर्ने समूह द्वन्द्वको नियन्त्रण अथवा रोकथामका तौरतरिकाहरू र रणनीतिहरू सहित भने आउन सकेन । यसले द्वन्द्व पछिको अवस्थामा समसामयिक थुप्रै उपचारात्मक तरिकाहरूको पहिचान गर्‍यो । सम्मेलनमा शारदा पोखरेलले जोड दिनु भए झैं राजनीतिक दलहरू द्वन्द्वलाई समग्र तवरमा परिवर्तनका लागि काम गर्नुको साटो चालू समझदारीहरूमा आपसी दण्डहीनताका लागि टक्कर गरिरहेका छन् । यसैले नागरिक समाजले द्वन्द्व पछिको प्रक्रिया अगाडि बढ्ने बाटाहरूमा अझ बढी जागरुक हुनु आवश्यक भएकोछ ।

विशेष रूपमा के कुरा बुझ्न जरुरी छ भने, द्वन्द्वका मुद्दाहरू राजनीतिक दलहरूको संतुष्टिको तहसम्म मात्र समाधान गरिएको होइन, बरु द्वन्द्व पीडितहरूलाई न्यायको प्रणाली सहित समाधान गरिएको हो । तालिका ३.१ मा सम्मेलनमा प्रस्तुत गरिएका र सिफारिस गरिएका उपचारात्मक विधिहरू र रणनीतिहरू दिइएको छ ।

**तालिका ३.१ द्वन्द्वपछिको विकासका लागि उपचारात्मक उपायहरू र रणनीतिहरू**

| | उपचारात्मक विधिहरू | रणनीतिहरू |
|---|---|---|
| १ | मेलमिलाप | ? छलफल र विकासको प्राथमिकीकरणका लागि साझा संयन्त्रको विकास गर्ने ।<br>? द्वन्द्वसँग सम्बन्धित पीरमर्काहरूको समाधानका लागि सत्यतथ्य समितिको स्थापना गर्ने । |
| २ | महशुस | ? दण्डहीन अवस्थाको अन्त्य गर्ने- तर कार्वाही कार्वाहीका निम्ति मात्र वा प्रतिशोधका निम्ति हुनु हुदैन, बरू यसले निदानात्मक न्यायमा केन्द्रित गर्नुपर्दछ ।<br>? द्वन्द्व पछिको पुनर्निर्माणमा महिलाहरूलाई समावेश गर्ने - सबै पृष्ठभूमिका महिलाहरू व्यवहारिक संझौताकर्ता हुन सक्तछन् ।<br>? द्वन्द्वलाई परिवर्तन गर्नका लागि उपयुक्त न्याय प्रणालीको स्थापना गर्ने ।<br>? द्वन्द्वका सहभागीहरूले पीडितहरूसँग क्षमा माग्ने । |
| ३ | पुनर्निर्माण | ? उपयुक्त समावेशी परियोजना तर्जुमा अभ्यासबाट पूर्वाधार र विकास परियोजनाको विकास गर्ने ।<br>? आवश्यकता र मागका आधारमा परियोजनाहरूको विकास गर्ने ।<br>? पुनर्निर्माण परियोजनाहरूले समस्या समाधानका निम्ति योगदान दिनु पर्दछ ।<br>? मौलिक मेलमिलापको सहजीकरणका लागि द्वन्द्वका दुवै पक्षलाई विकास गतिविधिहरूमा सहकार्य र संयुक्त संलग्नताको बाटो खुला गर्ने । |
| ४ | पुनर्एकीकरण | ? बेपत्ता पारिएकाहरूको गम्भिर खोजीकार्य संचालन गर्ने ।<br>? क्षमता र सुसूचित छनौटको दृष्टिकोणका आधारमा काम, रोजगारी र व्यवसायको स्वतन्त्रता सुनिश्चित गर्न पद्धतिको विकास गर्ने ।<br>? जनताहरूलाई सशक्तिकरण गर्ने र सचेतना अभिबृद्धि गर्ने कार्यक्रमहरूको विकास र कार्यान्वयन गर्ने ।<br>? जनताहरूलाई आ-आफ्नो समाजमा योगदान दिनका लागि बहुपक्षीय अवसरहरूको खोजी गर्ने तथा स्थान उपलब्ध गराउने ।<br>? विकासमा समाबेशी सहभागितालाई सुनिश्चित गर्ने ।<br>? द्वन्द्व पीडितहरूलाई क्षतिपूर्ति उपलब्ध गराउने र विस्थापित मानिसहरू र सम्पत्ति फिर्तासम्बन्धी कुराको सुनिश्चित गर्ने । |

## ३.७ वैदेशिक सहयोग तथा विकास नियोगहरू

नेपालसँग वैदेशिक सहयोग आएको ६ दशक लामो इतिहास भएपनि लक्षित जनसङ्ख्याको जीवनमा अपेक्षित परिवर्तन ल्याउने सन्दर्भमा वैदेशिक सहयोगको प्रभावकारितामा प्रश्नचिन्ह उठेको छ । अनुदान र ऋणको परिप्रेक्ष्यमा वैदेशिक सहयोगको झुकाव र संरचना तथा वैदेशिक सहयोगसँग गाँसिएका आधारभूत मुद्दाहरूको पहिले नै उल्लेख गरिसकिएको छ । सम्मेलनका केही सहभागीहरूले नयाँ नेपालको निर्माणका लागि वैदेशिक सहयोग आवश्यक नरहेको जिकिर गरे । उनीहरूका अनुसार वैदेशिक सहयोगबाट सम्भवतः परनिर्भरता बढ्न

जान्छ र यस सँगसँगै दाताहरूका एजेण्डा र योजनाहरू पनि आउने गर्दछन् । तर कतिपय सहभागीहरूको रायमा यो एउटा अवसर पनि हो, जसले देश आफैं स्रोतहरू छुट्याउन पूर्ण सक्षम नभएसम्म नेपालको विकासमा लगानी गर्ने क्षमता बढाउँछ । यसर्थ सवाल नेपालले कसरी वैदेशिक सहयोगलाई जनताको जीवनका महत्वपूर्ण पक्षहरूलाई परिवर्तन गर्ने कार्यक्रमहरू र परियोजनामा उत्कृष्ट परिचालन गर्न सक्तछ भन्ने हो ।

सम्मेलनका सहभागीहरूले वैदेशिक सहयोगसँग सम्बन्धित थुप्रै मुद्दाहरू पहिचान गरे । वैदेशिक सहयोगको हस्तान्तरणमा पारदर्शिताको अभाव रहेकोतर्फ संकेत गरियो । आम जनसमुदाय र विकास संघसंस्थाहरू समेतसँग दाता र सहयोग प्राप्त गर्नेका बारेमा सूचनाको पहुँच छैन । सहयोगको निर्णय गरिरहँदा सार्वजनिक मञ्चहरूमा उनीहरूका प्राथमिकताका बारेमा छलफल नै गराइँदैन । नेपाल भित्रको विविध सन्दर्भका बीचमा कुनै खास सन्दर्भमा आवश्यक विकास नमूनाहरूको गहिरो अध्ययनपछिभन्दा "विश्व विकास नमूनाहरू" मा वैदेशिक सहयोग आधारित रहने गरेको छ । त्यस्तो विकासको एकरुपीकरण नै उनीहरूको असफलताको प्रमुख कारणहरू मध्ये एक हो ।

अझ सहयोगका परियोजनाहरू स्रोत उपलब्ध गराउने र परियोजना लागू हुने क्षेत्रहरू दुवै कुरा दोहरोऱ्याउन उद्यत देखिन्छन् । यसैगरी नेपाल सरकारका तर्फबाट स्रोतको परिचालनमा संयोजन गर्ने र सहयोगको प्रभावकारितामाथि लगातार अनुगमन र मूल्याङ्कन गर्ने काममा ज्यादै थोरै प्रयासहरू भएका छन् । यसका साथै सरकारसँग कामको मध्य-भागमा सुधार गर्ने संयन्त्रको अभाव रहेको छ । यसैको परिणामस्वरुप केही क्षेत्रहरूले तुलनात्मक रूपमा बढी सहयोग पाएका छन् भने अन्य क्षेत्रहरू त्यस्ता सहयोगबाट बञ्चित रहेका छन् । वैदेशिक सहयोगका लाभग्राहीहरूका मागको सुनवाइ गर्नेभन्दा पनि परियोजनाहरू लादिने गरिन्छ, जसका कारण परियोजनामा स्थानीय स्वामित्व कायम हुदैन र कार्यक्रम सकिएपछि सबै कुरा सकिन्छन् ।

यसमाथि वैदेशिक सहयोग अनिश्चित, छोटो समय तथा दिगो रूपमा परियोजना लागू गर्ने प्रतिवद्धता नभएको देखिन्छ । त्यसैले नेपालका विकास परियोजनाहरू सधैँभरि अनिश्चित अवस्थामा लागू भएका छन् । बाह्य लगानी रहेका परियोजनामा सरकारको दायित्व नगाँसिएको हुँदा त्यस्ता सहयोगका लगानीलाई सुचारु गरिनु हुदैन । यसले अन्तर्राष्ट्रिय तथा स्थानीय गैससहरू दुवै विकासका पात्रहरूलाई सधैँभरि कहिले वैदेशिक सहयोग "खस्ला" भनेर माथितिर हेरेर पर्खनु पर्ने गराउँदछ । रकम प्राप्त गर्दा पनि देखिनेगरी स्थायी रूपको असर उत्पन्न गर्न नपुग्नेगरी ज्यादै थोरै मात्र रकममा प्रतिवद्धता रहेको हुन्छ । अझ सम्मेलनका सहभागीहरूले वैदेशिक सहयोगमा विशेषगरी भ्रष्टाचार र कमिशनमार्फत् चुहावट हुने गरेकोतर्फ चासो देखाए । सम्मेलनका सहभागीहरू वैदेशिक सहयोगका सम्बन्धमा विशेषगरी राष्ट्रिय नीतिका आलोचक बनेका थिए । यसर्थ नेपालले आफ्नो भावी विकासका लागि कसरी लगानी गर्नु पर्दछ भन्ने एउटा राजनीतिक दृष्टिकोण बन्न जरुरी भएको छ । यस दृष्टिकोणभित्र वैदेशिक सहयोग स्वीकार गर्दा ठूला सर्तहरू थोपरिने हुँदा नेपालको स्वनिर्णय र सार्वभौमिकतामा सम्झौता गर्नेभन्दा दिगोपना सँगसँगै राष्ट्रिय स्वार्थलाई पनि प्रवर्द्धन गर्ने लगानीको स्रोत के हो भनेर खोजी गर्नु पर्दछ । यसैले वैदेशिक सहयोग प्राप्त हुने क्षेत्रहरूको पहिचान गर्ने कुरा मात्र महत्वपूर्ण नभएर बरू वैदेशिक सहयोग चाहिने परियोजनाको प्रकृति र स्तर पनि उत्तिकै महत्वपूर्ण कुरा हो । राजनीतिक दलहरूले नेपाली जनतालाई ऋणको भारी बोकाउने गरी सहयोग रकम कतै व्यक्तिगत वा अन्य कुनै स्वार्थका लागि त प्रयोग भएको छैन भनेर जागरुक भैरहनु पर्दछ ।

विषयवस्तुमा काम गर्ने समूहको प्रस्तुति र सहभागीहरूबाट प्राप्त पृष्ठपोषणका आधारमा सम्मेलनका सुझावहरू यस प्रकार रहेका छन्:

? वैदेशिक सहयोगका निम्ति रणनीतिहरूलाई परिमार्जन गर्नका लागि राष्ट्रिय स्तरमा ताजा वैदेशिक सहयोग नीतिको विकास गर्ने ।

? हामीले ऋण लिने कि नलिने भन्ने सार्वजनिक स्तरको छलफल गर्ने पद्धतिलाई संस्थागत गर्ने, जनताको स्वीकृतिमा मात्र ऋणका लागि सहमति जनाउनु पर्दछ ।

? वैदेशिक अनुदान र ऋण वास्तविक लाभग्राहीहरूका आवश्यकता र माग अनुरुप छन् भन्ने कुराको सुनिश्चितताका लागि एउटा पद्धतिको विकास तथा कार्यान्वयन गर्ने ।

? सरकारले सहयोग सर्तहरूमा होशियारीपूर्वक संझौता गर्ने र विगतमा गरेभन्दा फरक यदि सर्तहरू नेपाली जनताको स्वार्थ विपरित छन् भने वैदेशिक सहयोगलाई अस्वीकार गर्न सक्ने गरी तयार हुनु

पर्दछ। वैदेशिक सहयोगमा सहमति जनाउँदा सरकारले राष्ट्रिय अखण्डता र सार्वभौमिकतामा संझौता गर्नु हुदैन।

? नेपालको द्वन्द्वपछिको अवस्थामा वैदेशिक सहयोगले शान्ति स्थापना र पुनर्निर्माण, पुनर्स्थापन र मेलमिलापमा सहयोग गर्नु पर्दछ।

? प्राथमिकीकरण र वैदेशिक सहयोगको निकासा र सहयोग परिचालनको प्रभावकारिताको अनुगमनका निम्ति एउटा संस्थागत संरचना विकास गर्ने। यसमा पहरेदारी र एकीकृत अनुगमन पद्धति दुवै नै हुनु पर्दछ।

? अपेक्षित स्तरको उपलब्धीहरूको आधारमा सहयोगलाई प्राथमिकीकरण गर्नु पर्दछ। उपलब्धीहरू ठूलो हुने भए पनि दाताहरू, राष्ट्रिय योजना आयोग र गैससहरूले तराईको सिँचाईलाई उपेक्षा गरिरहेका छन्।

? सरकारले वैदेशिक सहयोगमा लगानी हुने क्षेत्रहरूका साथै परियोजनाहरूको प्रकृतिको पहिचान र प्राथमिकीकरण गर्नु पर्दछ।

? सहयोगको निकासा हुँदा राजनीतिक हस्तक्षेप हुनु हुदैन, यो जहाँ पुग्नु पर्ने हो त्यही पुग्नु पर्दछ।

? वैदेशिक सहयोग समानुपातिक तरिकाले उपयोग भैरहेको कुराको सुनिश्चितता गर्ने। वैदेशिक सहयोगमा प्रत्येक जनताको दायित्व रहने हुँदा वैदेशिक सहयोगको प्रयोग वितरण प्रभावहरूलाई स्वीकृति अगाडि नै विचार गरिनु पर्दछ।

? सरकारसँग सहयोगका क्षेत्र प्राथमिकीकरण र तिनीहरूको समुचित परिचालनका निम्ति स्पष्ट राजनीतिक प्रतिवद्धता हुनु पर्दछ।

## ३.८ भविष्यका लागि विकास प्राथमिकताहरूको निर्धारण: विषयवस्तुहरूको सम्मिलन

सम्मेलन अवधिमा नेपालको राजनीतिक विकासका प्रत्येक मोडमा हामीले विभिन्न बहानामा "नयाँ" नेपालको कुरा गरेको कुरा उठाइएको थियो। तथापि जनआन्दोलन-२ को सफलतापछि नेपालले लोकतान्त्रिक र समावेशी तरिकाले आफ्नो भविष्यको खाका कोर्ने ऐतिहासिक अवसर प्राप्त गरेको छ। अहिले नेपालका थुप्रै समस्याहरू अनौठो तरिकाले आइरहेका छन् र भविष्यको नेपालमा यिनीहरूले समुचित निकास पाउलान् कि नपाउलान् भनेर छलफल भैरहेको छ। समृद्ध, शान्तिपूर्ण, बहु-सांस्कृतिक र लोकतान्त्रिक नेपालको खोजी तबमात्र सम्भव छ, जब विकास नीतिहरू र रणनीतिहरू सुरुबाट नै तय गरिन्छन्।

सुरुका अध्यायहरू तथा यस अध्यायका अघिल्ला भागहरूले नेपालको विकासका केही परिभाषित गुण तथा भावहरूको उल्लेख गर्नुका साथै ताजा परिप्रेक्ष्यमा पुनर्परिभाषित हुनुपर्ने मुख्य पक्षहरूलाई पनि इङ्गित गरेका थिए। गौरी प्रधानले भन्नुभयो - अबको नेपालको राजनीतिक छलफल राजनीतिक दक्षिणपन्थ वा मध्यपन्थबाट राजनीतिक वामपन्थतर्फ सरेको छ। जस्तो कि, विभिन्न वर्ग, जात/जनजाति, क्षेत्र लगायत विभिन्न पहिचान समूहहरूले आफ्नो पहिचान तथा समावेशीकरणका लागि गरेको मागले मान्यता पाइरहेका छन्। यस सँगसँगै पहिचानहरू, भाषा र संस्कृतिमाथि नेपालको आधुनिक इतिहासको दुईसय पचास वर्षदेखि गरिदै आएको अन्याय, शोषण र दमनका निम्ति वर्तमान समाज र राज्यको आलोचना भैरहेको छ। विकासका सबै अवधारणाहरूलाई ताजा परिप्रेक्ष्यमा हेरिनु पर्दछ भन्ने कुराले बढ्दो रूपमा मान्यता प्राप्त गरेको छ।

वर्तमानमा माओवादी विद्रोहको समाधानको आशा र संविधानसभाको चुनावमार्फत् राज्यको पुनर्संरचनाका बारेमा चलिरहेको छलफलले नेपाली जनताको शान्ति, लोकतन्त्र र समृद्धिका लागि गतिलो काम गर्न व्यापक अवसरहरू प्रदान गरेको छ। हिंसालाई अस्वीकार गर्दै समुचित सुधारहरू र समाज, अर्थतन्त्र र राजनीतिको पुनर्संरचना मार्फत् नेपाल अहिले समाज परिवर्तनको विन्दूमा रहेको छ। गौरी प्रधानले अगाडि भन्नुभयो, नेपाल अब चारवटा मुख्य क्षेत्रहरूमा केन्द्रित हुनु पर्दछः (क) क्रान्तिकारी भूमिसुधार र सामाजिक मुक्तिमाथि जोड (ख) लोकतान्त्रिक प्रक्रिया र लोकतान्त्रिकरणको सुरुआत (ग) वास्तविक अर्थमा तलबाट माथिको पद्धति र (घ) मानवविकास सूचकाङ्कको आधारमा सकारात्मक विभेद।

डा. विष्णु उप्रेतीले नेपालमा फेरि द्वन्द्व हुन नदिन तत्कालै ध्यान दिनुपर्ने तीनवटा पक्षहरूमाथि जोड दिनु भयो। तिनीहरूमाः (क) परिकल्पना र लक्ष्यहरू *(Vision and Goals)* - राजनीतिक दलहरू र राज्यले नयाँ नेपालमा महिला, जनजाति, मधेशी लगायत सुविधाविहीन समूहहरूले कसरी सुविधा पाउँछन् जस्ता कुरा लगायत उनीहरूका निम्ति स्पष्ट दृष्टिकोण विकास गर्नु पर्दछ (ख) रणनीतिहरू र स्रोतहरू- लक्ष्यहरूलाई आत्मसात गर्नका लागि रणनीतिहरूमा स्पष्टता, प्रतिवद्ध स्रोतहरूमा जोड र (ग) कार्यान्वयन संयन्त्रहरू- विद्यमान भ्रष्ट कर्मचारीतन्त्र र सुरक्षा निकायहरूको परिवर्तन र पुनर्संरचना।

तलका खण्डहरूले सम्मेलनका छलफलहरूलाई संश्लेषण गरी विकास गरिएअनुरूप नेपालको भावि विकासका केही एकिकृत विषयवस्तुहरूलाई प्रकाश पारेका छन्।

### ३.८.१ भावी विकासलाई जोड दिन सामाजिक न्याय

सामाजिक न्यायलाई सम्मेलनमा थुप्रै विज्ञ एवं सहभागीहरूले प्रमुख विषयवस्तुका रूपमा र नेपालको भावि राजनीति र विकासका लागि नभइनहुने कुराका रूपमा उठाएका थिए। यस विचारले नेपालको समाज, राजनीति, अर्थतन्त्र र विकासमा लाभ र दायित्वको समुचित वितरणका लागि एउटा पद्धतिको विकास गर्ने कुरासँग जोड्दछ। नेपाली समाजको सामन्ती र शोषणमूलक चरित्रलाई परिवर्तन गर्न औपचारिक समानताको पद्धति पर्याप्त नभएको कुरालाई पनि महशुस गरियो। यो कुरा पुरानो विचार तथा संस्थाहरूबाट होइन, बरु नयाँ विचारलाई आत्मसात गर्ने संस्थाहरूबाट मात्र सम्भव छ।

विष्णु पुकार श्रेष्ठले नेपालले एकीकृत विकासको द्रुत बाटो अवलम्बन गर्नुपर्दछ। न्याय, समृद्धि र पहिचानका लागि जनताको चाहनालाई सम्बोधन गर्न छिट्टै प्रभाव देखाउने विधिको अवलम्बन गर्नु पर्दछ भन्ने कुरामा जोड दिनुभयो। थुप्रै सहभागीहरू/विज्ञहरूले उठाएका मुख्य बुँदाहरूलाई तल समावेश गर्ने चेष्टा गरिएकोछः

**मानवीय गरिमाः** नेपालले मानवीय गरिमा अविभाज्य कुरा हो भन्ने अवधारणालाई अंगिकार गर्नु पर्ने आवश्यकता छ। यसले फरक क्षमता भएकाहरू, महिला, दलित, मधेशी, जनजाति तथा अन्य पहिचान समूहहरूको आत्मसम्मानलाई समुचित सम्मान प्रदान गर्दछ। प्रमुख संस्थाका रूपमा राज्य तथा समाजबाट नै सबै मानव समान हुन् भन्ने कुरा स्वीकारिनु पर्दछ। जनताको पहिचान र अधिकारको प्रत्याभूतिका लागि उनीहरूको सशक्तिकरण कार्यक्रमको तर्जुमा तथा अनुशरण गर्नुपर्ने आवश्यकता रहेको छ।

**सुरक्षा, स्रोतहरू र अवसरहरूमा समानताः** सुरक्षा, स्रोतहरू र अवसरहरूलाई समान रूपमा वितरण गरिनु पर्दछ। सुरक्षा भनेका बहुआयमिक हुन्छन् र यसको अन्तरवस्तुले डरबाट मुक्ति, सम्पत्तिको सुरक्षा र अधिकार, संस्कृति, भाषा र यस्तै अन्य कुराहरूको सन्दर्भमा मानव सुरक्षालाई समेट्दछ। यो विकासलाई निर्देश गर्ने अवधारणा हुनु पर्दछ। यसो हुनका लागि विद्यमान सामन्ती सम्बन्धहरू, संघ-संस्थाहरू र परम्पराहरूलाई ध्वस्त पार्नु पर्दछ।

**मौलिक अधिकारहरुको विस्तारः** उदार राजनीतिक मूल्यले पहिचान गरे झैं औपचारिक समानताको विचार नेपालको विकासको फलको न्यायपूर्ण वितरणलाई प्रभाव पार्न पर्याप्त छैन। तसर्थ विकास स्वयंसेवी वा परोपकारी कार्यको रूपमाभन्दा पनि जनताको अधिकार हो भन्ने कुरालाई समावेश गर्न मौलिक हक-अधिकारहरूलाई बढाउनु पर्ने आवश्यकता रहेकोछ। सम्मेलनका सहभागीहरूले सुरक्षित खानेपानीमाथिको पहुँच, भूमिमाथि पहुँच तथा नियन्त्रण, वन तथा जलस्रोत, स्वस्थ जीवन, खाना, कपडा तथा आवासको अधिकार, रोजगारी तथा मातृभाषामा निःशुल्क शिक्षा जस्ता अन्य अधिकारका कुराहरू पनि मौलिक अधिकारभित्र समेटिनु पर्दछ भन्ने कुरामाथि जोड दिएका थिए। त्यसैले राज्यले त्यस्ता अधिकारहरू सुनिश्चित गर्ने दायित्व लिनु पर्दछ।

**भेदभावको अन्त्यः** सम्मेलनका विज्ञहरू र सहभागीहरूले एकै स्वरमा जाति, धर्म, यौनिकता, लैगिंकता, केन्द्र वा किनारामा विद्यमान सबै प्रकारका भेदभावहरूको अन्त्यका लागि स्पष्ट राजनीतिक कार्यक्रमहरूको आवश्यकता माथि जोड दिएका थिए। भेदभावको मूल कारण सामन्ती विचारमा रहेको छ र जहिलेसम्म सामन्तवाद रहिरहन्छ भेदभाव पनि कायमै रहन्छ। दोश्रो, भेदभावलाई अन्त्य गर्ने नीतिहरू क्षेत्रीय स्वयत्तता लगायतको संघीय व्यवस्थामा मात्र प्रभावकारी हुन सक्तछन्। नेपाली समाजमा रहेको भेदभावको पूर्ण श्रृङ्खलामाथि कुनै ठोस सुझावहरू दिनुअगाडि सांस्कृतिक इतिहासहरूमा प्रतिविम्बित गर्नु महत्वपूर्ण हुन्छ। अन्तरिम कानुनमा सबै

प्रकारका भेदभावहरूको अन्त्य हुनेछ भनेर घोषणा गर्दैमा यस्तो भैहाल्ने अपेक्षा गर्न सकिदैन, बरु प्रकृयालाई अझ अगाडि बढाइनु पर्दछ। राजनीतिक शक्तिमाथिको पहुँच पुऱ्याउँदै यो सुविधाविहीन जनताहरूबाट सुरु हुनुपर्दछ।

**सम्पत्तिको अधिकार**ः भविष्यमा नेपाललाई समृद्ध बनाउनका लागि सम्पत्तिको अधिकारलाई दिगो रूपमा संस्थागत गरिनु पर्दछ । सम्मेलनमा माओवादी प्रतिनिधिहरूले निजी सम्पत्तिको अन्त्यको वकालत गरेका थिए भने अन्यले जग्गा वा अन्य प्रकारका सम्पत्तिहरूमाथि संयुक्त स्वामित्व लगायत स्रोतहरूमाथि समान पहुँच र स्वामित्वको लागि पद्धतिका कुरामा सरोकार देखाएका थिए।

**छुवाछूतको अन्त्यः** सहभागीहरू, विशेषगरी दुर्गा सोब र अन्य दलित कार्यकर्ताहरूले नेपाली समाज भित्रको छुवाछूतप्रथा अमानवीय रहेको कुरा उल्लेख गर्दै नेपालमा छुवाछूतप्रथाको अन्त्यको विषयले सबैभन्दा पहिलो राजनीतिक प्राथमिकता पाउनु पर्दछ भन्ने कुरामा जोड दिएका थिए। औपचारिक कानुनले मात्र छुवाछूत र जातमा आधारित अन्य भेदभावहरूको अन्त्य सम्भव छैन, बरु यसका लागि समुचित न्याय प्रणाली र दलित र गैरदलितहरू बीच सामाजिक जागरण ल्याउनु पर्दछ।

**समावेशीकरणः** सम्मेलनका सबै वक्ताहरूले नेपालको विकास, राजनीति, अर्थतन्त्र र समाजमा समावेशीकरणको आवश्यकता रहेको कुरामा प्रकाश पारेका थिए। समावेशीकरण निश्चित जनसङ्ख्या वा लैंगिकताको आधारमा समानुपातिक हुनुपर्दछ भन्नेमा सामान्यतया सबैको सहमति रहेको थियो, तर दुर्गा सोवले विगतको अन्यायलाई सच्याउनका लागि यो अझै पनि पर्याप्त नभएको तर्क गर्नु भयो। उहाँले दलित, जनजाति र मधेशी जनताका लागि अझ बढी स्थान हुनुपर्ने कुरा उल्लेख गर्नुभयो। बामदेव गौतम र सुरेश आले मगरले समावेशीकरणलाई दुईवटा आयाममा हेरिनु पर्ने कुरामा औंल्याउनु भयोः (क) आकार/रूपमा समावेशीकरण र (ख) विचार वा सारमा समावेशीकरण। एन.पी. साउदले पनि आफ्नै समुदायबाट प्रतिनिधिहरू पठाउने अवधारणाले समावेशीकरणको पूर्णरूपमा अर्थ नआउनेतर्फ संकेत गर्नु हुँदै उनीहरूको समुदायको हितप्रति उदार मानिसहरूलाई पठाउनु पनि समावेशीकरण हो भन्नुभयो। सहभागीहरूले समावेशीकरणको सुरुवात राजनीतिक दलहरूबाट हुनुपर्नेमा जोड दिंदै त्यसपछि राज्यका निकायहरूमा हुनुपर्ने बताए।

**सकारात्मक विभेदः** केही सहभागीहरूले भारतमा अंगिकार गरिएको सकारात्मक विभेदका विभिन्न परिणामहरूबाट सिक्नुपर्नेमा जोड दिएता पनि सकरात्मक विभेदका बारेमा बोल्ने सबैजसो सुविधाबाट बञ्चित गरिएका समुदायहरूका निम्ति कुनै प्रकारको आरक्षण वा सकारात्मक विभेदको विकास गरिनुपर्ने कुरामा सहमत थिए। सहभागीहरूले संसद सदस्यका लागि महिलाहरूको आरक्षण ५ प्रतिशतबाट ३३ प्रतिशतमा पुऱ्याइएको कुरालाई सकारात्मक रूपमा लिएतापनि यो अझ पनि जनसङ्ख्याका आधारमा समानुपातिक नभएको बताए। सकारात्मक विभेद नीतिका बारेमा बोल्ने सबै सहभागीहरू र विज्ञहरूले डा. प्रकाशचन्द्र लोहनी (राजपा) ले गर्नु भएको प्रस्तावमाथि सहमति जनाएका थिए। यस प्रस्ताव अन्तरगत "मानव विकास सूचकाङ्कका आधारमा आरक्षणको व्यवस्था हुनुपर्दछ भने जुनसुकै समुदाय पनि राष्ट्रिय औसतभन्दामुनि रहेका छन् भने उनीहरू राष्ट्रिय औसत स्तरसम्म नपुग्जेल यस कार्यक्रम अन्तरगत सहयोग पुऱ्याइ रहनु पर्दछ" भनिएको छ। आरक्षण नीतिलाई विस्तृत तरिकाबाट विकास गरिनुपर्नेमा सबैको चासो देखिएको थियो। सुविधाहरूलाई लक्षित समुदायका शहरबासी सम्भ्रान्त जनसङ्ख्याले हात पार्ने सम्भावनातर्फ सचेत रहन समुचित उपायहरूको अवलम्बन गरिनु पर्दछ।

### ३.८.२ राज्यको उत्तरदायित्व र जवाफदेहिता

सम्मेलनमा उठेको अर्को विषयवस्तुमा नेपाललाई उत्तरदायी र जवाफदेही राज्यका रूपमा पाउनु रहेको थियो। नेपालले विगतमा थुप्रै कानुन, नीति र कार्यक्रमहरूको तर्जुमा गरेको थियो, तर तिनीहरूले शान्ति, समृद्धि, सामाजिक न्याय र लोकतन्त्रका निम्तिको जनताको चाहनालाई सम्बोधन गर्ने विकास दिन सकेनन्। राज्यका नीतिहरू, कार्यक्रमहरू र स्रोतको बाँडफाँडमा सामाजिक तथा राजनीतिक परिवर्तनको स्पष्ट भावना हुनुपर्दछ।

यसर्थ जनताको आफ्नो दैनिक जीवनमा परिवर्तनको चाहनाहरूलाई पूर्णरूपमा बुझ्नका लागि राज्यसँग उपयुक्त संस्थागत पद्धतिको विकास गरिनु पर्दछ, यसका साथै ती चाहनाहरूलाई पहिचान गर्न र प्राथमिकीकरण गर्ने पद्धति पनि हुनुपर्दछ। शान्तलाल मुल्मीले स्वास्थ्य, शिक्षा, खाद्य सुरक्षा र रोजगारी अहिले आधारभूत मानवअधिकारका रूपमा लिन थालिएको कुरामा प्रकाश पार्नु हुँदै यसलाई ठोस नीतिमा अनुवाद गरिनु पर्नेमा जोड दिनु भयो।

नेपालमा अब थप द्वन्द्व हुन नदिन राज्यले जनताका आवश्यकता, उनीहरूका पहिचानहरू, संस्कृति र न्यायको मागलाई सही ढङ्गले बुझ्नु पर्दछ । त्यसैले सामाजिक न्याय, प्रशासन, मानव सुरक्षा र विकास योजनाहरूका निम्ति उपयुक्त पद्धतिको स्थापना गर्ने कुरा राष्ट्रिय प्राथमिकताभित्र पर्नु पर्दछ ।

डा. विष्णु उप्रेतीले अहिलेको कर्मचारीतन्त्र भ्रष्टचारी भएकोतर्फ संकेत गर्नु भियो । सुरेश आले मगरले भ्रष्टाचार भन्ने कुरा पुँजीवादी राजनीतिक अर्थतन्त्रको उत्पादन भएको र निजी सम्पत्तिको अन्त्य गरिनु पर्ने बताउनु हुँदा अन्य सहभागीहरूले असहमति जनाएका थिए । यसका साथै, नेपालको विद्यमान कर्मचारीतन्त्र निष्प्रभावी भएकोमा आलोचना गरियो र यसमा ठूलो परिवर्तनको खाँचो रहेको बताइयो । दुर्गा सोवले अहिलेको न्याय व्यवस्थाले छुवाछूतलाई हटाउन नसक्नेतर्फ इङ्गित गर्नु भयो । त्यसैले देशमा सामाजिक न्याय, शान्ति, लोकतन्त्र र समृद्धिका निम्ति नेपालको राज्य संयन्त्रमा समुचित सुधारहरू र पुनर्संरचनाको आवश्यकता रहेको छ ।

### ३.८.३ भावी नेपालको अर्थ-राजनीति

सम्मेलनमा भावी नेपालको अर्थ-राजनीतिको प्रकृतिका बारेमा छलफल गर्ने कुनै स्पष्ट एजेण्डा थिएन, तर यहाँ वक्ताहरूले अन्य सम्बन्धित विषयहरूमा छलफल गर्दा यसका बारेमा आएका कुराहरूलाई समेट्ने आशय राखिएको छ । अर्थ-राजनीतिको प्रकृतिका सम्बन्धमा वैचारिक तथा दलहरूको धारणामा वक्ताहरूले फरक मत जाहेर गरे । तथापि यस विषयमाथिको बहसलाई पूर्ण वा समाधान भएको रूपमा नलिई यसलाई सांकेतिक रूपमा मात्र लिइनु पर्दछ

गौरी प्रधानले नेपालको राजनीतिक छलफल राजनीतिक मध्यपन्थ वा दक्षिणपन्थबाट राजनीतिक बामपन्थतर्फ स्थानान्तरित भएको कुरामा प्रकाश पार्नुभयो । त्यसपछि थुप्रै वक्ताहरूमा अरुभन्दा क्रान्तिकारी देखिने प्रतिस्पर्धाको भाव रहेको देखिन्थ्यो । सम्मेलनका थुप्रै सहभागीहरूले दिएका दृष्टिकोणहरू वर्तमान नेपाली समाज विशेषगरी सामन्ती परिवेश, शोषण वा अन्याय र पहिचानहरू र संस्कृति जस्ता अन्य पक्षहरूको आलोचनामा केन्द्रित थिए । सम्मेलनका छलफलकर्ताहरूले विश्वव्यापीकरण वा निजीकरण वा सम्पत्ति स्वामित्व जस्ता सवालहरू लगायत राजनीतिक अर्थतन्त्रको प्रकृतिका बारेमा “नरम” र “कडा” दृष्टिकोणहरू प्रस्तुत गरेका थिए । उदाहरणका लागि यिनीहरूले राज्य बनाम निजीक्षेत्रको भूमिकाका सम्बन्धमा विरोधाभाषपूर्ण विचारहरू समेटेका थिए ।

सहभागीहरूले स्रोतहरूको पुनर्वितरण (उदाहरणका लागि जमिन अथवा रोजगारी) गर्ने र शिक्षा, स्वास्थ, पिउने पानी, सिँचाई र यस्तै अन्य उपलब्ध गराउने संस्थाका रूपमा राज्यको भूमिकालाई लिएका थिए । भूमिसुधारका सम्बन्धमा सहमति भएतापनि सहभागीहरू वास्तविक प्रकृयाका बारेमा सहमत हुन सकेनन् । पुनर्वितरण अगाडि हदभन्दा माथिको जग्गा कटौती गर्दा जग्गा धनीलाई मुआव्जा दिनुपर्ने कतिपयको तर्क थियो भने कतिपयले यसरी लिइने जग्गाको मुआव्जा दिइरहनु नपर्ने पक्षमा थिए । बामदेव गौतमले कृषिमा “पुँजीवादी उत्पादन” को पक्षमा तर्क गर्नुभयो भने अवधारणाको स्पष्ट खाका नआएता पनि “क्रान्तिकारी भूमिसुधार” का पक्षमा पनि तर्कहरू प्रस्तुत भएका थिए । कतिपय सहभागीहरूले निजी विद्यालयहरूलाई सरकारले “नियन्त्रण” गर्नु पर्ने तर्क गरे भने अन्यले गुणस्तरीय शिक्षाका लागि निजी क्षेत्रले खेलेको भूमिकालाई कदर गरिनु पर्ने बताए । सहभागीहरूले परम्परागत सीप, ज्ञानका साथै मौलिक जात र नश्लहरूलाई अहिले चलिरहेको विश्वव्यापीकरण प्रकृयाबाट जोगाउन प्रभावकारी तरिका अपनाउनु पर्नेमा प्रकाश पारेका थिए । यस छलफलमा तुलनात्मक रूपमा नरम तर्क प्रस्तुत गर्दै प्रा. मथुरा श्रेष्ठले विश्वव्यापीकरणलाई अस्वीकार तथा प्रतिबाद गर्न जोड दिनुभयो । उहाँले ठूला परियोजनाहरूलाई (जस्तै उच्च बाँध अथवा बृहत जलविद्युत परियोजनाहरू) विचार गर्दा स्थानीय जनताको स्वार्थलाई पनि गाँसिनु पर्नेमा जोड दिनुभयो । त्यसैगरी इन्द्र तामाङ्गले खानेपानी परियोजनाहरूको निजीकरणको विपक्षमा तर्क गर्नु भयो । कृषिका बारेमा छलफल गर्ने समूहले नेपालमा कृषि विकासका लागि “समूह” तथा “सहकारी” विधि उपयुक्त हुने सुझाव दियो । तथापि ठूला उद्योगधन्दा वा सेवाका क्षेत्रहरूको सन्दर्भमा सम्पत्तिको अधिकारको कानुनका बारेमा त्याहाँ छलफल भएन ।

सम्मेलनको थप छलफल बामपन्थी र गैरबामपन्थीका रूपमा विभक्त भएर अगाडि बढ्यो । सिन्धुनाथ प्याकुरेल र सुरेश आले मगर (नेकपा-माओवादी) ले नेपालमा शोषणको अन्त्य गर्न समाजको आमूल परिवर्तन जरुरी छ र राज्यको पुनर्संरचना मात्र शोषणको अन्त्यका लागि पर्याप्त नहुने कुरामा जोड दिनुभयो । उहाँहरूले निजी

सम्पत्तिको उन्मूलन गर्न आऽवान गर्नुभयो र जनताको मुक्तिको संकल्प लिएको नेपाली समाजको समाजवादी नमूनाको पक्षमा तर्क राख्नु भयो ।

उहाँहरूले भ्रष्टाचार र घुसखोरी पुँजीवादी उत्पादन सम्बन्ध अन्तरगत नियन्त्रित हुन नसक्ने तर्क गर्नु हुँदै भ्रष्टाचार उन्मूलनका लागि निजी सम्पत्तिको उन्मूलन गर्नुपर्ने बताउनु भयो । यस क्रममा जीवन शाही जस्ता अन्य सहभागीहरूले निजी सम्पत्तिको सुरक्षा नै समाजको आर्थिक प्रगतिको साँचो रहेकोमा जोड दिनु भएको थियो । नरहरि आचार्य (ने.का.) पनि सामाजिक "संरचनाहरू" का बारेको व्याख्या तथा शोषणको उन्मूलन दुवै कुरामा दिइएको अनावश्यक महत्वको आलोचक हुनुहुन्थ्यो । उहाँले संरचनागत परिवर्तन आफैंमा शोषणविरुद्ध प्रतिवद्ध हुनका लागि अपर्याप्त रहेको तर्क गर्नुभयो । उहाँले नेपाल बाहिरको अर्थतन्त्रहरूमा तुलनात्मक कार्यसम्पादनमाथि पनि पुनरावलोक हुनु जरुरी रहेकोमा जोड दिँदै कुनचाँही नमूनाले राम्ररी काम गरेको छ हेर्नु पर्ने बताउनु भयो । श्री आचार्यले अमूर्त सिद्धान्तहरूमा अल्झिरहनुभन्दा सामाजिक, आर्थिक र राजनीतिक मुद्दाहरूमा एक-एक गरेर छलफल गरिनु पर्ने कुरामा जोड दिनुभयो ।

### ३.८.४ स्थानीय अवसर, प्रविधि र सीपहरूलाई हातपार्ने

स्थानीय स्तरमा उपलब्ध अवसरहरू, मौलिक ज्ञान, स्थानीय प्रविधिहरू, सीपहरू र क्षमताहरूप्रति उदासिन रहेकोमा सम्मेलनका विज्ञहरू तथा सहभागीहरूले विगतको विकासको आलोचना गरेका थिए । यस मुद्दालाई स्पष्ट एजेण्डाका रूपमा नल्याइएको भएता पनि छलफलका क्रममा भावी विकासले यस कमजोरीबाट पाठ सिक्नु पर्नेमा सहमति रहेको थियो ।

चालू व्यापार उदारीकरणको परिणामस्वरुप दलित तथा अन्य समूहहरूका सीपहरू र पेशाहरूलाई किनारा लगाइँदै गरेको भनेर बारम्बार उठिरहने मुद्दा पनि सम्मेलनको छलफलका क्रममा आएको थियो ।

सस्तो मूल्यका तयारी लुगाफाटाहरू, सामग्रीहरू अथवा जुत्ताहरूको आयातले दलित समुदायलाई थप किनारा लगाउँदै परम्परागत पेशालाई विस्थापित गरेको छ । नेपालको मौलिक कारिगरी, कला, संगीत, मौलिक औषधीको ज्ञान र संस्कृतिलाई विश्वव्यापीकरणको लहरबाट बचाउनु पर्ने आवश्यकता छ । हुर्किरहेको सामाजिक लहरहरूको सामना गर्नका लागि थप योजनाहरू तय गरिनु पर्दछ ।

त्यसैगरी नेपालको कृषि अनुसन्धान तथा विकासले स्थानीय जातहरू र नश्लहरूको अधिकतम उत्पादन र तिनको व्यापारिक सम्भावनाहरूलाई बढाउने काम गरेका छैनन् । छिमेकी देशहरूबाट आयात गरिएका कृषि उत्पादनसँग तुलना गर्दा नेपालका कृषकहरूसँग नकारात्मक वा ज्यादै थोरैमात्र प्रतिस्पर्धात्मक क्षमता रहेको छ । बढ्दो विश्वव्यापीकरणको चेपुवामा परेका नेपालको स्थानीय जातका अन्नबाली, तरकारी र फलफूल तथा माछा, चराहरू र अन्य जनावरहरूको नश्ललाई संरक्षण तथा संवर्द्धन गर्नुपर्ने थप चुनौती रहेको छ । घरेलु खपतका लागि प्रबन्ध गर्नुका साथै जैविक उत्पादनको, खासगरी निर्यात व्यापारमा समुचित व्यापार प्रणालीका माध्यमबाट बजार खोज्ने प्रशस्त सम्भावनाहरू रहेको छ । कर्णालीमा खाद्यान्न ढुवानीका लागि यातायातमा अनुदान दिनेभन्दा पनि स्थानीय क्षेत्रमा सुहाउँदो कृषिलाई प्रवर्द्धन गर्नका लागि कृषि अनुसन्धानहरू गरिनु पर्दछ र प्रतिस्पर्धात्मक किसिमका उत्पादनहरूलाई व्यापारिकरण गर्न सहयोग गर्नु पर्दछ ।

पर्यावरणीय क्षेत्र, जीव-भौतिक सम्भावनाहरू र संस्कृतिहरूका सन्दर्भमा नेपालले विस्तृत रूपमा तुलनात्मक फाइदाका क्षेत्रहरूको थप पहिचान गर्नु पर्दछ । यिनीहरूले कृषि, पर्यटन, उद्योग र प्राकृतिक स्रोत व्यवस्थापन तथा विभिन्न प्रकारका सेवाका क्षेत्रहरूका अवसरहरू प्रदान गर्न सक्दछन् । यिनीहरूलाई समुचित सहयोग संयन्त्र सहित घरेलु तथा क्षेत्रीय/अन्तर्राष्ट्रिय दुवै अवस्थामा पृष्ठभागबाट सहयोग भैरहनु पर्दछ । पहिलेबाट नै उपलब्ध ज्ञानका आधारमा आरम्भ गर्दै जानु पर्दछ र समयमै अवसरहरू प्राप्त गर्नका लागि थप अध्ययनलाई बढाइनु पर्दछ । स्थानीय तहमा हुने रचनात्मकतालाई प्रवर्द्धन गर्न स्थानीय समुदायहरूसँग सहकार्य गर्न जरुरी छ । यसका साथै समुदाय र स्थानीय सरकार दुवैलाई रचनात्मक योजनाहरूको निर्माण गर्न सहयोग पुऱ्याउनु पर्दछ । यसबाट स्थानीय स्रोत, ज्ञान र सृजनात्मकताले राम्रो रोजगारी र आयस्रोतको लागि बाटो पाउने छ ।

### ३.८.५ विकासका लागि लगानी

सम्मेलनमा विकासका लागि लगानीको कुरालाई पनि प्रष्ट एजेण्डाका रूपमा राखिएको थिएन, तर थुप्रै सहभागीहरूले अन्य सवालहरूमा छलफल गर्दा यस विषयतर्फ पनि संकेत गरेका थिए । त्यसैले यहाँ दिइएका कुराहरू सम्मेलनका वक्ताहरूले अप्रत्यक्ष रूपमा उठाएका कुराहरूको संष्लेषण हो । यहाँ लगानी भन्नाले आन्तरिक स्रोतबाट सरकारका तर्फबाट तथा वैदेशिक अनुदान र ऋण दुवैको लगानी भन्ने बुझ्नु पर्दछ । यस मुद्दामाथि आम तथा विशेष दुवै तरिकाबाट सिंहावलोकन गरिएको थियो ।

वैदेशिक सहयोगका सन्दर्भमा, प्रा. मथुरा श्रेष्ठ तथा अन्य थुप्रै सहभागीहरूले नेपालको पूर्ण विकास वैदेशिक सहयोगमा मात्र हुन नसक्ने कुरामा जोड दिनु भएको थियो । नियमित खर्चहरूमा गर्ने लगानी भन्दामाथि नेपालले ठूला तथा साना दुबै खाले परियोजनाहरूमा लगानी गर्ने आफ्नो क्षमतालाई विकास गर्नुपर्दछ । सबै सहभागीहरूले देशको प्राथमिकताका आधारमा नेपालले परियोजनाहरूलाई छुट्याउन सक्नु पर्नेमा जोड दिएका थिए । नेपालका स्वनिर्णय, सार्वभौमसत्ता र राजनीतिक प्राथमिकताहरूलाई संकटमा पार्ने सर्तहरूले भरिएका वैदेशिक सहयोग तथा प्रस्तावहरूलाई अस्वीकृत गर्न तयार हुनु पर्दछ । पानीको महशुल बढाउन र व्यवस्थापनसँग सम्बन्धित संझौता गर्न खानेपानी परियोजनाका लागि राखिएका सर्तहरू (अन्तर्राष्ट्रिय व्याङ्कहरूले सहयोग परियोजनाहरूका लागि राख्ने यस्तै प्रकारका अन्य सर्तहरू) का सम्बन्धमा सहभागीहरू विशेष रूपमा आलोचक देखिएका थिए । श्रीप्रसाद शाहले वैदेशिक सहयोगलाई उत्पादनका क्षेत्रमा लगाइनु पर्नेमा जोड दिनु हुँदै निश्चित समयावधिभित्र उपलब्धीहरू र यथार्थपरक सुधार योजनासहित प्रयोग गरिनुपर्ने कुरा बताउनु भएको थियो ।

ऋण देशका प्रत्येक नागरिकका लागि भार भएका कारण रकमको उपयोगसम्बन्धी प्राथमिकीकरण परियोजनाबाट फाइदा पुऱ्याउन सबै क्षेत्रका जनताले समानताको आधारमा पाउन सक्ने गरी हुनु पर्ने अर्को सवाल पनि त्यहाँ उठेको थियो । सहभागीहरूले घरेलु लगानीका सन्दर्भमा नेपालले देशभित्रै स्रोतहरूको निर्माण गरी परियोजनाहरूमा लगानी गर्ने आफ्नो क्षमता विकास तथा सबलीकरण गर्नु पर्दछ भन्नेमा जोड दिएका थिए । डा. विष्णु उप्रेतीले हालको कर्मचारीतन्त्र भ्रष्ट रहेको कुराले विकास तथा नियमित लगानी बीच बाटोमा नै चुहिने कुराको संकेत गर्दछ भन्नुभयो । भ्रष्टाचारले असक्षम कम्पनीहरूलाई अनुचित फाइदा दिलाउँदै र राम्रा व्यवसायलाई निरुत्साही गर्दै सामान्य बजार प्रकृयालाई भताभुङ्ग पार्दछ । वसन्ती शाहीले कर्णालीमा थुप्रै सरकारी कार्यालयहरू असान्दर्भिक रहेको कुरामाथि प्रकाश पार्नु हुँदै अन्य क्षेत्रमा पनि यस्तो हुन सक्ने बताउनु भएको थियो । अनावश्यक सरकारी कार्यालयबाट राज्यको कोष अदक्ष तथा निष्प्रभावी काममा लाग्नुका साथै यसले लालफित्ताशाहीलाई बढाउँछ । विभिन्न क्षेत्रहरू र परियोजनाहरूका लागि वितरण गरिएको सापेक्षित रकममाथि पनि सरोकार देखाइएको थियो । कर्णालीबाट आएका सहभागीहरूले भूगोलका आधारमा बजेट छुट्याइनु पर्नेमा जोड दिनु भएको थियो भने तराईबाट आएकाहरूले जनसङ्ख्याका आधारमा बजेट छुट्याउनु पर्नेमा जोड दिनुभएको थियो । त्यहाँ शहरहरू र गाउँहरू, भौगोलिक क्षेत्रहरू र पिछडिएका क्षेत्रहरू बीच रहेको विभेदलाई समायोजन गर्ने बारेमा पनि सरोकार देखाइएको थियो । त्यसैले राज्यको लगानीले लोकतान्त्रिक सम्झौताका आधारमा विभेद र असमानतालाई सम्बोधन गर्नुपर्ने कुराको बोध हुन जरुरी छ ।

## ३.९ सारांश

यस अध्यायको अघिल्ला परिच्छेदहरूमा हामीले सम्मेलनमा भएका छलफलहरूको संश्लेषण प्रस्तुत गरेका थियौं । यसले नेपालको विकास अवधारणामा नयाँ दृष्टिकोण प्रदान गरेको छ र विकास नीतिहरू र रणनीतिहरूको पुनःअभिमुखीकरण गर्नुपर्ने विभिन्न क्षेत्रहरूलाई प्रकाश पारेको छ । यहाँ राजनीति र विकासको सम्बन्धहरूलाई उजागर गर्दै विकासका एजेण्डाहरूलाई अपरम्परागत राजनीतिक तरिकाबाट हेरिएको छ । राम्रो विकास प्राप्त गर्नका लागि राजनीति सही हुन पर्दछ भन्ने कुरा स्पष्टसँग आएको छ । यसका निम्ति विकास रणनीतिहरूलाई द्वन्द्व समाप्तिपछिको सुरुआतबाट नै निर्धारण गरिनु पर्दछ जसले गर्दा शान्ति, समृद्धि, सामाजिक न्याय र देशमा लोकतन्त्रको प्राप्ति हुन सकोस् र दिगोपना आउन सकोस् ।

यस अध्यायले सम्मेलनमा उठाइएका पाँचवटा विषयवस्तुहरू: (क) विकासका निम्ति राज्यको संरचना, (ख) सामाजिक समावेशीकरण र विकास, (ग) प्राकृतिक स्रोतहरूको सदुपयोग, (घ) शान्ति, पुनर्निर्माण, पुनर्स्थापन र मेलमिलाप (ङ) वैदेशिक सहयोग र विकास निकायहरू माथिको समूह छलफल र प्रस्तुतिहरूलाई पनि समावेश गरेको छ । यसले मुख्य विचारहरूको संश्लेषण र यदि यसलाई विश्वसनीय बनाउने हो भने नेपालको भावी

विकासका निम्ति पुनर्अभिमुखीकरण प्रस्तुत गरेको छ । नेपालको भावी विकासले एउटा सांगठानिक सिद्धान्त जस्तै सामाजिक न्यायलाई अपनाउनु पर्नेमा सम्मेलनले जोड दियो । यसले नेपालको राजनीति, अर्थतन्त्र र समाजलाई संगठित गर्नका लागि मार्गदर्शक विचार पनि उपलब्ध गराउँदछ । यसमा ध्यान आकृष्ट भएका र महत्व पाएका अन्य थुप्रै क्षेत्रहरूलाई पनि समेटिइएको छ ।

# निष्कर्षः बहसलाई अझ अघि बढाउनु पर्ने

यस पुस्तिकामा यही डिसेम्बर २००६ मा काठमाडौंमा सम्पन्न “नयाँ नेपालका विकास रणनीतिहरूः एक राष्ट्रिय बहस” विषयक राष्ट्रिय सम्मेलनमा भएका छलफल र समीक्षाहरूलाई संश्लेषण गरिएको छ। नयाँ नेपालको लागि भावी विकास रणनीतिको परिभाषा तयार गर्नका लागि बहसको थालनी गर्नु नै उक्त सम्मेलनको मूल उद्देश्य रहेको थियो। सम्मेलनले के कुरामा जोड दिएको छ भने विकास राजनीतिसँग जोडिएको विषय भएकोले मुलुकमा विद्यमान अल्पविकासको समस्यालाई उपयुक्त ढङ्गले बुझेर त्यसलाई सम्बोधन गर्न नेपालमा जारी राजनीतिक प्रक्रियामा विकासको मुद्दालाई उपयुक्त ढङ्गमा उठाइनु पर्दछ। विकास नीति र रणनीतिहरूको निर्माण गर्दा समाजका सबै तहहरूमा उदार, लोकतान्त्रिक र समावेशी छलफलको नितान्त आवश्यकता हुन्छ र यही प्रक्रियालाई गति प्रदान गर्न यो सम्मेलनको आयोजना गरिएको थियो। यसर्थ यो सम्मेलन र यस दस्तावेजलाई त्यही बृहत् प्रक्रियाको थालनीको रूपमा हेरिनु पर्दछ।

सम्मेलनमा प्रमुख राजनीतिक दलका नेताहरू, विभिन्न सामाजिक तथा फरक पहिचानका समूहहरू, मुक्त कमैया, नागरिक समाजका नेता तथा सदस्यहरू, स्वतन्त्र बुद्धिजीवीहरू र विकास विज्ञ तथा विकास कार्यकर्ताहरू लगायत नेपाली समाजका विविध क्षेत्रका प्रतिनिधिहरूको सहभागिता रहेको थियो। अल्पविकासका खास कारणहरूलाई केलाउन, कमजोरीका मूल पक्षहरूलाई पहिचान गर्न र नयाँ नेपालको निमित्त विकास नीति तथा रणनीतिका लागि गम्भिर ध्यानआकर्षण हासिल गर्ने दृष्टिकोणबाट यो सम्मेलन एक ऐतिहासिक अवसर सावित भएको छ। यो दस्तावेजका अघिल्ला अध्यायहरूमा सम्मेलनमा भएका छलफल र प्रस्तुतिहरूलाई समेट्नुका साथै तिनको संस्लेषण गर्ने प्रयत्न गरिएको छ।

यस दस्तावेजमा सबभन्दा पहिले अविकासका मूल कारणहरूको ताजा विश्लेषणसहित नेपाललाई किन विकास रणनीतिहरू निर्माण गर्नेतर्फ काम गर्नु पर्छ भन्ने सन्दर्भलाई समेटिएको छ। यसले नेपालले योजनावद्ध विकासका विगत पाँच दशकहरूमा विभिन्न क्षेत्रहरूमा उल्लेखनीय प्रगति हासिल गरेको कुरालाई उल्लेख गरेकोछ। तापनि समग्र विकास कार्य (development performance) भने कमजोर र असमान रहन पुग्यो। तसर्थ विगतका कामहरूलाई फर्केर हेर्न, जनताका चाहना र गुनासोहरूलाई बुझ्न र अवसरहरूको खोजी गर्नका लागि ताजा विश्लेषण र तिनलाई हेर्न समुचित दृष्टिकोण निर्माणको जरुरत थियो। यसले भावी विकास नीति तथा रणनीतिहरूको निर्माण गर्न सचेत पहल गर्ने काममा योगदान पुऱ्याउन सक्दछ।

यो दस्तावेजमा भावी विकास नीति तथा रणनीतिहरूको प्रक्रिया तथा तत्व सम्बन्धमा सम्मेलनका सहभागीहरूको विचारहरूलाई अभिलेखन गरिएको छ। खासगरी क्षेत्रीय तथा समुदायगत विकास आवश्यकताहरू र प्राथमिकताहरूलाई आत्मसात गर्दै नेपालको विकास योजनामा थप लोकतान्त्रिकरण तथा समावेशीकरणमा जोड दिइएको छ। “विकास”ले सामाजिक न्यायका मागहरूलाई सम्मानपूर्ण ढङ्गले पुनर्अभिमुखीकरण गर्नु, विकाससँग गाँसिएका अधिकारहरूको बढ्दो दूरी, सामाजिक-सांस्कृतिक तथा भौगोलिक विभिन्नतालाई समन्वय गर्नु र विकास लगानीको पुनर्प्राथमिकीकरण गर्नु आवश्यक छ।

सम्मेलनको अवधिमा पाँचवटा मुख्य विषयहरूमा छलफल केन्द्रित रहेको थियोः क) राज्यको पुनर्संरचना, ख) सामाजिक समावेशीकरण र विकास, ग) प्राकृतिक स्रोतहरूको उपयोग घ) शान्ति र पुनर्निर्माण, पुनर्स्थापना तथा पुनर्मिलन र ङ) वैदेशिक सहायता र विकास निकायहरू। विकाससम्बन्धी सवालहरूलाई प्राविधिकतन्त्रको घेराभित्र राखेर पूर्ण रूपमा व्याख्या गर्न सकिदैन, बरु विकासका धेरै क्षेत्रहरूका साथमा राज्यको पुनर्संरचना, संपूर्ण सामाजिक पहिचानका समूहहरूको सामानुपातिक समावेशीकरण जस्ता हाल जारी राजनीतिक विवादहरूलाई ध्यानमा राख्दै थप बहस संचालन गर्नुपर्ने आवश्यकता रहेको कुरा स्पष्ट थियो। यी विषयहरूलाई ध्यानमा राखी प्रस्तुत भएका विभिन्न विचारहरूलाई सान्दर्भिक अध्यायहरूमा यसअघि नै संश्लेषण गरिसकिएको छ।

सम्मेलनमा के कुरा प्रष्ट रूपमा उठ्यो भने भावी विकास नीति तथा रणनीतिहरूले “सामाजिक न्याय” लाई ज्यादै महत्वपूर्ण लक्ष्यको रूपमा ग्रहण गर्नु अत्यावश्यक छ। यसर्थ समृद्धि, शान्ति र लोकतन्त्रको स्थापनाले मानव

मर्यादा र बहुपहिचानका जनताहरूलाई खुसी पार्न योगदान गर्नु पर्दछ । यसैगरी सुरक्षा, स्रोत र अवसरहरूमा समानताको ग्यारेण्टीको व्यवस्था, भेदभाव र छुवाछूत प्रथाको अन्त्यका साथै समानुपातिक समावेशीकरण र सकारात्मक विभेदको व्यवस्थालाई संस्थागत गुर्न पर्दछ । भावी नेपालको अर्थ-राजनीतिको प्रारुपको विषयमा मतमतान्तर रहेता पनि जनजीवनका प्रमुख क्षेत्रहरू, खासगरी शिक्षा, स्वास्थ्य, सुरक्षित खानेपानी, खाद्य संप्रभुता, आवास र न्याय तथा स्वच्छ प्रशासनको समुचित प्रणालीलाई सबल पारिनु पर्ने कुरामा भने सबैको सहमति रहेको थियो । उदार परम्परामा बुझने गरिएको मौलिक अधिकारहरू अपर्याप्त भएको कुरालाई पनि उठाइएको थियो । विकास अधिकार हो र यो स्वयंसेवी कार्य र दानको विषय होइन भन्ने कुरामा पनि जोड दिइयो । यसका साथै सुरक्षित खानेपानीमा पहुँच, मातृभाषामा निःशुल्क शिक्षा र रोजगारीको अधिकारलाई पनि संवैधानिक अधिकारमा समावेश गरिनु पर्दछ भन्ने कुरा पनि सम्मेलनमा जोडदार रूपमा उठाइएको थियो ।

सम्मेलनमा, भू-मण्डलिकृत विश्वमा रहेको अवसरहरूलाई हासिल गर्नका लागि प्राकृतिक र मानव संसाधनको उपयोग गर्न सक्षम हुनका लागि नेपालले थप पहल गर्नु पर्दछ भन्ने विषयमा पनि छलफल भएको थियो । नेपालको प्रचूर जलस्रोत, पर्यावरणीय विविधतायुक्त कृषि र वनसंपदामा असीमित सम्भावनाहरू विद्यमान रहेकाछन् ।

स्रोत प्रयोगको हेरविचार, खेती व्यवस्थापन र बजार प्रवर्द्धन गर्ने काममा "समूह" र "सहकारी" संस्थाहरूलाई सहयोग गर्दै भूमिअधिकारलाई सुदृढ गर्न र भूमिको सर्बोपयुक्त प्रयोगका लागि यथार्थपरक भूमिसुधार गर्दै स्रोत अधिकारको हस्तान्तरणलाई संस्थागत गर्नका लागि नीति तथा रणनीतिहरूको आवश्यकता छ । सम्मेलनमा त्यस प्रकारका सूक्ष्म तहको स्रोत परिचालनलाई समष्टिगत तहमा लोकतान्त्रिक पुँजीवादी उत्पादनसँग जोडिनु पर्दछ र त्यसको पक्षपोषण गर्नु पर्दछ भन्ने सुझावहरू पनि आएका थिए ।

सम्मेलनमा के पनि जोड दिइएको थियो भने नेपालले एउटा त्यस्तो समावेशी संरचनाको अवलम्बन गर्न आवश्यक छ, जहाँ विकास, राजनीति, अर्थतन्त्र र समाजमा सबै क्षेत्र, लिङ्ग, जात/जाति, पृष्ठभूमि र पहिचानका जनताको उचित हिस्सा र प्रतिनिधित्व हुन सकोस् । यो केवल देखापरिरहेका असन्तुष्टिलाई सम्बोधन गर्नका लागि मात्र नभएर नेपालको विविधताभित्र अन्तरनिहित अवसरहरूलाई हासिल गर्ने साधनको रूपमा प्रयोग गर्नका लागि पनि आवश्यक छ । वर्ग संरचनालाई वेवास्ता नगरिकन महिला, दलित, मधेसी, जनजाति र अन्य सामाजिक पहिचानका समूहहरूको समानुपातिक प्रतिनिधित्वको आवश्यकता रहेको कुरामा सम्मेलनका सहभागीहरू सहमत थिए । तर यसको लागि अझ विस्तृत तयारी गरिनु पर्दछ, राजनीति, शिक्षा, स्वास्थ्य, अर्थतन्त्र र संस्कृतिमा समावेशीकरणलाई विशिष्टिकरण गरिनु पर्दछ भन्ने कुरामा पनि जोड दिइएको थियो ।

सम्मेलनका सहभागीहरूले वैदेशिक सहयोगको भूमिका, विकास निकायहरूका साथै घरेलु तथा सहयोग स्रोतहरूको माध्यमबाट विकासमा गरिने लगानीका पाटाहरूमा समेत छलफल गरेका थिए । वैदेशिक सहायतामा गरिने नेपालको विकास दीर्घ रूपमा दिगो हुन सक्दैन भन्ने कुरामा जोड रहेको थियो र अनेकन सर्तहरूसँग जोडिएर आउने त्यस्ता वैदेशिक सहयोगलाई स्वीकार गर्ने कुरा जरुरी चासोको विषय रहेको थियो । त्यस्ता सर्तहरूले एकातिर परियोजनाको लागतलाई उल्लेखनीय मात्रामा बढाएका छन् भने अर्कातिर विभिन्न तरिकाबाट नेपालको आत्मनिर्णय र सार्वभौमिकतालाई सम्झौतातर्फ अभिमुख गराएका छन् । यसका साथै के कुरामा पनि जोड दिइयो भने विभिन्न क्षेत्र, जाति र वर्गहरूको बीच परियोजना वितरणमा सन्तुलन ल्याउन स्पष्ट परिणाम र सुधार योजनाका योजनाका साथ उत्पादनमूलक क्षेत्रहरूका लागि सहयोग परियोजनाहरूको प्राथमिकता निर्धारण गरिनु पर्दछ । प्रतिव्यक्ति लागत घटाई विकास लगानीमा बृद्धि गर्न नेपालको कर्मचारीतन्त्रको आकारमा फेरबदल गर्ने एउटा अर्को उपाय अबलम्बन गर्न पनि जरुरी छ ।

जुनबेला यो सम्मेलनका विषयवस्तुको विस्तृत प्रारुप बनाइएको थियो, नेपालको विकास रणनीतिको खाका कोर्नका लागि आवश्यक पर्ने व्यापक, लोकतान्त्रिक र समावेशी प्रक्रियाका लागि यसलाई विनम्र पहलको रूपमा लिइएको थियो । यसमा विकासका समग्र "क्षेत्रहरू" लाई समाविष्ट गरिएको थिएन, जस्तो कि, वित्तीय संस्थाहरूको विकास अथवा विप्रेषण अर्थतन्त्र (Remittance economy) । यसले अन्य कतथेही पक्षहरू, जसले तुरुन्त राजनीतिक ध्यानाकर्षण गर्न सक्थ्यो, जस्तो कि चेलीबेटी बेचबिखन अथवा युवा तथा बालबालिकाको लागि कार्यक्रम, लाई पनि समेट्न सकेको छैन । तथापि यो सम्मेलन र यो दस्तावेजले पर्याप्त आधार प्रदान गर्दछ, जसअन्तरगत विकास रणनीतिहरूमा राजनीतिक दलहरू, विकास समुदाय र समग्र समाजमा थप बहस संचालन गर्न सकिन्छ ।

# छानिएका सन्दर्भ सामग्रीहरू

Adhikari, R. (2004) *Trade Remedy Measures as Means to Protect and Promote SMEs* in WTO Membership: Opportunities and Challenges for SMEs in Nepal,(Edited by Navin Dahal and Bhaskar Sharma), xiv+103, SMEDP and SAWTEE, Kathmandu, Nepal, pp. 79-84

*APROSC & John Mellor Associates (1995) Nepal Agricultural Perspective Plan (1995/96-2014/15), HMG/N and ADB, Kathmandu*

Bhattarai, B. (2003) *The Nature of Underdevelopment and Regional Structure of Nepa*l, Adroit Publishers, New Delhi, pp 495

Blaikie, P., Cameron, J. & Seddon, D. (1980) *Nepal in Crisis: Growth and stagnation at the Periphery* . Oxford University Press, UK.

Blaikie, P., Cameron, J. & Seddon, D. (1980) *The Struggle for Basic Needs in Nepal*, OECD, Development Centre, Paris

CBS (1994) *National Sample Census of Agriculture, Nepal 1991/92*. Analysis of Results, HMG/N, Kathmandu, Nepal.

CBS (2000) A Statistical Pocket Book of Nepal, CBS, Kathmandu

CBS (2001) National Population Census 2001, CBS, Kathmandu

CBS (2001a) Statistical Year Book of Nepal 2001, CBS, Kathmandu

*CBS (2005) Poverty Trends in Nepal (1995-1996 and 2003-2004) Kathmandu: Central Bureau of Statistics*

CBS, UFP, World Bank (2006) Small Area Estimation of Poverty, Calorie Intake and Malnutrition in Nepal, pp 31-41

Gurung, H. (1969) *Regional Development Planning for Nepal*, NPC, HMG/N-Nepal Kathmandu

HMG/N (2051) Uchchastariya Bhumisudhar Aayog 2051 ko Partibedan, P.B. Publisher, Kathmandu

ICIMOD/CBS/SNV (2003) Districts of Nepal- Indicators of Development, 2003 CBS/ICIMOD, Kathmandu

Karki A. and Seddon D. (ed.)(2003) *The People's War in Nepal: Left perspectives*. Delhi: Adroit Publishers

Karki, A. (2003) "A Radical Reform Agenda for Conflict Resolution in Nepal" In Karki, A. and Seddon, D. (ed.) *A People's War in Nepal: Left Perspectives*, Adroit Publishers, Delhi

KIRDARC (2002) Governance in the Karnali: An Exploratory Study, Kathmandu.

NPC (2006) *Remittances and growth.* http://dreamnepal.wordpress.com/2006/07/06/remittances-and-growth-in-nepal/ and http://migration.ucdavis.edu/mn/data/remittances/remittances.html

NPC and UN (2005) *Nepal Millennium Development Goals: Progress Report 2005,* HMG Nepal NPC/United Nations Country Team of Nepal, Kathmandu

NRB (1990) *Rural Agricultural Loan Survey, 1990* Nepal Rastra Bank, Kathmandu

Pandey, D. R. (1999) *Nepal's Failed Development* South Asia Center, Kathmandu

People's Daily Online (2006) *Nepal's foreign debt crosses 40 pct of GDP*. Available online: http://english.people.com.cn/200609/07/eng20060907_300528.html (accessed 1 December 2006)

Regmi, M. C. (1978): Thatched Huts & Stucco Palaces: Peasants and Landlords in 19th Century Nepal, Adroit Publishers, Delhi, p.179

RRN and AAN (2002): *Food Security in Nepal: The Civil Society Perspective*, Brief Report of the Consultation Workshops on Assessment of Commitments and Plan of Action of the World Food Submit, 1996, Rural Reconstruction Nepal & Action Aid Nepal, Kathmandu

Seddon, D., Adhikari, J and Gurung, G. (2001) *The New Lahures: Foreign Employment and Remittance Economy in Nepal* Nepal Institute of Development Studies, Kathmandu.

Shah, R, (1982) Political Elites of Nepal: Their Identity, Role and Character. In Nepali Elite Banarasi: Center for Study of Nepal, BHU

Shahi, Y.B. (2004) *Natural Resource Management for Hill Development in Nepal: A Regional Analysis*, M.Phil Dissertation Submitted to Jawaharlal Neharu University, New Delhi

Sharma, S.K. (2000) Some Aspects of Dependency Crisis in Nepal. In Kumar, D. (ed.) Domestic Conflict and Crisis of Governability in Nepal. Center for Nepal and Asian Studies, Kathmandu pp. 220-221

Shrestha N. L. (1995*) In the Name of Development in Nepal.* Educational Enterprises, Kathmandu, pp. 202

Shrestha, P. M. (2004) "Multilateral Trading Regime: Implications on the Nepalese SMEs" in *WTO Membership: Opportunities and Challenges for SMEs in Nepal*,(Edited by Navin Dahal and Bhaskar Sharma), xiv+103, SMEDP and SAWTEE, Kathmandu, Nepal, pp. 17-28

UNDP (2005) Human Development Indicator 2005. Geneva: UNDP

UNDP (2006) Human development report 2006. Available online: <http://hdr.undp.org/hdr2006/statistics/countries/country_fact_sheets/cty_fs_NPL.html>, accessed on 18 Dec 2006

UNEP, MoPE/HMG/N, SACEP, ICIMOD and NORAD (2001) *Nepal: State of Environment, 2001,* United Nations Environment Programme, Ministry of Population and Environment of His Magesty's Government of Nepal, South Asia Cooperative Environment Programme, International Centre for Integrated Mountain Development and Norwegian Agency for Development Cooperation. pp 11-21

Wicken, J. (2004) The Water and Sanitation Millennium Development Targets in Nepal. In Nepalese Journal of Development and Rural Studies 1 (2) pp 15-29

World Bank (2004) *Nepal Country Assistance Strategy 2004 -2007*, Report No 26509 NEP, Kathmandu, Nepal

Zaman, M. A. (1973): *Evaluation of Land Reform in Nepal*, HMG/N Ministry of Land Reform, Kathmandu Nepal

# अनुसूचीहरू

## अनुसूची १ः सम्मेलनका सहभागीहरू

| क्र.सं. | नाम | संस्था | संपर्क टेलिफोन | ठेगाना |
|---|---|---|---|---|
| □. | अमृत खाती | डी.एन.एफ., काठमाडौं | 9841292016 | काठमाडौं |
| □. | अनन्त “यात्री” वि.क. | आर.डी.एन. | 9803212768 | रुकुम |
| □. | अनीता संग्रौला | आर.यू.डी.डी. | 4331064 | काठमाडौं |
| □. | अर्जुन कार्की | आरआरएन | 4422153 | काठमाडौं |
| □. | अर्जुन तिम्सिना | एन.एफ.डी.एन. | 4231159 | काठमाडौं |
| □. | बलबहादुर परियार | डी.एन.एफ. | 4483605 | काठमाडौं |
| □. | बालकृष्ण माबुहाङ | नेपाल आदिवासी जनजाति महासंघ | 4330637 | ललितपुर |
| □. | बालकृष्ण कट्टेल | एन.एफ.एन., काठमाडौं | 4781212 | काठमाडौं |
| □. | बल पराजुली | आरआरएन | 4415418 | काठमाडौं |
| □□. | बालकृष्ण चौधरी | आरआरएन | 081550792 | बाँके |
| □□. | बामदेव गौतम | नेकपा (एमाले) | 9851082393 | काठमाडौं |
| □□. | बसन्ती शाही | एस.आई.डी.सी., हुम्ला | 4880317 | हुम्ला |
| □□. | बासुदेव सिग्देल | काहुरास्ट | 9851054075 | काठमाडौं |
| □□. | भरत पोखरेल | एस.डी.सी. ⁄ एन.एस.सी.एफ.पी. | 5551702 | ललितपुर |
| □□. | भोगेन्द्र शर्मा | सिभिक्ट | 4373902 | काठमाडौं |
| □□. | भोजराज घिमिरे | आरआरएन | 4415418 | काठमाडौं |
| □□. | भूमिका श्रेष्ठ | बी.डी.एस. | 4443350 | काठमाडौं |
| □□. | विमला के.सी. | सी.एस.पी. ⁄ आर.सी.आइ.एल.एस .पी. ⁄ आरआरएन | 082502111 | दाङ |
| □□. | विमला राई पौड्याल | एल.एफ.पी. ⁄ डी.एफ.आई.डी. | 4410010, 9841328763 | काठमाडौं |
| □□. | वीरेन्द्र पोखेल | एन.एफ.डी.-एन. | 9851043399 | काठमाडौं |
| □□. | विष्णुपुकार श्रेष्ठ | काहुरास्ट | 9841510682 | ललितपुर |
| □□. | विष्णुराज उप्रेती | एन.सी.सी.आर. | 9851075448 | ललितपुर |
| □□. | सी.एल. चौधरी | सीइसीआई-नेपाल | 4426791 | काठमाडौं |
| □□. | चन्द्रबहादुर शाही | सांसद, मुगु | 9851000568 | मुगु |
| □□. | चार्ल्स प्रधान | सी.आइ.डी.ए. ⁄ सी.सी.ओ. | 4415193 | काठमाडौं |
| □□. | चीरन्जीवी खड्का | आरआरएन | 4415418 / 9841 256244 | काठमाडौं |
| □□. | डी.बी.एस. रावल | | 9841429614 | जुम्ला |
| □□. | धन लामा | | 9841469519 | ललितपुर |
| □□. | दिलबहादुर नेपाली | एन.डी.एफ. पोखरा | 061 539843 | पोखरा |

| क्र.सं. | नाम | संस्था | संपर्क टेलिफोन | ठेगाना |
|---|---|---|---|---|
| □□. | दिलिपकुमार खवास | एफ.इ.डी.डब्ल्यू.ए.एस.यू.एन. | | मोरङ |
| □□. | दुर्गामोहन श्रेष्ठ | एन.जी.ओ.एफ. | 6632119 | भक्तपुर |
| □□. | दुर्गा श्रेष्ठ | सीइसीआई | 4414430 | काठमाडौं |
| □□. | दुर्गा सोब | एफ.इ.डी.ओ. | 5520982 | ललितपुर |
| □□. | एकता शर्मा | स.ए.ए.पी.इ./आरआरएन | 4415418 | काठमाडौं |
| □□. | गजेन्द्र शर्मा | नेपाल तरुण दल | 9803170136 | काठमाडौं |
| □□. | गणपति ओझा | ए.सी.ओ.एस.-नेपाल | 4289827 | काठमाडौं |
| □□. | गौरी ठकुरी | आरआरएन | 4419163 | काठमाडौं |
| □□. | गौरी प्रधान | ह्यूमन राइट्स अलायन्स/सिविन | | काठमाडौं |
| □□. | गोपाल सञ्जेल | गैरसरकारी संस्था महासंघ | 5571108 | ललितपुर |
| □□. | हरि बास्तोला | सीइसीआई | 4414430 | काठमाडौं |
| □□. | हरि ढुंगाना | डी.इ.भी./यू.ए.इ. | 4493169 | काठमाडौं |
| □□. | हरिहर सापकोटा | सीइसीआई | 4414430 | काठमाडौं |
| □□. | हिमाल शर्मा | अनेरास्ववियू (क्रान्तिकारी) | 2001401 | |
| □□. | हुकुम पाखेल | काहुरास्ट | 9851004792 | रोल्पा |
| □□. | इन्द्रलाल सापकोटा | प्रयासुसं | 9857620371 | बाग्लुङ |
| □□. | इन्द्र तामाङ | एफ.इ.डी.डब्ल्यू.ए.एस.यू.एन. | 4464159 | काठमाडौं |
| □□. | इन्दु थापा | सहकार्य/सीइसीआई | 4426791 | काठमाडौं |
| □□. | जगत रिजाल | के.डी.डी.सी. | 9841491289 | हुम्ला |
| □□. | झरेन्दु पन्त | ए.सी.ओ.एस.-नेपाल | 9841232637 | काठमाडौं |
| □□. | जीवनबहादुर शाही | डी.डी.सी., हुम्ला | 9851042576 | हुम्ला |
| □□. | ज्योति पौडेल | ओरेक | 2123124 | ललितपुर |
| □□. | कैलास भाट | नेपाली कांग्रेस | 9851097700 | |
| □□. | कमल तामाङ | आरआरएन | 4415418 | काठमाडौं |
| □□. | कपिल श्रेष्ठ | त्रिभूवन विश्वविद्यालय | 4720877/9851017277 | काठमाडौं |
| □□. | केशव ज्ञवाली | आरआरएन, रोल्पा | 9841375315 | रोल्पा |
| □□. | केशव दुवाडी | जिफन्ट | 4248406 | काठमाडौं |
| □□. | केशव कोइराला | सीइसीआई | 4414430 | काठमाडौं |
| □□. | किशोर शर्मा | आरआरएन | 4415418 | काठमाडौं |
| □□. | कृपा किराती | निपडिस्क | 4248072 | काठमाडौं |
| □□. | कृष्ण | आ.ज.उ.रा. प्र. | 984157763 | एस.ए.एन. |
| □□. | कुलचन्द्र दाहाल | आरआरएन, विराटनगर | 021 534077 | विराटनगर |
| □□. | लक्ष्मी दाहाल | आरआरएन | 4415418 | काठमाडौं |

| क्र.सं. | नाम | संस्था | संपर्क टेलिफोन | ठेगाना |
|---|---|---|---|---|
| □□. | लक्ष्मी रावल | जापेक | 9841429614 | जुम्ला |
| □□. | लक्की शेर्पा | आदिवासी हिमाली महिला सञ्जाल | 9851086837 | काठमाडौं |
| □□. | मदन कार्की | आरआरएन | 9841447407 | काठमाडौं |
| □□. | माधव ढुंगेल | नेपाल साप्ताहिक | 9841342157 | |
| □□. | महेन्द्रलाल शर्मा | सहकार्य/सी.इ.सी.आई. | 4414430 | काठमाडौं |
| □□. | महेश ढुंगाना | | 4493169 | |
| □□. | मीना अछामी | डी.एन.एफ. | 4483605 | ललितपुर |
| □ □. | मन दाहाल | आरआरएन | 4422153 | काठमाडौं |
| □ □. | मनहरि खड्का | राष्ट्रिय योजना आयोग | 4221003 | काठमाडौं |
| □ □. | मञ्जु ढकाल | एन.एफ.डी. नेपाल | | काठमाडौं |
| □ □. | मथुरा खनाल | आरआरएन | 4415418 | काठमाडौं |
| □ □. | मथुरा प्रसाद श्रेष्ठ | सी.एस. पीस | 98510-75404 | काठमाडौं |
| □ □. | मेट मणि चौधरी | टि.बी.एस. | 082 560230 | दाङ |
| □ □. | मीनबहादुर शाही | के.आई.आर.डी.ए.सी. | 9851077623 | जुम्ला |
| □ □. | मित्रलाल शर्मा | अन्धा अपाङ्ग संघ | 4423159 | काठमाडौं |
| □ □. | मोहन ओ.ए.डी. | आर.डी.एन. नेपाल | 091520604 | कैलाली |
| □ □. | मन किरण चुडाल | | | विराटनगर |
| □□. | मुरियल माक सेङ | सी.इ.सी.आई. | 4414430 | काठमाडौं |
| □□. | एन.पी. साउद | नेपाल कांग्रेस (प्रजातान्त्रिक) | 9841387912 | काठमाडौं |
| □□. | नरविक्रम थापा | अक्सफाम | 5539171 | ललितपुर |
| □□. | नरहरि आचार्य | नेपाल कांग्रेस | 4721461 | काठमाडौं |
| □□. | निरज जोशी | | 5531839 | ललितपुर |
| □□. | नीलाम्बर आचार्य | दाङ, हाल काठमाडौं | 4472557 | काठमाडौं |
| □□. | नोर्बु घले डोल्पो | नेपाल आदिवासी जनजाति महासंघ | 9841443456 | डोल्पा |
| □□. | नुतन पोखरेल | आर.सी.आइ.एल.एस.पी./बर्दिया | 081420230 | बर्दिया |
| □□. | पुनम शर्मा | आरआरएन | 4415418 | काठमाडौं |
| □□. | प्रभा राणा | आरआरएन | 4415418 | काठमाडौं |
| □□. | प्रवीण मानन्धर | सी.सी.ओ. | 4415193 | काठमाडौं |
| □□. | प्रज्ञा लोहनी | | 4431544 | |
| □□. | प्रजीना कर्माचार्य | सी.डीं.एस.पी.ए./आरआरएन | 4415418 | काठमाडौं |
| □□. | प्रकाशचन्द्र लोहनी | राष्ट्रिय जनशक्ति पार्टी | 4431544 | |
| □□. | प्रकाश भट्टराई | युथ एक्सन नेपाल | 016215580 | काठमाडौं |
| □□. | प्रल्हाद कार्की | आरआरएन | 4415418 | काठमाडौं |
| □□. | प्रेरणा बमजन | एल.डी.सी. वाच/आरआरएन | 4415418 | काठमाडौं |

| क्र.सं. | नाम | संस्था | संपर्क टेलिफोन | ठेगाना |
|---|---|---|---|---|
| □□. | राज कुमारी सुब्बा | आमा समूह | | मोरङ |
| □□. | राजेन्द्र गोपाली | आरआरएन | 4415418 | काठमाडौं |
| □□. | राजु पाण्डे | ए.सी.ओ.एस.-नेपाल | 9851018636 | काठमाडौं |
| □□□. | रामचन्द्र अधिकारी | आर.डी. स्टुडेण्ट सोसाइटी | 9841213356 | काठमाडौं |
| □□□. | रामप्रसाद गौतम | एच.आर.टी.एम.सी.सी. / आरआर एन | 4415418 | काठमाडौं |
| □□□. | राम दाहाल | एन.एफ.डी.-एन. | 9841300031 | काठमाडौं |
| □□□. | रमेश मल्ल | अनेरास्ववियू (क्रान्तिकारी) | 9851029335 | |
| □□□. | रत्न कार्की | एस.आर.एल.पी. / आरआरएन | 4415418 | काठमाडौं |
| □□□. | रेणु राजभण्डारी | ओरेक | 4486166 ® | काठमाडौं |
| □□□. | रीना राई | सी.सी.ओ. | 4415193 | काठमाडौं |
| □□□. | ऋषि अधिकारी | आर.सी.आइ.एल.एस.पी. / आरआरएन | 4415418 | काठमाडौं |
| □□□. | रुपा उप्रेती | युथ एक्शन नेपाल | 9841527297 | काठमाडौं |
| □□□. | समीर नेपाल | मानवअधिकार अलायन्स | 4264192 | काठमाडौं |
| □□□. | मन सन्जु सिंह | डी.डब्लु.ओ. - काठमाडौं | 4230992 | काठमाडौं |
| □□□. | सर्वराज खड्का | आरआरएन / सी.डी.एस.पी.ए. / एस.ए.ए.पी.इ. | 4422153 | काठमाडौं |
| □□□. | शान्तलाल मुल्मी | गैसस महासंघ / रेस्फेक | 4225875 | काठमाडौं |
| □□□. | शान्ती अधिकारी | मानवअधिकार अलायन्स / सिविस | | काठमाडौं |
| □□□. | शान्ती चौधरी | जी.एम.बी.एस. | 082 560496 | दाङ |
| □□□. | शरद न्यौपाने | जागरण नेपाल | | काठमाडौं |
| □□□. | शारदा ज्ञवाली | यूएसएड, नेपाल | 4270144 | काठमाडौं |
| □□□. | शारदा पोखरेल | डब्ल्यू.एस.पी.जी. | 4419845/6613161 | काठमाडौं |
| □□□. | शोभा गौतम | आई.एच.आर.सी.ओ.एन. | 9851040165 | काठमाडौं |
| □□□. | श्रीप्रसाद शाह | प्रयुसं | 9841383458 | काठमाडौं |
| □□□. | श्याम उपाध्याय | आरआरएन | 4415418 | काठमाडौं |
| □□□. | सिन्धुनाथ प्याकुरेल | नेपाल बार एशोसिएसन | 4412025 ® | काठमाडौं |
| □□□. | सिन्धुप्रसाद ढुंगाना | नेपाल फरेस्टरर्स एशोसिएसन | 4785293 | काठमाडौं |
| □□□. | सीता पौडेल | अनेमसं | 2072030 | काठमाडौं |
| □□□. | सुकवीर नेपाली | सी.ए.आइ.डी., जुम्ला | 9848020176 | कर्णाली |
| □□□. | सुनिलकुमार रेग्मी | सी.इ.सी.आई. | 4414430 | काठमाडौं |
| □□□. | सुरेश आले मगर | नेकपा (माओवादी) | 9841525845 | काठमाडौं |
| □□□. | सूर्यलक्ष्मी मास्के | आरआरएन | 4429082 | काठमाडौं |
| □□□. | सुशीला थापा | आरआरएन | 4415418 | काठमाडौं |
| □□□. | टंक पन्त | नेपाल समाचारपत्र | 9851036120 | काठमाडौं |

| क्र.सं. | नाम | संस्था | संपर्क टेलिफोन | ठेगाना |
|---|---|---|---|---|
| □□□. | टंक उप्रेती | आरआरएन, चितवन | 9841504824 | चितवन |
| □□□. | तेजबहादुर भाट | नेपाल तरुण दल | 4301393 | वर्दिया |
| □□□. | टीकाराम पोखेल | सिभिक्ट | 9841205729 | काठमाडौं |
| □□□. | उर्मिला अर्याल | ए.टी. | 9841552636 | |
| □□□. | विश्रुता सिंह राणा | आरआरएन | 4415418 | काठमाडौं |
| □□□. | यादव कटुवाल | आरआरएन | 4415418 | काठमाडौं |
| □□□. | यमुना घले | एस.डी.सी, काठमाडौं | 5524927 | काठमाडौं |
| □□□. | योगेन्द्रबहादुर शाही | जे.एन.यु., दिल्ली | 9803088700 | दैलेख |

## अनुसूची २: सम्मेलन कार्यतालिका

| समय | क्रियाकलाप | सहजकर्ता/सम्पर्क व्यक्ति |
| --- | --- | --- |
| **पहिलो दिनः पुस ६ गते, २०६३** | | |
| ८:०० | सहभागी दर्ता र चियापान | |
| ९:०० | स्वागत र कार्यक्रमको संक्षिप्त जानकारी | श्री सर्वराज खड्का र<br>डा. प्रवीण मानन्धर |
| ९:३० | पहिलो सत्रः परिसंवाद कार्यक्रमका सहभागीहरू | |
| | श्री बामदेव गौतम, बरिष्ट नेता, नेकपा (एमाले) | डा. अर्जुन कार्की |
| | श्री सुरेश आले मगर, बरिष्ट नेता, नेकपा (माओवादी) | |
| | श्री नारायणप्रसाद (एन.पी.) सावद, नका (प्रजातान्त्रिक) | |
| | श्री निलाम्बर आचार्य, स्वतन्त्र बुद्धिजीवी | |
| | श्री बालकृष्ण माबुहाङ, जनजाति महासंघ | |
| | श्री लक्की शेर्पा, जनजाति महासंघ | |
| | छलफल | |
| १२:०० | खाना | |
| १३:०० | दोस्रो सत्रः परिसंवाद कार्यक्रमका सहभागीहरू<br>श्री नरहरि आचार्य, बरिष्ट नेता, नेपाली कांग्रेस<br>श्री प्रकाशचन्द्र लोहनी बरिष्ट नेता, राजपा<br>श्री गौरी प्रधान, नागरिक समाज<br>श्री सिन्धुनाथ प्याकुरेल, बरिष्ट अधिवक्ता<br>श्री दुर्गा सोब, नागरिक समाज | डा. रेणु राजभण्डारी |
| १६:३० | सत्र समापन | |
| **दोस्रो दिनः पुस ७ गते, २०६३** | | |
| ९:०० | अघिल्लो दिनको छलफलको पुनर्स्मरण | श्री हरि ढुंगाना |
| ९:३० | तेस्रो सत्रः श्रव्य-दृष्य प्रस्तुति र प्रतिक्रिया | |
| १०:३० | चौथो सत्रः समूह विभाजन र समूहकार्य | श्री हरि बास्तोला |
| १३:०० | खाना | |
| +१४:०० | समूह प्रस्तुति र प्रतिक्रिया | श्री हरि बास्तोला र समूह |
| १५:३० | पाँचौं सत्रः समग्र सिंहावलोकन, निष्कर्ष र प्रतिक्रिया<br>प्रा. डा. मथुराप्रसान श्रेष्ठ<br>श्री अर्जुन तिम्सिना<br>श्री रामकुमारी झाँक्री<br>श्री मेटमणि चौधरी<br>श्री बसन्ती शाही<br>श्री दिलिप खवास<br>डा. प्रवीण मानन्धर | डा. अर्जुन कार्की |
| १६:४५ | सम्मेलन समापन / धन्यवाद ज्ञापन | श्री केशव कोइराला |
| १८:०० | समापन रात्रीभोज | |